# शिक्षक निर्देशिका सामाजिक अध्ययन

## कक्षा ९

Draft

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# शिक्षक निर्देशिका

# सामाजिक अध्ययन

## कक्षा - ९

Draft

**प्रकाशक**

नेपाल सरकार

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

एकाइ : १ **हामी र हाम्रो समाज**

पाठ १ : **समाज विकास**

*अनुमानित घन्टी - २*

१. **सक्षमता :** समाज विकासको अवधारणा बोध

२. **सिकाइ उपलब्धि :** समाज विकासको अवधारणा व्यक्त गर्न

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छन् :

(क) समाजको परिचय दिन

(ख) समाज र व्यक्तिका सम्बन्धबारे बताउन

(ग) समाजका विशेषताहरू उल्लेख गर्न

(घ) समाज विकासका बारेमा बताउन

(ङ) समाज विकासको विशेषता प्रस्ट पान

(च) दिइएको विषय वस्तुमा संवाद लेख्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) समाज विकासको अवधारणा बोध आफ्नो समाजको विकासको अवस्थाको खोजी गर्न

(ख) समाज विकासका विभिन्न चरणहरूको अवस्था पहिचान गरी समाजलाई अघि बढाउन आफेनो क्षेत्रबाट सहयोग गर्ने

(ग) नम्र र शिष्ट भाषामा सम्बन्धित विषय वस्तुमा संवाद गर्ने

(घ) समाजमा मेलमिलाप र शान्तिको वातावरण कायम राख्न

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरूलगायत समाजका विशेषताहरू झल्कने तालिका, समाज विकासको अवस्थाहरू झल्काउने चित्रहरू, समाज विकास देखाउने video clips , कुनै गाउँ वा सरको चित्र

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

शिक्षक मित्र, यो पाठ कक्षा नौको पहिलो पाठ हो त्यसैले सिधै पाठको सुरुवात नगरी निम्नानुसार गर्नु उपयुक्त हुन्छ ।

(क) सर्वप्रथम कक्षामा निम्नानुसारको ब्यानर वा चार्ट टाँसी विद्यार्थीको ध्यानाकर्षण गर्नुपर्दछ ।

Draft




- त्यसपछि विद्यार्थीहरूमा परिचय कार्यक्रम गराउनुपर्दछ । यसका लागि कक्षाका विद्यार्थीहरूलाई दुई दुई जनाको जोडी बनाइदिने । प्रत्येक जोडीले आफ्नो साथीको निम्नानुसारका विवरण सोधेर आफ्नो कापीमा टिप्ने । सबैले साथीको विवरण टिपी सकेपछि दुई दुई जना उठेर आफ्नो साथीको परिचय गराउने ।
  - साथीको नाम :
  - ठेगाना :
  - रुचि :
  - आधारभूत तह पढेको विद्यालय
  - आफूले जीवनमा छर छिमेक वा समुदायमा गरेको सहयोग

  सबैको पालो सकिएपछि हामी सबै जना समुदायका सदस्य हौँ । हामीले समुदायमो एक अर्कामा सद्भाव राखेर बस्नुपर्छ । एक आपसमा सहायोग गर्नुपर्छ । यही नै समुदायको विशेषता हो भनी प्रष्ट पारिदिने ।

(ख) यो वर्षको सुरुको कक्षा भएको हुनाले कक्षा नौमा वर्षभरी के के अध्ययन गर्दछौँ र के के क्रियाकलापहरू गरिने छ भनी वार्षिक पाठ योजनाको मुख्य अंश झल्कने चार्ट प्रदर्शन गर्दै विद्यार्थीहरूलाई जानकारी गराउने । जस्तै,

**वार्षिक पाठ योजना**

कक्षा : विषय :

| महिना | पढाइ हुने घन्टी | एकाइ | पाठ | आवश्यक घन्टी | मुख्य विधि/ क्रियाकलाप | आवश्यक सामग्री |
|---|---|---|---|---|---|---|
| वैशाख | १७ | १ | १-६ | १६ | छलफल, प्रदर्शन | ब्यानर, चित्र, चार्ट |
| जेठ | .... | | | | | |

Draft

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ...... | | | | | | |

(ग) कुनै गाउँ र सहरको बस्तीको चित्र वा तस्विर प्रदर्शन गर्दै समुदायमा हुने गतिविधिका बारेमा मस्तिष्क मन्थन विधिको प्रयोग गरी निम्न प्रश्नहरूमा छलफल गर्ने ।





- यो चित्रमा के के देखिन्छ ?
- किन यी मानिसहरू एकै ठाउँमा बसेका होलान् ?
- त्यस समुदायको निर्माण कसरी भएको होला ? समुदायका मानिसहरूको बिचमा के कस्तो सम्बन्ध हुन्छ ?

विद्यार्थीले दिएका जवाफ टिप्दै जाने र खुला छलफल गरी समाजको परिचय दिने ।

(घ) सोच जोडीमा छलफल आदान प्रदान (Think Pair and Share) विधिको प्रयोग गरी समाजको परिभाषा सहित छोटो अनुच्छेदमा समाजको परिचय लेख्न लगाउने, केही परिभाषाहरू प्रस्तुत गर्दै छलफल गर्ने ।

(ङ) विद्यार्थीहरूलाई दुई दुई जनाको जोडी बनाइदिने । पाठमा भएको संवादका अंशहरूलाई पालै पालो दुई दुई जनाको जोडीमा हाउभाउ सहित पढ्न लगाउने । प्रत्येक जोडीले संवाद बोलेपछि सो संवादमा भनिएका कुरा सम्बन्धमा सङ्क्षिप्त छलफल गर्ने समाजको अर्थ, व्यक्ति र समाजबिचको सम्बन्ध, समाजका विशेषता, समाज विकासको विशेषता आदि जस्ता विषय वस्तुमा प्रष्ट पारिदिने ।

(च) पाठ्य पुस्तकमा दिइएको क्रियाकलाप न. ३ को तालिका भर्न लगाई केही तालिकाको नमुना प्रस्तुति गर्दै छलफल गर्ने । त्यसपछि समाजका विशेषताहरू उल्लेख भएको तालिका प्रदर्शन गर्दै समाजका विशेषताहरू सम्बन्धमा छलफल गरी प्रस्ट पार्ने ।

(छ) पाठको अन्त्यमा विद्यार्थीहरूलाई संवाद लेखन सिपका बारेमा जानकारी गराउने । पाठ २ को समाज विकासका प्रकार भन्ने विषयमा संवाद तयार पारेर ल्याउन गृहकार्य दिने ।

Draft

संवाद लेखन सिप

संवादमा शीर्षक, छोटो पृष्ठभूमिसहितको परिवेश र छलफल शैलीको प्रयोग गर्नुपर्दछ। प्रश्नकर्ताले प्रश्न गरी सकेपछि उत्तर दिनेले उत्तर दिई प्रतिप्रश्न गर्दै विषय वस्तुलाई प्रस्ट पार्दै लैजानुपर्दछ। अन्त्यमा एकअर्कालाई धन्यवाद दिनुपर्दछ। जस्तै, घन्टी बज्छ र दुवै जना कक्षातिर जान्छन्, आमाले खाना खानका लागि खबर गर्नुहुन्छ र दुवै जना घरभित्र पस्छन् आदि। संवादमा सधैँ परिवेश र पृष्ठभूमिबाट नै सुरु गर्नुपर्छ भन्ने छैन। व्यक्तिहरूको कुराकानीको बिचको अंश मात्र पनि लिन सकिन्छ। यस्तो संवाद छोटो र कुनै भुमिका नबाँधी सिधै मुख्य कुराकानी मात्र प्रस्तुत गरिन्छ। कुराकानीमा एकले प्रश्न सोध्ने र अर्कोले उत्तर मात्र नदिई दुवैले प्रश्न गर्ने र दुवैले आफ्ना धारणा दिने गरी संवाद तयार पार्नुपर्दछ। संवाद लेख्दा अनावश्यक गन्थनभन्दा विषय वस्तु केन्द्रित हुनुपर्दछ। संवादको भाषा रसिलो, सरल र प्रष्ट हुनुपर्दछ। संवादमा कुनै जाति, लिङ्ग, वर्ग, भाषा, शारीरिक अवस्था, क्षेत्रका व्यक्तिलाई आक्षेप लाग्ने वा चित्त दुख्ने शव्द, वाक्य वा उखान टुक्काको प्रयोग गर्नुहुँदैन। संवादका पात्रहरू समावेशी बनाउनुपर्दछ जस्तैः केटा र केटी, हिमाली, पहाडी र मधेशी, भिन्न जातजाती वा संस्कृतिका आदि।

७. **प्रतिविम्बन** : विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोधी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) समाज भनेको के हो ?

(ख) शब्दको कुन भाषाको के शब्दबाट भएको हो ? त्यसको अर्थ भन्नुहोस्।

(ग) व्यक्ति र समाजका बिच कस्तो सम्बन्ध रहेको छ, भन्नुहोस्।

(घ) समाजमा प्रत्येक मानिसले आफ्नो अधिकारको संरक्षण कसरी गर्दछन् ?

(ङ) समाजमा सदस्यहरूबिच पारस्परिक सम्बन्ध कसरी रहेको हुन्छ ?

(च) "समाज विकास सर्वव्यापी प्रक्रिया हो" यो भनाइलाई पुष्टि पार्नुहोस्।

(छ) सामाजिक विकास कसरी समाजको रूपान्तरणको प्रक्रिया हो

८. **थप अध्ययन सामग्री**

मानिस सामाजिक प्राणी हो। मानिसका असिमित आवश्यकताहरू हुन्छन्। ती आवश्यकताहरू मानिस एक्लैले पुरा गर्न सक्दैन। एक आपसको सहयोग तथा सहकार्यले ती आवश्यकताहरू पुरा गर्न मानिस सफल हुन्छन्। त्यसैले सुरक्षा तथा आना असिमित आवश्यकता पुरा गर्नका



Draft

निम्ति मानिस सुरुदेखि नै समूहमा बस्दै आएको छ । मानिस परिवारमा बस्छ । एउटा परिवारको आवश्यकता परिपूर्तिका निम्ति अर्को परिवारको सहयोग चाहिने हुनाले धेरै परिवारहरू मिलेर एकै ठाउँमा बस्दछन् । यी परिवारहरूको समूहले समुदाय बन्छ । त्यसैगरी विभिन्न समुदायहरूको समूहले समाज बन्दछ । अतः आना असिमित आवश्यकता पूतिकानिम्ति काम गर्ने एवम् एकै प्रकारको रहन सहन, व्यवस्था र संस्कृति अँगाल्ने एउटै क्षेत्रमा बसोबास गर्ने मानिसहरूको संगठित समुदाय नै समाज हो । समाजमा धेरै समुदायका मानिसहरू मिलेर बसेका हुन्छन् । नेपालको सन्दर्भमा पाल्पामा बस्ने समुदायका मानिसहरूको पाल्पाली समाज, भक्तपुरमा बस्नेहरूको भक्तपरे समाज बन्दछ भने विश्वको सन्दर्भमा नेपालमा बस्ने नेपालीहरूको नेपाली समाज बन्दछ । तर समाज शास्त्र तथा मानव शास्त्रमा यसको अर्थ अरू बढी व्यापक छ । समाज व्यक्तिहरू, संस्थाहरू, समुदायहरू, समूहहरूलगायत अनेकौं तह र पक्ष रहेको एक वृहत् अवधारणा हो । यिनै पक्षका बिचको सम्बन्ध, व्यवहार र अन्तरक्रिया नै वास्तवमा समाज हो । यसैले समाज एक जटिल अमूत (Abstract) अवधारण हो । समाज समाजका अनेकौं एकाइहरू एक अर्काप्रति अन्तरसम्बन्धित भई बनेको सामाजिक सम्बन्धको सञ्जाल हो । समाजले एउटा संरचना मात्र नभई त्यस भित्रको सम्बन्धको पक्षलाई बढी जोड दिन्छ । विभिन्न समाज शास्त्रीहरूले आफ्नो अनुभव र अध्ययनका आधारमा समाजको परिभाषा निम्न प्रकारले दिएका छन् :

- “समाज आफैँमा एउटा मिलाप, औपचारिक सम्बन्धहरू तथा सङ्गठनहरूको योग हो, जसमा सम्बन्धित व्यक्तिहरू एकै ठाउँमा सिमित भएका हुन्छन् ।” (Society is the union itself, the organization, the sum of formal relations in which associating individuals are bound together.) -Giddings
- “समाज सामाजिक सम्बन्धहरूको जालो हो ।” (Society is the web of social relationship)- MacIver and Page
- “समाज समुदायसहितको जटिल सङ्गठित सङ्घसंस्था हो ।” (Society is the complex of oganised association and institution with a community.) - G.D.M. Cole.

शारीरिक रूपमा मानिस अन्य हिंस्रक जनावरहरूभन्दा कमजोर छ । मानिसमा बाघ र सिंह जस्तो लामा दाह्रा छैन, हात्तीको जस्तो ठुलो जिउ छैन, मानिसले बाँदरले जस्तो एउटा रुखबाट अर्को रुखमा उफ्रेर आफ्नो सुरक्षा गर्न सक्दैन तसर्थ, असुरक्षाका कारण मानिस जङ्गलमा समूहमा बस्दै आएका थिए । सुरुमा मानिसहरू जङ्गली जनावरहरू जस्तै जङ्गलमा बस्दथे । त्यहाँ उनीहरू कन्दमुल खाने, रुखका बोक्रा लगाउने, सिकार गरी काचै मासु खाने, ओडार तथा गुफामा बस्ने गर्दथे । त्यहाँ पनि आफ्नो सुरक्षा नहुने भएपछि मानिसहरू जङ्गलबाट बाहिर निस्केर नदी किनारमा बसोबास गर्न थाले । नदी किनारमा मानिसहरूलाई खानका लागि पानी र हतियार बनाउनका लागि ढुङ्गा प्राप्त भयो । उनीहरूले दुई ओटा ढुङगा ठोक्काएर आगो पत्ता लगाए । खानेकुरा पोलेर खान थाले । सधैं जङगलमा सिकार गर्नभन्दा आफैले जनावरहरू पाल्न थाले र पशु पालनको युग सुरु भयो । आफूले खाने अन्नको बिउहरू उमारेर खेती गर्न र स्थायी रूपमा बसोबासका लागि घरहरू बनाउन थाले । यसरी खेतीपातीको युग सुरू भयो । समूहिक बसोबासका क्रममा सामाजिक सद्भाव, सहयोग, माया ममता, जिम्मेवारी, इमान्दारिता आदि जस्ता गुणहरूको विकास हुन

Draft

थाल्यो । कला, संस्कृति, शिक्षा, स्वास्थ्य, सरकार आदिको विकास भयो र समग्र मानव सभ्यताकै विकास हुन पुग्यो । सिन्धु उपत्यकाको सभ्यता, नाइल नदीको सभ्यता, मेसोपोटामियाको सभ्यता आदि यसका ज्वलन्त उदाहरण हुन् । मानिसहरू आफ्नो आवश्यकता पुरा गर्नका लागि उद्य्योग र कलकारखानाको विकास गरे । मेसिनबाट वस्तुको उत्पादन सुरु भयो । यसलाई औद्योगिक युग भनिन्छ । अहिले विज्ञान प्रविधिको विकासका कारण मानव समाज विज्ञान प्रविधिको युग हुदै  अन्तरिक्ष र कम्प्युटरको युगमा प्रवेश गरेको छ । यसले मानव समाजलाई सेवामूलक समाजमा रूपान्तर गरेको छ ।  शिक्षा, स्वास्थ्य, यातयात र सञ्चार आदि क्षेत्रको सेवा सहज, छिटो र उपलब्धिमुलक  भएको छ । यसरी मानिस ढुङ्गे युगबाट पशु पालन, कुषि, औद्योगिक, विज्ञान प्रविधि, अन्तरिक्ष र कम्प्युटरको युग हुँदै सूचना प्रविधिको युगमा प्रवेश गरेको छ । मानव समाज आजको स्थितिसम्म आई पुग्दा माथि उल्लेखित विभिन्न कालखण्डका साथै विभिन्न चरणहरू पार गर्दै आएको पाइन्छ । यसका चरणहरूका बारेमा विभिन्न विद्वानहरूमा मतभेद देखिए तापनि बेलायती मानव शास्त्री इडवार्ड ब्रुनेट ट्यालर (Edward Burnet Tylor) ले जङ्गली युग, बर्बर युग, हुदै सभ्य युगतर्फ विकास भएको भनी तर्क गरेका छन् । यस तर्कलाई विश्वभर धेरैले मान्दै आएका छन् । अमेरिकी मानव शस्त्री लिविस हेनरी मोरगानले पनि यसलाई थोरै सुधार गरी स्वीकारेको पाइन्छ । यी दुवै विद्वानहरूका तर्कको आधारमा मानव समाजको विकासलाई जङ्गली (ढुङ्गे) युग, मध्य ( बर्बर) युग र  आधुनिक (सभ्य) युग गरी  तिन चरणमा व्याख्या गरिएको छ ।

## ९. परियोजना कार्य

आफ्नो समुदायको विकासका अवस्था बारेमा आफ्ना अग्रजसँग सोधेर प्रतिवेदन तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।

Draft

पाठ : २ **समाजका प्रकार**

अनुमानित घन्टी - ३

१. **सक्षमता** : समाजका प्रकारहरूको बोध ।

२. **सिकाइ उपलब्धि** : समाजका प्रकारहरू उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्यहरू** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन्:

(क) समाज वर्गीकरणका आधारहरू उल्लेख गर्न

(ख) समाज शास्त्री र मानव शास्त्रीहरूले गरेका समाजको वर्गीकरण उल्लेख गर्न

(ग) विभिन्न प्रकारका समाजको विशेषताहरू बताउन

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) समाजको विभिन्न अवस्थाको अध्ययनका आधारमा मानव समाज आजको अवस्थासम्म आई पुग्न धेरै समय र मेहनत लागेको कुरा महसुस गरी सभ्य समाजको सदस्यको हैसियतले व्यवहार गर्ने ।

(ख) आजको औद्योगिक समाजको विशेषताको अध्ययनपछि उक्त समाजमा आफूलाई समायोजन गर्न आवश्यक सिपको विकासमा अग्रता देखाउने

(ग) समूह कार्यका माध्यमबाट घुलमिल हुन, सहभागी, सहकार्य, मेलमिलाप जस्ता सामाजिक व्यवहार सिक्ने ।

५. **शैक्षणिक सामग्रीहरू**

विभिन्न समाजका विशेषताहरू उल्लेख गरिएको तालिका, Multimedia projector भएको ठाउँमा Power point slide हरू ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) कक्षालाई पाँच समूहमा वर्गिकरण गर्ने । प्रत्येक समूहलाई पाठ्य पुस्तकमा उल्लेखित समाज वर्गीकरणका आधारहरू मध्ये एक एक ओटाको सम्बन्धमा सन्दर्भ सामग्री अध्ययन गर्दै समूहमा छलफल गरेर बुँदाहरू तयार पालै पालो प्रस्तुति गर्दै छलफल गर्ने । जस्तै,

**आर्थिक आधार**

- पूँजीवादी समाज
  - प्रतिस्पर्धाका आधारमा आर्थिक विकास हुने
  - निजी क्षेत्रले कृषि, उद्य्योग, व्यापारलगायतका आर्थिक गतिविधि सञ्चालन गर्ने
  - राज्यले आर्थिक गतिविधिमा हस्तक्षेप नगर्ने ।

Draft

- समाजवादी समाज
    - देशको आर्थिक गतिविधिमा राज्यको पूर्ण नियन्त्रण हुने
    - देशका अधिकांश आर्थिक गतिविधिहरू कृषि, उद्य्योग, व्यापारलगायतका राज्यले सञ्चालन गर्ने
    - योजनावद्ध विकास हुने
- मिश्रित समाज
    - देशको आर्थिक क्षेत्रका अति आवश्यक र सेवामूलक व्यवसायहरू राज्यले सञ्चालन गर्ने र बाँकी आर्थिक गतिविधिहरू निजी क्षेत्रले सञ्चालन गर्ने
    - योजनावद्ध विकास हुने
    - सार्वजनिक र निजी क्षेत्र दुवैको संलग्नतामा आर्थिक गतिविधि सञ्चालन हुने
    - बजारमा सरकारले हस्तक्षेप गर्न सक्ने ।

यसै गरी अन्य आधारहरूका बारेमा पनि बुँदाहरू तयार पार्न लगाउने ।

(ख) समाजको उत्पत्तिदेखि विभिन्न चरणहरू पार गर्दै ढुङ्गे युग, पशु पालनका युग, कृषि युग, औद्योगिक युग विज्ञान प्रविधिको युग हुँदै कम्प्युटरको युगसम्मका समाजको विकासलाई चित्र प्रदर्शन गर्दै कथाकथन विधिको प्रयोग गरी जानकारी गराउने


(ग) कक्षाका विद्यार्थीहरूलाई ५ समूहमा विभाजन गर्ने । धेरै विद्यार्थी भएमा बढी समूह बनाएर एउटै विषयमा धेरै समूहलाई छलफल गराउन पनि सकिन्छ । समाज शास्त्री र मानव शास्त्रीहरूका अनुसार गरिएको समाजको वर्गीकरणका शीर्षकहरू प्रत्येक समूहलाई एक एक ओटा छलफलका लागि दिने । पाठ्य पुस्तक र विभिन्न स्रोतहरूबाट अध्यनय गरी छलफल गरी बुँदा टिप्न लगाउने । बुँदाहरूका आधारमा संवाद, चिठी, समाचार, कविता, चित्र आदिको तयारी गर्न लगाउने । एकै घन्टीमा नसकिएमा अर्को घन्टीमा सबै समूहले पालै पालो प्रस्तुति गर्दै छलफल गर्ने । विद्यार्थीहरू छलफलमा व्यस्त भइरहँदा बिच बिचमा आफूले जानेका कुराहरू थप विषय वस्तुका रूपमा दिँदै गर्ने र विद्यार्थीहरूमा सामुहिक भावनाका विकास, अरूको विचारको सम्मान, आफ्नो विचारको तर्क सहित प्रस्तुति आदि सामाजिक सिपहरूको मूल्याङ्कन गर्ने






Draft









(छ) अभ्यास र क्रियाकलापमा दिइएका प्रश्नहरूको छलफलद्वारा उत्तर पत्ता लगाउने र उक्त प्रश्नहरू गृहकार्य दिने ।

## ७. प्रतिविम्वन

(क) विद्यार्थीहरूले समूहमा छलफल गर्दा सामूहिक भावनाको विकास, अरूको विचारको सम्मान एवम् सहमती, आफ्नो विचारको तर्कसहित प्रस्तुति गर्दछन् । यसकोआधारमा तलको जस्तै समाज मिति तालिकाको प्रयोग गरी मूल्याङ्कन गर्ने ।

| क्र. सं. | विद्यार्थीको नाम | अरूको विचारको सम्मान | आफ्नो विचारको तर्कसहित प्रस्तुति | सक्रिय सहभागिता | सामूहिक भावनाको विकास | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

*धेरै राम्रो ४, राम्रो ३, सुधार गर्नुपर्ने २*

Draft

(ख) विद्यार्थीहरूले छलफल गरिसकेपछि समूह नेतालाई विषय वस्तु प्रस्तुत गर्न लगाउने र निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी विद्यार्थीको नेतृत्व विकासको स्थिति मूल्याङ्कन गर्ने ।

| क्र.सं. | समूहको नाम | नेतृत्व शैली | विषय वस्तुको प्रस्तुति | सिलसिलेबार | समापन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

*धेरै राम्रो ४, राम्रो ३, सुधार गर्नुपर्ने २*

(ग) तलका जस्तै प्रश्न सोधी मूल्याङ्कन गर्ने :

- सिकारी र कन्दमूल सङ्कलन समाजको विशेषता बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।
- पशुपालक समाजबाट हामीले सिक्ने कुनै २ ओटा कुराहरू भन्नुहोस् ।
- फलफूल खेती गर्ने समाज र कृषि समाजको बिचको भिन्नता देखाउनुहोस् ।
- औद्योगिक समाजमा आफूलाई समायोजन गर्न प्रत्येक मानिसमा हुनुपर्ने कुनै २ ओटा सिपहरू उल्लेख गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू

| **समाजका प्रकारहरू** | **थप महत्त्वपूर्ण तथ्यहरू** |
|---|---|
| १. सिकारी र कन्दमुल सङ्कलक समाज | • मानव समाजको ९९ प्रतिशत् समय यस समाज मै व्यथित भएको पाइन्छ ।<br>• यो समाज १०००० वर्ष अगिसम्ममा अस्तितत्वमा रहेको थियो ।<br>• यो समाज पूर्ण रूपमा प्रकृतिमा आधारित थियो ।<br>• यो समाजका मानिसहरू ३० देखि ३५ जनाको समूह बनाएर यताउता घुम्दै हिँड्थे । |

Draft

| | |
|---|---|
| २. पशु पालक समाज | ● लगभग ३०००० देखि ३५००० वर्ष अघि यो समाजको शुरूवात भएको पाइन्छ ।<br>● यसै अवस्थामा कृषि समाजको लागि प्रारम्भिक अभ्यासहरू भएको पाइन्छ ।<br>● यो समाज जनवारमा आधारित अर्ध घुमन्ते गजारा प्रणाली थियो । |
| ३. फलफुल खेती गर्ने समाज | ● यो समाज कृषि समाजको एक अंश हो ।<br>● यो समाजका मानिसहरू फलफुलको उत्पादन गरी जीविका चलाउँथे ।<br>● करिब १०००० देखि १२००० वर्ष पहिले मध्य अमेरिका, एसिया र मध्यपूर्वी क्षेत्रमा यस समाजको विकास भएको पाइन्छ । |
| ४. कृषि समाज | ● करिब १०००० वर्ष पहिला देखि यो समाजको विकास भएको अनुमान गरिएको छ ।<br>● करिब ८००० वर्ष पहिले चीनमा धान, गहुँ तथा जौको खेती गर्न सुरु गरिएको अनुमान गरिएको छ ।<br>● कृषि समाजको विकाससँगै कृषिमा विभिन्न प्रणाली जस्तै वागवानी, रूपान्तरण खेती, आधुनिक खेती आदिको विकास भएको पाइन्छ । |
| ५. औद्योगिक समाज | ● करिब १८ औं शताब्दीको औद्योगीकरणको प्रक्रियासँगै औद्योगिक समाजको विकास भएको पाइन्छ ।<br>● यस समाजको विकाससँगै भौतिकवादी चिन्तन शैलीको विकास, परम्परागत उत्पादन प्रणालीमा विस्थापनको स्थिति, एकात्मक परिवारको विकास, औद्योगिक श्रमिकहरूको विकास, सहरीकरण, निजीकरण प्रक्रियाको आदिको विकास भएको छ ।<br>● यस्तो समाजमा समाजको गतिशिलता निकै बढ्छ । |

Draft

## ९. परियोजना कार्य

विद्यार्थीहरूलाई आफ्नो समुदायको विकास कसरी भयो होला भनी अनुमान गरेर र विभिन्न प्रमाण र तर्कका आधारमा छलफल गरेर सामूहिक वा व्यक्तिगत रूपमा प्रतिवेदन तयार पार्न

लगाउने । ती प्रतिवेदनहरू कक्षामा प्रस्तुत गर्ने वा कक्षामा डोरीमा टाँगेर राखिदिने जसलाई विद्यार्थीहरूले फुर्सदमा अध्ययन गर्न सकून ।

**१०. सन्दर्भ सामग्रीहरू**

समाज शास्त्र तथा मानव शास्त्रको परिचय बलराम आचार्य

## पाठ ३ असल समाजका तत्त्वहरू

*अवाश्यक घन्टी : २*

१. **सक्षमता :** असल समाजका तत्त्वहरूको बोध ।

२. **सिकाइ उपलब्धि :** असल समाजका तत्त्वहरूको उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्ने छन् :**

(क) समाजका लागि आवश्यक तत्त्वहरू उल्लेख गर्नु

(ग) असल समाजका तत्त्वहरू बारे जानकारी प्राप्त गरी आफ्नो समाजसँग तुलना गर्न

(छ) आफ्नो समुदायलाई असल समाजका रूपमा कसरी विकास गर्न सकिएला भनी तर्कपूर्ण छलफल गर्न ।

४. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरूलगायत समाजका तत्त्वहरूको सूची तालिका, असल समाजका तत्त्वहरूको सूची तालिका, समाजका तत्त्वहरू असल समाजका तत्त्वहरूको power point slide वा शब्द पत्ती ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) सद्भाव, प्रेम, मेललिपका साथ सामुहिक भावना भएको

(ख) एकता, जिम्मेवारीपन, समाज प्रतिको दायित्व बोध

(ग) असल समाज निर्माणमा सक्रिय सहभागिता ।

६. **सिकाइ सहजीकरण**

(क) विविध पक्षहरू मिलेर नै एउटा कुनै चिज या वस्तु अस्तित्वमा आएको हुन्छ भन्ने कुरा विद्यालयलाई उदाहरणको रूपमा लिँदै रोचक प्रस्तुति गर्ने । जस्तैः विद्यार्थी, शिक्षक, कर्मचारी अभिभावक, भौतिक पूर्वाधार, योजना, पाठ्यक्रम, पाठ्य पुस्तक आदि पक्षहरूको संयुक्त सांयोजनले विद्यालय अस्तितत्त्वमा आउन सकेको हो ।

(ख) पाठमा दिइएका समाजका आधारभूत तत्त्वहरू जस्तैः निश्चित भूभाग, सामान्य जीवन, समाजको आकार वा जनसङ्ख्या आदिका बारेमा Power point slide प्रदर्शन गर्दै छलफल गर्ने । प्रोजेक्टरको सुविधा नभएको ठाउँमा निम्नानुसार गर्ने

समाजका एक एक ओटा तत्त्वहरू लेखिएको फ्लास बोर्डहरू तयार पार्ने एक बेञ्चलाई एक समूह मानी एक एक ओटा कार्ड दिने र आफूलाई परेको विषयमा पाठ्य पुस्तक र

Draft

सन्दर्भ सामग्री अध्ययन गरी विवरण तयार पार्ने विद्यार्थी सङ्ख्या धेरै भएमा एउटै विषयमा धेरै समूहले अध्ययन गर्न सक्छन् । त्यसपछि सबै समूहलाई पालैपलो प्रस्तुति गर्न लगाउने र छलफल गर्ने

(ग) असल समाजका तत्त्वहरू प्रश्नोत्तर र छलफल विधिको प्रयोग गरी प्रस्ट पार्ने

(घ) कक्षाप्रति सकारात्मक भई कक्षाको सरसफाइ, सजावट, शान्त वातावरण व्यवस्थापन आदि कार्यमा सक्रिय रहने विद्यार्थी मध्ये एक जनालाई अगाडि आएर कक्षाप्रति सक्रिय भएर लाग्नुको रहस्य बताउन लगाउने त्यसमा अपनत्व, जिम्बेवारी सामूहिक भावना आदिसँग आसय मिल्ने उत्तर आउँदछ त्यसलाई विषय वस्तुसँग जोड्ने र असल समाजमा यी तत्त्वहरूको महत्त्व प्रस्ट पारिदिने ।

(ङ) समाजमा सहयोग र सहकार्य गर्दै साझा लक्ष्य प्राप्तिका लागि एकताबद्ध भई निर्णय गर्ने अभ्यासले आफ्नो पनको भावना सिर्जना हुने हुनाले समाजमा मानिसहरूले आपसमा मिलेर बस्ने, मिलेर काम गर्ने, अप्ठ्यारोमा परेकालाई सहयोग गर्ने आदि जस्ता क्रियाकलापहरू गर्दछन् । यसले त्यहाँ बस्ने मानिसहरूमा सबैप्रति समभाव प्रकट गर्ने, आपसी प्रेम र विश्वास गर्ने व्यवहारको अनुभुति हुन्छ । समाजमा मिलेर बस्ने मानिसहरूले सहकार्यका लागि नीति नियमहरू निर्माण गर्ने र त्यसको पालन गर्ने गर्दछन् । यसले गर्दा असल समाजको निर्माण हुन्छ ।

प्रस्तुत विषय वस्तुका आधारमा विद्यार्थीमा मस्तिष्क मन्थन गराई असल समाजको तत्त्वहरू पालैपालो भन्न लगाउने र त्यसको व्याख्या शब्दपत्ती वा power point slide को सहायता र छलफल विधिको प्रयोग गरी प्रस्ट पार्ने ।

## ७. प्रतिविम्बन

१. निम्न प्रश्नहरू गरी पाठको विषय वस्तु प्रतिविम्बन गर्न सकिन्छ:

(क) समाजका आधारभूत तत्त्वरू के के हुन ?

(ख) समाज निर्माणका लागि सामान्य जीवन आवश्यक मानिन्छ, किन ?

(ग) समाजको जन्म विकास स्वत हुन्छ, कसरी ?

घ) सामाजिक नियम किन पालना गर्नु पर्दछ ?

(च) "सद्भाव प्रेम, सहयोग, सहकार्य र सामुहिक भावना असल समाजका तत्त्वहरू हुन ।" यस भनाईलाई पुष्टी गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू

(क) सामन्यतया समाज समुदायहरूको संगठीत रूप भएकाले पाठमा दिइएका धेरै जसो समाजका तत्त्वहरू समाजशास्त्रिय दृष्टिकोणले समुदायसँग सम्बन्धित छन् । सामाजिक अध्ययन विषयले सैदान्तिक ज्ञानमा भन्दा विद्यार्थीहरूको सामाजिकीकरणमा बढी जोड दिने हुनाले उक्त तत्त्वहरू मार्फत सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिको विकास गर्न सकिन्छ । तर समाज शास्त्र र मानव शास्त्रको दृष्टिकोणमा ती

Draft

तत्त्वहरूलाई समाजका तत्त्वका रूपमा अध्ययन गरेको नपाउने हुनाले निम्न तत्त्वहरूलाई थप विषय वस्तुका रूपमा अध्यापन गर्न सकिन्छ ।

- व्याक्तिहरू : व्यक्तिबिनाको समाजको परिकल्पना गर्न नसकिने हुनाले व्यक्ति समाजको अनिवार्य तत्त्व हो ।
- पारस्परिक सहयोग, सम्बन्ध, अन्तरक्रिया र प्रतिस्पर्धाः सामाजिक व्यवस्थामा व्यक्ति र तिनका समूह वा समुदायहरू बिच पारस्परिक सहयोग, सम्बन्ध, अन्तरक्रिया र प्रतिस्पर्धा हुन आवश्यक छ ।
- चालचलन : धर्म, रीति, नीति नियम, परम्परा, भाषा, संस्कृति र राजनीतिक व्यवस्था आदि जस्ता चालचलनहरू सामाजिक उद्देश्यहरू प्राप्तिका लागि गरिन्छन् त्यसैले यी चालचलनहरू समाजका आवश्यक तत्त्वहरू हुन् ।
- सामाजिक मूल्य र मान्यताहरू : सामाजिक व्यवस्थालाई निरन्तरता दिन सामाजिक मूल्य र मान्यताहरू आवश्यकता पर्दछ ।
- सामाजिक विभाजन : सामाजिक व्यवस्था भित्र विभिन्न प्रणाली, उपप्रणाली तथा एकाइहरू पर्दछन् । यसैगरी समाजका अनेकौं विशेषताहरू जस्तै : जातजाति, धर्म, संस्कृति, धन सम्पत्ति, शिक्षा लगायतका अनेकौं आधारमा सामाजिक विभाजन र त्यसभित्रको अन्तरक्रियाबाट समाज अगाडि बढ्ने हुनाले सामाजिक विभाजन समाजको एक आवश्यक तत्त्व हो ।
- नियन्त्रण र स्वतन्त्रता : समाजमा सबैको अस्तित्वलाई कायम राख्न, सामाजिक व्यवस्तालाई निरन्तरता दिन, सामाजिक खराबीहरूलाई हटाउन आदि जस्ता कार्यमा नियन्त्रणको आवश्यक्ता पर्नुका साथै समाजका लागि स्वतन्त्रताको आवश्यक्ता पर्दछ किनकि नियन्त्रणले मात्रै समाजलाई बढी व्यवस्थित गर्दैन ।
- सचेतना : समाजमा विभिन्न सवलहरू जस्तै प्रत्येक व्याक्तले के गर्नुपर्दछ ? के गरिरहेको छ ? सामाजिक जटिलता तथा विपत्तिमा के गर्नुपर्ला ? भन्ने कुरामा सचेतना आवश्यक पर्दछ । त्यसैले सचेतना समाजको एक आवश्यक तत्त्व हो ।

**९. परियोजना कार्य**

समुदायका चार पाँच जना व्यक्तिलाई हाम्रो समुदायलाई राम्रो र असल बनाउन के गर्नुपर्ला भनी सोध । उनीहरूले दिएको विचार समेटी छोटो विवरण तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

Draft

## पाठ ४ सामाजिकीकरण

*अवाश्यक घन्टी : २*

१. **सक्षमता :** सामाजिकीकरणमा सहभागिता

२. **सिकाइ उपलब्धि :** सामाजिकीकरणको अवधारणा बताउन र व्यवहारमा प्रदर्शन गर्न ।

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्ने छन् ।

(क) सामाजिकीकरणको परिचय दिन

(ख) सामाजिकीकरणको तत्त्वहरू उल्लेख गर्न

(ग) सामाजिकीकरणका सिपहरू हासिल गर्न

(घ) सामाीजिकीकरणका निकायहरूको सूची तयार पार्न

(ङ) सामाजिकीकरणमा यसका निकायहरू (agents) को उल्लेख गर्न

(च) सामाजिकरणको महत्त्व बताउन ।

४. **सिकाइ सामाग्रीहरू :** सामजिकीकरणको परिभाषा लेखिएको तालिका, अगाडिपट्टि सामाजिकीकरणका तत्त्वहरू र पछाडी पट्टि तिनको व्याख्या लेखिएको शब्द पत्तीहरू वा power point slide हरू सामाजिकीकरणका निकायहरूको (agents) सूची, चित्र, फोटो, भिडियो

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिव्यक्ति**

(क) सत्य, शुद्ध र स्पष्ट बोल्ने बानी

(ख) सहयोगी भावना भएको व्यक्ति

(ग) सबै समूह, जाती, धर्म, आदिसँग सजिलै घुलमिल ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) तलको भनाइ प्रस्तुत गर्दै असल नागरिक उत्पादनका लागि परिवार, समाज विद्यालयका साथै राज्यमै राम्रो वातावरण हुनु जरूरी छ भन्ने कुरा सङ्गठित सिंहावलोकन विधिको प्रयोग गरी पाठ प्रति उत्पेरणा जगाउनका लागि प्रेरणा प्रदान गर्ने र निम्न सिकाइ प्रक्रियाहरू सञ्चालन गर्न लगाउने ।

| |
|---|
| सामाजिकीकरण निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । परिवार विद्यालय, साथी सङ्गत, धर्म तथा राज्य सामाजिकीकरणका निकायहरू हुन् । तिनै निकायहरूका वातावरण, सामाजिक स्तर, शैली आदिका आधारमा व्यक्तिको सामाजिकीकरणको अवस्था निर्धारण हुन्छ । जस्तो पारिवारिक सामाजिक तथा राष्ट्रिय परिवेश वा वातावरण हुन्छ , व्यक्तिमा त्यस्तै खालको सामाजिक व्यवहार निर्धारण हुन्छ । |

(ख) प्रत्येक विद्यार्थीलाई तलको जस्तै तालिका बनाई आफूमा भएको सामाजिकिकरणको गुणको स्वमूल्याङ्कन

Draft

| सामाजिकिकरणका सिप | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नुपर्ने १ |
|---|---|---|---|
| मेलमिलाप | | | |
| सहयोग | | | |
| सहकार्य | | | |
| सहमति | | | |
| नेतृत्व | | | |
| घुलमिल | | | |
| अरूकाकुरा ध्यान दिएर सुन्ने गुन्ने र आफ्ना कुरा स्पष्टसँग राख्ने | | | |
| सहानुभूति, समानुभूति | | | |
| जम्मा | | | |

सबैलाई आफ्नो मूल्याङ्कन गोप्य राख्न भन्ने र आफूले प्रप्त गरेको जम्मा अङ्कमात्र भन्न लगाइ सबैभन्दा धेरै अङ्क आउने दुई जनाको प्रस्तुति गर्ने ।

समाजमा राम्रोसँग सामाजिकीकरण भएका कुनै असल व्यक्तिको कथा बनाई कक्षामा सुनाउने । उक्त व्यक्तिमा सामाजिककीकरण कसरी भएको रहेछ भनी छलफल गर्ने ।

(ग) शब्द पत्ती वा power point slides को प्रयोग गरी सामाजिकीकरणका तत्त्वहरू व्याख्यान, प्रदर्शन र प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पार्ने

(घ) प्रश्नोत्तर गर्दा पहिला समूहमा प्रश्न गर्ने, एकछिन रोकिने, कुनै एउटा विद्यार्थीलाई तोकेर उत्तर भन्न लगाउने, उसले दिएको उत्तर सुन्ने र मूल्याङ्कन गर्ने गर्नुपर्दछ यसलाई APPLE technique of questioning भनिन्छ,

(ङ) मानिसलाई सामाजिक प्राणी बनाउनमा कसको भूमिका रहन्छ ? भनी कक्षामा प्रश्न गर्ने र सामाजिकीकरणका निकायहरूको सूची प्रदर्शन गरी तिनीहरूले व्यक्तिलाई कसरी सामाजिक बनाउँदछ भन्ने कुरा प्रस्ट पार्ने

(च) सामाीजकीकरणको महत्त्व बारेमा छलफल गर्ने

(छ) अभ्यास र क्रियाकलापमा दिइएका प्रश्नहरूको उत्तर छलफल गरी लेख्न लगाउने र यी प्रश्नहरू गृहकार्यका रूपमा दिने ।

Draft

७. **प्रतिविम्बन** :निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ ।

(क) सामाजिकीकरण भनेको के हो ?

(ख) सामाजिकीकरणका निकायहरू के के हुन् , यी निकायहरू मध्ये सबैभन्दा महत्त्वपूर्ण निकाय कुन हो र किन ?

(ग) भाषाले सामाजिकीकरणमा कसरी सहयोग गर्दछ, भन्नुहोस् ।

(घ) मानिसको सामाजिकीकरणमा प्रेम, स्नेह र सहयोगको भूमिका बारे प्रस्ट पार्नुहोस् ।

(ङ) सामाजिकीकरणका महत्त्वका बारेमा प्रस्ट पार्नुहोस् ।

८. **थप अध्ययन सामग्रीहरू**

**(क) सामाजिकीकरण**



सामाजिकीकरण मानवरूपी जिवको रूपमा जन्मेको बच्चालाई सामाजिक प्राणीको रूपमा रूपान्तरण गर्ने सामाजिक प्रक्रिया हो । वास्तवमा सामाजिकीकरण भनेको समाजमा विद्यमान संस्कृति र यसका विभिन्न पक्षहरू जस्तै समाजिक मूल्य मान्यता, चालचलन, नीति नियम आदि बुझ्ने बुझाउने तथा सिक्ने सिकाउने प्रक्रिया हो । जसमा मानिसले अनुकरण, सल्लाह, सुझाव र भाषाका माध्ययमबाट समूहको मुल्यमान्यता, व्यवहार, जीवनशैली, परम्परा, विचार तथा अन्य सामाजिक व्यवहारहरू सिक्दै आफुलाई सामाजिक प्राणीको रूपमा रूपान्तरण गर्दछ ।



सामाजिकीकरणलाई विभिन्न मानवशास्त्री तथा समाज शास्त्रीहरूले आआफ्नै ढङ्गबाट परिभाषित गरेको पाइन्छ । अरूको कल्याणकारी आवश्यकताले निर्देशित भई सँगै काम गर्दै सामुहिक कल्याणको विकास गर्ने प्रक्रिया नै सामाजिकीकरण हो । सामाजिकीकरण एउटा त्यस्तो जटिल अन्तरक्रियाको प्रक्रिया हो जसमा व्यक्तिले समुदाय र सामाजिक समूहमा सक्रिय सहभागिताका लागि चाहिने व्यवहार, विश्वास, सिप तथा मुल्याङ्कनको योग्यता सिक्न सक्दछ । मानिस बच्चाको रूपमा जन्मेपछि शिशु अवस्था बाल्य अवस्था, किशोर अवस्था, युवा अवस्था हुदै वृद्ध अवस्थामा पुग्दछ । हरेक अवस्थामा मानिसले आफ्नै खालको सामाजिक व्यवहारहरू सिक्दछ र तिनै व्यवहारका आधारमा समूहमा समायोजित हुन्छ । समाजमा मानिसलाई विभिन्न सामाजिक वातावरणमा घुलमिल गराएर विभिन्न सामाजिक ज्ञान, सिप, सील स्वभाव आदि सिकाउद्यछ र समजयोग्य बनाउद्यछ । क्रमशः उँ एक असल र कुशल नागरिक बन्दछ ।

Draft

**(ख) सामाजिकीकरणका विशेषताहरू**

- सामाजिकीकरण निरन्तर चलिरहने प्रक्रिया हो ।
- विभिन्न अवश्थामा भिन्न तरिकाले सामाजिकीकरण हुन्छ ।
- सामाजिकीकरणरूपान्तरण गर्ने एक जटिल प्रक्रिया हो ।
- ठाउँ, परिस्थिती र समाजअनुसार सामाजिकीकरण फरक हुन्छ ।
- सामाजिकीकरण समाजमा विद्यामान संस्कृति र यसका विभिन्न पक्षहरू जस्तै समाजिक मुल्य मान्यता, चालचलन, नीति नियम आदि बुझ्ने बुझाउने तथा सिक्ने सिकाउने प्रक्रिया हो ।

**(ग) सामाजिकीकरणका माध्ययमहरू :**



विद्यालय, परिवार, छरछिमेक, संचार, सामाजिक मुल्यमान्यता, सङ्घ संस्था, चालचलन, समाजमा गरिने विभिन्न क्रियाकलाप आदि सामाजिकीकरणका माध्यमहरू हुन् । यि माध्यमहरूमध्ये मानव शास्त्रीहरूले परिवार, साथीहरू, छरछिमेक, नातागोता, विद्यालय तथा आम सञ्चारलाई महत्वपूर्ण माध्यायम मानेका छन् ।

**(घ) सामाजिकीकरणका सिपहरू**

| | |
|---|---|
| • समायोजन हुने | • समूहमा काम गर्ने |
| • सहयोग लिने र दिने | • छलफल |
| • मेलमिलाप | • सहमति निर्माण |
| • अरूका कुरा सुन्ने र आफ्ना कुरा भन्ने | • नेतृत्व |
| • सहानुभूति | • सम्मान |
| • समानुभूति | • सहिष्णुता |
| • सहकार्य | |

Draft

## ९. परियोजना कार्य



विद्यार्थीहरूलाई चार पाँच जनाको समूह हुने गरी समूह विभाजन गर्ने । प्रत्येक समूहलाई पुराना पत्र पत्रिकाबाट आफूलाई मन लागनेको शीर्षका विभिन्न समाचार, चित्र, पोस्टर, फोटो, विज्ञापन आदि सङ्कलन गर्न लगाई आकर्षक पोस्टर तयार पार्न लगाउने । जस्तै, खेलकुद, साहित्य, राजनीति, आदि । सबैले तयार पारेमा पोस्टर कक्षामा प्रदर्शन गर्न लगाउने । (यस परियोजना कार्यबाट विद्यार्थीहरूमा समायोजन हुने, सहयोग लिने र दिने, मेलमिलाप, अरूका कुरा सुन्ने र

आफ्ना कुरा भन्न, सहकार्य, समूहमा काम गर्ने, छलफल, सहमति निर्माण, नेतृत्व, सम्मान, सहिष्णुतालगायतका सामाजिक सिपहरूको विकास एकै पटक हुन जान्छ । सामाजिकीकरण एकैपटक हुने होइन । यसका लागि निरन्तर अभ्यास गरेर बानी व्यहोराको रूपमा विकास गर्नुपर्ने हुन्छ । त्यसैले अन्य पाठहरूको शिक्षण गर्दा पनि सकेसम्म समूहमा कक्षा क्रियाकलाप, परियोजना कार्य, भूमिका अभिनय, सामुदायिक कार्य जस्ता विधिबाट शिक्षण गर्दा विद्यार्थीले थाहा नपाई सामाजिकीकरणका सिपहरू हासिल हुन पुग्दछ ।

## १०. सन्दर्भ सामग्रीहरू


(क) सामाजिक अध्ययन, कक्षा को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

(ख) आधारभूत शिक्षा पाठ्यक्रम २०६९, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

(ग) समाजशास्त्र तथा मानवशास्त्रको परिचय– बलराम आचार्य ।

(घ) विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन समाग्रीहरू ।


Draft

## पाठ ५ र ६ हाम्रो पहिचान र राष्ट्रिय गौरव

*अनुमानित घन्टी : ४*

१. **सक्षमता :** हाम्रो सामाजिक विविधताको महत्त्व बोध

२. **सिकाइ उपलब्धि :** हाम्रो विविधताको पहिचान गरी त्यसको संरक्षण गर्दै नेपाली भएकोमा गौरव गर्न

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरा गर्न सक्ने छन् :

(क) हाम्रो राष्ट्रिय पहिचानको बारेमा बताउन

(ख) जातीय, भाषिक, धार्मिक, लैङ्गिक तथा बहु सांस्कृतिक पहिचानका बारेमा बताउन

(ग) नेपालको राष्ट्रिय झण्डाको चित्र बनाउन र व्याख्या गर्न

(घ) नेपालको राष्ट्रिय गीत लय मिलाएर समूहमा गाउन र त्यसमा प्रयोग भएका शब्दहरूको अर्थ बताउन

(ङ) जानकी मन्दिर, पशुपतिनाथ, सगरमाथालगायत विभिन्न राष्ट्रिय गौरवका स्थानहरूको परिचय दिन

(च) हाम्रो राष्ट्रिय परम्पारप्रति गौरव गर्न र नेपाली भएकामा गर्व गर्न ।

४. **शैक्षणिक सामग्रीहरू**

नियमित रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरूलगायत हाम्रो राष्ट्रिय पहिचान झल्कने गीत वा video clips, नेपालमा बसोवास गर्ने जातिहरूको सूची तालिका, नेपालमा बोलिने भाषा र मान्ने धर्महरूको सूची तालिका, नेपालको संस्कृति झल्कने चित्रहरू, राष्ट्रिय झन्डा, जानकी मन्दिर, पशुपतिनाथ मन्दिर र सगरमाथाको चित्र आदि ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) नेपाली भएकामा गर्व गर्दै देश भक्त नागरिकका हैसियातले नेपालप्रति सम्मान

(ख) आफ्नो जातीय पहिचान कायमै राख्दै एकताबद्ध भई समृद्ध राष्ट्र निर्माणको बोध

(ग) विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति र लैङ्गिक समानता प्रति सकरात्मक व्यवहार

(घ) राष्ट्रिय गौरवका स्थलहरूको पहिचान गरी तिनीहरूको संरक्षणमा सहभागी हुने ।

(ङ) राष्ट्रिय झन्डा निर्माण गर्न

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई अगिल्ले दिन नै नेपालको एक एकओटा राष्ट्रिय झन्डा निर्माण गर्न गृहकार्य दिने । भोलिपल्ट कक्षा सुरु गर्ने वित्तिकै सबै विद्यार्थीलाई हातमा राष्ट्रिय झन्डा लिएर राष्ट्रिय गान गाउन लगाउने । त्यसपछि कक्षामा राष्ट्रिय पहिचान झल्कने गीत जस्तै गाउँछ गीत नेपाली .. वा यस्तै गीत बजाएर वा गाएर सुनाएर

Draft

विद्यार्थीहरूलाई सँगसँगै गाउन लगाउने । साधन भएमा भिडियो क्लिप पनि देखाउन सकिन्छ । त्यसपछि गीतमा समावेश भएका राष्ट्रिय पहिचान शब्द उल्लेख गर्ने, शब्द वा गतिको अंशको आधारमा राष्ट्रिय पहिचान व्याख्या गर्ने । विद्यार्थीहरूलाई राष्ट्रप्रति सम्मान र नेपाली भएकोमा गौरवको अनुभूति गराउने गरी उदाहरणहरू दिएर पाठको महत्त्वबारे प्रस्ट पार्ने । यसले विद्यार्थीमा पाठप्रति रूचि बढ्छ ।

(ख) विद्यार्थीहरूलाई दुई दुई जनाको जोडिमा बसेर पाठ्य पुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी हाम्रो पहिचान हाम्रो गौरव शीर्षकमा वक्तित्व कला प्रतियोगिताको लागि वक्तिता तयार गर्न लगाउने । सबैको वक्तृता मध्येबाट गोला प्रथाबाट पाँचवटा वक्तृता छनोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।

(ग) नेपालमा बसोवास गर्ने जातिहरूको भाषा, धर्म, जातिअनुसारको तथ्याङ्कलाई स्तम्भ चित्र वा चक्रचित्रमा प्रस्तुत गर्न लगाउने र कक्षामा प्रदर्शन गर्ने । यसपछि हामी बहुजातीय, बहु धार्मिक, बहु सांस्कृतिक पहिचान बोकेका नेपाली जाति हौँ भनी निष्कर्ष बताइदिने ।

(घ) कक्षामा विभिन्न भाषा बोल्ने विद्यार्थीहरूलाई अगाडि बोलाउने र पालै पालो आफ्नो भाषामा केही कुरा बोल्न लगाउने । यसमा कुनै उपर्युक्त निश्चित वाक्यांश पनि दिन सकिन्छ । जस्तै, “हामी नेपाललाई माया गर्दछौँ ।” त्यसपछि भाषिक पहिचानको महत्त्वको बारेमा छलफल गर्ने ।

(ङ) धार्मिक पहिचान अन्तर्गत पाठमा दिइएको निर्देशनअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने

(च) पाठमा दिइएको लैङ्गिक पहिचान सम्बन्धी गीत लय हालेर सामूहिक रूपमा गाउन लगाउने । त्यसपछि लैङ्गिक पहिचानको बारेमा छलफल गर्ने

(छ) पाठमा दिइएको बहु सांस्कृतिक पहिचान एकछिन मौन पाठन गर्न लगाउने र कुनै एक विद्यार्थीलाई त्यसका बारेमा बोल्न लगाउने । त्यसपछि उसको भनाइलाई आधार बनाएर बहु सांस्कृतिक पहिचानको बारेमा बताई दिने

(ज) नेपालको नक्सा र राष्ट्रिय चिह्नहरू प्रदर्शन गर्दै छलफल गर्ने

(झ) जानकी मन्दिर, पशुपतिनाथ मन्दिर र सगरमाथा लगायतका राष्ट्रिय गौरव झल्कने चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै त्यसप्रतिको सम्मान र संरक्षण सम्बन्धमा छलफल गर्ने ।

७. **प्रतिविम्बन :** निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

(क) राष्ट्रिय पहिचान भनेको के हो ?

(ख) जातीय एकता भनेको के हो ?

(ग) राष्ट्रिय पहिचानको महत्त्व प्रस्टपार्नुहोस् ?

(घ) “नेपाल बहु धार्मिक र बहु सांस्कृतिक पहिचान भएको मुलुक हो”प्रस्ट पार्नुहोस् ।

(ङ) के कारणले तपाई नेपाली भएको गौरव गर्नुहुन्छ ?,

Draft

(च) लैङ्गिक समानताका लागि तपाईले के गर्न सक्नु हुन्छ भन्नु होस् ,

(छ) तपाइको क्षेत्रमा भएका राष्ट्रिय गौरवका स्थलहरूका बारेमा व्याख्या गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

धर्मअनुसार जनसङ्ख्याको बनोट, २०६८

| धर्म | **जनसङ्ख्या** | **प्रतिशत** | **धर्म** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| हिन्दु | २,१५,५१,४९२ | ८१.३ | बौद्ध | २३,९६,०९९ | ९.० |
| इस्लाम | ११,६२,३७० | ४.४ | किरात | ८,०७,१६९ | ३.१ |
| क्रिस्चियन | ३,७५,६९९ | १.४ | प्राकृत | १,२१,९८२ | ०.५ |
| | | | अन्य | ७९,६९३ | ०.३ |

*स्रोत : केन्द्रीय तथाङ्क विभाग ,२०६८*

- **मातृभाषाअनुसारको जनसङ्ख्या बनोट,२०६८**

| **मातृभाषा** | **जनसङ्ख्या** | **प्रतिशतमा** |
|---|---|---|
| नेपाली | १,१८,२६,९५३ | ४४.६ |
| भोजपुरी | १५,८४,९५८ | ६.० |
| तामाङ | १३,५३,३११ | ५.१ |
| मगर | ७,८८,५३० | ३.० |
| उर्दु | ६,९१,५४६ | २.६ |
| अन्य | ३१,९९,०४९ | १२.० |
| मैथिली | ३,०९,५८० | ११.७ |
| थारु | १५,२९,८७५ | ५.८ |
| नेवारी | ८,४६,४५७ | ३.२ |
| डोटेली | ७,८७,८२७ | ३.० |

Draft

| | | |
|---|---|---|
| बज्जिका | ७,९३,४१८ | ३.० |
| जम्मा | २,६४,९४५०४ | १००.०० |

*स्रोत: केन्द्रीय तथाङ्क विभाग ,२०६८*

- **जातजातिअनुसार नेपालको जनसङ्ख्या बनोट**

| जाति समूह | जनसङ्ख्या (प्रतिशतमा) | जाति समूह | जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|---|
| क्षेत्री | १६.६ | यादव | ४.० |
| बाहुन | १२.२ | मुसलमान | ४.४ |
| मगर | ७.१ | राई | २.३ |
| थारु | ६.६ | गुरुङ | २.३९ |
| नेवार | ५.० | दमाई | १.७२ |
| तामाङ | ५.८ | लिम्बु | १.५८ |
| कामी | ४.८ | सार्की | १.४० |
| अन्य | २४.४२ | जम्मा | १०० |

*स्रोत: केन्द्रीय तथाङ्क विभाग ,२०६८*

- जानकी मन्दिर ४८६० स्क्वार फिट क्षेत्रमा पुरै ढुंङ्गा र मारबलले बनेको तिन तले भवन हो । यसको सुरुको निर्माण खर्च करिब नौ लाख जति भएको भनाइ रहेकाले यस मन्दिरलाई नौलखा मन्दिर भनेर पनि चिनिन्छ । यस मन्दिरको स्थापना तिकम्गडकी रानी ब्रिसभानु देवीले सन १९१० मा गरेकी हुन् ।
- पशुपतिनाथ मन्दिरले यसको परिसरका साथै देवपाटन, कुटुमवहाल, गौशाला, श्लेस्मान्तक वन आदि क्षेत्रलाई समेट्छ । यस क्षेत्रभित्र करिब ४९२ मन्दिरहरू, १४४ स्तुपाहरू र १००० ओटा शिवलिङ्गहरू रहेका छन् । यस क्षेत्रलाइ सन १९७२ मा युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ ।
- सगरमाथाको पहिलो सफल आरोहरण गर्ने व्यक्तिहरू तेन्जिङ् नोर्गे शेर्पा र एडमन्ड हिलरी हुन् । उनीहरूले वि. सं. २०१० (सन १९५३) मा सगरमाथाको सफल आरोहरण गरेका थिए ।

Draft

- लुम्बिनी भगवान गौतम बुद्धको जन्म थलो हो । यो अन्तर्राष्ट्रिय तीर्थस्थल पनि हो । यहाँ जन्मन पाउनु हामी सबै नेपालीको भाग्य हो । नेपाललाई भगवान गौतम बुद्धको जन्मथलोको रूपमा विश्वभर चिनिन्छ ।

## ९. परियोजना कार्य






"मेरो देश मेरो गौरव" वा "नेपाली मेरो पहिलो पहिचान" शीर्षकमा चित्र, कविता, गीत, पोस्टरलगायतका कुनै एक सामग्री तयार पारी कक्षामा प्रर्दन गर्न लगाउने ।

## १०. सन्दर्भ सामग्रीहरू

(क) सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

(ख) आधारभूत शिक्षा पाठ्यक्रम २०६९, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

(ग) विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्ययन सामग्रीहरू ।

Draft

## एकाइ : २ विकास र विकासका पूर्वाधार

### पाठ : १ विकासको अवधारणा

*अनुमानित घन्टी : ४*

१. **सक्षमता :** विकासको अवधारणा तथा विकासको स्थिति बोध

२. **सिकाइ उपलब्धि :** विकासको अवधारणा बताई विकासका स्रोत र साधनहरूसँग परिचित हुन र तिनीहरूको परिचालन गर्न

३. **विशिष्ट उद्देश्य**

(क) विकासको अवधारणा बताउन

(ख) समुदायमा भएका परिवर्तनहरू जस्तै शिक्षा, स्वास्थ्य, रोजगारका अवसरहरूलगायत मानिसको जीवनस्तरमा भएको परिवर्तन सम्बन्धमा खोजी गर्न

(ग) समुदायमा भएको सकारात्मक परिवर्तन अर्थात विकासले पारेको प्रभाव तथा उपलब्धि अध्ययन गर्न

(घ) समुदायमा भएका भौतिक सामाजिक तथा आर्थिक विकासको संरक्षण, संवर्धन कार्यमा सहभागी हुन

(ङ) विकासको पूर्वाधारका लागि आवश्यक स्रोत र साधनहरू सम्बन्धमा परिचित हुन

(च) विकासका सूचकका बारेमा परिचित हुन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) विकासको अवधारणासँग परिचित भई विकासका आचरण विकास गर्ने

(ख) विकासलाई स्वीकारी सोअनुरूप आफूलाई परिमार्ज गर्दै लैजाने

(ग) समुदायमा भएका विकासका गतिविधि बताउन चित्र, बुलेटिन सङ्कलन गरी कक्षामा प्रस्तुत गर्ने

(घ) समुदायमा हुने विकासका कार्यक्रमहरूमा सहभागित जनाउने ।

५. **शैक्षणिक सामग्रीहरू**

(क) शिक्षा, स्वास्थ्य, यातायातलगायतका क्षेत्रमा भएका उपलब्धिका सुचाङ्क ।

(ख) विकासका पूर्वाधारहरू तथा मानव जीवनस्तरमा भएका प्रगति झल्काउन विभिन्न निकायहरूबाट प्रकाशित विशेषाङ्क, प्रतिवेदन, आर्थिक सर्वेक्षण, राष्ट्र बैङ्कले विभिन्न समयमा प्रकाशित गर्ने बुलेटिन ।

(ग) विकास र अल्प विकासका झलक देखाउने फोटो, चित्र, भिडियो क्लिपस

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

Draft

(क) विकास र अल्पविकास झल्काउने चित्र, भिडियो वा फोटोहरू प्रदर्शन गर्दै विद्यार्थीलाई 'विकास' भनेको भौतिक परिवर्तन (शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात) तथा मानिसको जीवनस्तर, आर्थिक गतिविधि, व्यवसायको विविधीकरण, सोचमा परिवर्तन हो भनी छलफल गर्ने ।

(ख) विद्यार्थीलाई आआफ्नो समुदायका व्यक्तिहरूसित समुदायमा भएको परिवर्तन र जन जीवनमा पारेको प्रभाव बारेमा सोधखोज गर्न लगाउने । उनीहरूबाट प्राप्त धारणाहरू र आफूले सानोदेखि अहिलेसम्म देखेका आधारमा बुँदाहरू टिपोट गरी प्रतिवेदन तयार पार्न लगाउने

(ग) ICT को उपलब्धता भएका विद्यालयहरूमा वा विद्युतीय सामग्रीको उपलब्ध भएसम्म विकसित, विकासोन्मुख र कम विकसित राष्ट्रहरूका मानिसहरूको जीवनस्तर झल्काउने video clips देखाएर छलफल गर्ने

(घ) विद्यार्थीहरूलई गृहकार्यका रूपमा समुदायमा भएको विकास कार्यको अवस्था समेटेर प्रतिवेदन तयार पार्न लगाउने ।

## ७. प्रतिबिम्बन

(क) तलको क्षेणीमापन तालिका भरी विद्यार्थीले स्थानीय विकास गतिविधि सम्बन्धी परियोजना कार्यको मूल्याङ्कन गर्ने

| क्र.स. | विद्यार्थीको नाम | योजना निर्माण र कार्यान्वयन | सक्रियता र सहभागिता | प्रतिवेदन | जम्मा |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | प्रस्तुतीकरण | | | | |

धेरै राम्रो - ३, राम्रो -२, सुधार गर्नुपर्ने -१

(ख) निम्न आधारमा परियोजना कार्यको प्रतिवेदन मूल्याङ्कन :

| क्र.सं. | विद्यार्थीको नाम | खाका अनुसार मिलेको | पत्ता गाएको नयाँ कुरा | जम्मा |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

Draft

धेरै राम्रो -३, राम्रो -२, सुधार गर्नुपर्ने -१

(ग) तलका जस्तै प्रश्नहरू सोध्ने :

१. विकासको अवधारणा उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

२. पछिल्लो दस वर्षमा तपाईंको समुदायमा के कस्तो सकारात्मक परिवर्तन भएको पाउनु भएको छ ? सूची बनाउनुहोस् ।

३. देशको आर्थिक तथा सामाजिक विकासका सूचकाङ्कहरू के के हुन् ? प्रष्ट पार्नुहोस् ।

४. तपाईंको समुदायमा उपलब्ध स्रोत र साधनको उपयोग कसरी भइरहेको छ वा भएको छैन ? आना विचारहरू उल्लेख गर्नुहोस् ।

५. विकसित र अविकसित राष्ट्रहरूबिच तुलनात्मक अध्ययन गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

विश्व परिवर्तनशील छ । यो संसारको नियम हो । मानिस जन्मेपछि उसको जीवनका हरेक पक्षमा परिवर्तन आइरहेको हन्छ । त्यस्ता परिवर्तनहरू केही सकारात्मक हुन्छन् भने केही नकारात्मक हन्छन् । मानव जीवन ,समाज , राष्ट्र, विश्वमा आउने सकारात्मक परिवर्तन नै विकास हो । नकारात्मक परिवर्तनहरूलाई विनास भनिन्छ । विकासका सम्बन्धमा धेरै परिभाषाहरू प्रचलनमा छन् । जस्तै :-

- संयुक्त राष्ट्रसङ्घ :- "जनताहरूको चाहना र लक्ष्य पूर्ति गर्न तिनिहरू लाई उत्साहित गरी सक्रिय हुने मौका प्रदान गर्नु विकास हो । "
- fred rigs :- "विकास एउटा क्रान्ति हो । यसले सामाजिक संरचना र उच्चताको सामाजिक परिचालनमा वृद्धि गरी प्रतिव्यक्ति आम्दानी वृद्धि गर्ने प्रयास गर्दछ ।"
- david korten :-"विकास एउटा प्रक्रिया हो जसद्धारा समाजका सदस्यले स्रोत र साधन परिचालन गरी व्यक्तिगत तथा संस्थागत क्षमतामा वृद्धि गर्दछन् । दिगो र गुणात्मक पक्षको विकास गर्न उत्प्रेरित हुन्छन् ।

यसरी विभिन्न परिभाषलाई केलाउँदा कुनै पक्ष वा क्षेत्रको मात्र नभएर सर्वाङ्गीण पक्षको सकारात्मक परिवर्तन नै विकास हो । विकास मानवको आर्थिक, सामाजिक , संरचनात्मक परिवर्तनका साथै मानवीय सम्वृद्धि र चेतनात्मक परिवर्तनका साथै मानवीय सम्वृद्धि र चेतानमा वृद्धि हुनु हो ।

**नेपालका सन्दर्भमा विकासका स्रोतहरू :**

विकासको अवस्था प्राप्त हुन देशको आर्थिक विकासले महत्त्वपूर्ण भुमिका खेल्दछ । आर्थिक विकासका निम्ति राष्ट्रमा थप रकम प्राप्त हुनुपर्छ र देश भित्रनै वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी रकम विदेशिनुबाट रोकिनुपर्छ । यसरी आय नथपिएमा एक व्यक्तिबाट अर्को

Draft

व्यक्तिमा आन्तरिक आर्थिक क्रियाकलापका माध्यमबाट रकम सर्ने काम मात्र हुन्छ । राष्ट्रको कुल आम्दानीमा वृद्धि हुदैन ।

राष्ट्रको आम्दानीमा वृद्धि गर्न निम्न चार उपायहरू छन् :

१. आप्नो राष्ट्रलाई आवश्यक सम्पुर्ण उत्पादन आफै गरेर आयात प्रतिस्थापन गर्ने र आत्म निर्भर हुने

२. आफ्नो उत्पादन निर्यात गरेर प्रशस्त विदेशी मुद्रा भित्रयाउने

३. पर्यटन प्रर्वधन गरेर विदेशी मुद्रा भित्र्याउने

४. देशका जनशक्ति विदेशमा गएर प्रशस्त पैसा कमाएर स्वदेशमा भित्र्याउने

यी चार उपाय मध्ये पहिलो र दोस्रो उपाय सबैभन्दा भरपर्दो र उपयुक्त उपाय हो भने चौथो उपाय सबैभन्दा कमजोर उपाय हो । पाठ एक मा रहेको नेपालको नक्सा र त्यसमा उल्लेखित तथ्यहरूलाई हेरी यसलाई अझ पुष्टि गर्न सकिन्छ । (क) कुल गार्हस्थ उत्पादन (Gross domestic product - GDP) प्रत्येक राष्ट्रले आफ्नो भौगोलिक सीमाभित्र सम्पन्न गरेका सम्पुर्ण आर्थिक क्रियाकलापहरूबाट उत्पादित वस्तु तथा सेवाहरूको मौद्रिक मुल्य (मुद्रामा हिसाव गर्दा हुन आउने मुल्यको कुल जोडलाई कुल राष्ट्रिय उत्पादन भनिन्छ ।

**(ख) कुल राष्ट्रिय आय (Gross national Income )**

कुल गार्हस्थ्य उत्पादन वास्तविक वैदेशिक आम्दानी जोड्दा प्राप्त हुने रकम नै कुल राष्ट्रिय आय हो । यसमा विदेशबाट प्राप्त हुने अन्य आय पनि जोडिन्छ ।

(GNI =GDP+NNP+foreign income)

**(ग) वास्तविक वैदेशिक आय** (net national Income NNP)

वास्तविक वैदेशिक आम्दानी भन्नाले स्वदेशी नागरिकले विदेशीमा गएर गरेको आम्दानी र विदेशी नागरिकले आफ्नो देशमा आम्दानी बिचको अन्तर हो ।

**(घ) प्रतिव्यक्ति आय (per capita income)**

देशको राष्ट्रिय आम्दानीलाई कुल जनसङ्ख्याले भाग गर्दा प्राप्त हुने भागफलको मुल्यलाई प्रति व्यक्ति आय भनिन्छ ।

PI= national Income (कुल राष्ट्रिय आय) तयतर्बा उयउगबितष्यल (जम्मा जनसङ्ख्या)

**दिगो विकास (sustairable development)**

भोलिको पुस्तालाई मध्यनजर गदै वर्तमान समयमा स्रोत र साधनको परिचालन गर्ने व्यवस्थित प्रक्रियालाई दिगो विकास भनिन्छ । हामीले पाएको यो सुन्दर संसार हाम्रा पुर्खाले हाम्रा लागि साँचेर राखेका थिए भने हामीले पनि हाम्रा सन्ततिका लागि अझ सुन्दर संसार सुम्पनु पर्छ । हामीले आना निम्ति मात्र जथाभावि रूपमा स्रोत र साधनको अत्यधिक शोषण गर्‍यौ भने हाम्रा सन्ततिले दुःख पाउनेछन् । उनीहरूका निम्ति विग्रेको वातावरण युक्त विभिन्न विश्वमात्र वाँकी रहने छ । त्यसैले आजको विश्व भोलिका निम्ति पनि हो भन्ने कुरालाई समेत विचार

Draft

गरी विकासका कार्यहरू सञ्चलन गर्नु दिगो विकासको अवधारणा हो । सन् १९५० पछि विश्वमा आधुनिक प्रविधिको विकास सँगसँगै मानवले आफ्नो आवश्यकता पुर्ति गर्न विविध प्रकारका आर्थिक  क्रियाकलापहरू सञ्चालन गरे । जसले प्राकृतिक वातावरण माथि गम्भिर असर पाऱ्यो । वातावरण असन्तुलन देखा पऱ्यो । त्यसपछि सन् १९८० को दशकमा दिगो दिगो विकासको अवधारणा अस्तित्वमा आयो । जस अनुसार विकासलाई पर्यावरणले थेग्ने सक्ने क्षमता

अनुसार सञ्चालन गर्नुपर्छ भन्ने मान्यताको विकास भयो ।

दिगो विकासका सन्दर्भमा निम्न चार पक्षमा जोड दिन्छन् ।

(क) जनसङ्ख्या नियन्त्रण र गरिवी निवारण ।

(ख) प्राकृतिक सुरक्षा र स्रोतको व्यवस्थापन ।

(ग) गैर सरकारी संस्था र सामुदायिक संस्थाको भुमिका ।

(घ) लगानीको वातावरणीय पक्षमा जोड ।

हालका दिनमा दिगो विकासलाई वातावरणीय पक्षमा मात्र जोड नदिई राजनीतिक, वित्तीय , सामाजिक, साँस्कृतिक, प्राविधिक, संस्थागत तथा व्यवस्थापकीय पक्ष समेतलाई सँगै ध्यान दिनु पर्ने अवधारणा अघि आएको छ ।

Draft

## पाठ : २ विकासका पूर्वशर्तहरू

*अनुमानित घन्टीः ४*

१. **सक्षमता :** नेपालमा विकासका आधारहरूको पहिचान

२. **सिकाइ उपलब्धि :** विकासका पूर्व सर्तहरूको परिचय र महत्त्व बताउन

३. **विशिष्ट उद्येश्य**

(क) विकासका लागि आवश्यक पर्ने अनुकूल अवस्था पहिचान गर्न

(ख) साक्षरताले समाज कसरी सकारात्मक परिवर्तन ल्याउँछ भनी स्पष्ट हुन

(ग) विकासका लागि जन सहभागिता एवम् उद्य्यमशीलताको आवश्यकता सम्बन्धमा स्पष्ट हुन

(घ) वर्तमान सन्दर्भमा शान्ति सुव्यवस्थालाई विकासको आधारभूत पक्षको रूपमा बुझ्न

(ङ) साक्षरता, जन सहभागिता, शान्तिले समाज परिवर्तनमा पुऱ्याएको योगदानको खोजीनीति गर्न ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) स्थानीय समुदायमा भएका विकासका गतिविधिमा सहभागी हुनु, अरूलाई सहभागी हुन अभिप्रेरित गर्नु

(ख) समुदायमा भएका उद्य्यमशील व्यक्तिहरूको खोजी गरी उनीहरूबाट प्रेरणा प्राप्त गर्नु

(ग) अन्तरवार्ता लिनु

(घ) उद्य्यमशील र जिज्ञासु बन्नु

(ङ) समुदायमा शान्ति सुव्यवस्था कायम गर्न आफ्नो तर्फबाट योगदान गर्नु

(च) समाजमा द्वन्द्व र हिंसाले निम्त्याउन सक्ने सम्भावित खतरा सम्बन्धमा अरूलाई बुझाउनु ।

४. **शैक्षणिक सामग्री**

(क) साक्षरताले स्थानीय समुदायमा मानिसहरूको सोच, व्यवहारमा ल्याएको सकारात्मक उदाहरणका कथा, समाचार तथा स्थानीय सञ्चार माध्यममा प्रकाशित सन्दर्भ सामग्रीहरू

(ख) स्थानीय समुदायमा जन सहभागिताको माध्यमबाट भएका सकारात्मक परिवर्तनका नमुना चित्र, समाचार आदि

(ग) शान्ति सुव्यवस्था हुँदा र नहुँदा समाज परिवर्तनमा पारेको प्रभाव झल्काउने चित्र, समाचार आदिको प्रदर्शन ।

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) नेपाल र छिमेकी देश चिनको उदाहरण दिँदै यी दुई देश बिचमा तुलना गर्न लगाउने । चिन किन विकासित भयो ? नेपाल किन चिन जस्तो हुन सकेन ? भन्ने बारेमा छलफल गर्ने । नेपालका कमी कमजोरीहरूका बारेमा छलफल गर्ने । हरेक देश विकसित हुनका लागि त्यहाँ केही पूर्वसर्तहरू पुरा भएको हुनुपर्दछ भनी उदाहरण दिने

(ख) विद्यार्थीहरूलाई छ ओटा समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई निम्नानुसारका विषयमा पाठ्य पुस्तक र सन्दर्भ सामग्री दिई अध्ययन गरेर बुदा टिपोट गर्न लगाउने ।

समूह (क) लाई साक्षरता, समूह (ख) लाई जनसहभागिता, समूह (ग) लाई उद्य्यमशीलता, समूह (घ) लाई शान्ति, समूह (ङ) लाई राजनीतिक स्थिरता र समूह (च) लाई आर्थिक स्रोत

ग्यालरी वाक विधिको प्रयोग गरी प्रत्येक समूहले तयार पारेको बुँदाहरू अर्को समूहलाई पालैपालो अध्ययन गर्न लगाउने र आवश्यक सुधार पनि गर्न लगाउने । सबैसमूहले सबै समूहको अध्ययन गरिसकेपछि पालै पालो आ आफ्नो बुँदाहरू प्रस्तुत गर्दै छलफल गर्ने । यी विकासका पूवसर्त हुन् । यिनको अभावमा विकास हुन सक्दैन भन्ने निष्कर्ष दिने ।

(ग) जन सहभागिताबाट भएका विकासका कार्यक्रमहरू सम्बन्धी समाचार प्रदर्शन गरी छलफल गर्ने । जनसहभागिताले समुदायको विकासमा गर्न सक्ने योगदान बुझाउने । सम्भव भएसमा Video Clip, वृत्तचित्र (Documentary) देखाई छलफल गराउने ।

(घ) विद्यार्थीलाई आफ्नो समुदायमा भएका जनसहभागितामूलक कार्यहरूको जानकारी सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउने

(ङ) उद्य्यमशील सफल व्यावसायिक व्यक्तित्वको जीवनी, उनीहरूको सफलताको कथाको उदाहरण दिई धारणा प्रष्ट पार्ने

(च) विद्यार्थीको समुदायमा त्यस्ता उद्यमशील व्यक्तिहरूसित कुराकानी गरी जानकारी सङ्कलन गर्न लगाउन सकिने र कक्षामा प्रदर्शन गर्ने

(छ) शान्ति सुव्यवस्था हुँदा र द्वन्द्व वा झैझगडा हुँदा समुदायको परिवर्तन वा विकासमा कस्तो प्रभाव पर्न सक्छ भनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको उदाहरण दिई छलफल गर्ने

## ७. प्रतिबिम्बन

**(क) तलका जस्तै प्रश्नहरू सोध्ने :**

- साक्षरतालाई किन विकासको पूर्वशर्त मानिएको हो ?
- 'जन सहभागिता र विकास' सम्बन्धमा एक लेखको नमूना तयार पार्नुहोस् ।
- तपाईंको समुदायमा कोही उद्य्यमशील व्यक्तित्व हुनुपर्छ, उहाँले पुऱ्याउनु भएको योगदान सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

Draft

- शान्ति र विकास एकअर्काको पूरक हुन, कसरी ? उदाहरण सहित लेख्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

विकास कार्य सञ्चालन गर्नुभन्दा पहिले देशमा केही उपयुक्त वातावरण तयारा हुनुपर्दछ । जसलाई विकासका पूर्व सर्त भनिन्छ । ती पूर्व सर्तविना विकासका कार्य सञ्चालन गर्न कठिन हुन्छ । ती पूर्व सर्तहरू यस प्रकार छन्:

- देशमा राजनीतिक स्थिरता हुनुपर्दछ ।
- शान्ति सुरक्षा कायम हुनुपर्दछ ।
- देशमा आर्थिक पूर्वाधार तयार हुनुपर्दछ ।
- देशका जनता राष्ट्रप्रति सकारात्मक र सहयोथी हुनुपर्छ ।
- सिर्जनात्मका र उद्य्यमशील उवम् स्वाभिमानी नागरिक हुनुपर्दछ ।
- देशमा राजनीतिक दलहरूबिचमा राष्ट्रिय विकासका लागि एकजुट हुने वातावरण हुनुपर्दछ ।

Draft

## पाठ : ३ विकासका पूर्वाधारहरू

*अनुमानित घन्टी:४*

१. **सक्षमता :** विकासका पूर्वाधारहरूको पहिचान

२. **सिकाइ उपलब्धि**

नेपालमा शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत र खानेपानीलगायतका पूर्वाधारहरूको विकासको अवस्था उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्य**

(क) विकास पूर्वाधारहरूको पहिचान गर्न

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका विकासका पूर्वाधारहरूले समुदायका मानिसको जीवनस्तरमा पार्न सक्ने प्रभाव सम्बन्धमा परिचित हुन

(ग) आफ्नो समुदायमा उल्लिखित विकासका पूर्वाधारहरू उपलब्धता सम्बन्धी जानकारी लिन

(घ) विकासका पूर्वाधारको स्तरोन्नति वा निर्माणमा सहभागी हुन

(ङ) नेपालमा विकासका पूर्वाधारहरूको अवस्था उल्लेख गर्न

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य मान्यता**

(क) आफ्नो समुदायको प्रगतिमा पूर्वाधारको भूमिका सम्बन्धमा परिचित हुने

(ख) विकासको पूर्वाधारको उपलब्धता विषयमा सरोकार राख्ने र त्यसको सदुपयोग गर्ने ।

(ग) समुदायका व्यक्तितत्त्वहरूसँग छलफल र गर्ने

(घ) पूर्वाधार विकासमा सहभागी हुनु, तिनको संरक्षण, वितरणमा सक्रिय सहभागी जनाउने

(ङ) सामाजिक सिपहरूको विकास गर्ने

(च) विकासका पूर्वाधारसँग सम्बन्धित समस्या समाधानमा चासो राख्ने र जुक्तिको प्रयोग गर्ने

५. **शैक्षणिक सामग्री**

(क) पूर्वाधारको अवस्था सम्बन्धमा नेपाल सरकार वा सम्बन्धित निकायले प्रकाशन गर्ने तथ्याङ्क ।

(ख) नेपालको नक्सा, एटलसहरू

(ग) विकासका पूर्वाधारसँग सम्बन्धित सम्बन्धित निकायह वा संस्थाले प्रकाशन गरेका बुलेटिन, पर्चा पम्पलेट, पोस्टर, सूचना तथा तथ्याङ्क

(घ) पत्रपत्रिका

(ङ) विकासका विभिन्न प्रकारका पूर्वाधार झल्कने चित्र, फोटो, भिडियो क्लिपस

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विकासका विभिन्न पूर्वाधारहरूसँग सम्बन्धित चित्र, फोटो, भिडियो आदि प्रदर्शन गर्दै विभिन्न प्रकारका विकासका पूर्वाधारका सम्बन्धमा परिचय गराउने

(ख) जिग्स विधिको प्रयोग गरी विकास का पूर्वाधारका बारेमा छलफल गराउने

- प्रत्येक समूहमा ६/६ जना हुने गरी विद्यार्थीहरूलाई समूह विभजन गर्ने । समूहको सङ्ख्या जति पनि हुन सक्छ । यसलाई मातृ समूह भनिन्छ ।
- समूहका प्रत्येक सदश्यलाई १ देखि ६ सम्मको क्रमसङ्ख्या दिने
- अब प्रत्येक समूहका एउटै क्रम सङ्ख्या भएका विद्यार्थीलाई एउटा समूहमा पर्ने गरी पुन समूह विभाजन गर्ने । यसरी बनेको समूहलाई विज्ञ समूह भनिन्छ । समूहमा भाग नपाएकालाई कुनै एक समूहमा बसेर छलफल गर्न लगाउने
- अब ६ ओटा विज्ञ समूह बन्छ । प्रत्येक समूहलाई एक एक ओटा विकासका पूर्वाधारका बारेमा पाठ्य पुस्तक र सन्दर्भ सामग्री दिएर अध्ययन गर्न लगाउने र निम्न बुँदामा आधारित भएर बुँदा टिपोट गर्न लगाउने । समूहका प्रत्येक सदश्यले सक्रिय भएर कार्य गर्न निर्देशन दिने ।

*सम्बन्धित पूर्वाधारको परिचय, नेपालमा त्यसको अवस्था, त्यसको विकासमा देखा परेका समस्या, समाधानका उपाय, आफ्नो दायित्व*

- सबै समूहको छलफल सकिएपछि सबैलाई आ-आफ्नो मातृ समूहमा बस्न लगाउने । मातृ समूहमा एक जनाले एउटा पूर्वाधारका बारेमा मात्र सिकेर आएको हुन्छ । त्यसैले प्रत्येक विद्यार्थीलाई आफूले विज्ञ समूहमा सिकेर आएको कुरा साथीहरूलाई सिकाउन भन्ने
- सबैको पालो सकिए पछि सबै जानाले सिके नसिकेको छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्ने ।

(ग) विभिन्न प्रकारका विकासका पूर्वाधारसँग सम्बन्धित तथ्याङ्कहरू प्रस्तुतत गर्दै नेपालमा तिनको अवस्थाका बारेमा छलफल गर्ने

(घ) कक्षालाई विभिन्न छ वटा समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई निम्नमध्ये कुनै एक विषयमा क्षेत्र भ्रमण वा परियोजना कार्यको योजता तयारपार्न लगाउने । विद्यार्थीहरू बिचमा क्षेत्र भ्रमणमा गर्नुपर्ने कार्य, आचार संहिता, र प्रक्रिया सम्बन्धमा जानकारी गराउने । आवश्यक प्रश्नहरू र सामग्रीको तयारी गर्न लगाउने । सहकर्मी शिक्षकको समेत सहयोग लिई बढीमा दुई घन्टीमा सकिने गरी विद्यालय नजिकको समुदायको भ्रमण गराउने । क्षेत्र भ्रमणपश्चात व्यक्तिगत वा सामूहिक रूपमा प्रतिवेदन तयारी गर्न लगाउने । सबैको तयारी भइसकेपछि पालै पालो प्रस्तुति गर्दै छलफल गर्ने ।

समूह (क) स्थानीय समुदायको शैक्षिक अवस्था बारेमा सर्वेक्षण गर्ने

समूह (ख) स्वास्थ्य केन्द्रको भ्रमण वा स्थानीय स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य कर्मीसँग अन्तरक्रिया गर्न लगाउने

Draft

समूह (ग) स्थानीय यातायातको अवस्था, समस्या र सुधारका उपाय सम्बन्धमा अवलोकन र स्थानीय बासिन्दासँग अन्तरक्रिया गर्ने

समूह (घ) स्थानीय स्तरमा सञ्चारका साधनको पहुँच, उपयोग, समस्या र समाधानका उपाय सम्बन्धमा स्थानीय बासिन्दासँग अन्तरक्रिया गर्ने

समूह (ङ) स्थानीय खाने पानीको अवस्था, समस्या र वैकल्पिक प्रयोग सम्बन्धमा स्थानीय बासिन्दासँग अन्तरक्रिया गर्ने

समूह (च) स्थानीय समुदायमा विद्युतको उपलब्धता, उपयोग, विकल्प र समस्या सम्बन्धमा स्थानीय बासिन्दासँग अन्तरक्रिया गर्ने

सबै समूहलाई तोकिएको समय मा योजना अनुरूप क्षेत्रभ्रमण गराउने र प्राप्त तथ्याङ्कका आधारमा प्रतिवेदन तयार पार्न लगाउने

(ङ) पुराना पत्र पत्रिकाबाट विभिन्न प्रकारका विकासका पूर्वाधारसँग सम्बन्धित समाचार, लेख, विज्ञापन, चित्र, फोटो आदि सङ्कलन गरी छलफल गर्ने

## ७. प्रतिबिम्बन

**(क) तलको जस्तै नमूना प्रश्नहरू सोध्न सकिने**

- यातायात विकासको मेरुदण्ड हो । उदाहरणसहित प्रष्ट पार्नुहोस् ।
- तपाईंको समुदायमा विकासका पूर्वाधारहरू मध्ये कुन कुन पक्षहरू उपलब्ध छन् ? उल्लेख गरी तिनले तपाईंको समुदायमा पारेको प्रभाव बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।
- नेपालमा विकासका पूर्वाधारहरूको अपेक्षित विकास हुन नसक्नुका कारणहरूको सूची तयार पारी छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले क्षेत्र भ्रमण गरिसकेपछि निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी विद्यार्थीको सामूहिक मूल्याङ्कन गर्ने ।

| क्र.स. | समूहको नाम | योजना | सक्रियता | कार्य सम्पादन | प्रतिवेदन | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |

Draft

धेरै राम्रो ४, राम्रो ३, सुधार गर्नुपर्ने २

## ८. थप अध्ययन सामग्री

कुनै पनि देशको विकासका लागि मानव संसाधन र प्राकृतिक स्रोत साधनको महत्त्वपूर्ण भुमिका हुन्छ । प्राकृतिक स्रोत र साधनलाई मानव संसाधनले आफ्नो आवश्यकता बमोजिम प्रयोग गरि विकासका लागि पूर्वाधारहरू तयार गर्दछ । यसका निम्ति स्थिर सरकार, समयानुकुल सरकारी निती, त्यसको प्रभावकारी कार्यान्वयनको जरुरत पर्दछ । तर र्वाधार तयार पारेर मात्र पुग्दैन, त्यसकोप्रतिफल जनतासम्म पुग्नु पर्दछ । अनिमात्र त्यस टिकाउ र दिर्घकालिन हुन सक्दछ । पूर्वाधार विकासगर्न प्राकृतिक स्रोत र साधनको उपयोग मात्र होईन, भू-धरातलले पनि त्यति नै उपयोग गर्न सक्नुपर्छ । प्रकृतिले हामीलाई समुद्र दिन त सकेको छैन तर अत्यन्त सुन्दर र उपयोगी भू-धरातल दिएको छ । त्यसको हामीले उच्चतम उपयोग गर्न जान्नुपर्दछ ।




**शिक्षा** : नेपालमा प्राचिन समयदेखि नै गुरुकुल शिक्षा प्रचलनमा रहे पनि वि.सं. १९१० मा दरबार स्कूलको स्थापना भएपछि आधुनिक र औपचारिक शिक्षाको प्रचलन शुरु भएको मानिन्छ । वि.सं. २०६३ साल सम्ममा नेपालमा विद्यालयहरूको सङ्ख्या २८१३१ पुगेको देखिन्छ । शिक्षाले मानिसमा चेतना अभिवृद्धि गरी ज्ञान , सिप र धारणाको विकास गर्दछ । राष्ट्र विकासका निम्ति तिनै ज्ञान र सिप आर्जित दक्ष जनशक्तिको आवश्यक पर्दछ । जुन राष्ट्रले शैक्षिक क्षेत्रमा लगानी बृद्धि गरी आफ्नो राष्ट्रिय आवश्यकता अनुरूपको जनशक्ति तयार पार्दछन् । तीनिहरूको मानव विकास पनि उच्च छ ।

**स्वास्थ्य** : हाम्रो देशमा अशिक्षा, जनचेतनाको कमी, गरिवी आदि कारणहरूले मानसिको स्वास्थ्य अनुकुल सुधार हुन सकेको छैन ।

भौगोलिक विकटता र सामाजिक पछौटेपनको कारणले देशका दुर्गम क्षेत्रहरूमा अस्पताल स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, औषधी डाक्टरको पहुँच पुग्न सकेको छैन । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा पूर्वाधारको विकास नभएकै कारण डाक्टरहरू पनि शहरको सुविधा सम्पन्न अस्पताल छोडेर अन्यत्र जान चाहदैनन् । यसैकारणले ग्रामीण क्षेत्रको सुविधा र शहरी क्षेत्रको सुविधावीचको अन्तरविरोध क्रमशः फराकिलो बन्दै गएको छ । विकासको पूर्वाधारको रूपमा रहेको स्वास्थ्यलाई विश्वस्तरमा "मानव अधिकार" सँग जोडेर हेर्न थालिएको परिप्रेक्षमा सरकारले स्वास्थ्य सेवालाई आधारभूत सेवाको रूपमा परिभाषित गरी कार्यन्वयन तर्फ लाग्नुपर्छ ।

**यातायात** : यातायातको अभावमा उत्पादित वस्तुवजार सम्म नपुग्दा उपभोक्ताले हैरानी व्यहोर्नुपर्छ । विरामीले अस्पतालसम्म पुग्न

नपाउद्या मृत्युको प्रतिक्षा गर्नपर्छ । यातायातको अभावमा राष्ट्रिय एकता , सामाजिक सद्भाव पारस्पारिक सहयोग समेतमा पनि नकात्मक असर पुग्दछ । नेपालको भौगोलिक विशेषताले नै जलयातायात सञ्चालन गर्न दिएन । हवाइयातायात अत्यन्त महँगो र मौसमी अनुकुलतामा



Draft


भरपर्नु पर्ने भयो । रेलयातायातले तराई क्षेत्र वाहेक पहाड र हिमालमा सेवा दिन नसक्ने हुनाले सडक यातायात मात्र एकमात्र भरपर्दो र सहयोगी यातायातको साधन हुने भयो । तर वास्तविकता यस्तो हुदा हुदै पनि कमजोर भुवनोटको कारणले वर्षै पिच्छे हुने भू-क्षय, बाडि र पहिरोको समस्याले सडक यातायात भत्कने, पुरीने , बिग्रने समस्या व्यहोरीरहनु परेको छ ।



**खानेपानी** : मानव संसाधनको विकासका लागि, शिक्षा, पोषण, स्वास्थ्य पछि स्वच्छ खानेपानीको भुमिका महत्त्वपूर्ण मानिन्छ । स्वच्छ पिउने पानीको अभावमा स्वस्थ्य जनशक्तिको कल्पना पनि गर्न सकिदैन । मानिसहरूमा लाग्ने अधिकांश सरुवा रोगहरू फोहर पानीकै कारणले लाग्ने सर्वेक्षणहरूले वताएका छन् । विश्वस्वास्थ्य संगठनका अनुसार प्रति लिटर एघार भन्दा बढी क्लोरिफर्म व्याक्टेरिया भएको पानीलार्य प्रदुषित पानी भनिएको छ । हाम्रो शहरी क्षेत्रका विभिन्न स्थानको पानीको नमूना सर्वेक्षण गर्दा प्रतिलिटर १५० भन्दा बढी सम्म पनि क्लोरिफर्म ब्याक्टेरिया पाइने गरेका छन् ।त्यसवाहेक पानीमा हुने हानीकारक रसायनिक तत्त्वहरू पनि त्यत्तिकै मात्रामा रहने तथ्य पनि सार्वजनिक भैरहेकै छ । तराईका पम्पहरूबाट आउने अर्सेनिक तत्त्व यसको उदाहरण हो । यस्तो अवस्थामा हामीले प्रयोग गर्ने

पानी कुन स्रोतबाट आउँछ, त्यसलाई कसरी शुद्ध पार्ने, त्यसको मितव्ययी प्रयोग कसरी गर्ने भन्ने सिकाउनु यस पाठको मुख्य उद्देश्य हो ।

**विद्युत** : विद्युत शक्तिको स्रोत हो । जल, सौर्यशक्ति, अणुउर्जा , बायु, डिजेल र कोइला आदि विद्युत उत्पादन गर्ने साधनहरू हुन् । आजको विज्ञान तथा प्रविधिको यस समयमा मानिसका हरेक दैनिक क्रियाकलापहरू विद्युतसँग प्रत्यक्ष रूपले जोडिएका छन् । छिटो छरितो तरिकाले काम सम्पादन गर्न हिजोआज विद्युत नै एकमात्र भरपर्दो शक्तिको श्रो भएको छ । यातायात, उद्योग, सञ्चार, दैनिक घरायसी सामग्रीहरूको प्रयोग, खोज तथा अनुसन्धान, चिकितसा सेवा, अपराध नियन्त्रण आदि हरेक क्षेत्रमा विद्युतको प्रयोग वढीरहेको छ । त्यसैले हाम्रो जीवनमा विद्युत अनिवार्य वनेको छ ।




**सञ्चार** : सञ्चार मानिसको जीवनमा अनिवार्य र अपरिहार्य साधन भएको छ । सञ्चारको साधनहरूबाटै मानिसले ज्ञान, सुचना, मनोरञ्जन, आदि प्राप्त गर्दछ । आज प्रत्येक सुचनाका साधनहरूको सञ्चालनका लागि विद्युत अति भरपर्दो र एकमात्र विकल्प भएको छ । विद्युतको अभावमा सञ्चारवाट कुनै पनि सुचना, जानकारी आदि सम्प्रेसन हुनै सक्दैन । अनि यी दुई साधन -विद्युत र सञ्चारको अभावका विकासका कल्पना पनि गर्न सकिन्न । त्यसैले पुर्वाधार विकासमा यी दुईको महत्त्वपूर्ण भुमिका छ ।

Draft

## पाठ : ४ परम्परागत ज्ञान, सिप र प्रविधि तथा तिनको सिर्जनशील प्रयोग

*अनुमानित घन्टी : ४*

१. **सक्षमता :**

नेपालको विकासका आधारका पहिचान र तिनको स्थिति बोध ।

२. **सिकाइ उपलब्धि**

नेपालको विकासमा परम्परागत ज्ञान, सिप र प्रविधिको उपयोग गर्ने उपायहरूको खोजी गर्न ।

३. **विशिष्ट उद्देश्य**

- परम्परागत ज्ञान जस्तै : डोको, डालो आदि बनाउने ज्ञान/सिप सित परिचित हुन
- विभिन्न घरेलु सामग्री तथा प्रविधिको उपयोग सम्बन्धमा बताउन
- परम्परागत प्रविधिले दैनिक जीवनमा पुऱ्याएको सहजीकरणको बोध प्रस्तुती गर्न
- परम्परागत प्रविधिको वर्तमान अवस्थाबारे जानकारी प्रस्तुत गर्न
- परम्परागत सिप/ज्ञान तथा प्रविधिको खोजी, संरक्षण, आधुनिकिकरण गर्न

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

- आफ्नो समुदायमा प्रचलित परम्परागत प्रविधिहरूको नाम, संरचना वा बनौट । तिनको उपयोग सम्बन्धमा परिचित हुनु ।
- परम्परागत प्रविधिहरू जस्तै : ढिकी, जाँतो, ठेकी, दाँदे, हलो, कुटो, कोदालो आदिले दैनिक जीवनलाई सहजकिरण बनाएको सम्बन्धमा जानकारी लिनु ।
- आफ्नो घरपरिवार वा समुदायमा ती प्रविधिहरूको उपयोग गर्नु ।
- प्रविधिको उपयोग गर्न अग्रसर वा सहभागी हुनु ।
- परम्परागत सिप/ज्ञान भएका सामग्री बनाउने व्यक्तिसित कुराकानी गरी प्रेरणा प्राप्त गर्नु
- परम्परागत प्रविधिको संरक्षण गर्न सहभागी हुनु, अरूलाई समेत उत्साहित गर्नु ।
- समूह बनाई आफ्नो समुदायमा प्रचलित त्यस्ता प्रविधिको प्रदर्शन गर्नु ।

५. **शैक्षणिक सामग्री**

परम्परागत प्रविधि जस्तै : घरायसी प्रयोगका परम्परागत सामग्री जस्तै, ठेकी, डोको, नाङ्लो, डिकी जाँतो, पानीघट्ट, उपचार विधि, पेसा, र प्रविधि आदिका नमूना, चित्र, भिडियो ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

Draft

(क) स्थानीय समुदायमा प्रचलित परम्परागत प्रविधिका केही नमूना चित्र बनाई वा सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने वा टाँस्ने, तिनको बनोट, उपयोग वर्णन गर्ने, छलफल गर्ने ।

(ख) विद्यार्थीको सङ्ख्याको आधारमा समूह निर्माण गरी आ-आफ्नो घरपरिवार वा समुदायबाट त्यस्ता प्रविधिको उपयोग सम्बन्धमा जानकारी सङ्कलन गर्रा कक्षामा प्रदर्शन, छलफल वा वक्तृत्व कला कार्यक्रम गर्न लगाउने ।

(ग) समुदायका परम्पारगत ज्ञान, सिप, प्रविधि भएका व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा आपन्त्रण गरी विद्यालयमा छलफल गराउने ।


- स्थानीय ओषधि बनाउने प्रविधि, खुवा, छुर्पी, घिउ बनाउने प्रविधि, घरायसी सामान बनाउने प्रविधि लगायतका विभिन्न प्रकारका परम्पारागत प्रविधिको अवलोकान भ्रमण गराउने वा भिडियो वा फोटो प्रदर्शन गर्दै छलफल गर्ने ।
- परम्परागत प्रविधिको आधुनिकीकरण, व्यावसायीकरण र संरक्षणका उपाय सम्बन्धी चित्र, भिडियो, फोटो आदि प्रदर्शन गर्दै छलफल गर्ने ।

## ७. प्रतिबिम्बन

**(क) तलका जस्तै प्रश्नहरू सोध्ने**

- परम्परागत प्रविधि, सिप तथा ज्ञानको परिचय दिनुहोस् ।
- तपाईंको समुदायमा प्रचलित परम्परागत प्रविधि तथा तिनको उपयोग तालिका बनाई प्रस्तुत गर्नुहोस् ।
- परम्परागत प्रविधिको महत्त्व वक्तृत्वाको नमूनामा प्रस्तुत गर्नुहोस् ।
- परम्परागत प्रविधि आधुनिक समाजको महत्त्वपूर्ण पक्ष हो । कसरी ?

Draft



*https://www.youtube.com/watch?v=QRQfX7aUPqs*

एकाइ : ३

पाठ : १ **हाम्रा परम्परागत कला**

*अनुमानित घन्टी : ६*

पाठ : २ **नेपाली मूर्तिकला**

पाठ : ३ **नेपाली वास्तुकला**

१. **सक्षमता**

४. हाम्रा परम्परा, सामाजिक मूल्य र मान्यता, साहित्य, कला र संस्कृतिको महत्त्व बोध र सगर्व तिनीहरूको संरक्षण कार्यमा सहयोग

२. **सिकाइ उपलब्धि**

नेपाली परम्परागत हस्तकला, चित्रकला, वास्तुकला र मूर्तिकलाको परिचय दिन र तिनको संरक्षण कार्यमा सहभागी हुन

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नेपाली परम्परागत हस्तकला, चित्रकला, वास्तुकला र मूर्तिकलाको परिचय दिन

(ख) नेपाली परम्परागत हस्तकला, चित्रकला, वास्तुकला र मूर्तिकलाको अवलोकन गरी तिनीहरूको वर्गिकरण गर्न

(ग) नेपाली मौलिक कलाको संरक्षण कार्यमा सहभागी हुन

(घ) स्थानीय मौलिक कलाको खोजी गर्न

(ङ) नेपाली कलालाई प्रचार गर्ने र व्यावसायीकरण गर्ने उपायको खोजी गर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) नेपाली मौलिक कलामा गौरव गर्ने

(ख) नेपाली मौलिक कलाको सिर्जना व्यावसायीकरणप्रति प्रेरणा प्राप्त गर्ने

(ग) आफूसँग भएको चित्रकला, हस्तकला, वास्तुकला, मूर्तिकला, सङ्गीत कला, अभिनय कला जस्ता प्रतिभाको पहिचान र प्रष्फुटन गर्ने

(घ) नेपाली मौलिक कलाप्रति सकारात्मक धारणा निर्माण र संरक्षण कार्यमा अग्रसरता देखाउने

(ङ) स्थानीय परम्परागत मौलिक कलाको खोजी र संरक्षण कार्यमा सरिक हुने ।

Draft

५. **शैक्षणिक सामग्रीहरू**

(क) दैनिक रूपमा प्रयोग गरिने आधारभूत शैक्षणिक सामग्रीहरू : सेतोपाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर, कैंची, गम, टेप, पेन्सिल, इरेजर, आदि, पत्र पत्रिका, चित्र, फोटो र भिडियो, नमुनाहरू

(ख) ञपरम्पारागत चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला झल्कने चित्र, फोटो, नमुना वा वास्तविक सामग्री

(ग) सूचना प्रविधिका सामग्रीहरू : इन्टरनेट, कम्प्युटर, Multimedia Projector, पत्रपत्रिका ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई पन्ध्र मिनेटभित्र आफूलाई मन लागेको राम्रो चित्र कोर्न भन्ने । सबैले बनाएको चित्र एउटा डोरिमा टाँगेर कक्षामा प्रदर्शन गर्ने । मानवले आफ्ना मनका भावनालाई कलम, रङ र कुचीको सहायताले कागज वा कपडा वा भित्तामा व्यक्त गर्ने कला नै चित्र कला हो भनी बताइदिने । यस्ता चित्र कलाको परम्परा मानव उत्पत्ति काल देखि नै भएको हो भन्दै नेपालमा प्राचिन काल देखि नै चित्र कलाको विकास भएको र नेपाली चित्र कला आफ्नै प्रकारको मौलिकता बोकेको चित्र कला हो भनी छलफल गर्ने

(ख) पौभाचित्र, ग्रन्थचित्र र थान्का चित्रको नमुना वा फोटो प्रदशन गर्दै नेपाली चित्रकलाको परिचय गराउने

(ग) कुनै नमुना मूर्ति प्रदर्शन गर्दै यो के हो ? के बाट बनेको ? कसरी बनइएको होला ? यसबाट के फाइदा हुन्छ होला ? के हामी पनि यस्तै मूर्ति बनाउन सक्छौं ? भन्ने जस्ता प्रश्न गर्दै विषय प्रवेश गर्ने । विद्यार्थी बाट आएको जवाफलाई समेट्दै छलफल गर्ने

(घ) तिमीहरूले के कस्ता मूर्ति देखेका छौ भनी प्रश्न गर्ने र विद्यार्थीबाट आएका जवाफलाई बोर्डमा टिप्दै जाने तिनलाई ढुङ्गा, माटो, काठ, सिमेन्ट, धातु, प्लास्टिक आदिबाट बनेको आधारमा वर्गिकरण गर्ने

(ङ) नेपाली मूर्तिकलाको संरक्षण कसरी गर्न सकिन्छ भन्ने प्रश्न गरेर मस्तिष्क मन्थन विधिबाट छलफल गर्ने

जस्तै, मूर्तिहरूमा अविर केसरीले पूजा गर्न बन्द गर्ने, मूर्तिमा बली चढाउने वा नरिवल र अन्डाको झोल हाल्ने जस्ता कार्य बन्द गर्ने आदि

(च) विभिन्न प्रकारका मूर्तिका नमुना, फोटा वा भिडियो प्रदर्शन गर्दै नेपाल मूर्तिकलामा प्राचिन कालदेखि नै प्रशिद्ध रहेको र त्यसका उदाहरणहरू यत्रतत्र देख्न पाइने उदाहरणहरू प्रस्तुत गर्दै छलफल गर्ने

(छ) विभिन्न प्रकारका भवन, मन्दिर र चैत्यको चित्र, फोटो वा भिडियो प्रदर्शन गर्दै तिनीहरूमा के के समानता र के के भिन्नता छ भनी तालिकामा देखाउने । त्यसपछि

Draft

मानिस बसोवास गर्ने स्थानलाई बास भनिन्छ । बस सम्बन्धी कलालाई वास्तुकला भनिन्छ भनी बताउने

(ज) नेपाली वास्तुकलाका नमुना वा चित्र वा फोटो प्रदर्शन गर्दै छाना, आकार र बनोटका आधारमा नेपालमा प्रचलित पेगोडा शैली, गुम्बज वा मुगल शैली र चैत्यशैलीका वास्तुकलाको परिचय गराउने

(झ) विद्यार्थीहरूलाई आफूले जानेको हस्तकला के हो भनी सोध्ने ? उनीहरूले बताएका कला बोर्डमा टिप्दै जाने । ती मध्ये कसैले तुरुन्त देखाउन सक्ने कला भए देखाउन लगाउने । त्यसपछि मानिसले आफ्नो सिप र प्रतिभाद्वारा आफ्ना आवश्यकता पुरा गर्न वा आनन्द लिन वस्तुहरू तयार पार्नुलाई हस्तकल भनिन्छ भनी छलफल गर्ने ।

(ञ) विभिन्न प्रकारका हस्तकलाका नमुना वा चित्र वा भिडियो प्रदर्शन गर्दै नेपाली हस्तकलाका उदाहरणहरू प्रस्तुत गर्ने

(ट) नेपाली चित्रकला, मूर्तिकला, वास्तुकला र हस्तकलालाई मौलिकता नबिग्रने गरी आधुनिकीकरण र व्यावसायीकरण गर्ने उपायका बारेमा समूहगत छलफल गराई कक्षामा छलफल गराउने ।

जस्तै, उपहार दिँदा सकेसम्म आफ्नै हातले बनाएको कलात्मक वस्तु दिने । आफूले बनाउन नसके नेपाली मौलिकता भएको मूर्ति, चित्र वा वास्तुकला वा हस्तकलाका नमुना दिने गर्नुपर्छ । यसले नेपाली कलालाई प्रोत्साहन हुनुको साथै आय आर्जनको माध्यम पनि बन्न सक्छ ।

७. **प्रतिविम्बन** :निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ ।

(क) तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्ने :

- नेपालको चित्र कलालाई कसरी वर्गीकरण गरिएको छ ?
- नेपाली चित्रकलालाई लोप हुनबाट बचाउन के गर्नुपर्ला ?
- नेपाली मूर्तिकलाको संरक्षण कसरी गर्न सकिन्छ ?
- नेपाली वास्तुकलालाई कसरी वर्गिकरण गर्न सकिन्छ ?
- नेपाली हस्तकलाको प्रचार गर्न एक प्रचार सामग्रीको नमुना तयर पार्नुहोस् ।
- नेपाली कलालाई कसरी आधुनिकीकरण गर्न सकिन्छ ?

८. **थप अध्ययन सामग्रीहरू**

कलाको अध्ययनबाट पनि तत्कालीन समाजको परम्परा रीतिरिवाजको बारेमा जानकारी लिन सकिन्छ । कलाकारले आफ्नो दृष्टिकोण वा भावना आफ्नो कृतिमा व्यक्त गर्न सक्छन् । चित्रकारले आफ्नो मनका कुराहरू चित्रमा अभिव्यक्त गरिरहेका हुन्छन् । त्यसैले मानव जीवनको प्रारम्भकालदेखि नै कुनै न कुनै रूपमा चित्रहरू पनि सिर्जना हुदै आएको कुरा इतिहासबाट सावित हुन्छ । त्यस्तै नेपाली कलाको इतिहास पनि निकै लामो छ । नेपाली


Draft

चित्रकलामा ग्रन्थ चित्र पौभा चित्र , भित्ते  चित्रहरू पर्दछन् । नेपालको पूर्वी तराईको मिथिला चित्र पनि नेपालको मौलिक कला हो ।

**मिथिला चित्रका नमुनाहरू**

| | |
|---|---|
|  |  |

**थान्का चित्रको नमुना**

| | |
|---|---|
|  |  |
|  |  |

Draft

मुर्तिकलाको नमुना

| | |
|---|---|
|  |  |
|  |  |
|  |  |

Draft

त्यस्तै मुर्तिकलामा पनि धातुकला काष्ठकला माटो र ढुङ्गामा मुर्ति बनाउने कलामा प्राचीन कालदेखि नैं ठुलो उन्नति भएको पाइन्छ । यसै गरी वास्तुकलामा प्यागोडा शैली ,स्तुप वा चैत्यशैली र शिखर शैली नै प्रचलित हुदै आएको पाइन्छ । कला कौशलको बारेमा जानकारी गराएर यसको विकास तथा संरक्षण र संवर्धनमा दिनु नितान्त आवश्यक छ ।

## ९. परियोजना कार्य

(क) विद्यार्थीहरूलाई स्थानीय धार्मिक ऐतिहासिक स्थलको भ्रमण गराई त्यहाँका कलात्मक वस्तुहरूको अवस्थाका बारेमा प्रतिवेदन तायार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने

(ख) नेपाली चित्रकला, हस्तकला, मूर्तिकला, वास्तुकलाको प्रचार गर्न एक पोस्टर वा पर्चा वा पम्प्लेट वा स्लाइड तयार पार्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउने ।

Draft

## पाठ : ४ धार्मिक सहिष्णुता र धर्म निरपेक्षता

*अनुमानित घन्टी : २*

### १. सक्षमता

४. हाम्रा परम्परा, सामाजिक मूल्य र मान्यता, साहित्य, कला र संस्कृतिको महत्त्व बोध र सगर्व तिनीहरूको संरक्षण कार्यमा सहयोग

### २. सिकाइ उपलब्धि

**११. धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको अवधारणा र महत्त्व बताउन**

### ३. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

(क) नेपालमा रहेका विभिन्न धर्महरूको संक्षिप्त परिचय दिन

(ख) सबै धर्मका सकारात्मक पक्षको उजागर गर्न

(घ) सबै धर्मप्रति सम्मान भाव राखी धार्मिक सहिष्णुताको महत्त्व बताउन

(ङ) धर्म निरपेक्षताको अर्थ बताउन ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति

(क) सबै धर्मप्रति सकारात्मक धारणाको विकास गर्ने

(ख) समाजमा सहिष्णुतापूर्ण व्यवहार गर्ने

(ग) सिर्जनात्मक र समालोचनात्मक सोचको विकास गर्ने

### ५. शैक्षणिक सामग्रीहरू

विभिन्न धर्मका धार्मिक चिह्नहरू, धार्महरूको परिचय लेखिएको चार्ट, विभिन्न धर्मबिच सम्बन्ध र समन्वय भएको सहिष्णुता झल्काउने चित्र, फोटो, भिडियो, समाचार र घटना अध्ययन

### ६. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) कक्षामा विभिन्न धर्मका धार्मिक चिह्नहरू प्रदर्शन गर्दै यी कुन धर्मका चिह्न हुन् भनी छलफल गराउने

(ख) विभिन्न धर्मका साझा र सकारात्मक पक्षहरू लेखिएको चार्ट प्रदर्शन गर्दै नेपालमा प्राचीन कालदेखि धार्मिक सहिष्णुता भएका उदाहरण दिएर धार्मिक सहिष्णुताको अर्थ बताइदिने

(ग) कक्षामा भएका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई तलको तलका मध्ये एक एक विषयमा पाठ्य पुस्तकमा भएका विषय वस्तु र सन्दर्भ सामग्री अध्ययन गरी बुँदा तयार पार्न लगाउने । सबै समूहले पालैपालो कक्षामा प्रस्तुत गर्दै छलफल गर्ने ।

Draft

- धार्मिक सहिष्णुता कायम गर्ने उपाय
- धार्मिक सहिष्णुताको अवस्था
- धर्म निरपेक्षता र यसको प्रभाव
- विभिन्न धर्मका सकारात्मक र समानताका पक्षहरू

## ७. प्रतिविम्बन

निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ ।

(क) तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्ने :

- धर्म निरपेक्षता भनेको के हो ?
- धार्मिक सहिष्णुताको एक उदाहरण दिनुहोस् ।
- धार्मिक सहिष्णुता कायम गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू



हाम्रो देश नेपाललाई विश्वमा नै धार्मिक सहिष्णुताको अनुपम नमुनाका रूपमा लिने गरिन्छ । यहाँ कहिले पनि धार्मि युद्धहरू भएका छैनन् । यहाँ हिन्दु मन्दिर र बौद्ध स्तुपहरू एकै स्थानमा रहेका छन् । कतिपय जातिका मानिसहरू हिन्दु र बौद्ध दुवै धर्म मान्दछन् । मछिन्द्र नाथ, आदिनाथ, पशुपतिनाथ, मञ्जुश्री लगायतका कतिपय देवी देवतालाई हिन्दु र बौद्ध दुवै धर्मावलम्बीहरूले पूजा आराधना गर्दछन् । यहाँ जुनसुकै धर्मले पनि प्रश्रय पाएको देखिन्छ । एक धर्मले अर्को धर्मलाई सम्मान गर्नु र आपसमा मेलमिलाप गरेर बस्नु नै धार्मिक सहिष्णुता हो ।

नेपालको संविधानमा धर्म निरपेक्ष राज्य भनी उल्लेख गरिएको छ । विगतमा यो देश विश्वकै एक मात्र हिन्दु राष्ट्रका रूपमा चिनिन्थ्यो । दोस्रो जन आन्दोलनपश्चात् नेपाललाई धर्म निरपेक्ष राष्ट्र भनी घोषणा गरिएको छ । धर्म निरपेक्ष राष्ट्र भनेको राज्यले धर्मको नाममा पक्ष नलिएर तटस्थ भएर बस्नु हो ।

## ९. परियोजना कार्य

मेरो समुदायमा धार्मिक सहिष्णुता विषयमा एक एक वटा निबन्ध वा प्रतिवेदन तयार पार्न लगाउने

Draft

## पाठ : ५ हाम्रा राष्ट्रिय व्यक्तितत्व तथा विभूतिहरूको योगदान

*अनुमानित घन्टी : ४*

**१. सक्षमता**

४. हाम्रा परम्परा, सामाजिक मूल्य र मान्यता, साहित्य, कला र संस्कृतिको महत्त्व बोध र सगर्व तिनीहरूको संरक्षण कार्यमा सहयोग

**२. सिकाइ उपलब्धि**

१२. हाम्रा राष्ट्रिय व्यक्तित्व एवम् विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरूको वर्णन गर्न र उनीहरूले गरेका राम्रा कुराहरूबाट प्रेरणा प्राप्त गर्न

**३. विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्ने छन् :

(क) नेपालका राष्ट्रिय विभूतिहरूको परिचय दिन

(ख) राष्ट्रिय व्यक्तितत्वहरूको खोजी गरी उनीहरूको कार्यको सम्मान गर्न

(ग) नेपालका राष्ट्रिय व्यक्तितत्त्वहरूबाट प्रेरणा प्राप्त गर्न

(घ) राष्ट्रिय व्यक्तितत्वहरू प्रति गर्व र्गन ।

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) राष्ट्रिय विभूति र व्यक्तितत्त्वरूरुबाट प्रेरणा प्राप्त गरी आफ्नो व्यवहार र आचरणमा सुधार गर्ने

(ख) राष्ट्रिय व्यक्तितत्वहरूको योगदानप्रति गर्व गर्दै प्रचार प्रसार गर्ने

(ग) समालोचनात्मक सोचको विकास गर्ने

(घ) राष्ट्रियताको भावना जाग्रित गर्ने

**५. शैक्षणिक सामग्रीहरू**

राष्ट्रिय व्यक्तितत्वहरूको फोटो, चित्र, भिडियो, समाचार पत्रका विशेषाङ्कहरू, नमुना सामग्रीहरू, राष्ट्रिय व्यक्तितत्वको परिचय र उनीहरूको योगदान लेखिएको चार्ट

**६. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) कक्षाका प्रत्येक विद्यार्थीलाई एक एक जना राष्ट्रिय विभुतिको बारेमा पाठ्य पुस्तक र सन्दर्भ सामग्रीको बारेमा केहीबेर अध्ययन गर्दै बुँदा टिपोट गर्न लगाउने । त्यसपछि सबै विद्यार्थीलाई वृत्ताकार घेरामा राखी तातो आलु खेल खेलाउने । जसको हातमा तातो आलु पुग्छ उसले आफूले अध्ययन गरेको विभूतिका बारेमा सम्झेका मुख्य कुराहरू भन्नुपर्ने । यो खेल सबैको पालो नपुगुन्जेल खेलाउने । थोरै विद्यार्थी भए दुई तिन राउन्ड खेलाउन सकिन्छ ।

(ख) त्यसपछि आफूहरूले टिपेका बुँदाका आधारमा प्रश्न र उत्तरहरू तयार पार्न लगाउने । सो प्रश्न उत्तरका आधारमा चार पाँच समूह बनाई हाजिरीजवाफ खेल खेलाउने

Draft

(ग) नेपालका राष्ट्रिय विभूतिहरूको चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै उनीहरूको योगदान र उनीहरूबाट हामीले सिक्नु पर्ने कुराहरूका बारेमा छलफल गर्ने । हामी पनि त्यस्तै हुन के के गर्नुपर्ला भनी छलफल गर्ने

(घ) कक्षालाई विभिन्न समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई केही राष्ट्रिय विभूतिहरूको योगदान झल्कने भूमिका अभिनयको तयारी गर्न लगाउने । सबै समूहले पालै पालो प्रस्तुति गर्दै छलफल गर्ने

(ङ) विद्यार्थीहरूलाई आफ्नो रुचिअनुसार राष्ट्रिय विभुतिहरूका सम्बन्धमा संवाद, गीत, कविता, समाचार, पोस्टर तयार पारी ल्याउन गृहकार्य दिने र अर्को कक्षामा प्रस्तुति गर्ने वा भित्ते पत्रिकामा प्रकाशन गर्ने ।

७. **प्रतिविम्बन** : निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ ।


(क) तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नेः

- कुनै एक राष्ट्रिय विभूतिको परिचय दिनुहोस् ।
- राष्ट्रिय विभूतिबाट हामीले के के कुरा सिक्न सक्छौँ ?
- हामीले राष्ट्रिय विभूतिको सम्मान किन गर्नुपर्दछ ?
- आफ्नो समुदायका कुनै एक सार्वजनिक व्यक्तित्वको खोजी गरी विवरण तयार पार

| व्यक्तिको नाम | उनले गरेको मुख्य काम | उनीबाट सिक्नपर्ने कुरा | अन्य |
|---|---|---|---|
| | | | |

८. **थप अध्ययन सामग्रीहरू**

राष्ट्रका लागि विभिन्न क्षेत्रबाट महत्त्वपूर्ण योगदानहरू पुऱ्याएका विशिष्ट व्यक्तित्वहरूलाई राष्ट्रले सम्मानका लागि घोषणा गरेको हुन्छ । तिनै व्यक्तितत्त्व लाई नै राष्ट्रिय विभूति भनिन्छ । यिनीहरूको योगदानलाई स्मरण गर्नु र आदर गर्नु प्रत्येक नागरिकको कर्तव्य हुन्छ । यस्ता व्यक्तित्वहरूका बारेमा जानकारी गराउन अत्यावश्यक छ ।




Draft

## ९. परियोजना कार्य

नेपालमा विभिन्न क्षेत्रमा कार्य गर्ने कुनै एक व्यक्तिको बारेमा इन्टरनेट वा पुस्तकालयमा खोजी गरेर वा समुदायका व्यक्तिहरूसँग सोधेर वा पत्र पत्रिकाबाट खोजी गरेर विवरण तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गर्ने ।

Draft

**पाठ : ६ समानुभूति र सहयोग**

*अनुमानित घन्टी : ४*

**पाठ : ७ शान्ति संस्कृति**

१. **सक्षमता :** हाम्रो परम्परा, धार्मिक सहिष्णुता, राष्ट्रिय गौरव र शान्ति सस्कृतिको प्रदर्शन

२. **सिकाइ उपलब्धि**

१३. समानुभूति, सहयोग र शान्ति संस्कृतिको विकास गर्न एवम् शान्ति सुव्यवस्था कायम गर्न

३. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कार्यहरू गर्न सक्ने छन्:

(क) समानुभूतिको अवधारणा बुझी सो अनुरूपको व्यवहार प्रदर्शन गर्न

(ख) परिवार, विद्यालयमा, समाजमा अप्ठेरोमा परेका र असहाय, अशक्त, दुखी व्यक्तिलाई सहयोग गर्नुपर्छ भन्ने सकारात्मक धारणा निर्माण गर्न

(ग) शान्ति संस्कृतिको अवधारणा बुझी सोअनुरूपमा अरूलाई पनि बुझाउन

(घ) सबैसँग मेलामिलाप गरी शान्तिपूर्ण व्यवहारको प्रदर्शन गर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) समानुभूतिको व्यवहार प्रदर्शन गरी समस्यामा परेकालाई सहयोग गर्ने

(ख) मेलमिलाप, सहयोग, सहकार्य, मिठो बोली बचन जस्ता शान्ति संस्कृतिका व्यवहारहरू गर्न

(ग) गोष्ठी सञ्चालन गर्न ।

५. **शैक्षणिक सामग्रीहरू**

मेटाकार्ड, कार्यपत्र, शान्ति संस्कृतिका बुँदाहरू लेखिएको चार्ट, सान्दर्भिक चित्र, फोटो र भिडियो क्लिपस्

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) कक्षामा तलका जस्तै घटना अध्ययन सुनाएर वा पढ्न लगाएर समानुभूति र सहयोगको धारणा प्रष्ट पारिदिने:

निर्मला आज हतार हतार घरबाट हिँडेकी रहिछन् । बाटोमा आउँदा आउँदै उनी ठेस लागेर लडिन् । उनलाई घाउ पनि लाग्यो । उनी उठ्न सकिरहेकी थिइनन् । बाटोमा हिँड्नेहरूले उनलाई उटाइदिए । उनी खुट्टा खोच्याउँदै बल्लतल्ल विद्यालय पुगिन् । त्यहाँ पुगेपछि उनी हिँड्न सकिनन् । विद्यालयमा प्राथमिक उपचार बाकसमा औषधी सकिएको रहेछ । झन्डै एक किलोमिटर पर स्वास्थ्य चौकी थियो । उनी त्यहाँसम्म हिडेर जान सक्दिनथिन् । उनका साथीहरू आउँदै के भयो ? लडेको ? विचरा , विद्यालयमा औषधी पनि छैन । के गर्छौ भन्दै सोध्दै जाँदै गर्न थाले । निर्मलालाई भित्र

Draft

देखि नमजा लागिरहेको थियो कि मलाई कसले स्वास्थ्य चौकी लगिदेला । निर्मलाका साथीहरू विनिता, शंकर, रूपाले निर्मलालाई सारै समस्या परेको रहेछ । हामीलाइनै त्यस्तो परेको भए हामी के चाहन्थ्यौं  निर्मलालाइ पनि त्यस्तै भएको होला । उनलाई हामीले सहयोग गर्नु पर्दछ ।

यस घटना अध्ययनमा विनिता, शङ्कर र रूपाले निर्मलाको दुखलाई आफ्नै दुःख ठानेर सहयोग गरेका छन् । उनीहरूमा समानुभूतिको भावना र व्यवहार देखिन्छ । बाँकी साथीहरू निर्मलाको दुःख देखेर दुःखी त भए तर उनीहरू कुनै सहयोगका लागि तत्पर नभएकाले उनीहरूमा सहानुभूतिको भावना त देखियो तर समानुभूतिको भावना देखिएन

(ख) समानुभुति र सहयोगको भावना झल्कने चित्र, पोस्टर, फोटो, भिडियो क्लिपस मध्ये जे उपलव्ध हुन्छ सोको प्रस्तुति र प्रदर्शन गर्दै छलफल गर्ने ।

(ग) कक्षामा शान्ति संस्कृति विषयमा गोष्ठि आयोजना गर्ने । यसका लागि निम्न चरणमा कार्यक्रम सञ्चालन गर्नेः

- अगिल्लो दिन नै गोला प्रथाद्वारा केही विद्यार्थीलाई निम्न विषयमा तयारी खोजी गरेर लेखेर ल्याउन भन्ने ।

शान्ति संस्कृतिको परिचय, शान्ति संस्कृति विकास गर्न गर्नुपर्ने कार्य, शान्ति संस्कृति हुनाले हुने फाइदा, शान्ति सँस्कृति नहुँदा उत्पन्न हुन सक्ने समस्या, शान्ति संस्कृतिका लागि हाम्रो जिम्मेवारी

- अर्को दिनमा जिम्मेवारी पाएका सबै विद्यार्थीको सामग्री एकै ठाउँमा जम्मा पारी कार्यपत्र तयार पार्ने
- कक्षाको अगाडि एक बेञ्च राखेर मञ्च जस्तो बनाउने । त्यहाँ कार्यपत्र तयार पार्ने कार्यमा सहभागी विद्यार्थीलाई राख्ने र शिक्षक पनि त्यहीँ बस्ने
- एक जनालाई सभापति बनाउने र गोष्ठि सञ्चालन गर्ने
- दुई, तिन जनालाई कर्यपत्रमा टिप्पणी गर्न जिम्मेवारी दिने
- एकजनाले कार्यपत्र पढेर सुनाउने
- कार्यपत्र पढेर सुनाइ सकेपछि टिप्पणी कर्ताले कार्यपत्र माथि आफ्नो विचार र जिज्ञासा सहित टिप्पणी गर्ने
- त्यसपछि खुला रूपमा स्रोता विद्यार्थीहरूले कार्यपत्र प्रस्तुत कर्ता र डायसमा भएका कार्यपत्र तयारी कर्तासँग जिज्ञासा राख्ने
- यसरी शान्ति संस्कृति विषयमा कार्यपत्र प्रस्तुत गरी गोष्ठी सञ्चालन गर्न सकिन्छ । यस क्रियाकलापबाट विद्यार्थीमा खोजी गरेर, तर्क गरेर छलफल गरेर सिक्ने बानीको विकास हुनुको साथै गोष्ठी सञ्चालन गर्ने प्रक्रियाको सिप पनि हासिल हुन जान्छ ।

Draft

(ग) शान्ति संस्कृति र यसका निम्ति गर्नुपर्ने कार्यको सूची प्रस्तुत गर्दै विभिन्न उदाहरणहरू दिएर छलफल गर्ने

(घ) आफ्नो समुदायमा शान्ति संस्कृतिका के कस्ता उदाहरण देखिन्छ कक्षामा बताउन लगाउने र पृष्ठपोषण दिने

(ङ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समनु भूति र शान्ति संस्कृतिको भाव एवम् महत्त्व झल्कने भूमिका अभिनय गराई छलफल गराउने ।

७. **प्रतिविम्बन** :निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ:

(क) तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्ने :

- समानुभूति भनेको के हो ?
- सहानुभूति र समानुभूतिमा के फरक छ ?
- कुनै व्यक्ति समस्यामा वा दुखमा परेको बेला के गर्नुपर्दछ ?
- के रूपा र उनका साथीले ठिक गरे, किन ?
- शान्ति संस्कृति कायम हामीले गर्न के के गर्नुपर्छ ?

८. **थप अध्ययन सामग्रीहरू**

हामी सबैलाई विभिन्न समयमा विभिन्न प्रकारका समस्याहरूले सताइरहेको हुन्छ । हामी विभिन्न समयमा विभिन्न प्रकारका आपत् विपद्बाट गुज्रिरहेका हुन्छौँ । त्यस समयमा हामीलाई अरूको सहयोग र सहायता चाहिन्छ । अरूलाई पनि यस्ता समस्या र अप्ठ्याराहरू परिरहेका हुन्छन् । त्यस समयमा उनीहरूले पनि हामीले जस्तै सहयोगको अपेक्षा गरेका हुन्छन् । यसरी अरूलाई परेको दुःखको आफैँलाई परे जस्तै गरी अनुभूति गरेर उनीहरूलाई सहयोग गर्नु नै समानुभूति हो । यसलाई परानुभूति (Empathy) पनि भनिन्छ । समानुभूति र सहयोग शान्ति र समजदारी कायम गर्न एक अनिवार्य र महत्त्वपूर्ण पक्ष हो । यसले समुदायमा एकअर्का बिचमा मेलमिलाप र सहयोगको वातावरण सिर्जना गरी समाजमा शान्ति कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

कुरा गरेर र चर्चा गरेर मात्र शान्ति कायम हुँदैन । युद्ध नभएको अवस्था मात्र शान्ति होइन । सबै व्यक्ति हाँसी खुसी रहेको र डर त्रासबाट मुक्त भई आफ्नो कार्यमा क्रियाशील रहेको अवस्था नै शान्ति हो । जहाँ मेल मिलाप, सहयोग र सहकार्य हुन्छ । विश्वास र सम्मान हुन्छ । यसका लागि प्रत्येक व्यक्तिमा मिठो बोल्ने, सहयोग गर्ने, सहकार्य गर्ने, समूहमा काम गर्ने, एक अर्काको सम्मान गर्ने, तनाव मुक्त भई हाँसीखुसी रहने, एकअर्कामा विश्वास गर्ने बानी व्यहोराको विकास हुनुपर्दछ । यसैलाई शान्ति संस्कृति भनिन्छ । शान्ति संस्कृतिले परिवार, समुदाय, विद्यालय र राष्ट्रमा समेत द्वन्द्व र हिंसाको अन्त्य गरी वा हिंसा र द्वन्द्वको वातावरण नै उत्पन्न हुन नदिई शान्तिपूर्ण वातावरण कायम गर्न मद्दत गर्दछ । हिंसात्मक संस्कृति र शान्ति संस्कृति बिचको फरक यस तालिकाबाट हेर्न सकिन्छ ।

Draft

| CULTURE OF WAR AND VIOLENCE | CULTURE OF PEACE AND NON-VIOLENCE |
|---|---|
| Belief in power that is based on force | Education for a culture of peace |
| Having an enemy | Understanding, tolerance and solidarity |
| Authoritarian governance | Democratic participation |
| Secrecy and propaganda | Free flow of information |
| Armament | Disarmament |
| Exploitation of people | Human rights |
| Exploitation of nature | Sustainable development |

यस पाठले विद्यार्थीमा शान्ति संस्कृतिको ज्ञान दिने मात्र नभई उनीहरूमा पनि शान्ति संस्कृतिको विकास गर्न खोजेको छ । तर बानी व्यहोरा विकास एक दुई दिनमा हुन सक्ने कुरा होइन । यसका लागि निरन्तर अभ्यासको खाँचो पर्दछ । त्यसैले शिक्षकले पहिले आफुमा शान्ति संस्कृतिको विकास गरी उदाहरणीय व्यवहार प्रदर्शन गर्नु पर्दछ । विद्यार्थीहरूलाई वर्षभरिनै सोअनुसारका व्यवहार गरेका छन् छैनन् निरन्तर रूपमा अवलोकन र मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण पनि दिई रहनुपर्दछ ।

९. **सन्दर्भ सामग्रीहरू**


http://www.culture-of-peace.info/copoj/definition.html

http://www3.unesco.org/iycp/uk/uk_sum_cp.htm

http://www.slideserve.com/andrew/culture-of-peace

http://www.authorstream.com/Presentation/robinmarsh-1283885-from-a-culture-of-conflict-to-peace/

http://www.powershow.com/view/3b2ac6-ZDJjN/UNESCO_and_Education_for_a_Culture_of_Peace_a_powerpoint_ppt_presentation

https://en.wikipedia.org/wiki/Empathy


Draft

**एकाइ : ४ सामाजिक समस्या र समाधान**

**पाठ : १** सामाजिक समस्या पहिचान र समाधान

*अनुमानित घन्टी : ३*

**१. सक्षमता**

सामाजिक समस्या पहिचान, समस्या समाधानका उपायहरूको खोज तथा अन्य सङ्घसङ्स्था एवम् नागरिकको भूमिका बोध ।

**२. सिकाइ उपलब्धि**

१४. सामाजिक समस्या पहिचान गरी त्यसका समाधानका उपायहरू उल्लेख गर्न र समाधानका कार्यहरूमा सहभागी हुन

**३. विशिष्ट उद्देश्य**

(क) नेपाली समाजमा विद्यमान सामाजिक समस्याको पहिचान गर्नु

(ख) सामाजिक समस्याको कारण पत्ता लगाउनु

(ग) सामाजिक समस्याको परिणाम सम्बन्धमा जानकार हुनु

(घ) स्थानीय स्तरका सामाजिक समस्या पहिचान गर्नु

(ङ) सामाजिक समस्या समाधानमा सहभागी हुनु ।

**४. अपेक्षित सामाजिक व्यवहार तथा सकारात्मक अभिवृत्ति**

(क) आफ्नो समुदायमा विद्यमान सामाजिक समस्या सृजित हुनुमा के कस्ता व्यक्तिगत, सामाजिक, आर्थिक वा अन्य कारणहरू छन् भनी अभिभावक, बौद्धिक व्यक्तित्व वा प्रबुद्ध व्यक्तिसित कुराकानी गर्ने

(ख) त्यस्ता समस्याहरूमा आफ्नो संलग्नता नगराउनु, समुदायमा अरू कोही प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएमा उनीहरूलाई त्यस्तो कार्य नगर्न वा नगराउन अनुरोध गर्ने

(ग) सामाजिक समस्याले सिर्जना गर्ने परिणामबारे अध्ययन गर्नु र सो सम्बन्धी अरूलाई सचेत गराउने

(घ) खराब सङ्गत र गतिविधिबाट आफू टाढा रहने

(घ) सामाजिक समस्यालाई बढी उत्तेजित नगराउनु, सकेसम्म समझदारीपूर्ण ढङ्गबाट समाधान गर्ने उपायहरू पत्ता लगाई आफूसहित समुदायका मानिसलाई सहभागी हुन अभिप्रेरित गर्ने

(ङ) सामाजिक समस्याको अवस्था देखिएमा त्यसको समाधानका निम्ति सक्रिय निकाय र सङ्घ संस्थामा सूचना प्रावह गर्ने

Draft

(च) दुर्व्यसनबाट मूक्त भएको व्यक्तिलाई समाजमा पुनर्स्थापित गर्न सहजीकरण गर्नु र पुन दुर्व्यसनमा फस्न सक्नेतर्फ सचेत रहेर उसका पुराना व्यवहारलाई लिएर गिज्याउने, गाली बेइज्जती गर्ने जस्ता नकारात्मक प्रभाव पार्ने कार्य नगर्ने

(छ) सिर्जनात्मक र समालोचनात्मक सोचको विकास हुने

(ज) समूह कार्य, सहकार्य, सहमती, सहिष्णु व्यवहारको विकास हुने

## ५. शैक्षणिक सामग्री

(क) नेपाली समाजमा प्रचलित सामाजिक समस्याहरूको समस्याहरूका सम्बन्धमा विभिन्न पत्रपत्रिका, सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण भएको लेख, समाचार, अन्तर्वार्ता, विशेष रिपोर्टहरू

(ख) स्थानीय, क्षेत्रीय, राष्ट्रिय स्तरमा प्रचलित सामाजिक समस्याको समाधानसँग सम्बन्धित भिडियोक्लिप्सहरू

(ग) आधारभूत सामग्रीहरू, कैँची, गम, कार्डबोर्ड, रङ्गहरू, मार्कर वा साइनपेन, कार्टुन बक्स, लट्ठी आदि

(घ) विभिन्न सङ्घ संस्थाबाट प्रकाशन भएका सामाजिक समस्या र समाधानसँग सम्बन्धित पर्चा, पोस्टर, पम्प्लेट, बुकलेट, बुलेटिन, क्यालेन्डर, लिपचार्टहरू

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीले देखेका, सुनेका, अनुभव गरेका विभिन्न घटनाहरू सुनाउन लगाउने । त्यसले कहाँ के कति नकारात्मक प्रभाव पारेको होला भनी छलफल गरेर समाजमा विद्यमान सामाजिक समस्याहरूको पहिचान गर्ने । त्यसै गरी सामाजिक समस्याका केही उदाहरणहरू जस्तै : भ्रष्टाचार, लैङ्गिक हिंसा, मादक पदार्थ, सामाजिक विभेद, साइवर अपराध, दुर्व्यवहार (Bully) गर्नेलगायत अन्य स्थानीय वा राष्ट्रिय सामाजिक समस्या विषयमा उनीहरूबाट सूचना सङ्कलन गर्ने । यी समस्याहरू एक व्यक्ति वा समूहको फाइदा, मनोरञ्जन वा अन्य कारणका लागि अरूको व्यक्तिगत सम्मान, स्वतन्त्रता तथा हक हनन् गरिनु सामाजिक समस्याहरू हुन् भनी थप स्पष्ट पारिदिने ।

(ख) विद्यार्थीहरूलाई चार समूहमा पुराना पत्र पत्रिका विभिन्न पत्र पत्रिकाबाट सामाजिक समस्या वा कुप्रथासँग सम्बन्धित समाचार, लेख, विज्ञापन, आदि सङ्कलन गरी आकर्षक पोस्टर तयार पार्न लगाउने

प्रत्येक समूहले पालैपालो प्रस्तुतीकरण गर्दै छलफल गर्ने । कारणहरू पत्ता लगाउन सिकाउने, त्यस्ता कारणहरू के कति हदसम्म सामाजिक संरचना वा बनोट, परम्परागत मूल्य मान्यता, धार्मिक विश्वास, वा अन्य आर्थिक सामाजिक तथा राजनीतिक पक्षसँग ( सामाजिक समस्या वा कुप्रथाको प्रकृतिको आधारमा) सम्बन्धित छन् खोजीनीति गर्न लगाउने र ती विषयमा छलफल गर्ने

(ग) विभिन्न सामाजिक समस्याका विषमा यस्ता सामाजिक समस्याका कारण, परिणाम र समाधानका उपाय सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने । प्रतियोगितामा

कार्यक्रमको सभाध्यक्ष, उद्‌घोषक, निर्णायक र समयपालक पनि विद्यार्थीहरूबाट नै छनोट गर्ने ।

## ७. प्रतिबिम्बन

(क) तलको श्रेणी मापन तालिका प्रयोग गरी विद्यार्थीले सामाजिक समस्या वा कुप्रथाको सम्बन्धमा तयार गरेको पोस्टर निर्माण सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने ।

| क्र.सं. | विद्यार्थीको नाम | डिजाइन | समस्याको पहिचान | पोस्टरको सन्देश | प्रस्तुतीकरण | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

Draft

(ख) तलका जस्तै प्रश्नहरू सोध्न सकिने :

(अ) सामाजिक समस्या र कुप्रथाको बिचको भिन्नता र समानता उल्लेख गर्नुहोस् ।

(आ) तपाईंको समुदायमा सामाजिक समस्या विद्यमान छन् कि छैनन् ? यदि छन् भने के कारणबाट त्यस्ता समस्या प्रचलनमा आएको हुनुपर्छ ? छलफल गर्नुहोस् ।

(इ) भौगोलिक अवस्था, सामाजिक संरचना वा अन्य पक्षले गर्दा समुदायअनुसार फरक फरक हुन सक्छन् कि ? कक्षामा साथीहरूसँग अनुभव आदान प्रदान गरी छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

(ई) सामाजिक समस्या न्यूनीकरणमा तपाईं, तपाईंको परिवार वा समुदायबाट कुनै पहल भएको छ ? भएको भए के कस्तो पहल भएको छ ?

(उ) कुनै सामाजिक समस्या र समाधान झल्कने समाचार तयार पार्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

हाम्रो समाजमा विभिन्न प्रकारका सामाजिक समस्या र विकृतिहरू हुन्छन् । त्यस्ता समस्याहरू कुनै संस्कृतिसँग जोडिएका हुन्छन् भने कुनै रीतिरिवाजसँग त कुनै समयअनुसार मानिसको व्यवहारबाट विकसित भएका हुन्छन् । जसरी उब्जिएका भएपनि त्यस्ता गतिविधिले समाजमा तनाव, द्वन्द्व, बैरभाव र हिंशात्मक अवस्थाको सिर्जना गर्दछन् । कुनैले शोषण, दमन, व्यभिचार, हीनतावोधको अवस्था सिर्जना गर्दछन् । त्यसैले समाजमा भएका त्यस्ता गतिविधिहरू जसले मानवलाई सहज रूपमा बाँच्न अवरोध खडा गर्दछ, असामान्य अवस्थाको

सिर्जना गर्दछ वा अन्याय, अत्याचार, असमानताको अवस्था सिर्जना गरेर समाजलाई गलत अभ्यासतर्फ उन्मुख गराउँछ भने त्यसलाई सामाजिक समस्या र विकृति भनिन्छ । सामाजिक समस्याका कारक तत्त्वहरू हामी समाजका सदस्यहरू नै हौं । समाजमा धेरै पैसा हुनेलाई सम्मान हामीले नै दिएका हुनाले मानवीय स्वभाव हरेक मान्छे सम्मानित हुन चाहन्छ र पैसा कमाउनकोलागि भ्रष्टाचारी, अनैतिक, लागु औषधको व्यापारी, देह व्यापारको दलाल, शोषक र दाइजो माग्ने बाबु आमा बन्न पुग्दछन् ।



# 12-year-old girl falls victim of rape in Birgunj

Ravi Dahal

*Birgunj, March 11*

A 12-year-old girl of Sonbarsha VDC, Parsa, was raped by her neighbour in a nearby forest where she had gone to collect firewood yesterday.

The girl was raped by Sarphudin Miya (25) in the local Akuniya Forest. When the minor's parents went to file a police complaint against the offender, Miya's family asked them to desist from doing so.

The victim's father has requested police to take action against the felon. He has filed a chargesheet against Miya with the Parsa District Police Office. DSP Rabindra KC has confirmed that the case has been filed with police.

Doctor's report has not come yet, he added. DSP said the application has been filed by changing the name and address of the victim.

A doctor at Narayani Sub-regional Hospital said the health condition of the child has been normal. "After a whole-night treatment, the minor was discharged today," said the doctor attending to her treatment.



## पाठ २ : भ्रष्टाचार

*अनुमानित घन्टी : ३*

१. **सक्षमता : ७ सामाजिक समस्याको पहिचान**

२. **सिकाइ उपलब्धि** : सामाजिक समस्याको पहिचान गरी र समाधानका कार्यहरूमा सहभागी हुन

३. **विशिष्ट उद्‌य्येश्य**

(क) भ्रष्टाचार एक गैरकानुनी एवम् सामाजिक अपराध हो भनि बुझ्नु ।

(ख) भ्रष्टाचारका विभिन्न आर्थिक, सामाजिक र राजनीतिक कारणहरू पत्ता लगाउनु ।

(ग) भ्रष्टाचारले सामाजिक एवम् समग्र राष्ट्र विकासमा पार्ने नकारात्मक प्रभाव सम्बन्धमा खोजिनीति गर्नु ।

(घ) भ्रष्टाचार न्यूनीकरणमा सम्बन्धित निकायबाट भएका गतिविधिको जानकारी लिनु ।

(ङ) भ्रष्टाचार न्यून गर्न आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नु र सम्बन्धित निकायका गतिविधिमा सकारात्मक र सक्रिय सहभागी हुनु ।

४. **अपेक्षित सामाजिक व्यवहार, मुल्य, मान्यता र सकारात्मक अभिवृत्ति**

(क) भविश्यमा आफू भ्रष्टाचारमा नफस्ने र अरूलाई फस्नबाट समाधान गर्ने भ्रष्टाचारबाट टाढा राख्ने उपायहरू पत्ता लगाई आफूसहित समुदायका मानिसलाई सहभागी हुन अभिप्रेरित गर्ने

(ख) भ्रष्टाचारको अवस्था देखिएमा त्यसको समाधानका निम्ति सक्रिय निकाय र सङ्घ संस्थामा सूचना प्रावह गर्ने

(ग) सिर्जनात्मक र समालोचनात्मक सोचको विकास हुने

(घ) समूह कार्य, सहकार्य, सहमती, सहिष्णु व्यवहारको विकास हुने ।

५. **सिकाइ सामाग्री**

(क) भ्रष्टाचार जनाउने विभिन्न पत्र पत्रिकामा प्रकाशित तस्वीर, कार्टुन, जानकारीमूलक सन्देशहरू

(ख) सरकारी ऐन, नियम, र नीतिहरू

(ग) सरकारी एवम् सम्बन्धित सामाजिक संस्थाबाट प्रकाशित बुलेटिन, पर्चा, पम्पलेट, पोस्टर, विशेषांङ्क आदि ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) भ्रष्टाचारसँग सम्बन्धित समाचारको कटिङ लगी पढेर सुनाउने वा विद्‌यार्थीलाई पढ्न लगाउने । उक्त समाचारका आधारमा भ्रष्टाचार किन, कसरी, कसले गर्दछ र यसको

Draft

असर के हुन्छ भनी छलफल गर्ने । भ्रष्टाचार  सामाजिक अपराध हो भनी स्पष्ट पारिदिने

(ख) विद्यार्थीहरूलाई हामीले कहिले कहिले विद्यालय र कक्षाको नियम उल्लङ्घन गरेका छौं भनी सोध्ने  विद्यार्थीले भन्न धक मानेमा नाम नलेखी कापीको पानामा सम्झिए जति लेख्न लगाई कक्षा कोठामा छलफल गर्ने ।

(ग) आफ्नो परिवार, नातेदार वा छरछिमेकलाई समेत कुनै अनैतिक कार्यहरू गर्न वा त्यस्ता कार्यमा संलग्न नहुन अनुरोध गर्ने नारा तयार पारी सार्वजनिक स्थानमा प्रदर्शन गर्न लगाउने ।

(घ) विभिन्न चित्र, समाचारका कटिङ, भिडियो क्लिप आदिको प्रदर्शन गर्दै आफ्नो परिवार, नातेदार वा छरछिमेकमा भ्रष्टाचारजन्य कार्यले कसरी इज्जत, मान प्रतिष्ठामा आँच पुग्छ, भन्ने सम्बन्धमा छलफल गर्ने भनी छलफल गर्ने

(ङ) विभिन्न सङ्घसस्थाबाट प्रकाशित भ्रष्टाचार विरोधी सामग्री प्रदर्शन गर्दै भ्रष्टाचार न्यूनीकरणका लागि भएका संस्थागत तथा नीतिगत प्रयास समेत बारेमा छलफल गराउने

(च) भ्रष्टाचार न्यून गर्न सरकार सम्बन्धित क्षेत्र, नागरिक समाज, वा व्यक्तिको भूमिका के कस्तो हुनुपर्छ भनी छलफल गर्ने, विद्यार्थी स्वयंले के कस्तो भूमिका खेल्न सक्छन्, उनका विचार व्यक्त गर्न लगाउने ।

## ७. थप अध्ययन सामग्री

भ्रष्टाचार अत्यन्त गम्भिर सामाजिक समस्या हो । कानुनबमोजिम गर्नुपर्ने कार्य गरेबापत गैर कानुनी ढङ्गबाट आर्थिक लाभ लिनु,, सरकारी बजेट दुरूपयोग गरेर लोभ लाचमा फसी काम नगर्नु, घुस लिनु  वा दिनु भ्रष्टाचार हो । जसले जुन काम गर्नको लागि जिम्मेवारी पाएको छ त्यो जिम्मेवारी इमानदारीपूर्वक नगर्नु पनि भ्रष्टाचार हो ।  यो राष्ट्रिय समस्या पनि हो । यसले एकतर्फ कुशासनलाई बढावादिईरहेको हुन्छ भने अर्कातर्फ समाजमा गैर कानुनी आर्थिक अप्रचलन हुने, अनावश्यक प्रतिस्पर्धा बढ्ने र आर्थिक असमानता बढ्ने जस्ता समस्या उत्पन्न हुन्छ । विकास निर्माणका कार्यहरू गुणस्तरहीन हुन पुग्दछन् । नेपाल र नेपाली विदेश ऋणमा डुब्न पुग्छ । कानुनको अपहेलना हुन पुग्छ । अन्याय र अत्याचार बढ्छ । त्यसैले भ्रष्टाचार नियन्त्रण गर्न हामी सबै जना लाग्नु पर्दछ ।

Corruption – The abuse of entrusted power for private gain – is wrong. It destroys the basic rights of hundreds of millions of people across the world, it has devastating consequences on the services provided by public institutions and it undermines the prospect for a better life for future generations.

I believe together we can work towards ending corruption, overcoming widespread injustice and impunity**.**

All forms of corruption must be ended to secure the basic rights of all people and ensure a world where everyone can live in dignity.

Draft

This Declaration Against Corruption is consistent with and supportive of the Universal Declaration of Human Rights and the United Nations Convention against Corruption. It is also consistent with Transparency International's core values: Transparency, Accountability, Integrity, Solidarity, Courage, Justice, Democracy.

-Transperancy iInternational






## ८. परियोजना कार्य

भ्रष्टाचार विरुद्धमा जन चेतना जगाउने गीत, कविता, समाचार, चिठी मध्ये कुनै एकको रचना गरी कक्षामा प्रस्तुत गर्ने ।

## ९. प्रतिविम्बन

तलका जस्तै प्रश्नहरू सोध्न सकिनेछ :

(क) के कस्ता कार्यहरूलाई भ्रष्टाचारजन्य कार्यहरू मानिन्छन् ? उल्लेख गर्नुहोस् ।

(ख) हाम्रो देशमा राजनीतिक, आर्थिक र सामाजिक कारण मध्ये कुन पक्षलाई बढी कारक तत्त्व मान्नुहुन्छ ? आना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ग) भ्रष्टाचार न्यून गर्न तपाईंले खेल्नसक्ने भूमिका बुँदागत रूपमा प्रस्तुत गर्नु ।

(घ) नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न कार्यरत संस्थाहरूको नाम र कामहरू तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ङ) भ्रष्टाचारका कारण तपाईंको समुदायको विकासमा के कस्तो प्रभाव परेको छ ? खोजिनीति गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**प्राविधिक शब्दहरू :**

**संस्थागत :** कानुनी रूपमा काम, कर्तव्य र अधिकार तोकिएको कार्यालय, संगठन वा संस्थाबाट गरिने ।

**नीतिगत :** घोषणापत्र, ऐन, नियमावली, आदेश, सन्धि वा सम्झौतामा उल्लेखित ।

Draft

## पाठ : ३ सामाजिक समस्याहरू देह व्यापार, दुर्व्यसन, दुर्व्यवहार

*अनुमानित घन्टी : ६*

### १. सक्षमता

७ सामाजिक समस्या पहिचान, समस्या समाधानका उपायहरूको खोज तथा अन्य सङ्घसंस्था एवम् नागरिकको भूमिका बोध ।

### २. सिकाइ उपलब्धि

१४. सामाजिक समस्या पहिचान गरी त्यसका समाधानका उपायहरू उल्लेख गर्न र समाधानका कार्यहरूमा सहभागी हुन ।

### ३. विशिष्ट उद्देश्य

(क) नेपाली समाजमा विद्यमान देह व्यापार, दुर्व्यसन, दुर्व्यवहार जस्ता सामाजिक समस्याको पहिचान गर्नु,

(ख) ती सामाजिक समस्याको कारण पत्ता लगाउनु

(ग) ती सामाजिक समस्याको परिणाम सम्बन्धमा जानकार हुनु

(घ) स्थानीय स्तरका सामाजिक समस्या पहिचान गर्नु

(ङ) सामाजिक समस्या समाधानमा सहभागी हुनु

### ४. अपेक्षित सामाजिक व्यवहार तथा सकारात्मक अभिवृद्धि

(क) त्यस्ता समस्याहरूमा आफ्नो संलग्नता नगराउनु, समुदायमा अरू कोही प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएमा उनीहरूलाई त्यस्तो कार्य नगर्न वा नगराउन अनुरोध गर्ने

(ख) सामाजिक समस्याले सिर्जना गर्ने परिणामबारे अध्ययन गर्नु र सो सम्बन्धी अरूलाई सचेत गराउने

(ग) खराब सङ्गत र गतिविधिबाट आफू टाढा रहने

(घ) सामाजिक समस्यालाई बढी उत्तेजित नगराउनु, सकेसम्म समझदारीपूर्ण ढङ्गबाट समाधान गर्ने उपायहरू पत्ता लगाई आफूसहित समुदायका मानिसलाई सहभागी हुन अभिप्रेरित गर्ने

(ङ) सामाजिक समस्याको अवस्था देखिएमा त्यसको समाधानका निम्ति सक्रिय निकाय र सङ्घसंस्थामा सूचना प्रावह गर्ने।

(च) दुर्व्यसनबाट मूक्त भएको व्यक्तिलाई समाजमा पुनर्स्थापित गर्न सहजीकरण गर्नु र पुन दुर्व्यसनमा फस्न सक्ने तर्फ सचेत रहेर उसका पुराना व्यवहारलाई लिएर गिज्याउने, गाली बेइज्जती गर्ने जस्ता नकारात्मक प्रभाव पार्ने कार्य नगर्ने

(छ) सिर्जनात्मक र समालोचनात्मक सोचको विकास हुने

(ज) समूहकार्य, सहकार्य, सहमती, सहिष्णु व्यवहारको विकास हुने

Draft

## ५. शैक्षणिक सामग्री

(क) नेपाली समाजमा प्रचलित सामाजिक समस्याहरूको समस्याहरूका सम्बन्धमा विभिन्न पत्रपत्रिका, सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण भएको लेख, समाचार, अन्तर्वार्ता, विशेष रिपोर्टहरू

ख) स्थानीय, क्षेत्रीय, राष्ट्रिय स्तरमा प्रचलित प्रस्तुत सामाजिक समस्याको समाधानसँग सम्बन्धित भिडियो क्लिप्सहरू

ग) आधारभूत सामग्रीहरू, कैँची, गम, कार्डबोर्ड, रङ्गहरू, मार्कर वा साइनपेन, कार्टुन बक्स, लठ्ठी आदि

घ) विभिन्न सङ्घसंस्थाबाट प्रकाशन भएका सामाजिक समस्या र समाधानसँग सम्बन्धित पर्चा, पोस्टर, पाम्प्लेट, बुकलेट, बुलेटिन, क्यालेण्डर, लिपचार्टहरू

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

क) कुनै एक सामाजिक समस्या (दुर्व्यसन सँग सम्बन्धित घटना अध्ययन (सत्य घटनामा आधारित कथा) वा भिडियो क्लिप्स वा पोस्टर प्रदर्शन गर्दै सामाजिक समस्या र यसको परिणाम बारेमा छलफल गर्ने

देह व्यापारको परिचय गराउने, देह व्यापार र चेलीबेटी बेचविखन भन्ने गैरकानुनी रूपमा सर्कस, घरेलु कामदार, बधुँवा मजदुर लगायतका कार्य हुन् भने देह व्यापार भन्नाले बाध्यात्मक रूपले यौनजन्य अनैतिक कार्यमा संलग्न हुनु भनि विभिन्न उदाहरण दिई छलफल गराउने ।

(ख) हाम्रो समुदायमा मानिसहरू किन देह व्यापारमा संलग्न हुन्छन् भनि विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार र सामग्री सङ्कलन गर्ने, सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट प्रकाशित सामग्री प्रदर्शन गर्ने र अध्ययन गर्न लगाई छलफल गर्ने । देह व्यापारबाट समाजमा परेको प्रभाव, यसलाई नियन्त्रण गर्ने भएका प्रयासहरू उदाहरणसहित कक्षाकोठामा प्रस्तुत गनराउनुहोस ।

(ग) दुव्यवहार, बुलिङ, हेप्ने, गिजाउने जस्ता कार्यका उदाहरण प्रस्तुत गर्दै त्यसबाट व्यक्ति, परिवार, समाज र राष्ट्रमा पर्ने नकारात्मक असरका सम्बन्धमा मस्तिष्क मन्थन विधिको प्रयोग गरी छलफल गर्ने

(घ) विद्यार्थीलाई विभिन्न समूह बनाई एक समूलहलाई देशव्यापार, दुर्व्यसन, दुव्यवहार मध्ये कुनै एक समस्याका असर र समाधानका उपायका बारेमा भूमिका अभिनयको तयारी गर्न लगाउने । त्यस पछि पालै पालो प्रस्तुति गर्न लगाउनुहोस् ।

(ङ) दुर्व्यसनसँग सम्बन्धित भिडियो, समाचार, गीत, कविता वा अन्य सामाग्री (उपलब्ध भएसम्म) कक्षामा प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।

भूमिका अभिनयको क्रममा प्रस्तुत क्रियाकलाप, अभिनय, संवाद आदिबाट विद्यार्थीमा नकारात्मक सन्देश जान सक्ने हुँदा त्यस्ता कुरा हटाई सकारात्मक सन्देश जाने

Draft

कुराहरू मात्र समावेश गर्नुपर्दछ ।यसका लागि शिक्षकले प्रत्येक समूहमा पुगी सहजीकरण गर्नु पर्दछ ।

**थप अध्ययन सामग्री**

अङ्ग्रेजीमा Booling शब्दको नेपालीमा दुर्व्यवहार भनी उल्था गर्ने प्रयास गरिएको छ । मानवका मनमा राम्रा र नराम्रा दुै पक्ष हुन्छन् । नराम्रो पक्ष बढी भायो भने मानवले अरूलाई दुख दिएर आनन्द लिन थाल्दछ । यस्ता मानिसले आफूले हेप्न सक्ने कमजोर मानिस वा केटाकेटी वा महिला र अपाङ्गलाई हेप्ने, गिज्याउने, कुटपिट गर्ने, शोषण गर्ने, दुख दिने, अमानवीय कार्यहरू गर्न लागाउने जस्ता दुर्व्यवहार गर्न सक्दछन् ।


यस्ता दुर्व्यवहार, मौखिक, शारीरिक र सामाजिक गरी तिन किसिमका हुन्छ । कसैलाई नछोइ गाली गर्नु गिज्याउनु, धम्क्याउनु, अप्ठेरोमा पारिदिनु, र शब्दद्वारा व्यङ्ग्य गर्नु मोखिक दुव्यवहार हो । कसैलाई छोएर दुर्व्यवहार गर्नु, कुटपिट गर्नु, सामान खोसिदिनु, लुकाइदिनु, भुत्लाउनु, लुगा तान्ने वा च्यात्ने गर्नु, चोटपटक लाग्ने अवस्था सिर्जना गर्नु  आदिलाई शारीरिक दुव्यवहार भनिन्छ । कसैलाई साथीभाइका अगाडि, परिवारका अगाडी वा सार्वजनिक रूपमा बेइज्जत हुने वा लाज लाग्ने वा अप्ठेरो हुने गरी गिज्याउनु, हात हाल्नु, यौन दुर्व्यवहार गर्नु आदिलाई सामाजिक दुव्यवहार भनिन्छ । बाल बालिकाहरूलाई सानै उमेर देखि यस्ता दुव्यवहार गर्नु हुँदैन सबैसँग मिलेर बस्नु पर्दछ, अरूलाई दुख दिएर आनन्द लिने स्वभाव दानवी स्वभाव हो भन्ने सन्दोश दिनु पर्दछ ।


यसबाट पिडित व्यक्तिलाई व्यक्तिगत रूपमा दुखाई, डर त्रास, लाज, हीनताबोध र आक्रोस तथा बदलाको भावना पैदा हुन्छ । यसको मात्रा बढ्दै गएमा झगटा हुने, हिंसा हुने, मनमुटाव बढ्ने हुन्छ । कहिलेकाहीँ शारीरिक क्षतिका सार्थ धन जनको पनि क्षेति हुन सक्छ । ख्याल ख्यालमा नै अपराध हुन गई जेल जानुपर्ने अवस्था पनि आइपर्न सक्छ । त्यसैले हाम्रा मनमा कसैलाइ जिस्काउने वा बेइज्जत गरेर मजा लिने विचार आउन सक्छ । त्यस बेला अफूलाई अत्यन्त धैर्य र संयमका साथ रोक्नुपर्दछ । अरूलाई दुर्व्यवहार गरेर मजा आउँदैन, त्यसको परिणाम भयानक पनि हुन सक्दछ । त्यसैले हामीले कहिले पनि जानेर वा नजानेर वा साथीको लहैलहैमा लागेर  कसैमाथि दुर्व्यवहार गर्नु हुँदैन ।

Draft


दुर्व्यवहार झल्कने चित्रहरू :

















## ७. प्रतिविम्बन

तलका जस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्न सकिन्छ ।

- देहव्यापारलाई कसरी रोक्न सकिन्छ ?
- लागु पदार्थ दुर्व्यसनका असरहरू उल्लेख गर्नुहोस् ।
- चेलीबेटी रोकथाम हुन नसक्नुका कारणहरू पत्ता लगाउनुहोस् ।

Draft

**पाठ : ४ सामाजिक समस्या समाधानका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाको योगदान**

**पाठ : ५ नेपालमा सामाजिक सुधारका लागि भएका प्रयासहरू**

*अनुमानित घन्टी : ४*

१. **सक्षमता :**

७ .सामाजिक सुधारका लागि प्रयासहरू र सामाजिक सङ्घसंस्थाको भूमिकाको बोध

२. **सिकाइ उपलब्धि**

**१५.** सामाजिक समस्या समाधानका उपायहरूसँग परिचित हुन र अभ्यास गर्न

३. **विशिष्ट उद्देश्य**

(क) सामाजिक समस्या निराकरण गर्न भएका स्थानीय परम्परागत अभ्यासहरू : भेला, कचहरी वा अन्य प्रचलनहरूको सम्बन्धमा परिचित हुनु

(ख) सामाजिक समस्या समाधान गर्न कार्यरत स्थानीय, क्षेत्रीय/भौगोलिक वा राष्ट्रिय स्तरका सामाजिक सङ्घसंस्थाहरूको खोजी र जानकारी लिनु

(ग) सामाजिक सङ्घसंस्थाको कार्यप्रकृति सम्बन्धमा परिचित हुन, तिनका गतिविधि प्रभावकारी भए नभएको सम्बन्धमा बुझ्नु

(घ) सामाजिक समस्या निराकरण गर्न भएका प्रयासहरू बुझी आफू पनि सहभागी हुनु

४. **अपेक्षित सामाजिक, व्यवहार, मुल्य, मान्यता र सकारात्मक व्यवहार**

(क) सामाजिक सुधारका प्रयासहरूमा आफ्नो क्षमताअनुसार सहभागी हुने, अरू पनि सहभागी हुन प्रोत्साहन गर्ने ।

(ख) सामाजिक सुधारमा भएका प्रयासहरू जस्तै : संवैधानिक प्रावधान, ऐन, नियम, आदेश, घोषणाअनुसारका व्यवस्थाहरू व्यावहारिक जीवनमा अनुशरण गर्ने । तिनको प्रचार प्रसार गर्ने, परिवार, नातेदार, छरछिमेक यस्ता नीतिगत व्यवस्थाको प्रावधान बुझाउने ।

(ग) सामाजिक समस्या निराकरण गर्न कार्यरत सङ्घ संस्थाहरूको गतिविधिप्रति सकारात्मक धारणा विकास गर्ने र आफूले सकेको सहयोग गर्ने

(घ) सङ्घ संस्थाका गतिविधि लक्षित समुदायसम्म प्रभावकारी भए नभएको विषयमा बुझ्नु, यदि प्रभावकारी नभएमा विभिन्न माध्यमबाट सचेत गराउने ।

(ङ) सामाजिक समस्या सुधारका लागि स्थानीय परम्परागत प्रचलनहरू सामुदायिक भेला, कचहरीका गतिविधि सम्बन्धमा जिज्ञासु बन्नु, खोजी गर्नु, प्रक्रिया सिक्नु र समयानुकुल सुधार गर्नु ।

५. **शैक्षणिक सामग्री**

सामाजिक समस्या निराकरणमा संलग्न विभिन्न सङ्घ संस्थाहरूको परिचयात्मक पुस्तिका, उनीहरूले गरेका कार्यको सूची, विभिन्न पत्रपत्रिकाहरू, विभिन्न सम्बन्धित सङ्घ संस्थाले प्रकाशन गरेका बुलेटिन, पोस्टर, पम्पलेट, पर्चा आदि । समाज सुधारका लागि सरकार तथा

Draft

आदेशलाई लिपिबद्ध गरेको चार्ट । नेपालको संविधान, समाज सुधार ऐन, मुलुकी ऐनमा भएका प्रावधानको सूची ।

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सामाजिक समस्या निराकरण गर्न कार्यरत सङ्घसंस्थाको ब्रोसर, पम्प्लेट, पोस्टर, स्लाइड, भिडियो क्लिपस मध्ये जे उपलव्ध हुन्छ त्यसको प्रदर्शन गर्दै उक्त संस्थाहरूको नाम, गतिविधि, कार्यसम्बन्धमा छलफल गर्ने, खोजिनीति गर्न लगाउने ।

(ख) सामाजिक समस्याको सम्बन्धमा विभिन्न पत्रपत्रिका, Internet वा अन्य सञ्चार माध्यममा प्रकाशित समाचार, कार्टुन वा सान्दर्भिक टिपोटहरू सङ्कलन गर्ने वा गराउने । त्यस्ता समाचारमाथि विद्यार्थीहरूलाई आफ्नो धारणा राख्नलगाई छलफल गर्ने ।

(ग) पाठ्य पुस्तकमा उल्लेखित भएका सामाजिक समस्या समाधान र न्युनिकरणमा संलग्न सङ्घसंस्था बाहेक स्थानीय क्षेत्रमा अन्य सामाजिक सङ्घसंस्था भएमा त्यसको बारेमा विद्यार्थीलाई खोजिनीति गर्न लगाउने ।

(घ) समाज सुधारका लागि समुदायमा गरिने परम्परागत भेला, कचहरीको बारेमा घटना अध्ययन (सत्य घटनामा आधारित कथा) प्रस्तुत गर्न लगाई हाम्रो परम्परागत ज्ञान र सिपले पनि सामाजिक समस्या उत्पन्न हुनै नदिने भइ हाले पनि सहज रूपमा समाधान गर्न सहयोग गर्ने प्रचलनका बारेमा उदाहरण दिई छलफल गर्ने ।

(ङ) समाज सुधारका लागि भएका प्रयासहरूको चार्ट पेपरमा प्रस्तुत गर्ने वा विद्यालयको पूर्वाधार वा विद्युतीय सुविधाअनुसार Power Point बनाई प्रस्तुत गर्ने र समस्या समाधानमा पुऱ्याएको योगदानबारे छलफल गर्ने ।

## ७. प्रतिबिम्बन

(क) तलका जस्तै प्रश्नहरू सोध्ने

- नेपालमा सामाजिक समस्या समाधानमा संलग्न सघसंस्थाको नाम भन्नुहोस् ।
- बाल बालिका र महिलाको बेच विखन विरुद्ध शक्ति समूहले गरेका कार्यहरू उल्लेख गर्नुहोस् ।
- ट्रान्सपरेन्सी इन्टरनेशनल नामको संस्थाको परिचय दिनुहोस् ।
- सामाजिक सङ्घसंस्थाहरू कार्यरत छन् । यद्यपि सामाजिक समस्या प्रभावकारी रूपमा न्यून हुन सकेका छैनन् । सामाजिक सङ्घसंस्थाका क्रियाकलाप प्रभावकारी बनाउन के गर्नुपर्ला ? आना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

Draft

## ८. थप अध्ययन सामग्री

Transperancy international Nepal - http://www.tinepal.org/

**TIN believes and works towards corruption-free Nepal because corruption:**

- Traps people in poverty and misery;
- Retards social and economic development;
- Impedes democracy and the rule of law
- Breeds social, economic and political crisis;
- Disrespects human rights;
- Negates free press;
- Reduces accountability in government;
- Validates political activity based on patronage, and money.
- Wastes public resources;
- Distorts national and international trade and commerce; and
- Jeopardizes sound governance and ethics in the private sector;

**Core values:**

- Transparency
- Accountability
- Integrity
- Justice
- Courage
- Solidarity
- Democracy
- Honor and Dignity

***Table of results: Corruption Perceptions Index 2015***

A country or territory's score indicates the perceived level of public sector corruption on a scale of 0 (highly corrupt) to 100 (very clean). A country's rank indicates its position relative to the other countries in the index. This year's index includes 168 countries and territories. Click on the column headings to sort the results, or use the search to view the results for one country. Note that N/A means a country was not included in the

Draft

index during a particular year. To learn more about the results and view the confidence intervals, please see our FAQs and download an XLS or JSON of the results.

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 1 | Denmark | 91 | 92 | 91 | 90 |
| 2 | Finland | 90 | 89 | 89 | 90 |
| 3 | Sweden | 89 | 87 | 89 | 88 |
| 4 | New Zealand | 88 | 91 | 91 | 90 |
| 5 | Netherlands | 87 | 83 | 83 | 84 |
| 5 | Norway | 87 | 86 | 86 | 85 |
| 7 | Switzerland | 86 | 86 | 85 | 86 |
| 8 | Singapore | 85 | 84 | 86 | 87 |
| 9 | Canada | 83 | 81 | 81 | 84 |
| 10 | Germany | 81 | 79 | 78 | 79 |
| 10 | Luxembourg | 81 | 82 | 80 | 80 |
| 10 | United Kingdom | 81 | 78 | 76 | 74 |
| 13 | Australia | 79 | 80 | 81 | 85 |
| 13 | Iceland | 79 | 79 | 78 | 82 |
| 15 | Belgium | 77 | 76 | 75 | 75 |
| 16 | Austria | 76 | 72 | 69 | 69 |
| 16 | United States | 76 | 74 | 73 | 73 |
| 18 | Hong Kong | 75 | 74 | 75 | 77 |
| 18 | Ireland | 75 | 74 | 72 | 69 |
| 18 | Japan | 75 | 76 | 74 | 74 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 21 | Uruguay | 74 | 73 | 73 | 72 |
| 22 | Qatar | 71 | 69 | 68 | 68 |
| 23 | Chile | 70 | 73 | 71 | 72 |
| 23 | Estonia | 70 | 69 | 68 | 64 |
| 23 | France | 70 | 69 | 71 | 71 |
| 23 | United Arab Emirates | 70 | 70 | 69 | 68 |
| 27 | Bhutan | 65 | 65 | 63 | 63 |
| 28 | Botswana | 63 | 63 | 64 | 65 |
| 28 | Portugal | 63 | 63 | 62 | 63 |
| 30 | Poland | 62 | 61 | 60 | 58 |
| 30 | Taiwan | 62 | 61 | 61 | 61 |
| 32 | Cyprus | 61 | 63 | 63 | 66 |
| 32 | Israel | 61 | 60 | 61 | 60 |
| 32 | Lithuania | 61 | 58 | 57 | 54 |
| 35 | Slovenia | 60 | 58 | 57 | 61 |
| 36 | Spain | 58 | 60 | 59 | 65 |
| 37 | Czech Republic | 56 | 51 | 48 | 49 |
| 37 | Korea (South) | 56 | 55 | 55 | 56 |
| 37 | Malta | 56 | 55 | 56 | 57 |
| 40 | Cape Verde | 55 | 57 | 58 | 60 |
| 40 | Costa Rica | 55 | 54 | 53 | 54 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 40 | Latvia | 55 | 55 | 53 | 49 |
| 40 | Seychelles | 55 | 55 | 54 | 52 |
| 44 | Rwanda | 54 | 49 | 53 | 53 |
| 45 | Jordan | 53 | 49 | 45 | 48 |
| 45 | Mauritius | 53 | 54 | 52 | 57 |
| 45 | Namibia | 53 | 49 | 48 | 48 |
| 48 | Georgia | 52 | 52 | 49 | 52 |
| 48 | Saudi Arabia | 52 | 49 | 46 | 44 |
| 50 | Bahrain | 51 | 49 | 48 | 51 |
| 50 | Croatia | 51 | 48 | 48 | 46 |
| 50 | Hungary | 51 | 54 | 54 | 55 |
| 50 | Slovakia | 51 | 50 | 47 | 46 |
| 54 | Malaysia | 50 | 52 | 50 | 49 |
| 55 | Kuwait | 49 | 44 | 43 | 44 |
| 56 | Cuba | 47 | 46 | 46 | 48 |
| 56 | Ghana | 47 | 48 | 46 | 45 |
| 58 | Greece | 46 | 43 | 40 | 36 |
| 58 | Romania | 46 | 43 | 43 | 44 |
| 60 | Oman | 45 | 45 | 47 | 47 |
| 61 | Italy | 44 | 43 | 43 | 42 |
| 61 | Lesotho | 44 | 49 | 49 | 45 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 61 | Montenegro | 44 | 42 | 44 | 41 |
| 61 | Senegal | 44 | 43 | 41 | 36 |
| 61 | South Africa | 44 | 44 | 42 | 43 |
| 66 | Sao Tome and Principe | 42 | 42 | 42 | 42 |
| 66 | The FYR of Macedonia | 42 | 45 | 44 | 43 |
| 66 | Turkey | 42 | 45 | 50 | 49 |
| 69 | Bulgaria | 41 | 43 | 41 | 41 |
| 69 | Jamaica | 41 | 38 | 38 | 38 |
| 71 | Serbia | 40 | 41 | 42 | 39 |
| 72 | El Salvador | 39 | 39 | 38 | 38 |
| 72 | Mongolia | 39 | 39 | 38 | 36 |
| 72 | Panama | 39 | 37 | 35 | 38 |
| 72 | Trinidad and Tobago | 39 | 38 | 38 | 39 |
| 76 | Bosnia and Herzegovina | 38 | 39 | 42 | 42 |
| 76 | Brazil | 38 | 43 | 42 | 43 |
| 76 | Burkina Faso | 38 | 38 | 38 | 38 |
| 76 | India | 38 | 38 | 36 | 36 |
| 76 | Thailand | 38 | 38 | 35 | 37 |
| 76 | Tunisia | 38 | 40 | 41 | 41 |
| 76 | Zambia | 38 | 38 | 38 | 37 |
| 83 | Benin | 37 | 39 | 36 | 36 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 83 | China | 37 | 36 | 40 | 39 |
| 83 | Colombia | 37 | 37 | 36 | 36 |
| 83 | Liberia | 37 | 37 | 38 | 41 |
| 83 | Sri Lanka | 37 | 38 | 37 | 40 |
| 88 | Albania | 36 | 33 | 31 | 33 |
| 88 | Algeria | 36 | 36 | 36 | 34 |
| 88 | Egypt | 36 | 37 | 32 | 32 |
| 88 | Indonesia | 36 | 34 | 32 | 32 |
| 88 | Morocco | 36 | 39 | 37 | 37 |
| 88 | Peru | 36 | 38 | 38 | 38 |
| 88 | Suriname | 36 | 36 | 36 | 37 |
| 95 | Armenia | 35 | 37 | 36 | 34 |
| 95 | Mali | 35 | 32 | 28 | 34 |
| 95 | Mexico | 35 | 35 | 34 | 34 |
| 95 | Philippines | 35 | 38 | 36 | 34 |
| 99 | Bolivia | 34 | 35 | 34 | 34 |
| 99 | Djibouti | 34 | 34 | 36 | 36 |
| 99 | Gabon | 34 | 37 | 34 | 35 |
| 99 | Niger | 34 | 35 | 34 | 33 |
| 103 | Dominican Republic | 33 | 32 | 29 | 32 |
| 103 | Ethiopia | 33 | 33 | 33 | 33 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 103 | Kosovo | 33 | 33 | 33 | 34 |
| 103 | Moldova | 33 | 35 | 35 | 36 |
| 107 | Argentina | 32 | 34 | 34 | 35 |
| 107 | Belarus | 32 | 31 | 29 | 31 |
| 107 | Cote d'Ivoire | 32 | 32 | 27 | 29 |
| 107 | Ecuador | 32 | 33 | 35 | 32 |
| 107 | Togo | 32 | 29 | 29 | 30 |
| 112 | Honduras | 31 | 29 | 26 | 28 |
| 112 | Malawi | 31 | 33 | 37 | 37 |
| 112 | Mauritania | 31 | 30 | 30 | 31 |
| 112 | Mozambique | 31 | 31 | 30 | 31 |
| 112 | Vietnam | 31 | 31 | 31 | 31 |
| 117 | Pakistan | 30 | 29 | 28 | 27 |
| 117 | Tanzania | 30 | 31 | 33 | 35 |
| 119 | Azerbaijan | 29 | 29 | 28 | 27 |
| 119 | Guyana | 29 | 30 | 27 | 28 |
| 119 | Russia | 29 | 27 | 28 | 28 |
| 119 | Sierra Leone | 29 | 31 | 30 | 31 |
| 123 | Gambia | 28 | 29 | 28 | 34 |
| 123 | Guatemala | 28 | 32 | 29 | 33 |
| 123 | Kazakhstan | 28 | 29 | 26 | 28 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 123 | Kyrgyzstan | 28 | 27 | 24 | 24 |
| 123 | Lebanon | 28 | 27 | 28 | 30 |
| 123 | Madagascar | 28 | 28 | 28 | 32 |
| 123 | Timor-Leste | 28 | 28 | 30 | 33 |
| 130 | Cameroon | 27 | 27 | 25 | 26 |
| 130 | Iran | 27 | 27 | 25 | 28 |
| 130 | Nepal | 27 | 29 | 31 | 27 |
| 130 | Nicaragua | 27 | 28 | 28 | 29 |
| 130 | Paraguay | 27 | 24 | 24 | 25 |
| 130 | Ukraine | 27 | 26 | 25 | 26 |
| 136 | Comoros | 26 | 26 | 28 | 28 |
| 136 | Nigeria | 26 | 27 | 25 | 27 |
| 136 | Tajikistan | 26 | 23 | 22 | 22 |
| 139 | Bangladesh | 25 | 25 | 27 | 26 |
| 139 | Guinea | 25 | 25 | 24 | 24 |
| 139 | Kenya | 25 | 25 | 27 | 27 |
| 139 | Laos | 25 | 25 | 26 | 21 |
| 139 | Papua New Guinea | 25 | 25 | 25 | 25 |
| 139 | Uganda | 25 | 26 | 26 | 29 |
| 145 | Central African Republic | 24 | 24 | 25 | 26 |
| 146 | Congo Republic | 23 | 23 | 22 | 26 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 147 | Chad | 22 | 22 | 19 | 19 |
| 147 | Democratic Republic of the Congo | 22 | 22 | 22 | 21 |
| 147 | Myanmar | 22 | 21 | 21 | 15 |
| 150 | Burundi | 21 | 20 | 21 | 19 |
| 150 | Cambodia | 21 | 21 | 20 | 22 |
| 150 | Zimbabwe | 21 | 21 | 21 | 20 |
| 153 | Uzbekistan | 19 | 18 | 17 | 17 |
| 154 | Eritrea | 18 | 18 | 20 | 25 |
| 154 | Syria | 18 | 20 | 17 | 26 |
| 154 | Turkmenistan | 18 | 17 | 17 | 17 |
| 154 | Yemen | 18 | 19 | 18 | 23 |
| 158 | Haiti | 17 | 19 | 19 | 19 |
| 158 | Guinea-Bissau | 17 | 19 | 19 | 25 |
| 158 | Venezuela | 17 | 19 | 20 | 19 |
| 161 | Iraq | 16 | 16 | 16 | 18 |
| 161 | Libya | 16 | 18 | 15 | 21 |
| 163 | Angola | 15 | 19 | 23 | 22 |
| 163 | South Sudan | 15 | 15 | 14 | N/A |
| 165 | Sudan | 12 | 11 | 11 | 13 |
| 166 | Afghanistan | 11 | 12 | 8 | 8 |
| 167 | Korea (North) | 8 | 8 | 8 | 8 |

Draft

| Rank | Country/territory | 2015 Score | 2014 Score | 2013 Score | 2012 Score |
|---|---|---|---|---|---|
| 167 | Somalia | 8 | 8 | 8 | 8 |

चेलीबेटी बेचविखन विरूद्ध सक्रिय संस्था - शक्ति समूह

Shakti shamuha Nepal - http://shaktisamuha.org.np/resources/resource-download/

**होसियार होसियार १**

वैशाख १२ गते शनिबार दिउँसो गएको विनाशकारी भुकम्पका कारण ७ हजार ४ सयभन्दा बढी मानिसको ज्यान जानुका साथै लाखौं मानिसहरू घरवारविहीन भएको अवस्था छ । यस विपत्तिका कारण सबै लिङ्ग, जाति, वर्ग, भेषभुषा भएका व्यक्तिहरू प्रभावित भएका छौ । यद्यपी हाम्रो सामाजिक संरचनाका कारण बाल बालिका, किशोरी तथा महिलाहरू सबैभन्दा बढी यस विपत्तिबाट प्रभावित भएका छौ र यसमा पनि अभिभावक गुमाएका बालिका तथा किशोरीहरू अझ बढी जोखिममा छन् । यस्तो अवस्थामा जो कोहिले पनि सहयोगको आशा देखाई बाल बालिका, किशोरकिशोरी तथा महिलाहरूलाई आफ्नो फन्दामा पारि उनीहरूमाथि विभिन्न किसीमका हिंसा गर्न सक्ने तथा विभिन्न किसिमले ललाइफकाई प्रलोभनमा पारि बेचबिखन समेत गर्न सक्ने जोखिम बढेको छ । यस जटिलतालाई मध्यनजर गर्दै शक्ति समूहले अभिभावक गुमाएका बालिका तथा किशोरीहरूलाई आपतकालिन सुरक्षित आवासको सेवा प्रदान गर्ने गर्दछ । यसर्थ यहाँहरूलाई जानकारीमा आएका अभिभावक गुमाएका र सुरक्षित आवासको सेवा आवश्यकता भएका बालिका तथा किशोरीहरूलाई शक्ति समूहमा रिफर गरि सहयोग गर्न महत्त्वपूर्ण हुन्छ ।

“यस्तो जटिल अवस्थामा आफु पनि सचेत हुँदै, आफु पनि बचौं र अरूलाई पनि बचाऔं - शक्ति समूह




Draft

## ९. परियोजना कार्य

स्थानीय समुदायमा कार्यरत सामाजिक सङ्घसंस्था विद्यालयबाट नजिकमा छन् भने विद्यार्थीलाई तिनका गतिविधि बुझाउन सङ्घसंस्थाको भ्रमणसमेत गराउने । वा समाजमा कार्यरत समाज सुधारमा कार्यरत संस्थाका सदस्य वा समाजसेवी व्यक्तिलाई बोलाई त्यस्ता सामाजिक सङ्घसंस्थाको क्रियाकलाप सम्बन्धमा कक्षामा प्रस्तुत गर्न लगाउने ।

## १०. सन्दर्भ सामग्री

**केही उपयोगी वेवसाइटहरू**

Narconon Nepal - http://www.narconon.org

Shakti shamuha Nepal - http://shaktisamuha.org.np

Transperancy international Nepal - http://www.tinepal.org

Maiti Nepal - http://www.maitinepal.org

CIWIN Nepal - http://www.cwin.org.np

Draft

## पाठ : ६ द्वन्द्व चक्र र निरूपण

*अनुमानित घन्टी : ३*

१. **सक्षमता : ७** द्वन्द्व व्यवस्थापनमा सहभागिता

२. **सिकाइ उपलब्धि :**

१४ द्वन्द्व व्यवस्थापन प्रक्रिया उल्लेख गर्न र समाजमा हुने द्वन्द्व व्यवस्थापनमा सहभागी हुन

३. **विशिष्ट उद्‌देश्य**

(क) द्वन्द्वको सकारात्मक र नकारात्मक पक्षहरू बुझ्न

(ख) द्वन्द्वका कारणहरू पहिचान गर्न

(ग) द्वन्द्वका असरहरूका सम्बन्धमा स्पष्ट हुन

(घ) द्वन्द्व व्यवस्थापन सिप हासिल गरी सहभागी हुन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य, मान्यता र व्यवहार**

(क) द्वन्द्वको परिभाषा बुझ्न, द्वन्द्व व्यक्तिगत, समूहगत, संगठनात्मक तथा राष्ट्रहरू बिचसमेत हुन सक्ने भनी बुझ्नु ।

(ख) द्वन्द्व निश्चित तहसम्म खराब नहुने, यसले नयाँ विचार, सोच तथा गरिमा समेत सिर्जना हुन सक्छ भनि बुझ्नु ।

(ग) द्वन्द्व निश्चित सीमा वा काबुबाहिर भएमा समाजमा असमझदारी, मनोमालिन्य, झैझगडा र अन्तमा युद्ध समेत हुनसक्नेमा सचेत रहनु

(घ) द्वन्द्व सिर्जजना हुनसक्ने, व्यवहार, क्रियाकलाप तथा गतिविधि नगर्नु, त्यस्ता गतिविधिमा संलग्न नहुनु, वा त्यस्ता क्रियाकलापलाई प्रत्यक्ष/अप्रत्यक्ष प्रोत्साहन नगर्नु

(ङ) हरेक खालका सामाजिक समस्याहरू आपसी समझदारी, सद्भाव एवम् समन्वयबाट समाधान गर्न सकिन्छ भन्ने दृढताका साथ प्राथमिकता दिनु

(च) समुदाय सबैसित सम्मानजनक व्यवहार गर्नु, सामाजिक क्रियाकलापमा सक्रिय सहभागी हुनु

(छ) समुदायका अन्य व्यक्ति वा सामाजिक क्रियाकलापबाट आफूलाई व्यक्तिगतरूपमा कुनै असहज वा अप्ठ्यारो पर्ने भएमा समुदाय समक्ष स्पष्ट कुरा राख्नु र सौहाद्रपूर्ण रूपमा समाधानका उपायहरू निकाल्नु

(ज) सामाजिक मूल्य, मान्यता, प्रचलन, कानुनी क्लब/अधिकार तथा सामाजिक परिवर्तनलाई सकारात्मक रूपमा बुझ्नु र अरूलाई पनि बुझाउनु ।

५. **शैक्षणिक सामग्री**

Draft



द्वन्द्व व्यवस्थापनका विभिन्न चरण झल्कने चार्ट, विभिन्न प्रकारका घटनासँग सम्बन्धित कथा, चित्र, भिडियो,

## ६. सिकाइ सहजिकरण क्रियाकलाप

(क) 'द्वन्द्व' बुझाउने चित्र, समाचार, गतिविधिहरू कक्षामा प्रस्तुत गरी द्वन्द्वको परिभाषा बारेमा छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीहरूबिच कहिले काँही कुनै विषयमा आपसी असमझदारी वा द्वन्द्व भए नभएको अनुभव कक्षामा प्रस्तुत गर्न लगाउन सकिने तथा तिनको कारण र समाधान कसरी भएको भनी अनुभव कक्षा कोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई व्यक्तिगत रूपमा वा समूह बनाएर आआफ्नो समुदायमा कुनै किसिमको द्वन्द्व भएको घटना वा गतिविधि सङ्कलन  गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने, त्यस्ता द्वन्द्वका कारणहरू, परिणाम तथा व्यवस्थापनको पक्षसमेत खोजिनीति गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समय-समयमा हुने द्वन्द्व सिर्जना गर्ने गतिविधिलाई सामान्य रूपमा परिचित गराउन उदाहरण प्रस्तुत गर्नहोस् ।

(ङ) रुमाल लुकाइ खेल खेलाएर द्वन्द्व व्यवस्थापनमा Win-Win को पद्धति अपनाउन सकिने पनि सिकाउने । यस खेलमा कोही पनि हार्दैन । यसका लागि दुवै पक्षलाई सम्मानजनक व्यवहार कसरी गर्न सकिन्छ भनी केही राष्ट्रिय घटनाको उदाहरण दिने ।

(च) द्वन्द्व व्यवस्थापनमा निम्नलिखित विधिसमेत अपनाउन सकिन्छ । यसका लागि विद्यार्थीको समूह बनाई छलफल गर्न सकिन्छ ।

**द्वन्द्व व्यवस्थापनका विधिहरू**

- सम्झौता (Negotiation) : आपसी मिलाप, सम्झौता
- मध्यस्थ (Mediation) : अर्को व्यक्तिबाट आपसी सम्झौता गराउने

Draft

- मध्यस्थता (Arbitration) : तेस्रो पक्षको संलग्नता

  **कानुनी प्रक्रिया (Litigation)**: द्वन्द्व समाधानको कानुनी प्रक्रियाको पहिचान

  **समायोजन (Adjudication)** : अधिकार प्राप्त तेस्रो पक्षको हस्तक्षेपपूर्ण तरिकाबाट समाधान ।

- संविधान, प्रचलित ऐन, कानुन तथा अन्य समानुपातिक विकासका प्रावधान, तिनले द्वन्द्व न्यून गर्न कस्तो भूमिका खेल्न सक्छन् भनी उदाहरण दिने, यस्ता प्रावधानका सम्बन्धमा विद्यार्थीको अनुभवसमेत छलफल गर्न लगाउनुहोस् ।

- सम्भव भएमा द्वन्द्व व्यवस्थापनमा अनुभवी व्यक्तिको अनुभव आदान प्रदान गर्न उहाँलाई आमन्त्रण गर्न सकिने वातावरण बनाउनुहोस् ।

- द्वन्द्व व्यवस्थापन सरोकारवाला निकायबाट भएका प्रयासहरूको चार्ट/सूची बनाएर छलफल गराई, विद्यार्थीको अवधारणा बुझ्ने प्रयास गनुहोस् ।

## ७. प्रतिबिम्बन

**तलका जस्तै प्रश्नहरू सोध्न सकिने**


(क) द्वन्द्वका सकारात्मक र नकारात्मक पक्षहरूको तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईंको समुदायमा व्यक्तिगत, समूहगत वा अन्य कस्ता किसिमका द्वन्द्वहरू हुने गरेको पाउनु भएको छ ? तिनका कारणहरू के के छन् ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(ग) द्वन्द्वको कारण समाज परिवर्तनमा कस्तो असर पर्छ ? सो सम्बन्धमा एक कथा, समाचारको नमुना बनाउनुहोस् ।

(घ) द्वन्द्व व्यवस्थापनका के कस्ता उपायहरू हुन सक्छन् ? सूचीबद्ध गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री




द्वन्द्व व्यवस्थापनका लागि भएका प्रयासहरू जस्तै : संवैधानिक व्यवस्था, सङ्गठनका संरचना, तिनका गतिविधि, जस्तै बेपत्ता छानबिन आयोग, सत्य निरूपण आयोग आदिका मुख्य मुख्य बुँदा समेटेर प्रस्तुत गर्नुहोस् ।

Draft

एकाइ ५ नागरिक चेतना

**पाठ : १ संविधानको परिचय**

**पाठ : २ नेपालको संवैधानिक विकास क्रम**

**पाठ :३ संविधान सभा**

*अनुमानित घन्टी : ५*

**१. सक्षमता :**

८. संविधानको परिचय तथा नेपालको संवैधानिक विकास क्रम एवम् राज्यका अङ्गहरूको परिचय प्रस्तुति

**२. सिकाइ उपलब्धि :**

१६. संविधानको परिचय दिई त्यसमा भएका मौलिक हकहरूको वर्णन गर्न र नागरिक कर्तव्यको पालना गर्न

**३. विशिष्ट उद्देश्य**

(क) संविधानको परिचय दिन

(ख) संविधानको महत्त्व बताउन

(ग) लिखित र अलिखित संविधानको परिभाषा र भिन्नता पत्ता लगाउन

(ग) संविधानको विविध आयाम सम्बन्धमा स्थानीय बुद्धि जिवि वा राजनिति कर्मीको विचार सङ्कलन गरी सोको निष्कर्ष प्रस्तुत गर्न

(घ) नेपालको संवैधानिक विकास क्रम उल्लेख गर्न

(ङ) हरेक संविधानको मुख्य व्यवस्था र कमजोर पक्ष पत्ता लगाउन ।

(च) नेपालको संविधानका विशेषताहरूको चार्ट तयार गर्न

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा**

(क) देशको संविधान र निति नियमको पालन गर्नु सबैको कर्तव्य हो भन्ने बुझी सोअनुरूपको व्यवहार प्रदर्शन गर्ने

(ख) नीति नियम र संविधानको विरोध नगर्नु वा उल्लङ्घन हुने कार्य नगर्ने

(ग) कक्षाकोठामा पनि वनाइएका कक्षा नियमहरूको अवलम्बन र पालनामा सक्रियता प्रदर्शन गर्ने

(घ) संविधानप्रति सम्मान भाव प्रकट गर्नु र यसको पालना गर्नुपर्छ भन्ने सकारात्मक धारणाको विकास गर्ने

(ङ) सहकार्य, सहमती र नेतृत्व सिप हासिल गर्ने

(च) सामालोचनात्मक र सकारात्मक सोचको विकास हुने

Draft



## ५. शैक्षणिक सामग्रीहरू

(क) नेपालको बर्तमान संविधान र पहिलेका संविधानका पुस्तकहरू

(ख) नेपालको संविधान, २०७२ सँग सम्बन्धित समाचार, लेख र सम्पादकीय उल्लेख भएका पत्र पत्रिका वा पत्र पत्रिकाका कटिङहरू

(ग) नेपालको संविधान, २०७२ का विशेषता उल्लेख भएको चार्ट

(घ) नेपालको संवैधानिक विकास क्रम झल्कने समय रेखा वा तालिका

(ङ) विभिन्न समयमा बनेका संविधानका निर्माण प्रक्रिया र विशेषताहरू झल्कने तालिका

## ६. सिकाइ सहजीकरण क्रियाकलाप


(क) तल भनिएअनुसार आगमन विधिको प्रयोग गरी संविधानको परिचय गराउनुहोस् । विद्यार्थीहरूलाई हाम्रो कक्षालाई व्यवस्थित रूपमा सञ्चालन गर्न र विद्यालयमा सिकाइ मैत्री एवम् स्वच्छ वातावरण तयार पार्न के के गर्नु पर्ला भनी समूहमा छलफल गराई दिएका जवाफ बोर्डमा टिप्दै जानुहोस । यसका लागि हामीले के गर्नु पर्दछ त भनी सोध्ने । विद्यार्थीहरूले विभिन्न जवाफ दिन सक्दछन् । ती मध्ये कुनै जवाफ नियम बनाउनु पर्छ वा नियम पालना गर्नु पर्छ पनि भन्ने छन् । उनीहरूले नभनेमा पनि शिक्षकले कतै घुसाइदिने । त्यसो भए आज हामी हाम्रो कक्षाको र हामीले विद्यालयमा पालना गर्नुपर्ने नियम तयार पारौं भनी सबै विद्यार्थीलाई तीन तीन वटा नियम लेख्न लगाउने । सबै विद्यार्थीले लेखिसकेपछि पालै पालो भन्न लगाउने । साथीले भनीसकेको नियम दोहोराउन नपर्ने भनी भनिदिने । सबै विद्यार्थीबाट आएको नियमका बुँदा फेरी एक एक गरी पढ्दै विद्यार्थीरूबाट अनुमोदन गराउँदै जाने । यसरी कक्षा नियमलाई अन्तिम रूप दिइसकेपछि सबैले ताली बजाई पारित गर्ने र पालना गर्ने प्रतिवद्धता लगाउनुहोस् ।

जसरी एउटा कक्षा वा विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सबैले स्वीकारेको नियमको खाँचो पर्दछ, त्यसैगरी राज्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि पनि एक नियम वा कानुनको खाँचो पर्दछ । राज्य सञ्चालन गर्ने यस्तै नियमलाई नै संविधान भनिन्छ । संविधान देशको मूल कानुन हो । यसैका आधारमा देशका सबै नियम कानुनहरू बन्छन् र देश व्यवस्थित रूपमा सञ्चालन हुन्छ भनी

Draft

संविधानको परिभाषा लेखिएको चार्ट वा स्लाइड प्रस्तुत गर्दै संविधानको परिचय दिनुहोस् ।

(ख) संविधानको महत्त्व र आदर्श संविधानका विशेषताहरू भएको चार्ट कक्षामा प्रस्तुत गर्दै छलफल गराउनुहोस् ।




(ग) ग्यालरी वाक विधिको प्रयोग गरी नेपालको संवैधानिक विकास क्रमका बारेमा छलफल गराउनुहोस । जस्तै, विद्यार्थीहरूलाई छ वटा समूहमा बाँड्ने प्रत्येक समूहलाई वि.सं. २००४ देखि २०७२ साल सम्ममा बनेका एक एकओटा संविधानको बारेमा पाठ्य पुस्तक र सन्दर्भ सामग्रीहरू अध्ययन गर्न लगाई आपसमा छलफल गर्दै बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।

सबैले बुँदा टिप्ने कार्य समाप्त गरे पछि एक समूहले टिपेको बुँदा अर्को समूहलाई अध्ययन गर्न दिने अर्को समूहले टिपेको बुँदाहरू सही छ भने त्यो कापी अर्को समूहलाई दिने र थप घट गर्नुपर्छ भने त्यसै कापीमा थपिदिने वा नचाहिँने बुँदा हटाउन सुझा लेखिदिने । सबै समूहले सबै समूहको कार्य हेरिसकेपछि बुँदा लेखिएको कागज आआफ्नै समूहमा आउँछ ।

अब प्रत्येक समूहले पुन सच्याइएका बुँदाहरूका बारेमा आफ्नो समूहमा छलफल गरी अन्तिम रूप दिने र पालै पालो कक्षामा खुला रूपमा प्रस्तुत गर्दै छलफल गर्ने । शिक्षक र अन्य समूहका विद्यार्थीले आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् ।

(घ) शिक्षकले राणा कालदेखि संविधान बनाउने क्रम सुरु भएको र विभिन्न समयमा फरक राजनीतिक परिस्थितमा फरक फरक संविधान बन्दै गएको र वि.सं. २०६२/६३ को दोस्रो जन आन्दोलनले संविधान सभामार्फत संविधान बनाउने माग गरेबमोजिम संविधान सभा गठन भएको तथा पहिलो संविधान सभाले संविधान बनाउन नसकेको र दोस्रो संविधान सभाले विंसं. २०७२ असोज ३ गते हालको संविधान पारित गरी लागु गर्न सफल भएको कुरा चित्र, भिडियो र सन्दर्भ सामग्रीहरू प्रस्तुत गर्दै थप (श्पष्ट पारिदिनुहोस्) । साथमा सम्भव भए संविधान घोषणका तस्वीर र भिडियो पनि प्रदर्शन गरिदिनुहोस् ।

Draft

(ङ) नेपालको वर्तमान संविधानका विशेषता झल्कने चार्ट प्रस्त गर्दै हालको संविधानको परिचय गराउने र संविधान जारी भएको दिन, संविधानको प्रस्तावनामा उल्लेख भएका विषय वस्तुहरू, संविधानमा रहेका भाग, धारा र अनुसुचीहरू समेत उल्लेख गलाउनुहोस् ।

(च) लिखित र अलिखित संविधानमा रहेका भिन्नताहरू उल्लेख भएको तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् ।

जस्तै:

| लिखित | अलिखित |
|---|---|
| लिखित निति नियममा आधारित | परम्परागत प्रचलन, मूल्य मान्यतामा आधारित |
| विश्वमा धेरै देशहरूमा प्रचलनमा रहेको | बेलायतमा प्रचलनमा रहेको |

छ. विद्यार्थीलाई जोडी जोडीमा विभाजन गरी नेपालमा हालसम्म बनेका संविधानका मुलभूत पक्षहरू तलको जस्तै तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| संविधानको नाम | मुख्य विशेषताहरू | कमजोर पक्षहरू | कैफियत |
|---|---|---|---|
| | | | |

जस्तै नमुना प्रश्नहरू

- नेपालको वर्तमान संविधानमा कति भाग र कति धारा छन् ?
- नेपालको संविधान २०४७ कहिले जारी भयो ?

  २०४७ साल कार्तिक २३
- नेपालको वैधानिक कानुन, २००४ कहिलेदेखि लागु गरिने गरी घोषणा भएको थियो ?

  २००५ वैशाख १

## ७. प्रतिविम्बन

(क) विद्यार्थीरूलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई नेपालका विभिन्न समयमा बनेका फरक फरक संविधानसँग सम्वन्धित रही हाजिरी जवाफ प्रतियोगीताका निम्ति प्रश्न र उत्तरहरू तयार पार्न लगाउनुहोस् । सबैले बनाएका प्रश्नहरू सङ्ककलन गरी कक्षालाई चार पाँच समूहमा विभाजन गर्ने र हाजिरी जवाफ प्रतियोगिता सञ्चानलन

Draft

गर्नुहोस । प्रतियोगिता संचालन र व्यवस्थापन गर्ने विद्यार्थीहरूलाई उत्प्रेरित ग र्नुहोस् ।

(ख) तलका जस्तै प्रश्नहरू सोध्ने

(अ) संविधान भनेको के हो ?

(आ) लिखित र अलिखित संविधानमा के के भिन्नता पाईन्छन् ?

(इ) नेपालमा छिटो छिटो संविधान परिवर्तन हुनाका कारणहरू उल्लेख गर्नुहोस ।

(ई) नेपालको संविधान २०७२ का विशेषताहरू उल्लेख गर्नुहोस ।

(उ) कक्षा सञ्चालनका लागि बनाइएको नियम र संविधानमा के फरक छ ?

(ऊ) कक्षा सञ्चालनको नियम कसरी बनाउनु भयो ?

(ए) कक्षा नियमको पालना र संविधानको पालन कसकसले गर्नुपर्दछ ?

## ८. थप अध्ययन सामग्री

सिमित सरकारः लोकतान्त्रिक व्यवस्थामा सरकारको भूमिका सिमीत रहनुपर्दछ अर्थात सरकारले धेरै क्षेत्रमा आफैँ संलग्न हुनेभन्दा पनि निजी क्षेत्र, सार्वजनिक संस्थान र नागरिक समाजलाई समेत जिम्मेवारी निक्षेपण गरी आफू नियामकको रूपमा रहनु सिमित सरकारको अवधारणा हो ।

लोक सम्मतिः जनताको अभिमत वा चाहनालाई लोक सम्मति भनिन्छ ।

शक्ति पृथकिरण : राज्यका अङ्गहरूबिच शक्तिको बाँडफाँड गर्ने काम शक्ति पृथ्वीकरण हो ।

नेपालको संविधानमा भाग ३५, धारा ३०८, अनुसूची ९ रहेका छन् ।







Draft

## ९. सामुदायिक कार्य/गृहकार्य

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी उनीहरूलाई समुदायका व्यक्तित्वहरूको संविधानप्रतिको धारणा बुझ्न लगाउनु । यसरी धारणा बुझ्दा प्रश्नावली तयार गरी सोको आधारमा गर्न लगाउने र प्राप्त तथ्यहरूलाई समेटी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**प्रश्नावलीको नमुना**

(क) नेपालको संविधान, २०७२ सम्बन्धमा तपाईको धारणा के छ ?

(ख) यसले नागरिक अधिकार प्राप्तिको लागि के महत्त्व राख्दछ ?

(ग) अल्पसङ्ख्यक, महिला र दलितको पहुँच र समावेशीतालाई यो संविधानले कतिको आत्मसात गरेको ठान्नुहुन्छ ?

(घ) सङ्घ ,केन्द्र र स्थानीय निकायमा गरिएको अधिकार बाँडफाँड सम्बन्धमा यहाँको विचार के छ ?

(ङ) संविधानको तत्काल संसोधन जरूरी छ या छैन, किन ?

## १०. सन्दर्भ सामग्री

नेपालको संविधान, २०७२ कानुन किताब व्यवस्था समित

नेपालको अन्तरिम संविधान, २०६३, कानुन किताब व्यवस्था समिति

नेपाल अधिराज्यको संविधान, २०४७  कानुन किताब व्यवस्था समिति

www.lawcomission.gov.np

http://parliament.gov.np

Draft

## पाठ : ४ मौलिक हक

## पाठ : ५ मौलिक हक र कर्तव्य

## पाठ : ६ सूचनाको हक

*अनुमानित घन्टी : ५*

१. **सक्षमता : ८.** संविधानको परिचय तथा नेपालको संवैधानिक विकासक्रम एवम् राज्यका अङ्गहरूको परिचय प्रस्तुति ।

२. **सिकाइ उपलब्धि :** १७.संविधानको परिचय दिई त्यसमा भएका मौलिक हकको बर्णन गर्न र नागरिक कर्तव्यको पालना गर्न ।

## ३. विशिष्ट उद्देश्य :




(क) मौलिक हकहरूको परिचय दिन

(ख) मौलिकहकहरूको पहिचान गरी के कति हक प्राप्त भयो र के कति हक प्राप्त भएन भनी विश्लेषण गर्न

(ग) मौलिक हकको उपायोग गर्न

(घ) नागरिक कर्तव्यसँग परिचित भई त्यसको पालना गर्न

(ङ) सूचनाको हकसँग परिचित भई सूचनाको हकको उपयोग गर्न

(च) सूचना आयोगको परिचय दिन

## ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा :

(क) मौलिक हकहरूको पहिचान गरी त्यसको उपायोग गर्ने

(ख) आफूले अरूको मौलिक हकको हनन् हुने व्यवहार नगर्ने र आफ्नो मौलिक हक हनन् भएमा त्यसको प्रतिवाद गर्ने

(ग) मौलिक हक र त्यसको उपयोग गर्ने तरिका बारेमा अरूलाई बताइ मौलिक हक उपायोग गर्न सहयोग गर्ने

(घ) नागरिक कर्तव्यहरू बुझी त्यसको पालना गरेर असल नागरिकका रूपमा प्रस्तुत हुन प्रेरणा प्राप्त गर्ने

(ङ) सूचनाको हक सम्बन्धमा परिचित भई त्यसको उपयोग गर्ने

(च) समालोचनात्मक सोचको विकास हुने

## ५. शैक्षणिक सामग्रीहरू

नेपालको संविधान, मौलिक हकको सूची, नागरिक हकको सूची, सूचना प्राप्त गर्ने विधि लेखिएको चार्ट, मौलिक हक, कर्तव्य र सूचना आयोग सँग सम्बन्धित चित्र, फोटो, बुलेटिन, स्लाइड आदि

## ६. सिकाइ सहजीकरण क्रियाकलाप :

(क) विद्यार्थी सङ्ख्या हेरी सके दुई देखि तीन जनाको समूह हुने गरी धेरै वटा समूह बनाउने । समूह धेरै भएमा दुई समूहले एउटै हकका बारेमा र समूह थोरै भएमा एउटै समूहले धेरै ओटा हकका बारेमा अध्ययन गर्ने र छुट्टै पानामा बुँदा टिपोट गर्ने । सबै समूहले मुख्य मुख्य बुँदा टिपीसकेपछि सबै बुँदा लेखिएका पानालाई डोरीमा टाँगेर कक्षामा माला जस्तै बनाएर टाङ्गने । सबै विद्यार्थीलाई प्रत्येक हकका बुँदाहरू पालै पालो लाइनमा बसेर पढ्न लगाउने ।

Draft

(ख) विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी खुला ठाउँमा लगि रोल न. एक भएका जतिलाई एउटा लाइनमा र दुई भएका जतिलाई अर्को लाइनमा आमने सामने भएर उभिन भन्ने । समूह एक लाई स्थिर राख्ने । प्रत्येक विद्यार्थीले आफ्नो सामुन्नेको साथीसँग एक अर्कालाइ आफूले जानेको मौलिक हकका सम्बन्धमा बताउने र शिक्षकले प्रत्येक एक एक मिनेटमा घन्टी बजाउने । समूह दुईका दायाँ छेउका विद्यार्थी घन्टी बज्ने वित्तिकै आफ्नो ठाउँ छाडेर बायाँ तर्फको छेउमा गई बस्ने । अरू विद्यार्थीहरू एक एक स्टेप दायाँ सर्ने र सामुन्नेको साथीसँग आफूले जानेको मौलिक हकका सम्बन्धमा बताउने र साथीले बताएको सुन्ने र बुझ्ने । सबैको पालो नसकिएसम्म यो क्रम कायमै राख्नुपर्छ । यस विधिलाई घुलमिल स्थिर जोडी छलफल भनिन्छ । पहिले घुलमिल हुन्छन् , त्यसपछि स्थिर हुन्छन् अनि छलफल गर्छन् , पुन घुलमिल हुन्छन् ।

(ग) सबै विद्यार्थीलाई आफ्नो कुनै एक मौलिक हक हनन् भएको ठानी त्यसको प्रत्याभूतिका लागि अदालतमा दिने एक निवेदनको नमुना तयार पार्न लगाउने । एक दुई वटा प्रस्तुत गरी आवश्यक सुधार गर्ने र बाँकीलाई सोही अनुसार गर्न लगाउनुहोस् । यस्तो निवेदन कानुन व्यवसायीले देख्ने जस्तो जटिल नभएर सामान्य निवेदनका रूपमा लेख्न लगाउने जसमा संविधानको कुन धारा, उपधारा, अनुसार कुन हक कसरी हनन् भयो, कसले हानन् गरेको हो वा उपयोग गर्ने अवसर नै नपाएको हो भन्ने सम्बन्धमा खुलाएर निवेदन लेख्न लगाउने ।

(घ) हाम्रो देशलाई विकसित बनाउन हामी नागरिकले के के गर्नु पर्दछ भनी प्रश्न गर्ने । विद्यार्थीले दिएका जवाफलाई बोर्डमा टिप्दै जाने । सबैबाट जवाफ आइसके पछि ती मध्येकै मिल्दा बुँदा र नपुग बुँदा थपेर यी हाम्रा नागरिक कर्तव्य हुन् । हामी सबै नागरिकले हक अधिकार खोज्ने मात्र नगरी कर्तव्य पनि पुरा गरेमा देश समुन्नत हुन धेरै समय लाग्दैन भनी छलफल गर्नुहोस् ।

(ङ) प्रत्येक विद्यार्थीलाई अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् भन्ने विषयलाई समेट्दै साथी वा कसैका नामा मा पत्र लेख्न लगाउने । गोला प्रथाद्वारा केही चिठी कक्षामा वाचन गर्न लगाउने र बाँकीलाई भित्तामा प्रदर्शन गर्न लगाउनुहोस् ।

(च) सूचनाको हक, सूचना आयोग र सूचना दिनुपर्ने एवम् सूचना माग्ने प्रक्रियाका सम्बन्धमा विभिन्न घटना अध्ययन, चित्र, चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

७. **प्रतिविम्बन :**

(ख) छोटा प्रश्नहरू सोधेर मूल्याङ्कन गर्ने ।

- स्वतन्त्रताको हकअन्तर्गत मुख्य कुरा के हो ?
- के धनी गरिब बिचमा भेदभाव गर्न पाइँदैन ?
- सार्वजनिक संस्थाले के कस्ता सूचना सार्वजनिक गर्नु पर्छ ?
- मौलिक हक कति ओटा छन् ?

Draft

- आफ्नो कुन मौलिक हक हनन् भएमा कहाँ र कसरी उजुरी दिनु पर्दछ ?

## ८. थप अध्ययन सामग्री

संविधान सभाले बनाएको नेपालको हालको संविधानमा उल्लेखित मौलिक हकहरू

**१६. सम्मानपूर्वक बाँच्न पाउने हक**

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ । कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन ।

**१७. स्वतन्त्रताको हक**

(१) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुने छ :

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता । तर, (१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा सङ्घीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबिचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न, दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

**१८. समानताको हक :**

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूकाबिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक,

Draft

सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, असक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने छ ।

**१९. सञ्चारको हक**

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबिचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवम् लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

**२०. न्याय सम्बन्धी हक**

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने छ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने छ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागु हुने छैन ।

(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

Draft

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने छ ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने छ ।

(१०) असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुने छ ।

**२१. अपराध पीडितको हक**

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने छ ।

(२) अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुने छ ।

**२२. यातना विरुद्धको हक**

(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१)बमोजिमको कार्य कानुनबमोजिम दण्डनीय हुने छ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

**२३. निवारक नजरबन्द विरुद्धको हक**

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) उपधारा (१)बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुनबमोजिम तत्काल जानकारी दिनु पर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागु हुने छैन ।

(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुन विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

**२४. छुवाछुत तथा भेदभाव विरुद्धको हक**

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।

Draft

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

२५. **सम्पत्तिको हक :**

(१) प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानुनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागु हुने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुने छ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

२६. **धार्मिक स्वतन्त्रताको हक**

(१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुने छ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

Draft

## २७. सूचनाको हक

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ । तर कानुनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

## २८. गोपनीयताको हक

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्ताचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने छ ।

## २९. शोषण विरुद्धको हक

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने छ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

## ३०. स्वच्छ वातावरणको हक

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

(३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

## ३१. शिक्षा सम्बन्धी हक

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने छ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।

Draft

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

**३२. भाषा तथा संस्कृतिको हक**

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने छ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ ।

**३३. रोजगारीको हक**

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुने छ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुने छ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुने छ ।

**३४. श्रमको हक**

(१ प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने छ । स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि “श्रमिक” भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने छ ।

(३) प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुने छ ।

**३५. स्वास्थ्य सम्बन्धी हक**

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने छ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने छ ।

**३६. खाद्य सम्बन्धी हक**

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने छ ।

(२) प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने छ ।

Draft

(३) प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने छ ।

**३७. आवासको हक**

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने छ ।

(२) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

**३८. महिलाको हक**

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने छ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने छ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ ।

**३९. बाल बालिकाको हक**

(१) प्रत्येक बाल बालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने छ ।

(२) प्रत्येक बाल बालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने छ ।

(३) प्रत्येक बाल बालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने छ ।

(४) कुनै पनि बाल बालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बाल बालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बाल बालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बाल बालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बाल बालिकालाई बाल अनुकूल न्यायको हक हुने छ ।

Draft

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बाल बालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने छ ।

**४०. दलितको हक**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने छ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने छ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सिप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले मानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

**४१. ज्येष्ठ नागरिकको हक**

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ ।

**४२. सामाजिक न्यायको हक**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने छ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने छ ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने छ।

(४) प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुने छ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने छ।

**४३. सामाजिक सुरक्षाको हक**

आर्थिक रूपले विपन्न, असक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बाल बालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने छ।

**४४. उपभोक्ताको हक**

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ।

**४५. देश निकाला विरुद्धको हक**

कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन।

**४६. संवैधानिक उपचारको हक**

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुने छ।

**४७. मौलिक हकको कार्यान्वयन**

यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तिन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ।

त्यसै गरी संविधानले धारा ४८ मा नागरिकहरूले पालना गर्नु पर्ने कर्तव्यको पनि व्यवस्था गरेको छ।

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु

(ख) संविधान र कानुनको पालना गर्नु

Draft

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

नेपालमा सूचनाको हकको प्रत्याभूति गर्न राष्ट्रिय सूचना आयोगको गठन भएको छ । सूचना आयोगले सूचनाको हक प्रत्याभूति गर्न निर्देशिका समेत जारी गरेको छ । त्यसका केही संक्षिप्त प्रावधानहरू यस प्रकार छन् ।

सार्वजनिक संस्थाले आफैँ सार्वजनिक गर्नु पर्ने विषयहरू :

१. सार्वजनिक निकायले संगठनको स्वरूप र प्रकृति झल्कने विवरण तयार पारी प्रकाशन गर्नु पर्दछ ।

२. सार्वजनिक निकायको तोकिएको काम, कर्तव्य र अधिकार प्रकाशन गर्नु पर्दछ ।

३. आफ्नो निकायमा कार्यरत कर्मचारी सङ्ख्या र तिनको पदअनुसारको कार्य विवरण सार्वजनिक गर्नु पर्दछ ।

४. प्रत्येक कार्यालयले त्यहाँबाट प्रदान गरिने सेवा र सेवा प्रप्त गर्ने प्रक्रियाको विवरण झल्कने नागरिक बडापत्र तयार पारी सबैले देख्ने र बुझ्ने गरी कार्यालय हातामा राख्नुपर्दछ । सो बडापत्रमा प्रदान गरिने सेवा, शाखा जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि स्पष्ट उल्लेख गर्नु पर्दछ ।

........................ **कार्यालय**

**नागरिक वडापत्र** (Citizen Charter)

| सि.नं. | सेवाको किसिम | सेवा प्राप्त गर्न पेस गर्नु पर्ने विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने कर्मचारी | उजुरी सुन्ने कर्मचारी |
|---|---|---|---|---|---|---|
| | | | शुल्क | समय | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. निकायले निर्णय गर्ने प्रक्रिया, निर्णय गर्ने अधिकारी र उजुरी सुन्ने अधिकारी तोकी सार्वजनिक गर्नुपर्नेछ ।

६. सार्वजनिक निकायले विगतमा सम्पादन गरेको कामको विवरण प्रकाशन गर्नुपर्दछ ।

७. सार्वजनिक निकायले सो कार्यालयको सूचना प्रदान गर्न सूचना अधिकारीको व्यवस्था गरी कार्यालय प्रमुख र सूचना अधिकारीको फोटोसहितको नाम, पद र सम्पर्क नम्बर कार्यालयमा सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्दछ ।

Draft

८. आफ्नो निकायसँग सम्बन्धित ऐन, नियम, विनियम र निर्देशिकाको सूची प्रकाशन गर्नुपर्दछ ।

९. आफ्नो कार्यालय मार्फत भएको आम्दानी खर्च र आर्थिक कारोबार सम्बन्धी विवरण प्रकाशन गर्नुपर्दछ ।

१०. प्रस्तुत विवरणका अलावा निम्न विवरणहरू पनि प्रत्येक सार्वजनिक निकायले सार्वजनिक गर्नुपर्दछ ।

- अघिल्लो आर्थिक वर्षमा सञ्चालिन गरेको आयोजनाको विवरण,
- वेबसाइटको विवरण
- बिदेशी सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण
- सञ्चालन गरेका कार्यक्रम र सोको प्रगति प्रतिवेदन
- सूचनाको नामावली र सूचना संरक्षण गर्न तोकिएको समयावधि
- सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय
- सार्वजनिक निकायको सूचना अन्यत्र प्रकाशन भएको भए सोको विवरण
- प्रचलित ऐन कानुन र निर्देशन लगायतबाट निर्देशित तोकिएबमोजिमका अन्य विवरणहरू सार्वजनिक निकायमा रहेका निम्न विषयका सूचना प्रवाह गरिने छैन
- नेपालको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तरर्राष्ट्रिय सम्बन्धमा गम्भिर खलल पार्ने
- अपराधको अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक संपत्तिको संरक्षण वा बैङ्किङ् वा व्यापारिक गोपनियतामा गम्भिर असर पार्ने
- विभिन्न जातजाति वा सम्प्रदायबिचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने व्यक्तिगत गोपनियता र जीउज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्‍याउने ।

### ९. सामुदायिक कार्य/गृहकार्य

विद्यार्थीहरूलाई दुई दुई जनाको समूह बनाई एउटा नागरिक बडापत्रको नमुना कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । सबै समूहलाई त्यस्तै बडापत्र तयार पार्न लगाउने र केही पडापत्र प्रस्तुत गर्दै त्यसको उपयोग गर्ने तरिका, महत्त्वका बारेमा छलफल गर्न लगाउनुहोस् ।

### १०. सन्दर्भ सामग्री

**नेपालको संविधान, २०७२**

http://www.nic.gov.np

Draft

**पाठ : ७ सुशासन**

**पाठ : ८ कानुनी राज्य**

**पाठ : ९ लोक तान्त्रिक आचरण**

*अनुमानित घन्टी : ५*

१. **सक्षमता**

९. मानव अधिकार र सुशासन, लोकतन्त्र,नागरिक समाज र कानुनी राज्यको अवधारणासँग परिचित र आत्मसात ।

२. **सिकाइ उपलब्धि** : १८. शान्ति सुरक्षा, सुशासन र कानुनी राज्यको अवधारणा बताई सो अनुरूपको आचरण गर्न ।

३. **विशिष्ट उद्देश्य**

(क) सुशासनको अवधारणा बुझी सोहीअनुसार आचरण गर्न

(ख) सुशासनका तत्त्वहरू र विशेषतासँग परिचित हुन

(ग) सुशासन कायम गर्ने उपाय अवलम्बन गर्न

(घ) कानुनी राज्यको अवधारणा बुझी सो अनुसारको व्यवहार गर्न

(ङ) कानुनी राज्यका आधारहरू र महत्त्वहरूसँग परिचित हुन

(च) कानुनी राज्यको प्रवर्धन गर्ने उपायहरूसँग परिचित भई अवलम्बन गर्न

(छ) लोकतको अवधारणा बुझी लोकतान्त्रिक आचरण विकास गर्न

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा**

(क) सुशासन कायम गर्ने कार्यमा सहभागी हुने

(ख) सुशासनका विभिन्न प्रकारका व्यवहार सिकी सोहीअनुसारका व्यवहार गर्ने

(ग) कानुनको सम्मान, पालना र उपयोग गर्नु पर्छ भन्ने सकारात्मक धारणा निर्माण गर्ने

(घ) आफूले नियम कानुनको पालना गरी स्वअनुशासनमा रहने र अरूलाई पनि रहन प्रेरित गर्ने

(ङ) लोकतान्त्रिक आचरणहरू सिकी व्यवहारमा उतार्ने ।

५. **शैक्षणिक सामग्रीहरू**

(क) सुशासन सँग सम्बन्धित विभिन्न चित्र, फोटो, भिडियो क्लिपस्

(ख) पत्र पत्रिकाका समाचार र चित्रका सान्दर्भिक कटिङहरू

(ग) लोकतन्त्रिक आचरण, सुशासन र कानुनी राज्यको महत्त्व, विशेषता लेखिएका चार्ट वा पावर प्वाइन्ट स्लाइडहरू

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सुशासन विरुद्धका घटना झल्कने समाचारका पाँच ओटा कटिङहरू वा घटनाहरू सङ्कलन गरी एक समूहलाई एक घटनाका बारेमा अध्ययन गर्न लगाई उक्त घटनामाका बारेमा निम्नअनुसारका पाँच प्रश्नमा आधारित भएर समूहमा छलफल गर्न निर्देशन दिनुहोस् :

- के भएको थियो ?
- त्यसो हुनुको कारण के होला ?
- त्यसबाट के असर पर्‍यो होला वा यसको असर के के हो ?
- के भएको भए उक्त घटना घट्ने थिएन होला ?
- अब समाधानका उपय के होला ?

छलफल सकिए पछि आआफ्नो समूहको समूह नेताले पहिले घटना पढेर सुनाउने र समूहको निष्कर्ष पालै पालो प्रस्तुत गर्ने । प्रत्येक समूहको प्रस्तुति पश्चात् खुला छलफल पनि गराउनुहोस् ।

शिक्षकले देशमा सुशासन नभएका कारण यस्ता घटनाहरू भएका हुन् भनी प्रष्ट्याउन दिनुहोस् ।

(ख) देशमा सुशासन कायम गर्न के गर्नु पर्ला भनी मस्तिष्क मन्थन विधिको प्रयोग गरी विद्यार्थी समूहमा छलफल गराई प्राप्त जवाफ बोर्डमा टिप्दै जानुहोस् । सुशासनका विशेषता लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

(ग) सुशासनका तत्वहरू प्रस्तुत गर्दै विद्यार्थीले दिएका विचारसँग जोड्दै देशमा सुशासन कायम गर्न कुन कुन तत्वले भूमिका खेल्ने रहेछ र तिनको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विद्यार्थीहरू बिचमा छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(घ) देशमा सुशानसन कायम गर्न कानुनको सर्वोच्चता हुनुपर्दछ । कानुनी राज्यको अवधारणा अनुसार देश चल्नु पर्दछ भन्ने उदाहरणहरू प्रस्तुत गर्दै कानुनी राज्य हुनका निम्ति आवश्यक आधारहरूका बारेमा प्रष्ट पारिदिनसहोस् ।

(ङ) कानुनी राज्यको महत्त्व लेखिएको चार्ट प्रदर्शन गर्दै देशमा कानुनी सर्वोच्चता र कानुनी शासन स्थापित गर्ने उपायका सम्बन्धमा छलफल गराउनुहोस् ।

(च) विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई पाठ्य पुस्तक र सन्दर्भ सामग्री दिई लोक तान्त्रिक आचरणका एक एक वटा पक्षमा आधारित भएर चिट्ठी, समाचार, संवाद, गीत, कविता मध्ये कुनै एक विधामा विचारहरू प्रस्तुत गर्न लगाई सबै समूहले पालै पालो प्रस्तुति गर्दै लोकतान्त्रिक आचरणका सम्बन्धमा तयार भएका विचार कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

Draft

(छ) सबै विद्यार्थीलाई उभिएर दायाँ हात छातीमा राखी बायाँ हातमा राष्ट्रिय झन्डा लिएर राष्ट्रिय गान गाउन लगाउने र त्यस पछि निम्नअनुसारका वाक्य पढ्दै दोहोऱ्याउन लगाई देशमा सुशासन कायम गर्ने र कानुनी राज्यको रूपमा स्थपित गराउने कार्यमा प्रतिवद्धता जाहेर गर्न लगाउनुहोस् ।

"म यो देशको सच्चा नागरिक भएका नाताले आफ्नो देशमा सुशासन कायम गर्न र कानुनी राज्यका रूपमा विकास गर्न आफ्नोतर्फबाट आवश्यक कार्य गर्दै लोक तान्त्रिक आचरण, बानी, व्यहोराको विकास गरी पालना गर्ने छु । आफ्नो स्वतन्त्रताको उपयोग गर्दा अरूको स्वतन्त्रताको हनन् गर्नु हुन्न भन्ने कुरा राम्रोसँग बुझेको छु । कनुनको उच्च सम्मान र पूर्ण पालना गर्दै आफूमा लोकतान्त्रिक आचरणको विकास गर्ने छु ।"

## ७. प्रतिविम्बन


**तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्ने**

- सुशासन भनेको के हो ?
- सुशासन कायम गर्न कसले के के गर्नुपर्छ ?
- सुशासनका विशेषताहरू के के हुन् ?
- कानुनी राजयका आधारहरू के के हुन् ?
- कानुनी राज्य स्थापना गर्न राज्यले के के गर्नुपर्छ ?
- दण्डहीनता भनेको के हो ? दण्ड हीनताको अन्त्य गर्न के के उपाय अपनाउनु पर्ला ?
- लोकतान्त्रिक आचरण भित्र के के कुराहरू पर्दछन् ?

## ८. थप अध्ययन सामग्री

Draft

हरेक राष्ट्र सुचारु रूपले सञ्चालन हुन र जनताको स्वतन्त्रताको रक्षा गर्दै विकासमा अघि बढ्ना सुशासनको आवश्यकता हुन्छ । सुशासन भनेको देशमा केन्द्र देहि स्थानीय तहसम्म क्रियाशील सबै सरकारी निकायहरूले कानुनबमोजिम छिटो छरितो एवम् चुस्त दुरुस्त ढङ्गबाट कार्य गर्नु हो । कुनै पनि काम तोकिएको समयमा सबै कानुनी प्रक्रिया र विधि पुऱ्याएर गर्ने अवस्था भएमा सुशासन कायम हुन्छ । कुनै पनि जनताले ठगिने, शोसित हुने, पिडित हुनु पर्ने अवस्था भयो भने त्यहाँ सुशासन नभएको अवस्था दर्शाउँछ ।




सुशासनका लागि कानुनी सर्वोच्चताको अवस्था हुनु पर्दछ । सरकारी निकाय र नागरिक सबैले कानुनलाई नै मुख्य आधार बनाएर सोहीअनुसार कार्य गर्दै गएमा देशमा कानुनी शासन लागु हुन्छ । कानुनबमोजिम बाहेक स्वविवेकले काम गर्न थालियो भने न त सुशासन कायम हुन सक्छ न त कानुनी राज्य नै हुन्छ । जनतालाई न्याय दिँदै सामाजिक एवम्

आर्थिक विकास गर्न देशमा सुशासन र कानुनी शासन हुनु आवश्यक हुन्छ ।

देशमा सुशासन कायम गर्न नागरिकको ठुलो भूमिका हुन्छ । सरका र सरकारी निकायमा बसेर कायर्न गर्ने सबै नेपाली नागरिक नै हुन् । नागरिकहरू असल भए भने सरकारबाट पनि असल काम नै हुन्छ । त्यसैले हामी सबैले कानुनी शासन र सुशासन अनुरूपको आचरण र व्यवहार गर्ने गरी आफूलाई नै सुधार गर्नु पर्द छ । यसरी लोकतान्त्रको पूर्ण कार्यान्वयन गर्न देशमा सुशासन कायम हुनुपर्दछ । कानुनी शासन लागु हुनु पर्दछ र जनतामा लोकतान्त्रिक आचरण र संस्कारको विकास हुनुपर्दछ ।

Governance consists of the traditions and institutions by which authority in a country is exercised. This includes the process by which governments are selected, monitored and replaced; the capacity of the government to effectively formulate and implement sound policies; and the respect of citizens and the state for the institutions that govern economic and social interactions among them.

विश्वव्यापी रूपमा तलका बुँदाहरूलाई सुशासनको सूचकका रूपमा लिने गरिन्छ ।

- Voice and Accountability (आवज उठाउने र जवाफदेहिता)
- Political Stability and Absence of Violence (राजनीतिक सिथरता र हिंसाविहीन अवस्था )
- Government Effectiveness (सरकारको प्रभावकारिता )
- Regulatory Quality (निरन्तरता र गुणस्तरीयता )
- Rule of Law (कानुनी शासन )
- Control of Corruption (भ्रष्टाचार नियन्त्रण )

**९. सामुदायिक कार्य/गृहकार्य**


**विद्यार्थीहरूलाई सुशासन र कानुनी शासनको सूचकहरूका आधारमा विद्यालय र स्थानीय निकायहरूमा अध्ययन गर्न लगाउने र छलफल गर्ने ।**

**१०. सन्दर्भ सामग्री**

https://www.ndi.org

http://info.worldbank.org

http://info.worldbank.org/governance/wgi/index.aspx#reports




Draft

## पाठ : १० नागरिक समाज

*अनुमानित घन्टी : २*

**१. सक्षमता**

९. मानव अधिकार र सुशासन, लोकतन्त्र,नागरिक समाज र कानुनी राज्यको अवधारणासँग परिचित र आत्मसात्

२. सिकाइ उपलब्धि : १९. नागरिक समाज र त्यसको भूमिका बताउन ।

**३. विशिष्ट उद्देश्य**

(क) नागरिक समाजको परिचय दिन

(ख) नागरिक समाजको विशेषता उल्लेख गर्न

(ग) नागरिक समाजको महत्त्व र सद्देश्यसँग परिचित हुनु

(घ) नागरिक समाजको भूमिकासँग परिचित भई सो अनुरूप आफ्नो निर्वाह गर्नु

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा**

(क) नागरिक समाजको एक सदस्यका रूपमा आफ्नो भूमिका पहिचान गर्नु र राष्ट्र विकासमा योगदान दिन प्रेरित हुने

(ख) नागरिक समाजद्वारा सञ्चालन गरिएका गतिविधिमा सहयोग गर्ने

**५. शैक्षणिक सामग्रीहरू**

नागरिक समजको भूमिका, र विशेषता लेखिएको चार्ट, नागरिक समाजले सञ्चालन गरेका गतिविधि झल्कने समाचारका कटिङ, चित्र, फोटो, भिडियो

**६. सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) हाम्रो समुदायम सरकारी निकायले नगरेका कार्यहरू कसले गर्दछन् भनी सोध्ने ? विद्यार्थीलाई अझ प्रष्ट पार्न विकास निर्माणका कार्य, समाजमा भएका विवाद मिलाउने कार्य, जन चेतना जगाउने कार्य, शान्ति सुरक्षाका कार्य आदिको उदाहरण दिने । विद्यार्थीबाट आएको जवाफ समेटेर नागरिकहरूले आपसमा मिलेर आफ्ना समस्या समाधान गर्ने वा सरकारका कार्यलाई सघाउने वा सचेत गराउने कार्य गर्दछन् । यसैलाई नागरिक समाज भनिन्छ भनी निष्कर्ष दिनुहोस् । आधुनिक समाजमा नागरिकका विभिन्न प्रकारका संगठित संस्था वा पेसागत संस्था हुने गर्दछन् तिनीहरूलाई पनि नागरिक समाज नै भनिन्छ भनी बताइदिनुहोस् ।

(ख) नागरिक समाज अन्तर्गतका संस्थाले गरेका कार्यहरू झल्कने चित्र, पोस्टर, भिडियो, पोस्टर आदि प्रदर्शन गर्दै नागरिक समाजको भूमिका सम्बन्धमा छलफल गराउनुहोस् ।

(ग) नेपालमा नागरिक समाजको भूमिका शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

Draft

## ७. प्रतिविम्बन

विद्यार्थीहरूलाई वृत्ताकार घेरामा उभिन लगाउने र तातो आलु खेलका माध्यमबाट नागरिक समाजको आवश्यकत, उद्देश्य, भूमिका र कर्तव्य सम्बन्धमा आफूले जानेको एक एक ओटा कुरा भन्दै बल दायाँतर्फ पास गर्दै जाने । यस खेलबाट विद्यार्थीले के कति सिकेछन् भनेर मूल्याङ्कन गर्न सकिन्छ भने विद्यार्थीले बिर्सेका कुरा पनि संझने अवसर पाउँछन् ।

## ८. थप अध्ययन सामग्री

नागरिक समाजको परिभाषा

The World Bank has adopted a definition of civil society developed by a number of leading research centers:
"The term civil society to refer to the wide array of non-governmental and not-for-profit organizations that have a presence in public life, expressing the interests and values of their members or others, based on ethical, cultural, political, scientific, religious or philanthropic considerations. Civil Society Organizations (CSOs) therefore refer to a wide of array of organizations: community groups, non-governmental organizations (NGOs), labor unions, indigenous groups, charitable organizations, faith-based organizations, professional associations, and foundations".

*The World Bank (August, 2010). Defining civil society. Retrieved from: http://go.worldbank.org/4CE7W046K0*

According to Jan Aart Scholte, civil society can be understood to be a political space where voluntary associations deliberately seek to shape the rules that govern aspects of social life

- Civil society organizations target formal rules; they seek to change and/or impose social constructs or social orders

- Civil society can also encompass many sorts of actors, and it is much wider than the formal world of nongovernmental organizations (NGOs)

- Civil society exists wherever and whenever voluntary associations of any kind try deliberately to shape rules that govern society, broadly defined

## ९. सामुदायिक कार्य/गृहकार्य

कानुन व्यवसायी, पेसा कर्मी वा राजनीतिक व्यक्तिलाई नागरिक समाज र यसको भूमिकाको बारेमा समुदायमा रहेका कानुन व्यावसायी र नागरिक समाजका अगुवाहरूसँग सोधखो गरी कानुन व्यावसायी र नागरिक समाजको भूमिका विषयमा एक प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## १०. सन्दर्भ सामग्री

http://schoolforcivilsociety.ca/wp-content/uploads/2013/01/What-is-Civil-Society.pdf

http://www.ohchr.org

Draft

पाठ : ११ **शान्ति सुव्यवस्था**

पाठ : १२ **विविधतामा एकता**

*अनुमानित घन्टी : ३*

१. **सक्षमता**

९. मानव अधिकार र सुशासन, लोकतन्त्र,नागरिक समाज र कानुनी राज्यको अवधारणासँग परिचित र आत्मसात् ।

२. **सिकाइ उपलब्धि :** २०. नेपालमा जाति, धर्म, भाषा, क्षेत्र, लिङ्ग आदिका दृष्टिले विविधताको पहिचान गरी एक अर्कामा सहिष्णुता कायम राख्न ।

३. **विशिष्ट उद्देश्य**

(क) शान्तिको अवधारणा बुझी सुशासनका लागि शान्तिको शान्तिको महत्त्व बताउन

(ख) विकास र सुशासनका लागि व्यक्तिगत सुरक्षा र सार्वजनिक सुरक्षाको आवश्यकता बताउन

(ग) विद्यालय शान्ति क्षेत्रको अवधारणासँग परिचित भई सो का बारेमा प्रचार प्रसार गर्न र आफूले पनि सोही अनुसारको व्यवहार गर्न

(घ) विविधता एकताको अवधारणा बुझी सो अनुरूपको व्यवहार गर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा :**

(क) समाजमा शान्ति कायम गर्ने उपायको खोजी गरी त्यसको अवलम्बन गर्ने)

(ख) परिवार, समुदाय र राष्ट्रमा भएका लैङ्गिक, जातीय, साँस्कृतिक, क्षेत्रीय, भाषिक विविधतालाई स्वीकारी सबैसँग समान व्यवहार गर्ने

(ग) विविधताको उपयोग गर्दै सहिष्णुता र एकताको व्यवहार प्रदर्शन गर्ने ।

५. **शैक्षणिक सामग्रीहरू**

(क) विद्यालय शान्ति क्षेत्र सम्बन्धी पोस्टर र विभिन्न राजनीतिक दल एवम् संगठनहरूले स्वीकारेको साझा बुँदा लेखिएको चार्ट,

(ख) व्यक्तिगत सुरक्षा र सामूहिक सुरक्षाका उपाय झल्काउने चित्र, फोटो, चार्ट, भिडियो

(ग) नेपालको नक्सा, विविध जतिको प्रतिनिधित्व गरेको चित्र, नेपालमा प्रचलित विविध संस्कृति झल्कने फोटो र भिडियो

(घ) प्रोजेक्टर, कम्प्युटर, साउण्ड सिस्टम, साँस्कृतिक एकता झल्काउने गीतका अडियो वा भिडियो

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई तिमीहरू व्यक्तिगत रूपमा घर, बाटोघाटो, समुदाय, विद्यालय, के के कुराको डर लाग्छ भनी सोध्ने । अथवा के के कुरा देखि डराउँछौं भनी प्रश्न गर्ने ।

Draft

तिम्रो मनमा प्राय के कुराको डर त्रास हुने गर्दछ भनी  सोध्ने । उनीहरूलाई कापीको एक पाना निकालेर लेख्न लगाउने । सबैको जवाफ सङ्कलन गरेर एकजना विद्यार्थीलाई पालै पालो पढ्न लगाउने र अर्को विद्यार्थीलाई प्राथमिकीकरण गरेर बोर्डमा टाँस्दै जान भन्ने । जब हामी असुरक्षित महसुस गर्दछौँ तब हामीमा डर त्रास पैदा हुन्छ । मनमा डर त्रास पैदा भएपछि तनाव उत्पन्न हुन्छ । मनमा अशान्ति पैदा हुन्छ भन्ने कुराका छलफल गराउनुहोस् । अशान्त मन लिएर गरेको कार्य विग्रन सक्छ, रिस उठ्न सक्छ, आवेशमा अरूसँग झगडा हुन सक्छ । हिंसात्मक वातावरण उत्पन्न हुन सक्छ । त्यसैले हामी पहिले आफू सुरक्षित हुनुपर्दछ भनी बताइदिनुहोस् ।

(ख) हामी व्यक्तिगत रूपमा के कस्ता कुराबाट असुरक्षित हुन्छौँ भनी छलफल गराउनुहोस् । छलफलबाट प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै :

- घर र विद्यालयका भौतिक संरचना र वस्तुहरूबाट
- हात हतियार, मेसिन, औजार, उपकरणहरूबाट,
- आगो, पानी, विद्युत, औषधी, रासायनिक पदार्थ, खानेकुरा, विषालु पदार्थ
- परिवारका सदश्य, शिक्षक, समुदायका मानिस, आफन्त, साथी सङ्गति
- जन्तु , जनावर, पशु, पन्क्षी, किरा, फट्याङ्ग्रा, सर्प, आदि
- प्राकृतिक प्रकोप, सवारी साधन, युद्ध, झगडा, रोग, महामारी

विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई माथिका एक एक विषयमा तलको तालिका भर्न लगाउनुहोस् । दिइएका भन्दा थप तत्वहरू भए थप्न पनि लगाउनुहोस् । सबै समूहले भरिसकेपछि पालै पालो प्रस्तुत गर्दै यी असुरक्षाका विविध कारकहरूबाट व्यक्तिगत र सामूहिक रूपमा कसरी सुरक्षित हुन सकिएला भनी छलफल गराउनुहोस् ।

| क्र.स. | असुरक्षाका कारक तत्व | असुरक्षाका सम्भावित घटना, दर्घटना | व्यक्तिगत रूपमा सुरक्षाका उपाय | सार्वजनिक रूपमा सुरक्षाका उपाय |
|---|---|---|---|---|
| १ | परिवारका सदस्य | | | |
| २ | शिक्षक | भौतिक सजाएँ दिएर दुख दिन सक्छन् | सकेसम्म सजाएँ पाइने काम नगर्नेतर्फ सचेत रहने । तैपनि सजाएँ दिन लागे त्यस्ता शिक्षकको साम् प्रतिवाद गर्ने र प्रधान अध्यापकलाई उजुरी गर्ने । धेरै नै मर्का परेको भए बाल हेल्पलाई | आफ्ना अभिभावकलाई जानकारी गराउने, सार्वजनिक सञ्चारका माध्यमबाट चेतनामुलक सन्देशाको प्रचार प्रसार गर्ने, सामाजिक सञ्जालबाट त्यस्ता घटना सार्वजनि |

Draft

| | | | | |
|---|---|---|---|---|
| | | | १०९८ मा फोन गरेर सहयोग माग्ने । | गर्ने , प्रहरीलाई खबर गर्ने |
| ३ | समुदायका मानिस | | | |
| ४ | आफन्त | | | |
| ५ | साथी सङ्गति | | | |
| ६ | ..... | | | |
| | | | | |

(ख) शान्ति सम्बन्धी कुनै एक गीत बजाई सबै विद्यार्थीलाई सँग गाउन लगाउने, जस्तै : फुलको आँखामा फुलै सन्सार.. । त्यस पछि शान्तिको महत्त्व, शान्ति कायम गर्ने उपाय आदिका बारेमा छलफल गराउनुहोस् ।

(ग) नेपालको नक्सा प्रदर्शन गर्दै नेपालमा कुन कुन जातिका मानिसहरू बसोबास गर्दछन् भनी प्रश्न सोध्ने । विद्यार्थीले भनेका जातिको नाम टिप्दै जानुहोस् । यस्तै यी विविध जातिको विविध प्रकारको भाषा र संस्कृति छ भनी छलफल गराउनुहोस् ।

(घ) कक्षामा भएका विविध प्रकारका जातिका विद्यार्थीहरू आपसमा मिलेर अध्ययन गरिरहेको उदाहरण दिएर हाम्रो समुदाय र राष्ट्रमा पनि विविध जाति, भाषा, धर्म, क्षेत्रका मानिसहरू बसोबास गरिहेको बारेमा छलफल गराउनुहोस् । एउटा सुन्दर फुलबारीको चित्र प्रदर्शन गर्दै नेपाल पनि यस्तै फुलबारी हो । यसैलाई विविधतामा एकता भनिन्छ भनी प्रष्ट पारिदिनुहोस् ।

(ङ) नेपालको संविधानमा विविधतालाई समेट्न र समावेशी राज्य बनाउन गरिएको व्यवस्थाको चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

(च) “पचिम कोही पूर्व घर..” भन्ने गीत वा यस्तै समावेशी गीत बजाएर सबै विद्यार्थीलाई घेरामा बसेर हातमा हात मिलाई नाच्नसमेत लगाउनुहोस् ।

## ७. प्रतिविम्बन

(क) तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्ने

- व्यक्तिगत सुरक्षाका उपायहरू के के हुन् ?
- सार्वजनिक सुरक्षाअन्तर्गत के कस्ता उपायहरू अपनाउनुपर्दछ ?
- शान्ति कायम गर्न हामीले के के गर्नुपर्दछ ?
- विद्यालय शान्ति क्षेत्र अवधारणाको महत्त्व उल्लेख गर्नुहोस् ?

Draft

- विविधतामा एकता शीर्षकमा एक संवाद तयार पार्नुहोस् ।
- विविधतायुक्त समाजमा हामीले के कस्तो व्यवहार गर्नुपर्दछ ?

**८. थप अध्ययन सामग्री**











**९. सामुदायिक कार्य/गृहकार्य**

आफ्नो समुदायमा कुन कुन जाति, धर्म, भाषा, संस्कृति वेषभूषाका मानिसहरू बसोबास गर्ने रहेछन् र उनीहरूमा के कस्ता कार्यमा सहकार्य र सहयोग हुने रहेछ समुदायमा गई सोधेर एक प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## पाठ : १३ राष्ट्रिय सरोकारका विषय

*अनुमानित घन्टी : २*

### १. सक्षमता

९. मानव अधिकार र सुशासन, लोकतन्त्र,नागरिक समाज र कानुनी राज्यको अवधारणासँग परिचित र आत्मसात ।

### २. सिकाइ उपलब्धि :

२१. राष्ट्रियताको भावना जाग्रित गर्न र राष्ट्रिय सरोकारका विषयमा सचेत रहन ।

### ३. विशिष्ट उद्देश्य

(क) राष्ट्रियताको अर्थ बुझी आफूमा राष्ट्रियताको भावना जाग्रित गर्न

(ख) राष्ट्रिय सरोकारका विषयहरूको पहिचान गरी त्यसका बारेमा चासो र उपयुक्त व्यवहार प्रदर्शन गर्न

(ग) राष्ट्रिय अखण्डताको अवधारणा बुझी राष्ट्रिय अखण्डता कायम गर्ने तर्फ सचेत रहन

(घ) सिमा सुरक्षा, यसको विद्यमान अवस्था र सीमा सुरक्षाका उपायहरूको बारेमा जानकारी प्रापत गर्न

(ङ) आत्म सम्मान र राष्ट्रिय स्वाभिमानका बरेमा हाम्रा पुर्खाहरूबाट प्रेरणा प्राप्त गरी नेपाल र नेपालीको स्वाभिमान उच्च राख्ने उपायको खोजी गर्न

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा :

(क) राष्ट्रियताको अर्थ बुझी नेपाली भएकामा गर्व गर्ने

(ख) नेपालको नाम र इज्जतमा आँच आउने काम नगर्ने बरु नेपाल र नेपालीको नाम उच्च राख्ने कार्य गर्ने

(ग) नेपालमा नै बनेका स्वदेशी सामानको उपयोग गर्ने र त्यसको प्रचार प्रसार गर्ने

(घ) सदैव सिङ्गो नेपालको पक्षमा उभिने

(ङ) राष्ट्रिय स्वाभिमान कायम राख्ने र आत्म सम्मानपूर्वक बाँच्न सिक्ने ।

### ५. शैक्षणिक सामग्रीहरू


नेपालको राष्ट्रिय झण्डाहरू, नेपालको भित्ते नक्सा, स्थानीय स्तरमा बनेका र नेपालमा बनेका सामानहरूको नमुना, नेपाली टोपी

### ६. सिकाइ सहजीकरण क्रियाकलाप

क. एक जना नेपालीले सन्, २०१२ मा १० वर्ष भित्र नेपाललाई कहाँ पुऱ्याउने भनी गरेको परिकल्पना तलको चित्रमा दिइएको छ । विद्यार्थीहरूलाई तिमीहरू अबको दस वर्षमा शिक्षित सक्षम र सिर्जनशील नागरिक हुने छौ । त्यसपछिको दस वर्ष तिमीहरूको हातमा देश हुने छ । त्यसैले अबको वीस वर्षमा तिमीहरू कस्तो नेपाल देख्न चाहन्छौ त्यसको परिकल्पना गरी

Draft

तालिकामा वा चित्रमा देखाऊ भनी प्रत्येक समूहलाई पन्द्र मिनेटको समय दिनुहोस् । विद्यार्थीहरूले परिकल्पना गरेको नेपालको चित्र पालैपालो प्रस्तुत गर्न लगाउने । त्यस्तो नेपाल बनाउन हामीले आजै देखि के के गर्नु पर्ला भनी छलफल गर्ने र गर्नुपर्ने कामको सूची तयार पारी कक्षाकोठमा प्रस्तुत गर्न लगाउनुहोस् ।



(ख) कुनै देश भक्तिपूर्ण राष्ट्रिय गीत बजाई सबै विद्यार्थीलाई सँगै गाउन लगाउनुहोस् । गीतमा भनिए जस्तै हामीले आफ्नो राष्ट्रका लागि पुऱ्याउनु पर्ने योगदानका बारेमा समूहमा लछफल गराउनुहोस् ।

(ग) नेपालको नक्सा प्रदर्शन गर्दै यसलाई अखण्ड नेपाल बनाइराख्नुहोस् । हामीले के के गर्नु पर्छ भन्ने सम्बन्धमा छलफल गराई हामी नेपाली सधैं राष्ट्रप्रति इमानदार हुनुपर्छ । आफ्नो स्वाभिमान कहिले पनि बेच्नु हुँदैन भन्ने बीर बलभद्र, अमरसिंह र भक्ति थापालगायतका पुर्खाहरूको दृष्टान्त दिँदै छलफल गराउनुहोस् ।

(घ) राष्ट्र रहे मात्र हामी नेपाली रहन्छौं, हाम्रो स्वभिमान गुम्न दिँदैनौं भन्ने विषयमा कविता लेखेर ल्याउन गृहकार्य दिनुहोस् र अर्को कक्षामा कविता प्रतियोगिता सञ्चालन गराउनुहोस् । प्रथम हुनेलाई तलको दिइएको नेपालको नक्सा टाँसेको कार्ड, दोस्रा हुनेलाई नेपालको झन्डा बनाइएको कार्ड र तेस्रा हुनेलाई नेपाली टोपी भएको काड वा वास्तविक वस्तुहरू नै पुरस्कार दिनुहोस् । भाग लिने सबैलाई नेपालको झन्डाको आकारमा काटिएको रातो कागजको झन्डाहरू दिनुहोस् ।




## ७. प्रतिविम्बन

(क) तलका जस्तै प्रश्नहरू आफूले आफैंलाई सोधी जवाफ लेख्न लगाउनुहोस् । यी प्रश्नहरू दश मिनेट भित्र कक्षामा नै लेख्न लगाउने । तर कसैलाई पनि देखाउनु पर्दैन भनी भनिदिने । त्यसपछि आफुले लेखेको जवाफ सुनाइदिने कति प्रश्न मिल्यो हेर्न लगाउने त्यो पनि अरूलाई भन्नु पर्दैन भनी भनिदिनुहोस् ।


- के मैले नेपाली सामान प्रयोग गरेको छु ? के के प्रयोग गरेको छु ?
- के मैले नेपालको इज्जत आउने कुनै काम सोचेको छु ? के सोचेको छु ?
- कुनै विदेशीले मलाई विदेश लगिदिन्छु राम्रो जागिर पनि दिन्छु तर तिमीले मलाई तिम्रो नेपालको गोप्य कुरा बताइदिनु पर्छ भनी भन्यो भने के गर्छु होला ?
- नेपालको अपमान हुने कुनै कार्य गरेको देखेँ भने के गर्छु होला ?
- कुनै व्यक्तिले नेपालको झन्डाले कुर्सि पुछेर बसौँ भन्यो भने के गर्छुहोला ?


Draft

८. थप अध्ययन सामग्री

९. **सामुदायिक कार्य/गृहकार्य**

हाम्रा सरोकारका विषय हाम्रो राष्ट्र हामी बनाउँछौ भन्ने शीर्षकमा तलको जस्तै कुनै सिर्जनात्मक चित्र, पोस्टर वा नारा तयार पारी कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । यसलाई गृहकार्यको रूपमा दिन पनि सकिन्छ ।




Draft

**एकाइ : छ  हाम्रो पृथ्वी**

**पाठ : १  देशान्तर र समय**

*अनुमानित घन्टी : २*

**१. सक्षमता**

समय र तिथिमा देशान्तरको प्रभाव, स्थानीय  समय र प्रामाणिक समयको बिचको फरक र आवश्यकता अनुसार कुनै दुई देश बिचको समयको फरक हिसाब गरी देखाउन

२. **सिकाइ उपलब्धि :** समय र तिथिमा देशान्तरको प्रभाव बताई स्थानीय समयको  हिसाब गरी देखाउन

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) देशान्तर र समय बिचको सम्बन्धबारे बताउन

(ख) स्थानीय समय र प्रामाणिक समयबारेमा बताउन

(ग) देशान्तरका आधारमा विभिन्न ठाउँको स्थानीय समय पत्ता लगाउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) आवश्यकता अनुसार कुनै ठाउँको देशान्तर र समय पत्ता लगाई बताउनु,

(ख) आफ्नो परिवारका सदस्य तथा आफन्तहरू विदेशमा हुनुहुन्छ भने दुई देशका बिचको समय पत्ता लगाई सोही अनुसार सम्पर्क गर्ने । जस्तैः कुनै एक विद्यार्थीको परिवारका सदस्य तथा आफन्तहरू अमेरिकामा हुनुहुन्छ भने दुई देश बिचको प्रामाणिक समय पत्ता लगाउनु लगाउनुहोस् ।

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू( सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि), ग्लोब, टर्चलाइट, विश्वको नक्सा, Multimedia Projector.

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

पाठमा दिइएको विषय वस्तुको आधारमा सामाजिक अध्ययन विषयको उद्देश्य अनुरूप यस पाठको उद्देश्य पुरा गर्न निम्न सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ :

(क) विद्यार्थीहरूका आफन्तहरू वा कोही परिवारका सदस्यहरू विदेशमा रहेको छ वा छैन पत्ता लगाउने र उहाँहरूसँग  टेलिफोन सम्पर्क कुन कुन समयमा गर्न सकिन्छ भनी प्रश्न गरी  देशान्तर र समय बिचको सम्बन्ध थाहा नहुँदाको अवस्थामा पर्ने समस्याबारे सोच्न सहजीकरण गर्दै पाठको अध्ययनप्रति  उत्प्रेरणाका लागि प्रेरणा प्रदान गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई देशान्तर र समय बिचको सम्बन्धका बारेमा पृथ्वीले आफ्नो अक्षमा परिभ्रमण गर्दा २४ घण्टामा ३६०° देशान्तर पार गर्दछ भने १ घण्टामा कति देशान्तर पार गर्ला ? भन्ने जस्ता विभिन्न प्रश्नहरू गरी विषय वस्तुका बारेमा ग्लोब र टर्चलाइटको सहायताले प्रस्ट पारिदिनुहोस् ।

Draft

(ग) विद्यार्थीहरूलाई प्रत्येक समूहमा कम्तीमा चार जना रहने गरी समूह विभाजन गरी देशान्तरको आधारमा स्थानीय समय निकाल्ने तरिका बताइदिनुहोस् ।

**स्थानीय समय निकाल्ने तरिका :**

- समयको निर्धारण गर्नुपर्ने भए दुई स्थानको देशान्तरको फरक निकाल्ने । फरक निकाल्न पाठ्य पुस्तकमा दिइएको तरिकाअनुरूप गर्न लगाउनुहोस् ।
- देशान्तरको फरकलाई $१^\circ$ बरावर ४ मिनेटको दरले हिसाब गरी समयको फरकमा बदल्न लगाउनुहोस् ।
- निकालेको फरक समय दिइएको ठाउँको समयमा जोड्ने वा घटाउने तथा दिइएको ठाउँभन्दा समय निकाल्नु पर्ने ठाउँ पूर्व पर्ने भए परक आएको समय जोड्ने र पश्चिम पर्ने भए फरक आएको समय घटाउने अनी यसको तरिका पाठ्य पुस्तकमा दिइएको अनुरूप गर्न उत्प्रेरित गर्नुहोस् ।

(घ) प्रत्येक समूहलाई एक एक ओटा प्रश्न दिई समूहमा हिसाब गर्न लगाई र प्रक्रियासहित व्याख्या गर्न लगाउने,

(ङ) विद्यार्थीका हिसाब तथा व्याख्या मिले नमिलेको हेरी आवश्यक पृष्ठ पोषण दिनुहोस् ।

(च) छलफल विधिको प्रयोग गरी अन्तर्राष्ट्रिय तिथि रेखाका बारेमा प्रस्ट पारिदिनुहोस् ।

(छ) विद्यार्थीहरूलाई स्थानीय समय र प्रामाणिक समय बिचको भिन्नता भन्न लगाई आएका उत्तरहरूलाई सेतो पाटीमा सारी पाठ्य पुस्तकमा दिएको बुँदाहरूसँग मिले नमिलेको रुजु गर्न लगाउनुहोस् ।

## ७. प्रतिविम्बन

निम्न प्रश्नहरूका आधारमा विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ ।

- देशान्तर भनेको के हो ?
- समय र देशान्तरबिचको सम्बन्ध छोटोमा उल्लेख गर्नुहोस् ।
- विदेशमा रहनुभएका आफन्तहरूलाई अप्ठ्यारो नपर्ने गरी फोन गर्न ध्यानदिनुपर्ने कुराहरू के के हुन सक्छन् ?
- प्रामाणिक समय भनेको के हो ? यसको स्थानीय समयसँगको सम्बन्ध बारेमा बताउनुहोस,
- कुनै एक ठाउँको देशान्तरका आधारमा स्थानीय समय पत्ता लगाउन जान्नुपर्ने कुराहरू के के हुन्?

Draft


## ८. थप अध्ययन सामग्री

- सन् १८८४ को 'International Meridian Conference' ले इङल्यान्डको 'Royal Greenwich observatory' लाई प्रधान मध्याह्न रेखा (Prime meridian) मान्ने र सोहीबमोजिम स्थानीय घडीहरूलाई मिलाउने निर्णय लियो ।
- मध्याह्न भनेको त्यो दिनका लागि त्यस ठाउँमा हुने सूर्यको अधिकतम कोणिक उचाइ हो अर्थात् सूर्यको अवस्थिति शिरोबिन्दु (zenith) को सिधा हुनु हो ।
- पृथ्वीको परिभ्रमण पश्चिमदेखि पूर्वतर्फ हुने हुनाले दुई स्थान मध्ये पूर्वमा पर्ने स्थान सूर्यको सम्मुख पहिला पर्ने हुँदा पूर्वमा पर्ने स्थानको समय चलाख हुन्छ ।





माथि दिइएको चित्र ग्रिनविच लाइन र ग्रिनविच टावरको हो । दायाँकोचित्र देशान्तर रेखाहरूको हो ।





हिजोआज समयको गणना Time Zone का आधारमा पति गरिन्छ । पृथ्वीलाई प्रत्येक १५ डिग्री देशान्तर अर्थात एक घण्टा समयका फरकमा उत्तर दक्षिण हुने गरी विभिन्न क्षेत्रमा विभाजन गरिएको हुन्छ । कुनै ठाउँको समय थाहा पाउनु पर्‍यो भने उक्त ठाउको देशान्तर हेरेर UTC + वा UTC - गरिन्छ । यसलाई GMT + - पनि भनिन्छ । UTC भनेको Coordinated Universal time (UTC) हो । GMT भनेको Greenwich mean time हो । UTC वा GMT ले बेलायतको ग्रिनिविच लाइनलाई आधार मानी त्यसदेखि पूर्वको ठाउँ भए प्रत्येक १५ डिग्रीको क्षेत्रमा एक घण्टाको समय जोड्दै जान्छ भने पश्चिमको ठाउँ भए प्रत्येक १५ डिग्री देशान्तरमा एक घण्टाको समय घटाउँदै जान्छ, जस्तै : नेपाल ७५ देखि ९० डिग्री देशान्तरके क्षेत्रमा पर्दछ । यो ठाउँ ग्रिन विच रेखादेखि पूर्वमा पर्ने भएकाले नेपाल GMT + 6 hours हुन्छ । अर्थात ग्रिन बिचको समयभन्दा नेपालको समय ६ घण्टा चलाख समयको क्षेत्रमा पर्दछ । यसलाई तलको चित्रबाट पनि बुझ्न सकिन्छ । हिजोआज मोवाइल फोन सेट, कम्प्युटर र विभिन्न उपकरणहरूमा समय सेट गर्दा time zone

Draft


भन्ने option आउँछ । यदि हामीले time Zone option छानेर टाइम जोन सेट गऱ्यौं भने यही GMT+  अनुसार समय सेट हुन्छ  जुन हाम्रो देशको समयसँग ठ्यक्कै मिल्दैन । यस्ता समयका क्षेत्रहरू ठाडो बारका रूपमा समानान्तर हुन्छन्  तर व्यवहारिक रूपमा एउटै देशमा पनि १५ डिग्री पार गरेपछि फरक समय हुन सक्ने हुनाले एउटै देश वा भौगोलिक क्षेत्र शैद्धान्तिक रूपमा फरक फरक समय क्षेत्रमा परे पनि एउटै समय क्षेत्रको समय मान्ने गरी मिलाईको हुन्छ । त्यसैले जमिनको सतहमा भने समय क्षेत्र बाङ्गो टिङ्गो हुन्छ । तलको नक्सामा अमेरिकामा पाँच ओटा समय क्षेत्रहरू कायम भएको देखिन्छ । समुद्री क्षेत्रमा समानान्तर देखिएका समय क्षेत्रहरू जमिनको क्षेत्रमा पुगेपछि अनियमित र बाङ्गो टिङ्गो भएको
देखिन्छ ।

हाम्रो देशमा अहिले प्रयोग भइरहेको प्रामाणिक समय भने गौरीशङ्कर हिमालको देशान्तरलाई आधार बनाएर तयाग रिएको हो । यो प्रणालीअनुसार प्रत्ये देशले आफ्नो राजधानी वा देशको मध्य भाग वा सरकाले तोकेको ठाउँको देशान्तरको समयलाई देशभर लागुहुने गरी सरकाले निर्णय गरेको हुन्छ । यसैलाई प्रमाणिक समय भनिन्छ ।




Draft

उदाहरण:




३ अपराह्न

दुई स्थानको देशान्तरको फरक १००° पू - ४०° पू =. ६०°

१° बराबर ४ मिनेट हुने भएकाले ६०° = ६०° X ४ =२४० मिनेट

अथवा २४० मि. / ६० = ४ घण्टा

दुई स्थानको समयको अन्तर = ४ घण्टा

समय पत्ता लगाउनुपर्ने स्थान दिइएको स्थानदेखि पश्चिमपट्टि परेकाले उक्त स्थानको समय ढिलो हुन्छ ।

तसर्थ दिइएको समयबाट घटाउनु पर्दछ यहाँ अपराह्न ३ बजे भनेको दिउँसोको तिन अर्थात १५ बजेको हो । त्यसैले

(३ + १२)-४ = १५ - ४ = ११

अर्थात् १००° पूर्व देशान्तरमा रहेको सहरमा अपराह्न ३ बज्दा ४०° पूर्वमा रहेको मस्कोमा सोही दिन पूर्वाह्न ११ बजेको हुन्छ ।

### ९. परियोजना कार्य/गृहकार्य

(क) शिक्षकका लागि: समूह विभाजनका लागि योजना बनाउने, दिइएका विषय वस्तुको powerpoint slide बनाउने र विद्यार्थीहरूले विषय वस्तु बुझे बुझेनन् भनी प्रतिविम्बन गर्नुहोस् ।

(ख) विद्यार्थीका लागि: अभ्यासमा दिइएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउन लगाउनुहोस् ।

### १०. प्राविधिक/पारिभाषिक शब्दहरू

**परिभ्रमण** : हरेक दिन पृथ्वी सूर्यको सामुन्ने भएर आफ्नो अक्षमा पश्चिमबाट पूर्वतिर घुमिरहेको छ यही घुम्ने गतिलाइ परिभ्रमण भनिन्छ ।

**अक्ष** : पृथ्वीको केन्द्रबाट उत्तरदक्षिण हुनेगरी एउटा काल्पनिक रेखाको कल्पना गरिएको छ, त्यसलाई अक्ष भनिन्छ ।

### ११ . सन्दर्भ सामग्रीहरू

सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

Draft

## पाठ : २ नेपालको धरातलीय स्वरूप

*अनुमानित घन्टी : २*

**१. सक्षमता**

नेपालको धरातलीय स्वरूप, हावापानीको अवस्था र यसले जन जीवनमा पार्ने प्रभावबारे बताउन

२. **सिकाइ उपलब्धि** : नेपालको धरातलीय स्वरूप, यसको निर्माण प्रक्रिया एवम् उपयोगका उपाय बताउन ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नेपालको भौगोलिक स्थितिबारे बताउन

(ख) नेपालको धरातलीय स्वरूपको परिचय दिन

(ग) नेपालको धरातलीय स्वरूपको निर्माण प्रक्रियाबारे बताउन

(घ) नेपालको धरातलीय स्वरूपको उपयोगिताबारे बताउन

(ङ) नेपालको नक्सा कोरी विभिन्न प्राकृतिक स्वरूपको अवस्थिति देखाउन ।

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) नेपालको तिन ओटै भौगलिक क्षेत्रको धरातलीय स्वरूपप्रति सकारात्मक भई तिनको महत्त्वका बारेमा अरूलाई बुझाउने प्रयास गर्नु

(ख) तिन ओटै भौगोलिक प्रदेशमा बसोबास गर्ने मानिसहरूसँग सद्भाव राख्ने खालको व्यवहार गर्नु

(ग) नेपालको धरातलीय स्वरूपको प्राकृतिक सौन्दर्यका बारेमा प्रचार प्रसार गरी पर्यटन क्षेत्रको विकास हुने खालको क्रियाकलाप गर्ने

**५. शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू( सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि), नेपालको नक्सा, पर्वतीय वर्षा देखाउने चित्र, नेपालको धरातलीय स्वरूपको बारेमा लेखिएको लेख रचना, Multimedia Projector आदि ।


**६. क्रियाकलाप**

पाठमा दिइएको विषय वस्तुको आधारमा सामाजिक अध्ययन विषयको उद्देश्य अनुरूप यस पाठको उद्देश्य पुरा गर्न निम्न सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ :

(क) सङ्गठित सिंहवलोकन विधिको प्रयोग गरी हिमाल, पहाड र तराईमा पाइने स्रोत र साधनको अधिकतम् प्रयोग गरी समग्र राष्ट्रको विकासमा उपयोग गरी देश निर्माणमा जुट्ने प्रतिबद्धता गर्नसक्ने गरी प्रेरणा प्रदान गर्नहोस् ।

Draft

(ख) विद्यार्थीहरूलाई चार समूहमा विभाजन गर्ने, पहिलो समूहलाई नेपालको भौगोलिक अवस्थाका बारेमा, दोस्रो समूहलाई तराई प्रदेश, तेश्रो र चौथो समूहलाई क्रमसः पहाड र हिमाली क्षेत्रका बारेमा छलफल गराउनुहोस् ।




(ग) विद्यार्थीहरूले छलफल गरिरहेको अवस्थामा शिक्षकले विभिन्न प्रश्न गरी छलफललाई सहजीकरण गर्ने । सहजीकरण गर्दा प्रत्येक समूहलाई प्रदेशको अवस्थिति, उचाइ, जम्मा ओगटेको जमिन प्रतिशतमा, लम्बाइ र चौडाइ, विभिन्न भौगोलिक स्वरूपहरू (जस्तैः पाहाड, खोच, खोल्सो, मैदान, भन्ज्याङ आदि), भौगोलिक सुविधा, आदि समावेश गर्न प्रेरित गर्नुहोस् ।

(घ) दोस्रो दिन समूह नेतालाई छलफलमा प्राप्त भएका विषय वस्तु प्रस्तुत गर्न लगाउने र आवाश्यक पृष्ठपोषण दिनुहोस् । सुरू सुरूमा विद्यार्थीहरूले प्रस्तुति राम्रो गर्न नसक्ने हुन सक्छ । यस्तो अवस्थामा उनीहरूलाई हौसला प्रदान गर्दै उनीहरूबाट आएको विषय वस्तु शिक्षक आफैँले प्रस्तुत पनि गरिदिने र कति राम्रो तयारी गरेका रहेछौ भनी प्रशंसा गर्दै सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(ङ) अभ्यासको प्रश्न न. ६ विद्यार्थीहरूलाई गृहकार्यका रूपमा दिने र एउटा विद्यार्थीको राम्रोसँग परीक्षण गरी त्यसैको आधारमा पृष्ठपोषण दिनुहोस् ।

(च) तेस्रो दिन नेपालको धरातलीय स्वरूपको निर्माण प्रक्रिया प्रस्तुत पाठमा दिइएको विषय वस्तु कथाकथन विधिको प्रयोग गरी जानकारी गराउनुहोस् ।

(छ) धरातलीय स्वरूपको उपयोगिता छलफल विधिको प्रयोग गरी प्रस्ट पार्दै त्यसका लागि समूहमा प्रश्न (mass questioning) गर्ने र आएको उत्तरमा प्रतिप्रश्न गर्दै विषय वस्तुको गहिराइसम्म पुऱ्याई छलफलबाट पारित भएको बुँदालाई सेतोपाटी/कालोपाटमिा टिप्दै र विद्यार्थीहरूलाई पनि कापीमा सार्न लगाउनुहोस् ।

(ज) विद्यार्थीहरूलाई नेपालको नक्सा कोरी विभिन्न प्राकृतिक स्वरूपको अवस्थिति देखाउन लगाउनुहोस् ।

Draft

## ७. प्रतिविम्बन

(क) विद्यार्थीहरूले समूहमा छलफल गर्दा सामूहिक भावनाको विकास, अरूको विचारको सम्मान, आफ्नो विचारको तर्कसहित प्रस्तुति, कुनै एकको विचारलाई सामूहिक विचारमा परिणत आदि गर्दछन् । यसको आधारमा सामाजिकीकरणको स्थितिको निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् ।

| **क.स.** | **विद्यार्थीको नाम** | **मूल्याङ्कनका क्षेत्र** | | | |
|---|---|---|---|---|---|
| | | **सामूहिक भावनाको विकास,** | **अरूको विचारको सम्मान** | **आफ्नो विचारको तर्कसहित प्रस्तुति** | **जम्मा** |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

*धेरै राम्रो भए ३, राम्रो भए २ सुधार गर्नुपर्ने भए १ अङ्क दिनुहोस् ।*

(ख) विद्यार्थीहरूले छलफल गरिसकेपछि समूह नेतालाई विषय वस्तु प्रस्तुत गर्न लगाउँदै निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी विद्यार्थीको नेतृत्व विकासको स्थिति मूल्याङ्कन गर्नुहोस् ।

समूह नेताको नाम :______________________________समूह________________

| **क.सं.** | **मूल्याङ्कनका क्षेत्र** | **धेरै राम्रो ४** | **राम्रो ३** | **सुधार गर्नुपर्ने २** |
|---|---|---|---|---|
| २ | नेतृत्व शैली | | | |
| ३ | विषय वस्तुको प्रस्तुति | | | |
| ४ | सिलसिलेवार | | | |
| ५ | समापन | | | |
| | जम्मा | | | |

(ग) प्रस्तुत पाठको अभ्यासमा दिइएका प्रश्न नं ४ र ५ गृहकार्य दिई मूल्याङ्कन गर्नुहोस् ।

Draft

(घ) प्रस्तुत पाठको अभ्यासमा दिइएका प्रश्न न. ७ र ८ र परियोजन कार्यमा दिइएका प्रश्नहरूको बारेमा छलफल गराई गृहकार्यको रूपमा गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

- नेपाल धनुषा जिल्लाको मुसहरनीया (५९ मिटर) देखि सगरमाथा (८,८४८ मिटर) सम्मको उचाइमा फैलिएको छ ।
- नेपालमा पूर्वमा समुन्द्र सतहदेखि ५,००० मिटर भन्दा माथि र पश्चिममा ४,००० मिटर भन्दामाथि सधैँ हिउँले ढाकिएको हुन्छ । यस उचाइलाई नै हिमरेखा भनेर भनिन्छ ।
- नेपालको हिमालयको निर्माण भएकै समयमा विश्वका विभिन्न मोडदार पहाडहरू जस्तै युरोपको आल्पस, उत्तर अमेरिकाको रकी, दक्षिण अमेरिकाको एन्डिज्, अफ्रिकाको एटलस आदिको निर्माण भएको हो ।

## ९. परियोजना कार्य/गृहकार्य

(क) शिक्षकका ला ग: प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण समाग्रीहरू नेपालको नक्सा, पर्वतीय वर्षा देखाउने चित्र, नेपालको धरातलीय स्वरूपको बारेमा लेखिएको लेख रचना, Multimedia Projector आदिको व्यावस्थापन गर्नुका साथै श्रेणी मापन तालिकाको निर्माण गरी पाठको तयारी गर्नुहोस् ।

(ख) विद्यार्थीका लागि : अभ्यासमा दिइएका प्रश्नहरूको उत्त्तर लेखी शिक्षकलाई देखाउन निर्देश गर्नुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्ययन सामग्रीहरू ।

Draft

पाठ : ३ नेपालको हावापानी

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

नेपालको धरातलीय स्वरूप, हावापानीको अवस्था र यसले जन जीवनमा पार्ने प्रभावप्रति सचेत

२. **सिकाइ उपलब्धि** : नेपालको हावापानी र वनस्पतिसँग परिचित भइ यसबाट मानव जीवनमा पर्ने प्रभावहरू उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नेपालको ग्रीष्मकालीन तथा शीतकालीन अवस्थाबारे बताउन

(ख) नेपालको धरातलीय स्वरूप र हावापानीको विचको सम्बन्धबारे बताउन

(ग) नेपालको हावपानीले जन जीवनमा पारेको प्रभावबारे बताउन

(घ) मौसम परिवर्तनअनुसार आफूलाई समायोजन गर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

कक्षा ९/१० मा पढ्ने विद्यार्थीहरूमध्ये कसै कसैमा गर्मीमा स्विटर लगाउने, जाडो याममा पातलो कपडा लगाउने, धेरैजसोमा वर्षायाममा छाता तथा रेनकोट लिएर हिँड्न अप्ठ्यारो मान्ने आदि व्यवहारहरू देखिन्छन् । यस पाठको अध्यापन पछि आवश्यक्ता अनुसार प्रकृतिलाई परिवर्तन गर्न सकिँदैन, प्रकृतिअनुसार आफुलाई समायोजन गर्दै लैजानुपर्छ । सबै कुरा आश्यकताअनुसार गर्नुपर्छ भन्ने धारणाको विकास गराउन जरूरी छ । त्यसैले निम्न सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिको विकास हुनु जरूरी देखिन्छ :

- ग्रीष्मकालीन अवस्थाको पहिलो तिन महिना Mask लगाएर हिँड्ने, वर्षायाममा छाता लिएर हिँड्ने, हिउँदमा न्यानो लुगा लगाएर हिँड्ने बानीको विकास भएको ।
- नेपालको विभिन्न क्षेत्रको भ्रमणमा जानुपर्दा त्यस क्षेत्रको हावपानीको अवस्थाअनुसार भ्रमणको तयारी गर्ने ।

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू( सेतो पाटी/कालो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि), नेपालको हावापानीको पेटी देखाउने नक्सा, ग्रीष्मकालीन तथा शीतकालीन मनसुन देखाउने नक्सा, You Tube मा दिइएको नेपालको हावापानी सम्बन्धी श्रव्यदृश्य, आदि ।

६. **क्रियाकलाप**

पाठमा दिइएको विषय वस्तुको आधारमा सामाजिक अध्ययन विषयको उद्देश्यअनुरूप यस पाठको उद्देश्य पुरा गर्न निम्न सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ :

(क) प्रत्येक व्यक्तिले प्रकृतिअनुसार आफूलाई समायोजन गर्न सक्नुपर्दछ । मौसमअनुसारको खानपान, भेषभुषा तथा अन्य क्रियाकलाप गर्नुपर्दछ अन्यथा व्यक्ति स्वयम्ले नै दुः ख

Draft

भोग्नुपर्दछ तसर्थ कुन बेलामा कहाँ कस्तो मौसमी अवस्था हुन्छ भन्ने बुझ्नका लागि यो पाठ आवश्यक छ भन्ने कुरा व्याख्यान विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् र सोहीअनुसार व्यवहार परिवर्तन गर्न प्रेरणा प्रदान गर्न कक्षाकोठा तथा कक्षाकोठाबहिर विभिन्न खालका क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । जस्तैः जाडाको समयमा भए पङ्खा चलाएर र गर्मीको समयमा भए वाहिर घाममा एकैछिन बस्न लगाएर अनुभव वताउन लगाउन सकिन्छ ।

(ख) पाठको अभ्यासमा दिइएका प्रश्न नं. २ सेतो पाटी/कालोपाटीमा टिप्ने र त्यसकै आधारमा मष्तिष्क मन्थन गर्न लगाइ धरातलीय उचाइ र हावापानी बिचको सम्बन्ध प्रस्ट पार्ने ।

(ग) पाठमा दिइएका विषय वस्तु तथा थप अध्ययन सामग्रीमा दिइएका विषय वस्तुका आधारमा नेपालमा ग्रीष्ममा पानी धेरै पर्ने र हिउँदमा कम पर्ने कारण छलफल विधिको प्रयोग गरी प्रस्ट पार्ने ।

(घ) व्याख्यान विधि, छलफल विधि, प्रदर्शन विधि आदिको प्रयोग गरी ग्रीष्मकालीन मनसुन र शीतकालीन मनसुनको उत्पत्ति र यसको प्रभावबारे प्रस्ट पार्ने ।

(ङ) प्रश्न ५मा दिइएको चित्र देखाइ ग्रीष्मकालीन मनसुनको बारेमा विद्यार्थीलाई व्याख्या गर्न लगाउने र आवश्यक सुधार गरिदिने ।

(च) क्रियाकलापमा दिइएका प्रश्नहरू १,२ र४ तथा अभ्यासमा दिइएका प्रश्नहरू १,२ र३ का आधारमा विद्यार्थीहरूले प्रस्तुत पाठ बुझे नबुझेको पत्ता लगाउने र प्रश्न ४र ६ गृहकार्य दिने ।

छ) थप अध्ययन सामग्रीमा दिइएको विषय वस्तुका आधारमा नेपालमा पाइने हावापानी र त्यसको विशेषताहरू व्याख्यान र प्रदर्शन विधिको प्रयोग गरी प्रस्ट पार्ने ।


### ७. प्रतिविम्बन

तलका प्रश्नहरू सोधी विद्यार्थीहरूले विषय वस्तुको ज्ञान, सिप र व्यवाहार सिक्न सके नसकेको प्रतिविम्बन गर्न सकिन्छ ।

- ग्रीष्मकालीन मनसुनको उत्पत्ति कसरी हुन्छ ?
- ग्रीष्ममा मध्य एसियामा हावाको चाप कम हुनुको मुख्य कारण के हो ?
- शीतकालीन मनसुनी हावा किन चिसो र सुख्खा हुन्छ ?
- नेपालमा हिउँदमा कसरी वर्षा हुन्छ ?
- हिमाली भेकमा शैक्षिक भ्रमण गर्नुपर्ने भएमा कुन मौसममा गर्नु पर्ला ? किन ?
- हिउँदमा पातलो लुगा लगाउने, गर्मीयाममा गलबन्दी लगाएर हिँड्ने, वर्षायाममा छाता वा रेनकोट लिएर हिँड्न अल्छी गर्ने मानिसहरूलाई तिमी कसरी सम्झाउछौ ?

Draft

## ८. थप अध्ययन सामग्री




- पृथ्वीको उत्तरी गोलार्ध सूर्यको सन्मुख पर्ने बेलामा एसियाको मध्यभाग तातिएर सतहको हावा माथि उठेर गई हावाको निम्न चाप हुन्छ । त्यसै समयमा दक्षिणी गोलदर्ध सूर्यको विन्मुख पर्ने हुनाले चिसोभई हावाको उच्च चाप हुने हुँदा मौसमी वायु दक्षिणबाट उत्तरतर्फ बहन्छ । यो वायु उच्च तापक्रम हुने सामुन्द्रिक मार्गबाट बग्ने हुनाले बाफिलो भई पानी पार्न सक्छ । नेपालको पूर्वी हिमालमा आइपुग्दा हावामा भएको जलवाष्प द्रवीभूत भई पानी पर्दछ ।
- त्यसको ठिक उल्टो अर्को मौसममा हुन्छ । हिउँदमा सुख्खा तथा चिसो ठाउँबाट शीतकालीन मनसुनको उत्पत्ति हुने हुनाले यो मनसुन वायु बहने क्षेत्रमा चिसो र सुख्खा हुन्छ ।

**नेपालको हावापानीको प्रकार**

| क्र.स. | हावापानीको प्रकार | पाइने ठाउँ (उचाइ मिटरमा) | विशेषताहरू |
|---|---|---|---|
| १ | अर्धोष्ण मौसमी हावापानी | ५९ मि.- १२०० मि. | ग्रीष्ममा अत्यन्तै गर्मी र धेरै वर्षा, हिउँदमा चिसो र कम वर्षा । |

Draft

| | | | |
|---|---|---|---|
| २ | न्यानो समशीतोष्ण मौसमी हावापानी | १२०० मि - २१०० मि.. | ग्रीष्ममा तापक्रम २०° भन्दा बढी र १०० देखि २०० सेमी सम्म वर्षा, हिउँदमा चिसो र सुख्खा |
| ३ | ठन्डा समशीतोष्ण मौसमी हावापानी | २१०० मि - ३३०० मि. | ग्रीष्ममा औसत तापक्रम २०° हिउँदमा औसत तापक्रम ०° सम्म ओर्लन्छ र सुख्खा हुन्छ । |
| ४ | लेकाली मौसमी हावापानी | ३३०० मि. - ४८०० मि. | ग्रीष्ममा ५० सेमीसम्म वर्षा हुन्छ । हिउँदमा औसत तापक्रम ०° सम्म ओर्लन्छ र सुख्खा हुन्छ । |
| ५ | टुन्ड्रा हावापानी | ४८०० मि. देखिमाथि | सधैँ चिसो हुने हुनाले हिउँ परिरहन्छ । चिसो मरूभूमि |

## ९. परियोजना कार्य/गृहकार्य

(क) **शिक्षकका लागि :** प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण सामग्रीहरू नेपालको नक्सा, नेपालको हावापानीका बारेमा लेखिएको लेख रचना, Multimedia Projector आदिको व्यास्थापन गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** अभ्यासमा दिइएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।

## १०. प्राविधिक/परिभाषिक शब्दहरू

- उत्तरी गोलार्धः पृथ्वीको भुमध्यरेखा देखि माथिको आधा भागलाई उत्तरी गोलार्ध भनिन्छ ।
- द्रवीभूतः सतहको पानी वाफ भई हावासँग बहने क्रममा विभिन्न कारणबाट चिसिन गई पुनः पानीमा परिणत भई वर्षा हुने प्रक्रियालाई द्रवीभूत भनिन्छ ।

## ११. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्ययन सामग्रीहरू
- पाठसँग सम्बन्धित चित्रहरू

Draft

## पाठ : ४ नेपालको भौगोलिक विविधता र वनस्पति

*अनुमानित घन्टी: २*

**१. सक्षमता**

नेपालको धरातलीय स्वरूप, हावापानीको अवस्था र यसले जन जीवनमा पार्ने प्रभाव प्रति सचेत

२. **सिकाइ उपलब्धि :** नेपालको हावापानी र वनस्पतिसंग परिचित भई यसबाट मानव जीवनमा पर्ने प्रभावहरू उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) हावापानी र वनस्पतिको सम्बन्ध बारेमा बताउन

(ख) उचाइअनुसारको हावापानीको प्रकार र त्यहाँ पाइने वनस्पतिको बारेमा बताउन

(ग) विभिन्न क्षेत्रमा पाइने वनस्पतिका नाम बताउन

(घ) विभिन्न प्रकारका वनस्पतिका विशेषताहरू बताउन ।

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

- नेपालको विभिन्न क्षेत्रमा पाइने वनस्पतिको संरक्षण र प्रवर्धनमा आफ्नो सहभागिता जनाउने
- नेपालको विभिन्न क्षेत्रको भ्रमणको क्रममा देखेका वनस्पतिको संरक्षण गर्न स्थानीय बासीहरूलाई सचेत गराउने
- बोट बिरूवा जथाभावी नकाट्ने र उचित प्रयोग गर्ने ।

**५. शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू (सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि) नेपालको हावापानी र वनस्पति देखाउने नेपालको नक्सा, उचाइअनुसार पाइने वनस्पति देखाउने तालिका, विभिन्न वनस्पतिहरू र त्यसका विशेषताहरूका बारेमा बनाएको Powerpoint slide, अर्धोष्ण, पतझर तथा कोणधारी जङ्गलमा पाइने वनस्पतिहरूको चित्र वा फोटो, आदि ।

**५. शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू (सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि) नेपालको हावापानी र वनस्पति देखाउने नेपालको नक्सा, उचाइ अनुसार पाइने वनस्पति देखाउने तालिका, विभिन्न वनस्पतिहरू र त्यसका विशेषताहरूका बारेमा बनाएको Powerpoint slide, अर्धोष्ण, पतझर तथा कोणधारी जङ्गलमा पाइने वनस्पतिहरूको चित्र पा फोटो, आदि ।

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विभिन्न क्षेत्रमा पाइने वनस्पतिको महत्त्व, तिनको उचित सदुपयोग र संरक्षण गर्न सकेमा हामी सबैको भलो हुन्छ भन्ने कुरा विभिन्न शिक्षण सिकाइ विधिहरूको प्रयोग गरी यस पाठप्रति विद्यार्थीको इच्छा जगाउनुहोस् ।

(ख) प्राकृतिक वनस्पति प्रकृतिमा माटो र हावापानीका अवस्थाअनुसार आफै हुर्कने हुनाले विभिन्न स्वरूपमा देखिन्छ भन्ने कुरा विभिन्न उद्याहणहरू जस्तैः तराइमा अर्धोष्ण हावापानी पाइने हुनाले अर्धोष्ण सदावहार जङ्गल पाइन्छ भन्ने कुरा कक्षामा बताइदिने, यसैको आधारमा हावापानी र वनस्पतिका बिचको सम्बन्ध व्याख्या गरिदिनुहोस् ।

(ग) उचाइअनुसारको हावापानी र वनस्पति देखाउने तालिकालाई प्रदर्शन गरी नेपालमा पाइने विभिन्न प्रकारका हावापानी र वनस्पतिको सम्बन्धलाई प्रस्ट पारिदिनुहोस् ।

(घ) विभिन्न प्रकारका वनस्पतिका विशेषताहरूबारे छलफलबारे विद्यार्थीहरूको समूहगत छलफल गराउनुहोस् ।

(ङ) आफ्नो क्षेत्रमा मौसमअनुसार वनस्पतिमा भएको परिवर्तन जस्तै हिउँदमा रुखका पात झर्ने, वर्षाको समयमा घाँसहरू पलाउने आदि विद्यार्थीहरूलाई भन्न लागाई वनस्पतिमा हावापानीको प्रभाव प्रस्ट पारिदिनुहोस् ।

(च) अभ्यासको प्रश्न २ र ३ का आधारमा कक्षामा छलफल गराई वनस्पतिका विशेषता स्पष्ट गर्नुहोस् ।

(छ) अभ्यासको प्रश्न १ र ४ गृहकार्यका रूपमा गरेर ल्याउन विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

## ७. प्रतिविम्बन

नेपालको भौगोलिक विविधता र त्यसको प्रभाव वनस्पतिमा परेको कुरा प्रस्टसँग बुझे कि बुझेनन, सोहीअनुसारको सामाजिक व्यवहार परिवर्तन भयो भएन भन्ने कुरा थाहा पाउन निम्न प्रश्न गरी प्रतिविम्बन कार्य गर्नुहोस् :

- सबै ठाउँको वनस्पति एकै प्रकारको नहुनुका कारण के हो ?
- नेपालको दक्षिणबाट उत्तरतर्फ वनस्पतिको अवस्था घना जङ्गलबाट घट्दै गएर वनस्पति नै नहुने अवस्थामा पुग्नुका कारण के होला ?
- माहाभारत पर्वतको उच्च भाग र हिमालको तल्लो भागमा कोणधारी जङ्गल पाइनुको कारण के हो ?
- टुन्ड्रा वनस्पतिका विशेषताहरू के के हुन ?

Draft

## ८. थप अध्ययन सामग्री

नेपालको हावापानी र वनस्पतिका प्रकार

| क्र.स. | हावापानीको प्रकार | पाइने ठाउँ (उचाइ मिटरमा ) | वनस्पतिको प्रकार | विशेषताहरू |
|---|---|---|---|---|
| १ | अर्धोष्ण मौसमी हावापानी | ५९ मि.-१२०० मि. | अर्धोष्ण सदाबहार जङ्गल | ठुला, अग्ला, कडा र सालैभरि हरियो हुने |
| २ | न्यानो समशीतोष्ण मौसमी हावापानी | १२०० मि - २१०० मि.. | पतझर मौसमी जङ्गल | हिउँदमा रुखका पातहरू झर्ने, वसन्तमा नयाँ पातहरू पलाउन र अर्धोष्ण सदावहार जङ्गलका रुखहरूभन्दा कम कडा |
| ३ | ठन्डा समशीतोष्ण मौसमी हावापानी | २१०० मि - ३३०० मि. | सदाबहार कोणधारी जङ्गल | पातहरू कोण आकार, नरम र सालैभरि हरियो रहने |
| ४ | लेकाली मौसमी हावापानी | ३३०० मि. - ४८०० मि. | लेकाली तृणभूमि | घाँसका फाँटहरू र खस्रा झाडी |
| ५ | टुन्डा हावापानी | ४८०० मि. देखिमाथि | टुन्ड्रा वनस्पति | हिउँ पग्लेको ठाउँमा ग्रष्ममा मात्र पाइने लेउ र झेउहरू |

## ९. परियोजना कार्य/गृहकार्य

(क) **शिक्षकका लागि** : प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण समाग्रीहरू नेपालको नक्सा, नेपालको वनस्पतिका बारेमा लेखिएका लेख रचना, हावापानी र वनस्पति देखाउने तालिका, Multimedia Projector आदिको व्यवस्थापन गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि** : अभ्यासमा दिइएका र शिक्षकले दिनुभएको प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउन निर्देश गर्नुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर

Draft

- भूगोल, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

**पाठ ५ : धरातलीय विविधता र जन जीवन**

*अनुमानित घन्टी : 1*

१. **सक्षमता**

नेपालको धरातलीय स्वरूप, हावापानीको अवस्था र यसले जन जीवनमा पार्ने प्रभावप्रति सचेत

२. **सिकाइ उपलब्धि :** नेपालको हावापानी र वनस्पतिसँग परिचित भई यसबाट मानव जीवनमा पर्ने प्रभावहरू उल्लेख गर्न

३. **विशिष्ट उद्देश्य**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नेपालको तिन ओटै भौगोलिक प्रदेशले ओगटको क्षेत्रफल र जनसङ्ख्याको प्रतिशत बताउन

(ख) यी प्रदेशहरूमा बसोबास गर्ने मुख्य जातिहरूको विवरण बताउन

(ग) यी प्रदेशहरूको कृषि उत्पादनको विवरण बताउन

(घ) यी प्रदेशहरूका मानिसहरूको पेसाका बारेमा बताउन

(ङ) हिमाली प्रदेशमा कम जनसङ्ख्या र तराई प्रदेशमा बढी जनसङ्ख्या हुनुको कारण बताउन ।

४ **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) विभिन्न क्षेत्रमा बसोबास गर्ने मानिसहरूप्रति सद्भाव देखाउने

(ख) विभिन्न क्षेत्रमा बसोबास गर्ने मानिसहरूको पेसा प्रतिसम्मान गर्ने

(ग) विभिन्न क्षेत्रमा उत्पादित वस्तुहरूको उचित उपयोग गरी उत्पादनमा हौसला प्रदान गर्ने ।

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू (सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि), नेपालको नक्सा, तिन प्रदेशका मुख्य जातिहरू र कृषि उत्पादनको विवरण देखाउने सूची तालिका, यी प्रदेशहरूमा बसोबास गर्ने मानिसहरूको जन जीवन देखाउने Vedeo Clip आदि ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) सङ्गठित सिंहावलोकन विधिको प्रयोग गरी विद्यार्थीहरूमा धरातलीय विविधताले मानिसहरूको जन जीवनमा पारेको प्रभाव जान्न उत्सुकता जगाउनुहोस् ।

Draft

सम्भव भएमा विभिन्न प्रदशेको जन जीवन सम्बन्धी Vedio Clip हरू प्रदर्शन गरी उत्सुकता जगाउन सकिन्छ ।

(ख) नेपालको नक्सा प्रदर्शन गरी विभिन्न भौगोलिक प्रदेशले ओगटेको भूभाग र जनसङ्ख्या प्रतिशतमा बताउने र हिमाली प्रदेशमा कम जनसङ्ख्या, तराई प्रदेशमा बढी जनसङ्ख्या हुनुको मुख्य कारण प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् । प्रश्नहरू निम्न प्रकारका प्रयोग गर्न सकिन्छ :

१. हिमाली प्रदेशमा किन कम मानिसहरू बसोबास गर्दछन् ?

२. हिमाली प्रदेशको धरातलीय स्वरूप कस्तो छ र त्यसको प्रभाव जन जीवनमा कस्तो छ ?

३. तराईमा किन मानिसहरू पहाडी क्षेत्रबाट बसाइँ सरेर जान्छन् ?

(ग) विभिन्न प्रदेशमा बसोबास गर्ने जातिहरूको विवरण पालैपालो शब्द चित्र (Semantic map) विधिको प्रयोग गरी सूची बनाउने र सो सम्बन्धी सूची तालिकाको प्रदर्शन गरी प्रस्ट पार्नुहोस् ।

(घ) कृषि उत्पादनको विवरण पनि सोहीअनुसार स्पष्ट पार्दै जानुहोस् ।

(ङ) विभिन्न पेसाको महत्त्व बताउँदै विभिन्न क्षेत्रमा बसोबास गर्ने मानिसहरूको पेसाको विवरण प्रस्तुत गर्ने र विभिन्न पेसाप्रति सम्मान गर्ने उत्प्रेरणाका लागि प्रेरणा प्रदान गर्नुहोस् ।

(च) क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको छलफल गरी उपर्युक्त उत्तर छनोट गर्न लगाउनुहोस् ।

(छ) अभ्यासको प्रश्न २ र ४ गृहकार्यका रूपमा गरेर ल्याउन निर्देश गर्नुहोस् ।

(ज) सम्पादकीय तयार गर्ने सिपको विवरण प्रस्तुत गरी सामुदायिक कार्यमा दिइएका प्रश्न गर्न विद्यार्थीहरूको हौसला प्रदान गर्दै जानुहोस् ।

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषय वस्तु, मूल्य, मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) नेपालको विभिन्न क्षेत्रले ओगटेको भूभागका प्रतिशत र जनसङ्ख्याको विवरण बताउनुहोस् ।

(ख) नेपालको तिनै क्षेत्रमा उत्पादित प्रमुख नगदे तथा खाद्य्य बालीहरूको सूची प्रस्तुत गर्नुहोस् ।

(ग) सबै क्षेत्रहरूको मानिसहरू बसोबास गर्ने मानिसहरू बिच सद्भाव बढाउन के गर्नुपर्छ होला भन्नुहोस् ?

(घ) विभिन्न पेसाको महत्त्वबारे प्रस्ट पार्नुहोस् ।

Draft

यस बाहेक कक्षामा विभिन्न क्षेत्रबाट आउने विद्यर्थीहरू बिचको समझदारीको अवलोकन गरी उनीहरूको व्यवहारमा के परिवर्तन आएको छ भनी प्रतिबिम्बन गर्न पनि सकिन्छ ।

## ८. थप अध्ययन सामग्री

(क) हिमाली प्रदेश तिब्बतको नजिक पर्ने हुनाले यहाँका बासिन्दाहरूमा तिब्बतीयन संस्कृति बढी छ भने तराई क्षेत्रमा भारतीय संस्कृति बढी अवलम्बन गरिएको छ ।

(ख) हिमाली प्रदेशमा बौदध धर्म मान्नेहरूको बहुलता भएकाले बौदध संस्कृतिअनुसारको जन जीवन पाइन्छ । यसमा बौद्ध धर्मसँग सम्बन्धित चाडपर्व मान्ने, गुम्बाहरूमा पूजाआजा गर्ने तिब्बतीयन भाषा बोल्ने आदि पर्दछन् । त्यस्तै गरी तराईमा भएको नजिक भएकाले हिन्दी भाषासँग सम्बन्धित भाषाहरू जस्तै ठेटी, मैथली, भोजपुरी, अर्पद बोल्ने, हिन्दु र मुस्लिम धर्मसँग सम्बन्धित चाडपर्वहरू मनाउने र उत्तरी भारतका मानिसहरूको जस्तै जन जीवन पाइन्छ । पहाडी क्षेत्रमा मिश्रित जन जीवन पाइन्छ ।

(ग) हिमाली प्रदेशमा बसोबास गर्ने मानिसहरूले बाक्लो खालका लुगाहरू जस्तै पाङ्देल, डोचा, बख्खु आदि लगाउँछन् । पहाडी क्षेत्रमा मौसमअनुसारको लुगा लगाउँछन् भने तराईमा पातला लुगाहरू जस्तै कमिज, सुरुवाल, कुर्ता सुरुवाल, साडी ब्लाउज आदि लगाउँछन् ।

(घ) तातोपानी, लिखुलेक, केरुङ आदि हिमाली क्षेत्रका व्यापारिक केन्द्रहरू हुन् । पोखरा, तानसेन, काठमाडौँ, इलाम बजार, सुर्खेत आदि पहाडी क्षेत्रका व्यापारी तथा औद्योगिक केन्द्रहरू हुन् । यसका साथै विरगञ्ज, विराटनगर, महेन्द्रनगर, भैरहवा, नेपालगञ्ज आदि तराई क्षेत्रका व्यापारिक तथा औद्योगिक क्षेत्रहरू हुन् । यी क्षेत्रहरूमा अन्यत्र भन्दा बढी मानिसहरू व्यापार र उद्य्योगमा संलग्न रहेका छन् ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण समाग्रीहरू नेपालको नक्सा, नेपाली जन जीवन बारेमा लेखिएको लेख रचना, हावापानी र वनस्पति देखाउने तालिका, Multimedia Projector आदिको व्यवस्थापन गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** अभ्यासमा दिइएका र शिक्षकले दिनुभएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउने ।

## १०. सन्दर्भ सामग्रीहरू


- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्ययन सामग्रीहरू ।


Draft

## पाठ ६ : नेपालको जलस्रोतको अवस्था र उपयोग

*अनुमानित घन्टी : १*

१. **सक्षमता**

नेपालको जलस्रोतको अवस्था एवम् जल उत्पन्न प्रकोपप्रति सचेत

२. **सिकाइ उपलब्धि :** नेपालको जलस्रोतको अवस्था एवम् जल उत्पन्न प्रकोपको परिचय दिन र यसको व्यवस्थापन गर्न

३. **विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नेपालको जलस्रोतको अवस्थ बताउन

(ख) नेपालमा जलस्रोतको उपयोग त्यसको महत्त्वका बारेमा बताउन

(ग) नेपालका तिन श्रेणीका नदीहरूको विवरण दिन

(घ) जल उत्पन्न प्रकोपको परिचय दिन

(ङ) जल उत्पन्न प्रकोपको व्यवस्थापन गर्नमा सहयोग गर्न

(च) आफ्नो क्षेत्रको विद्युत तथा खानेपानीको आपूर्ति र पानीको स्रोतको अवस्थाबारे बताउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) नेपाल जलस्रोतको धनी राष्ट्र भएकामा गर्व गर्ने र यसको उपयोग गर्न प्रोत्साहित हुने

(ख) जलउत्पन्न प्रकोपको बारेमा सजक भई सोहिअनुसार व्यवहार देखाउनु जस्तैः खोलानालको वरिपरि फोहर नफाल्नु, खानेपानीको मुहान नजिकै लुगा नधुनु, नेपाल जलस्रोतको धनी देश हो भन्दा गर्वको अनुभूति गर्नु

(ग) नेपालको जलस्रोत, यसको उपयोग, जल उत्पन्न प्रकोप तथा त्यसको व्यवस्थापन सम्बन्धी लेख, रचनाहरू खोजी खोजी पढ्नु र त्यसको बारेमा अरूलाई बताउनु

(घ) जलस्रोतका वैकल्पिक उपयोग र व्यावसायिक उपयोगका उपायहरूको खोजी गर्न प्रेरित हुनु ।

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू (सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि), नेपालको नदी प्रणाली देखाउने नेपालको नक्सा, नेपालको जलविद्युत आयोजनाहरूको विवरण तालिका,नेपालको मुख्य नहरहरूको विवरण देखाउने तालिका, एटलसहरू, नेपालको भौतिक नक्सा, प्रोजेक्टर, कम्प्युटर, जलस्रोतसँग सम्बन्धित चित्र, फोटो, भिडियोहरू

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) पाठ्य पुस्तकको यस पाठमा दिइएको पहिलो अनुच्छेद र तिन स्तरका नदीहरू जोडीमा पढाइ र जोडीमा सारांश (Paired reading paired summarizing) विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् ।

(ख) (River system of Nepal) नेपालको नदी प्रणाली देखाउने नक्सा प्रदर्शन गरी नेपालमा ६००० भन्दा धेरै नदी नालाहरू छन् भन्ने कुरा छलफल विधिको प्रयोग गरी प्रस्ट पार्ने

(ग) नेपालको जल विद्युत आयोजना र नहरहरूको विवरण तालिका प्रदर्शन गर्दै जलस्रोतको उपयोगबारे व्याख्यान विधिको प्रयोग गरी स्पष्ट पार्नुहोस् ।

(घ) सोच, जोडीमा छलफल र आदान प्रदान (Think Paired and Share) विधिको प्रयोग गरी जल उत्पन्न प्रकोपको परिभाषित दिनुहोस् ।

(ङ) जल उत्पन्न प्रकोपहरू जस्तैः बाढी पहिरो, हैजा, झाडा पखाला आदिको विवरण दिने र त्यसबाट बच्ने उपायहरू छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(च) क्रियाकलाप १ र अभ्यासका प्रश्नहरूको छलफल गरी उपर्युक्त उत्तर दिनुहोस् ।

(छ) क्रियाकलाप २ र सामुदायिक कार्य गृहकार्य दिने र समयमै उत्तर परीक्षण गरी पृष्ठपोषण दिँदै जानुहोस् ।

(ज) प्रस्तुत पाठ सम्बन्धी लेख रचना भए पढेर सुनाउन र छलफल गर्न लगाउनुहोस् ।

(ज) विद्यार्थीहरूले आफ्नो क्षेत्रमा भएका जलस्रोतको उचित उपयोग, जल उत्पन्न प्रकोपको नियन्त्रणमा सहभागिता र यससँग सचेतता व्यवहारमा देखाउन सके नसकेको अवलोकन गरी आवश्यक परे सहजीकरण पनि गर्दै जानुहोस् ।

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यर्थीहरूले सिकेका विषय वस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) नेपालको नदीनालाबाट कति विद्युत निकाल्न सकिन्छ ?

(ख) आर्थिक तथा प्राविधिक रूपले कतिसम्म विद्युत निकाल्न सकिन्छ ?

(ग) नेपालको विभिन्न स्तरका नदीहरूको विवरण बताउनुहोस् ।

(घ) हाम्रो देशको जलस्रोतको उपयोग कसरी गर्न सकिन्छ ?

(ङ) पानीको स्रोतहरू सुक्न नदिनका लागि हामी के गर्न सक्दछौँ ?

(च) कसैले खोलाको नजिक फोहोर फाल्दै छन् भने तपाइँ त्यस व्यक्तिलाई कसरी सम्झाउनु हुन्छ ?

छ) तपाईँलाई नेपाल जलस्रोतको धनी राष्ट्र हो भन्दा कस्तो अनुभूति हुन्छ ?

Draft

## ८. थप अध्ययन सामग्रीहरू

- वि.सं. १९६८ मा निर्मित ५०० किलोवाट क्षमताको फर्पिङ पावर हाउस नेपालको प्रथम जल विद्युत आयोजना हो । यसबाट उत्पादित विद्युतलाई चन्द्रज्योति भनेर भनिन्थ्यो । डा. हरिमान श्रेष्ठले सन् १९६७ मा नेपालमा साना र ठुला गरी ६००० भन्दा बढी नदीहरू भएको र यी नदीहरूबाट ८३ हजार मेगावाट (८ करोड ३० लाख किलोवाट) विद्युत निकाल्न सकिने तथ्य प्रथम पटक प्रकाशनमा ल्याएका थिए । हाल नेपालमा साना र ठुला गरी ५४ ओटा जलविद्युत्आयोजनाहरू छन् । जुन निम्न अनुसार छन् :

**नेपालमा सञ्चालित जल विद्युत आयोजनाहरू**

**ठुला जल विद्युत आयोजनाहरू**

| **क्र.स.** | **नाम** | **क्षमता KW** | **सञ्चालन वर्ष** |
|---|---|---|---|
| १. | काली गण्डकी | १४४००० | २००२ |
| २. | मध्य मर्स्याङ्दी | ७०००० | २००८ |
| ३. | मर्स्याङ्दी | ६९००० | १९८९ |
| ४ | कुलेखानी १ | ६०००० | १९८२ |
| ५ | कुलेखानी २ | ३२००० | १९८६ |
| ६ | त्रिशुली | २४००० | १९६७ |
| ७ | गण्डक | १५००० | १९७९ |
| ८ | मोदीखोला | १४८०० | २००० |
| ९ | देवीघाट | १४१०० | १९८३ |
| १० | सुनकोसी | १००५० | १९७२ |
| ११ | पुवाखोला | ६२०० | २००० |
| | जम्मा | ४५९१५० | |

*स्रोत : अन्तराष्ट्रिय मञ्च नेपाल सम्बन्धी वार्षिक अङ्क, २०७२*

Draft

**साना जलविद्युत आयोजनाहरू**

| क्र.स. | नाम | क्षमता KW | सञ्चालन वर्ष |
|---|---|---|---|
| १. | चतरा | ३२०० | - |
| २. | पनौती | २४०० | १९६५ |
| ३. | सेती (पोखरा) | १५०० | १९८५ |
| ४ | तातोपानी म्याग्दी १ | १००० | १९९१ |
| ५ | तातोपानी म्याग्दी २ | १००० | १९९५ |
| ६ | फेवा (पोखरा) | १००० | १९६७ |
| ७ | तिनाउ (बुटवल) | १०२४ | १९७१ |
| ८ | सुन्दरी जल | ६४० | १९३५ |
| ९ | फर्पिङ | ५०० | - |
| १० | खाँदबारी | २५० | १९८९ |
| ११ | जोमसोम | २४० | १९८३ |
| १२ | फिदिम | २४० | १९८१ |
| १३ | बागलुङ | २०० | १९८१ |
| १४ | सुरनैयागढ (वैतडी) | २०० | १९९१ |
| १५ | डोटी | २०० | १९८१ |
| १६ | रामेछाप | १५० | १९८९ |
| १७ | तेरथुम | १०० | १९८८ |
| | जम्मा | १३८४४ | |

*स्रोत : अन्तराष्ट्रिय मञ्च नेपालसम्बन्धी वार्षिक अङ्क, २०७२*

Draft

**निजी क्षेत्रका जलविद्युत आयोजनाहरू**

| | | |
|---|---|---|
| १. | खिम्ती खोला (दोलखा) | ६०,००० |
| २. | भोटेकोसी खोला (सिन्धुपाल्चोक) | ३६००० |
| ३. | चिलिमे (रसुवा) | २२००० |
| ४. | झिमरुक खोला (प्युठान) | १२००० |
| ५. | इन्द्रावती (तेस्रो) सिन्धुपाल्चोक | ७५०० |
| ६. | आँधीखोला (स्याङ्जा) | ५१०० |
| ७. | मर्दी खोला (कास्की) | ४८०० |
| ८. | माइ खोला (इलाम) | ४५०० |
| ९. | हेवा खोला (सङ्खुवासभा) | ४४५५ |
| १०. | विजयपुर पहिलो (कास्की) | ४४१० |
| ११. | बारम्ची खोला (सिन्धुपाल्चोक) | ४२०० |
| १२. | खुदी खोला (लमजुङ) | ३४५० |
| १३. | पिलुवा खोला (सङ्खुवासभा) | ३००० |
| १४. | चाकु खोला (सिन्धुपाल्चोक) | ३००० |
| १५. | सुनकोसी खोला (सिन्धुपाल्चोक) | २५०० |
| १६. | रिडी खोला | २४०० |
| १७. | थोपल खोला (धादिंग) | १६५० |
| १८. | पाटी खोला (पर्वत) | ९९६ |
| १९. | फेमा खोला (पाँचथर) | ९९५ |
| २०. | अपर हाडी खोला (सिन्धुपाल्चोक) | ९९१ |
| २१. | तल्लो पिलुवा (सङ्खुवासभा) | ९९० |
| २२. | सेती (दोस्रो) कास्की | ९७९ |
| २३. | सिस्ने खोला (पाल्पा) | ७५० |
| २४. | रैराङ खोला (धादिङ) | ५०० |
| २५. | साली नदी (काठमाडौँ) | २३२ |
| २६. | साञ्जे खोला (लमजुङ) | १८३ |
| | जम्मा | १८७५८१ |

*स्रोत : अन्तराष्ट्रिय मञ्च नेपाल सम्बन्धी वार्षिक अङ्क २०७२*

Draft

**निर्माणाधीन जल विद्युत आयोजनाहरू**

| | | |
|---|---|---|
| १. | माथिल्लो तामाकोशी जल विद्युत आयोजना | ४५६००० |
| २. | माथिल्लो त्रिशुली ३ ए | ६०००० |
| ३. | राहुघाट जल विद्युत आयोजना | ३२००० |
| ४. | चमेलिया जल विद्युत आयोजना | ३०००० |
| ५. | कुलेखानी तेस्रो जल विद्युत आयोजना | १४००० |
| ६. | गामगड | ४०० |
| | जम्मा | ५९२४०० |

*स्रोत : अन्तराष्ट्रिय मञ्च नेपाल सम्बन्धी वार्षिक अङ्क, २०७२*






Draft

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि** : प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण सामग्रीहरू नेपालको नक्सा, नेपालको जलस्रोतका बारेमा लेखिएको लेख रचना, नेपालको

जलविद्युत आयोजनाहरूको विवरण तालिका, Multimedia Projector आदिको व्यवस्थापन गर्ने ।

(ख) **विद्यार्थीका लागि** : विभिन्न स्रोतबाट नेपालको जलस्रोतको बारेमा अध्ययन गर्ने, त्यसका बारेमा शिक्षकसँग अनुमति मागेर कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएको प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउन निर्देश गर्नुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू


- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन सामग्रीहरू
- अन्तर्राष्ट्रिय मञ्च (नेपाल सम्बन्धी वार्षिक अङ्क २०७१) ।

  http://nea.org.np


Draft

## पाठ ७ : नक्सा कार्य

*अनुमानित घन्टी : २*

१ **सक्षमता**

नक्सा र ग्लोबको अध्ययन तथा त्यसको प्रयोग

२. **सिकाइ उपलब्धि :** विभिन्न प्रकारका नक्सा एवम् एटलस अध्ययन गरी रेखाङ्कित नक्सामा तथ्यहरू देखाउन ।

३. **विशिष्ट उद्देश्यहरू :** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नक्सा कार्य र नापो शब्दको परिभाषा दिन

(ख) विभिन्न विधिको प्रयोग गरी नेपालको नक्सा कोर्न

(ग) नेपालको नक्सामा विभिन्न तथ्य भर्न

(घ) विश्वको नक्सामा विभिन्न तथ्य भर्न

(ङ) नक्सामा प्रयोग गरिने विभिन्न सङ्केतहरूको विवरण दिन र तिनको प्रयोग गर्न

(च) कोरा नक्सा (Rough skatch map) कोर्न तथा Mobile मा हुने google map जस्ता apps प्रयोग गरी ठाउँहरूको भ्रमण गर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

१. नेपालको नक्सा बनाउन जिज्ञासु हुनु

२. विभिन्न ठाउँहरूका बारेमा सुन्ने वित्तिकै उक्त ठाउँहरू कहाँ पर्छ भनी एट्लास वा मोबाइल एप्स प्रयोग गरी पत्ता लगाउने र साथीहरूसँग आदान प्रदान गर्ने बानी प्रदर्शन गर्नु

३. कुनै नयाँ ठाउँमा जाँदा त्यस ठाउँको नक्सा प्रयोग गरी आवत जावत गर्ने बानी बसाल्नु

४. कोरा नक्सा (Rought Sketch map) कोर्ने बानी र Mobile मा हुने google map जस्ता apps प्रयोग गरी ठाउँहरूको भ्रमण गर्नु ।

५. **शैक्षणिक सामग्री**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू( सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि)

नेपालको नक्सा, विश्वको नक्सा, एटलस, नक्सामा प्रयोग हुने सङ्केतहरूको सूची तालिका, नेपालको र विश्वको विभिन्न महत्त्वपूर्ण तथ्यहरूको सूची तालिका आदि ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

भविष्यमा नेपालको प्रतिनिधि भएर विदेशमा जाँदा विभिन्न देशका प्रतिनिधिहरूले आआफ्नो देशको नक्सा कोरी मुख्य मुख्य ठाउँहरू देखाएको स्थितिमा नेपालको नक्सा कोर्न नजानेमा

Draft

तिम्रो पालोमा तिमी के गर्छौ ? प्रश्न गरी मस्तिष्क मन्थन गराउने र प्रत्येक नेपालीले नेपालको नक्सा बनाउन सक्नु पर्छ  भन्ने अवधारणालाई कथा कथन विधिको प्रयोग गरी विद्यार्थीहरूलाई नेपालको नक्सा कोर्न प्रेरित गर्नुहोस् ।

(क) सोच जोडमा छलफल आदान प्रदान (Thik paired share) विधिको प्रयोग गरी नक्सा कार्य र नापो लाई परिभाषित गर्ने र आवश्यक परिमार्जित गरी उक्त अवधारणालाई प्रस्ट पार्दै जानुहोस् ।


(ख) नेपालको नक्सा कोर्न सहज हुने खालका विभिन्न विधिहरू जस्तैः अभ्यास, ट्रेसिङ ज्यामितीय आदि विषयको जानकारी गराउँदै पाठ्य पुस्तकमा दिइको ग्राफ विधिलाई प्रस्ट पारी नेपालको नक्सा कोर्न दिने र आवश्यक पृष्ठपोषण दिँदै जानुहोस् ।

(ग) नेपालको नक्सा कोर्ने विभिन्न विधिहरू प्रचलनमा छन् तर हाम्रा कक्षा ९ का बाल बालिकाले नेपालको नक्सा सम्बन्धमा निम्नानुसारको अवधारणा बनाएमा पनि पर्याप्त मान्न सकिन्छ । सामाजिक अध्ययन विषयको मुख्य उद्देश्य नै सक्षम, जिम्मेवार र असल नागरिक बनाउने हो । उसलाई नेपालको नक्सा बनाउन सिकाउनुको मुख्य उद्देश्य कमसेकम एक नेपाली नागरिकले आफ्नो राष्ट्रको आकृति दिमाखमा राख्न सकोस् । भविश्यमा राष्ट्र निर्माणको जिम्मेवारी उसको हातमा हुने छ । त्यसबखत उसले आफ्नो राष्ट्रको वस्तुस्थिति बुझेर त्यसको उन्नति र प्रगतिका लागि क्रियाशील होस भन्ने नै हो । त्यसैले नेपालको नक्सा बनाउने कार्यमा यो गारो छ, जस्ताको त्यस्तै नक्सा कोर्न सक्नु पर्छ अन्यथा मिल्दैन भनेर बाल बालिकालाई हतोत्साहित नगरी उनीहरूको तह अनुसार न्युनतम आकार प्रकार मिलाएर बनाउन सिकेका आधारमा प्रोत्साहन गर्दै सिकाउनु पर्दछ । नेपालको नक्सा उतार्न सामान्यतया निम्नानुसारका न्युनतम आधारहरू सिकाउनुपर्दछ ।


- नेपाल आयताकार छ ।




- नेपाल पश्चिमबाट पूर्वतर्फ ढल्केको छ ।



- नेपाल पश्चिमतर्फ फराकिलो र पूर्वमा साँघुरो छ ।



- नेपाल करिब अर्ध चन्द्राकार जस्तो गरि बाङ्गिएको छ ।




- सिमानामा श्पष्ट देखिने भित्र घुसेका र बाहिर निस्केका केही भागहरू छन् ।



विद्यार्थीलाई पेन्सिलको सहायताले सादा कागतमा तलको जस्तै अर्ध चन्द्राकार


Draft

आयत बनाउन लगाउने । त्यसमा पहिले उत्तर तर्फको मध्यभागको सिमानामा अलिक बायाँतर्फ उल्टो यु आकारको नेपालको भूमि तिब्बततर्फ घुसेको भाग बनाउने । त्यस्तै त्यसको ठिक तल अकि दायाँतर्फ प्लेट घोप्टो पारे जस्तै गरी भारतको भूमि नेपाल तर्फ घुसेको भाग बनाउन लगाउनुहोस् । यसै गरी पूर्वी सिमानामा माछाको पुच्छर जस्तो आक्रिति बनाउने । उत्तर पश्चिमको कुनामा मेटेर अङ्ग्रेजी जे जस्तै आकार बनाउने । यसरी उक्त आयतको सिमाना मेट्दै एटलस हेर्दै सिमानाका मुख्य मुख्य आक्रितिहरू बनाउँदै जाने । जथाभावी किरिमीरी नगर्ने , सामान्य आकार प्रकार मिलेमा हुन्छ ।



Draft

विद्यार्थीहरूलाई प्रस्तुत बुँदाहरूका आधारमा नेपालको नक्सा कोर्ने अभ्यास पटकपटक गराउने र उनीहरूले बनाएका नक्साहरू कक्षामा प्रदर्शन गर्ने ।



नेपालको नक्सा हामीले बनाउने होइन । यहाँ प्रश्न पत्रहरूमा नेपालको नक्सा बनाइ भन्ने उल्लेख भए पनि हामीले विद्यार्थीलाई नक्सा बनाउ सिकाउने होइन । नक्स बनाउने कार्य प्राविधिक कार्य हो । हामीले त नेपालको नक्सा सामान्य आकारप्रकार मिलाएर उतार्ने वा नक्कल गरी कागजमा कोर्ने हो । यसरी खुला हात उतारिएको नक्सा जस्ताको त्यस्तै उतार्न भने सकिँदैन । सामान्य आकार प्रकार मिले पुग्छ ।

हरेक नक्सा पूर्ण हुन कम्तिमा तिन आधारभूत कुरा हुनु आवश्यक हुन्छ । उत्तर दिशा, सङ्केत र स्केल वा नापो । तर हामीले खुला हातले कोर्ने नक्साहरूमा उत्तर दिशा र सङ्केत मात्र देखाउन सक्छौँ । नापोको प्रयोग गर्न सक्दैनौँ । कतिपय शिक्षकले प्रवेशिका परीक्षामा दिइने आयतको नापोलाई नै स्केल हो भन्ने गलत बुझेको देखिन्छ । सो आयतको नापो दिनुको उद्देश्य नेपालको नक्साको स्केल निर्धारण गर्नु नभएर सबै विद्यार्थीको नक्साको आकारमा एकरूपता होस् र मूल्याङ्कनमा सहजता होस् भनेर हो ।

(घ) नेपाल तथा विश्वको विभिन्न महत्त्वपूर्ण ठाउँहरूको विवरण तालिका प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई जोडीमा ती ठाउँहरू एटलसमा कस्ले छिटो पत्ता लगाउने भन्ने खेल खेल्न लगाउनहोस् । यसमा  प्रत्येक जोडीलाई पालैपालो गरी १५/१५ ओटा ठाउँ पत्ता लगाउन दिनुहोस् ।

(ङ) नक्सामा प्रयोग हुने विभिन्न सङ्केतहरूको सूची तालिका प्रदर्शन गर्दै सङ्केतहरूको विवरण प्रस्तुत गर्न र त्यसलाई उल्टो पारी राख्ने र विद्यार्थीहरूलाई पालैपालो ती सङ्केतहरू कालोपाटी वा  सेतो पाटीमा कोर्न लगाई सूची तालिकालाई सुल्टो पारी रूजु गर्न लगाउनुहोस् ।

(च) पाठ्य पुस्तकका क्रियाकलाप र अभ्यास  गृहकार्यमा दिने र दोस्रो दिन ४/५ जनालाई कालोपाटी वा  सेतो पाटीमा नक्सा कोर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(छ) नेपालको नक्सा कोर्न लगाउने र तथ्यहरू सङ्केतको प्रयोग गरी भर्न लगाउने,

(ज) विश्वको Outline नक्सामा विभिन्न तथ्यहरू सङ्केतको प्रयोग गरी भर्न लगाउने,

(झ) Mobile मा हुने google map जस्ता apps प्रयोग गरी ठाउँहरूको भ्रमण गर्नका लागि यी apps हरूको प्रयोग गर्न सिकाउनेहोस् ।

Draft

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषय वस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) नक्सा कार्य भनेको के हो ?

(ख) चित्र र नक्साको बिचमा के फरक छ ?

(ग) नेपालको नक्सा उतार्न सिक्नुको उद्देश्य के हो ?

(घ) पोखरादेखि काठमाडौँ कुन दिशातर्फ पर्दछ ?

(ङ) नेपालको दक्षिण पूर्वको तराई क्षेत्रमा भएका सहरहरूको नाम दिनुहोस् ।

(च) निम्न क्षेत्रहरू विश्वको कुन महादेशमा पर्दछन् भन्नुहोस्:

ब्रह्मपुत्र नदी, फिलिपिन्स, कारोकाटम शृङ्खला, कार्पेथियन शृङ्खला, नर्वे, डाउन्स घासेभूमि, आदि ।

(छ) नेपालको नक्सा बनाउने सम्बन्धमा यहाँहरूको विचार के हो ?

**शिक्षकका लागि** : विषय वस्तुको उद्देश्य अनुसार प्रस्तुत प्रश्नहरूको उत्तर आउँछ कि आउँदैन विचार गर्ने र राष्ट्रियतासँग गाँसेर आएको उत्तरलाई प्रोत्साहित गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू

**नक्सा कोर्ने विधिहरू**

- अभ्यास विधि **(Practicing Method):**

  "अभ्यासले नै मानिसलाई सक्षम बनाउँछ ।" (Practice makes a man Perfect ) र "कला हृदयदेखि नै आउँछ ।" (The art comes from Heart) भन्ने धारणाको माध्यमबाट नक्सा निर्माणको अभ्यास गर्न एउटा राम्रो सफा नेपालको नक्सा हेर्दै सादा कागजमा बिस्तारै नक्सा कोर्ने र बिग्रेको ठाउँमा मिलाउनुहोस् । यस्तो प्रक्रिया Free hand नक्सा कोर्न नसक्ने बेलासम्म दोहोऱ्याउन लगाउनुहोस् । ।

- **सार्ने विधि** (Coping Method ) : एउटा राम्रो र सफा नेपालको नक्सा तल र सफा कागजको माथि बिचमा carbon paper राख्ने र सिसा कलमले नेपालको नक्सा माथि लेख्ने र सिमानामा तल माथि भएका ठाउँहरू तथा ढल्काई याद गर्दै नक्सा बनाउन लगाउनुहोस् । ।

- ट्रेसिङ्ग विधि (Tracing Method): एउटा सफा ट्रेसिङ् पेपर नेपालको सफा र राम्रो नक्सा माथि राखी बिस्तारै सिमानामा तल माथि भएका ठाउँहरू तथा ढल्काई याद गर्न निर्देश गर्नुहोस् ।

- एउटा सफा र राम्रो नेपालको नक्सामा आफैँले Graph को निर्माण गर्ने र नक्सामा नेपालको सिमाना कुन कुन ग्राफ भित्र पर्दो रहेछ अवलोकान गर्न लगाउनुहोस् ।

Draft

- त्यस्तै समान नापका ग्राफ अर्को सादा कागजमा बनाउने र नेपालको नक्सा ग्राफमा जस्तै गरी कोर्ने अभ्यास गराउनुहोस् ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण सामग्रीहरू नेपालको नक्सा, विभिन्न रङहरू, नेपालको outline नक्सा, carbon paper, tracing paper, Multimedia Projector आदिको व्यवस्थापन गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** नेपालको नक्सा बनाउन प्रयास गर्ने, एटलसमा नेपालको नक्सामा भर्नुपर्ने तथ्यहरू खोज्ने, अभ्यासमा दिइएका प्रश्नहरूको उत्त्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्ययन सामग्रीहरू,
- www.googleearth.com

Draft

**पाठ ८ दुरी सम्बन्धी ज्ञान**

*अनुमानित घन्टी : १*

१. **सक्षमता**

नक्सामा नापो (Scale) को प्रयोग र दुरी सम्बन्धि ज्ञान

२. **सिकाइ उपलब्धि :** नक्सामा नापो (scale) को प्रयोग गरी नक्सामा दिइएका स्थानहरूको नापोको माध्यमबाट दुरी पत्ता लगाउन

३. **विशिष्ट उद्देश्यहरू**

यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) नक्सामा नापोको प्रयोग गर्नुपर्ने कारण बताउन

(ख) तिन प्रकारका नापो (स्केल) को परिचय दिन

(ग) आवश्यकता अनुसार तिनै नापोको प्रयोग गर्न

(घ) विभिन्न नापोमा खिचिएका नक्सा अध्ययन गर्न

(ङ) नक्सामा दिइएको नापो अनुसार ठाउँहरूको दुरी पत्ता लगाउन ।

४ **अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्ति**

(क) विभिन्न मापकको प्रयोग गरी तयार पारिएको नक्सा अध्ययन गर्नअग्रसरता देखाउने

(ख) समाजमा जग्गासम्बन्धी कुराहरू चल्दा नापो अनुसारको जग्गा छ कि छैन भनी अमिनले जग्गा नाप्दा आफूले पनि जान्न उत्सुकता देखाउने

(ग) आवश्यक परेमा वास्ताविक नाप अनुसारको जग्गा लालपुर्जामा देखाइएको छ छैन भनी अध्ययन गर्न सिकाउने ।

५. **शैक्षणिक सामग्री**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू( सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि),

विभिन्न नापोमा तयार पारेको कुनै ठाउँको नक्सा, (सकेसम्म आफ्नै ठाउँको भए राम्रो), जग्गाको नापीको नक्सा आदि ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

समाजमा रहँदा बस्दा जग्गाको साँध किल्लाका विषयमा विवाद हुने गर्दछ । हाम्रो समाजमा बस्ने मानिसहरूलाई नक्सामा स्केलको प्रयोग बारे सामान्य ज्ञान नहुँदा झै झगडा हुने गरेको छ । यस्ता घटनाहरूका बारेमा सुनाउँदै नापोको विषयमा ज्ञान प्रत्येकलाई हुन जरूरी छ र यस पाठबाट हामीले उक्त ज्ञानको आर्जन गर्न हुनाले ध्यान पूर्वक सिक्न उत्प्रेरित हुनुपर्छ भन्ने कुरा प्रस्ट पार्ने र निम्न क्रियाकलापहरू सञ्चालन् गर्ने :

Draft

(क) नक्सामा प्रयोग हुने नाप (स्केल) का परिभाषा अघिल्लो पाठमा गरिसकेकाले त्यसलाई पुनर्ताजगीकरण गर्न प्रश्न गर्ने र सही उत्तर आएपछि नक्सामा नापोको प्रयोग गर्नु पर्ने कारणहरू जस्तैः कुनै पनि वस्तुको आकार जस्ताको तस्तै कागतमा देखाउन नमिल्ने, पृथ्वीको सतहको नक्सा नापो अनुसार घटाउन र बढाउन मिल्ने, टेबलमा बसेर ठाउँहरूको बिच वास्तविक दुरी, दिशा र आकारका बारेमा प्रस्ट जानकरी प्राप्त गर्ने आदि अवाधारण छलफल विधिद्वारा प्रस्ट पार्नुहोस् ।

(ख) पाठमा दिइएको तिन प्रकारका नाप (स्केल) को परिचय व्याख्यान, प्रश्नोत्तर, वा छलफल विधि र प्रदर्शन विधिको माध्यमबाट प्रस्ट पारिदिनुहोस् ।

(ग) विभिन्न नापो (स्केल) मा खिचिएको नक्सा प्रदर्शन गर्ने र त्यसैको आधारमा प्रश्नोत्तर विधिको प्रयोग गरी ठुलो स्केल प्रयोग गर्दा सानो नक्सा र सानो स्केल प्रयोग गर्दा ठुलो नक्सा बन्दछ र सानो नक्सा बनाउँदा धेरै क्षेत्रका ठाउँहरू अटाउँदैन र नक्सा ठुलो बनाउँदा धेरै ठाउँ अटाउने भए पनि प्रस्ट देखिाद्यैन । त्यसैले कुन ठाउँ देखाउने हो त्यसको आवश्यकताअनुसार स्केलको प्रयोग गर्नु पर्दछ भन्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

(घ) दिइएको नक्साको नापको आधारमा विभिन्न ठाउँहरूको बिचको दुरी पत्ता लगाउन रुलरको प्रयोग गर्न लगाउने र नक्साको दुरीलाई दिइएको नापको आधारमा ती ठाउँहरूका वास्तविक दुरी पत्ता लगाउन सहजीकरण गर्ने ।

(ङ) पाठ्य पुस्तकको पेज न. १३४ मा दिइएका क्रियाकलापको १, २ र ३ छलफल गराउनुहोस् ।

## ७. प्रतिबिम्बन

मौखिक वा लिखित रूपमा निम्न प्रश्नहरूको विद्यार्थीहरूलाई सोधी पाठको उद्देश्य अनुरूप प्रतिबिम्बन गर्न सकिन्छ :

(क) दुरी भनेको के हो ?

(ख) कथानात्मक मापक र प्रतिनिधि भिन्नको बिचको फरक लेख्नुहोस् ।

(ग) चित्रात्मक मापन भनेको के हो ? एउटा चित्रात्मक मापकलाई कथानात्मक मापक र प्रतिनिधि भिन्न मापकमा परिणत गर्नुहोस् ।

(घ) विभिन्न नापमा खिचिएको नक्साको नापो (स्केल)को आधरामा विभिन्न ठाउँहरूको वास्तविक दुरी पत्ता लगाउनुहोस् ।

(ङ) आफ्नो जग्गाको लालपूर्जामा दिइएको क्षेत्रफल र नक्सामा दिइएको जग्गाको वास्तविक क्षेत्रफल मिल्छ कि मिल्दैन दिइएको नापोका आधारमा हिसाब गर्नु भएको छ ?

## ८. थप अध्ययन सामग्रीहरू

- पृथ्वी वा यसको कुनै अङ्गलाई बृहत आकारमा चित्रण गर्न असम्भव हुन्छ । नक्सामा यसलाई घटाइएको आकारमा देखाइन्छ । तसर्थ, कुनै वास्तविक आकारलाई बढाइएको अथवा घटाइएको आकारमा चित्रित गर्नु स्केल अनुसार चित्रण गर्न हो । नक्सा तब मात्र सही मान्न सकिन्छ, जब पृथ्वीको वास्तविक दुरीलाई नक्सामा कुनै उचित

Draft

मानिएको स्केलद्वारा देखाइन्छ । तसर्थ, पृथ्वीको वास्तविक दुरी तथा नक्सामा देखाइएको दुरीबिच एक अनुपातिक सम्बन्ध हुन्छ । यही वास्तविक दुरी र नक्साको दुरीबिचको अनुपातिक सम्बन्धलाई नै स्केल भनिन्छ ।

- तिन ओटा स्केलहरूमध्ये रेखात्मक स्केल बढी प्रचलनमा भएको पाइन्छ किनकि यो विधि अनुसार कुनै नक्सालाई फोटोद्वारा सानो वा ठुलो गर्नु छ भने स्केल पनि सोही अनुपातमा स्वयम् सानो र ठुलो हुन्छ  तर अरू स्केलमा यो सम्भव हुँदैन ।
- साधरणतया कथनात्मक स्केल बनाउँदा केही कठिनाई आउने हुनाले उक्त स्केल राख्नुपर्ने ठाउँमा प्रतिनिधि भिन्न स्केलको प्रयोग गरिन्छ किनकि इंच, फिट, गज तथा माइलका नाप इकाइ विभिन्न देशहरूमा आआफ्नै चलन भएकाले विश्वभरि कथनात्मक स्केल एउटै लागु गर्न गाह्रो हुन्छ ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि** : प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण सामग्रीहरू नेपालको नक्सा, विभिन्न नापोमा खिचिएको नेपालको नक्सा, विभिन्न नापोमा खिचिएको नक्सा, जग्गाको चार किल्ला छुट्याएको नक्सा आदिको व्यस्थापन गर्ने ।

(ख) **विद्यार्थीका लागि** : विभिन्न स्रोतबाट नक्साका बारेमा अध्ययन गर्ने, शिक्षकसँग अनुमति मागेर त्यसका बारेमा कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउने ।

## १०. सन्दर्भ सामग्रीहरू


- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- प्रयोगात्मक भूगोल, शम्भूमणि भण्डारी


Draft

## पाठ ९ एसिया : भौगोलिक तथा प्राकृतिक वातावरण

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

महाद्वीपहरूको भौगोलिक, सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय प्रस्तुति

२. **सिकाइ उपलब्धि :** एसिया महाद्वीपको प्राकृतिक अवस्थाको सङ्क्षिप्त परिचय दिन

३. **विशिष्ट उद्देश्यहरू :** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) भौगोलिक तथ्यका आधारमा एसिया महादेशको परिचय दिन

(ख) एसियाका धरातलीय स्वरूपका बारेमा बताउन

(ग) एसिया महादेशमा पर्ने शृङ्खलाहरू, उच्च समस्थलीहरू, मुख्य नदीहरू, मुख्य टापुहरू, मरूभूमिहरू आदिको सूची तयार पार्न

(घ) एसिया महादेशमा पाइने मुख्य हावापानीहरूको विशेषता बताउन

(ङ) विभिन्न हावापानीको क्षेत्रहरूको सूची तयार पार्न

(च) विभिन्न हावापानी क्षेत्रमा पाइने वनस्पतिको र तिनका विशेषताहरू बताउन ।

४. **अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्ति**

(क) विभिन्न धरातलीय स्वरूपको अध्ययनको आधारमा प्राकृतिक सम्पदाहरूको सम्मान र संरक्षण गर्न

(ख) एसियाका विभिन्न ठाउँहरूको नाम सुन्ने वित्तिकै ती ठाउँहरूका बारेमा अरू थप कुरा जान्न उत्सुकता देखाउने ।

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू (सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि)

एसियाको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, एसिया महादेशका मुख्य मुख्य ठाउँहरूको सूची तीलिका, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका आदि ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

नेपाल एसिया महादेशमा पर्दछ । नेपाल जस्तै थुप्रै देशहरू एसियामा पर्दछन् । जसरी एउटा जिल्लाको मानिसहरू देशभित्र एक ठाउँमा भेटघाट हुँदा नजिकिएको अनुभव हुन्छ । त्यस्तै गरी विदेशमा कही कतै नेपालीहरू भेट भएमा नेपाली भएका कारणले एक आपसमा नजिक भएको अनुभव गर्दछन् र सहयोग आदान प्रदान गर्दछन् । यसरी नै विभिन्न महादेशका मानिसहरू जम्मा भएको ठाउँमा एसिया महादेशका मानिसहरू भेटघाट भएमा उनीहरू पनि नजिकको अनुभूति गर्दछन् । एसियाका विभिन्न देशहरू हाम्रा असल छिमेकीहरू पनि हुन् । कतिपय देशहरूसँग त हाम्रो रहन सहन, भाषा, धर्म, संस्कृति तथा संस्कारहरू पनि मिल्दछ साथै

Draft

हावापानी तथा अन्य प्राकृतिक अवस्थाहरू पनि मिल्दछ । त्यसैले एसियाका बारेमा जान्नु बुझ्नु हाम्रो आजको आवश्यकता हो भन्ने कुरा सङ्गठित सिंहावलोकन (Structure Overview) विधिको प्रयोग गरी पाठप्रति उत्प्रेरणा जगाउनका लागि प्रेरणा प्रदान गर्न सकिन्छ । यसपछि निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

(क) भौगोलिक तथ्यहरू अवस्थिति (अक्षांश र देशान्तरको आधारमा), आकार (क्षेत्रफल, उत्तर दक्षिण र पूर्व पश्चिम फैलावटको आधारमा), सिमाना (पूर्व पश्चिम, उत्तर दक्षिण तथा सीमा क्षेत्र) र महादेशको अन्य आकर्षक तथ्यहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् ।

(ख) एसियाको धरातलीय स्वरूपको बारेमा व्याख्यान विधिको प्रयोग गरी छोटकरमा बताइदिनुहोस् ।

(ग) एसिया महादेशमा पर्ने पर्वत शृङ्खलाहरू, तालहरू  नदीहरू, मरूभूमिहरू, टापु तथा प्रायदीपहरू, उच्च समस्थलीहरू आदिको विवरणसहितको तालिका प्रदर्शन गरी सोका बारेमा बताइदिनुहोस् ।

(घ) ती ठाउँहरूलाई एटलसमा जोडीमा पत्त लगाउन प्रतिस्पर्धा गराई नक्सामा ती ठाउँहरू देखाउनुहोस् ।

(ङ) एसिया महादेशको हावापानी र वनस्पतिको विशेषतासहितको तालिका प्रस्तुत गर्दै व्याख्यान विधिको प्रयोग गरी विषय वस्तुलाई प्रस्ट पारिदिनुहोस् ।

(च) Google earth apps को प्रयोग गरी भएसम्मको ठाउँहरूको फोटो देखाउनुहोस् ।

(छ) क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूका सम्बन्धमा छलफल गराई विद्यर्थीहरूको जिज्ञासा समाधान हुने गरी बताइदिनुहोस् ।

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषय वस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) विश्वका सबै भन्दा ठुलो महादेश कुन हो ? यसले विश्वको कति क्षेत्रफल ओगटेको छ ?

(ख) यस महादेशमा पर्ने मुख्य हिम शृङ्खलाहरू र शिखरहरूको विवरण दिनुहोस् ।

(ग) एसियाको कुन क्षेत्रमा  मानिसहरूको बस्ती बाक्लो छ ?

(घ) भूमध्यरेखीय हावापानीको विशेषता के के हुन् ?

(ङ) यसमा कस्तो खालको वनस्पति पाइन्छ ?

(च) अमेरिकाको कुनै एउटा सहरमा जाँदा एसिया महादेशको कुनै मानिसहरू भेटिँदा तपाईंलाई कस्तो महसुस होला ?

छ) एसिया महादेश सबैभन्दा ठुलो महादेश हो भन्दा तपाईंका मनमा उब्जने सकारात्मक तथ्यहरू के के हुन् ?

Draft

## ८. थप अध्ययन सामग्रीहरू

- नेपाल, लाओस, भुटान, अफगानिस्तान, मङ्गोलिया, काजकिस्तान, उज्वेकिस्तान, ताजकिस्तान, किर्गिस्तान र तुर्किमेनिस्तान एसिया महादेशका भूपरिवेष्ठित राष्ट्रहरू हुन् ।
- एसियाको हिमालय पर्वतमाला तिब्बतको पामिरदेखि सुरू भएर नेपाल, भुटान, दक्षिण चीन, भारत आदि देशहरूमा फैलिएको छ । यो पर्वतमाला करिब २४०० कि. मी. लामो छ ।
- हिमालय पर्वतमाला बाहेक पामिर पर्वतमाला (ताजिकिस्तान, किर्किस्तान, अफगानिस्तान, पाकिस्तान र चीनमा फैलिएको), हिन्दकुस पर्वतमाला (मध्य अफगानिस्तानदेखि उत्तरी पाकिस्तानसम्म फैलिएको) काराकोरम पर्वतमाला (हिमालय पर्वतमालाको एक अंशको रूपमा रहेको पर्वतमाला मुख्यतय चीन, पाकिस्तान र भारतमा फैलिएको) कुनलुनशान पर्वतमाला (चीनको तिब्बत, किन्घाइ र जियानजिङ् प्रान्तमा करिब ३००० कि.मि.सम्म फैलिएका) आदि एसियाका प्रख्यात पर्वत मालाहरू हुन् ।




## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** प्रस्तुत पाठको अध्यापनका लागि चाहिने शिक्षण सामग्रीहरू एसियाको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, एसिया महादेशका मुख्य मुख्य ठाउँहरूको सूची तालिका, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका आदिको तयारी गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट एसियाका बारेमा अध्ययन गर्ने, त्यसका बारेमा शिक्षकसँग अनुमति मागेर कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएको प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउने ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्ययन सामग्रीहरू
- बृहत् ज्ञानकोश (लेखक - ज्ञानेश्वर भट्टराई)

Draft

## पाठ १०　　एसिया आर्थिक क्रियाकलाप र सामाजिक जीवन

*अनुमानित घन्टी २*

१. **सक्षमता**

एसिया महादेशको सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय प्रस्तुति ।

२. **सिकाइ उपलब्धि :** एसिया महादेशको सामाजिक जन जीवन तथा आर्थिक क्रियाकलापको परिचय दिन ।

३. **विशिष्ट उद्देश्य**

(क) आर्थिक क्रियाकलाप र सामाजिक जीवनका आधारमा एसियालाई विभिन्न क्षेत्रमा विभाजन गरी अध्ययन गर्न

(ख) विभिन्न क्षेत्रको भौगोलिक अवस्थ र त्यसको जन जीवनमा पारेको प्रभाव बताउन

(ग) विभिन्न क्षेत्रको जनसङ्ख्याको स्थिति र आर्थिक क्रियाकलापको सामान्य तुलनात्मक अध्ययन गर्न

(घ) विभिन्न भौगोलिक क्षेत्रमा पर्ने देशहरूको सूची तयार पार्न

(ङ) एसिया महादेशमा पर्ने भूपरिवेष्ठित देशहरूको सूची तयार पार्न

(च) एसियाको नक्सामा तथ्यहरू भर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्ति**

(क) आफ्नो क्षमताको पहिचान गरी उक्त क्षमताको उपयोग गरी अगाडि बढ्ने

(ख) विभिन्न ठाउँको जन जीवन बारे बुझ्न उत्सुकता देखाउने

(ग) एसियामा विभिन्न देशहरूमा बस्ने मानिसहरूसँग सम्पर्क बढाउन प्रयास गर्ने ।

५. **शैक्षणिक सामग्रीहरू**

एसियाको राजनीतिक नक्सा, एसियाका भूपरिवेष्ठित राष्ट्रहरूको सूची, विभिन्न क्षेत्रहरूमा पर्ने देशहरूको सूची, एसिया महादेशमा बसोबास गर्ने मानिसहरूको जन जीवन देखाउने दृश्य सामग्री, एटलस

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) एसियाका विभिन्न क्षेत्रहरूमा बस्ने मानिसहरूको सामाजिक रहन सहन देखाउने छोटो दृश्य सामग्री देखाउने र विभिन्न ठाउँको रहन सहन बुझ्न विद्यथार्हिरूलाई उत्प्रेरित गर्नुहोस् ।

वा (सम्बन्ध नभएमा)

(क) एसियाका विभिन्न क्षेत्रमा बसोबास गर्ने मानिसहरूको रहन सहन बारे रोचक कथा, लेख रचना, भनाइहरू प्रस्तुत गरी विभिन्न ठाउँको जन जीवन बारेमा बुझ्न उत्सुकता बढाउनुहोस् ।

Draft

(ख) कक्षाका सबै विद्यार्थीहरूलाई छ समूहमा विभाजन गरी प्रत्येक समूहलाई एउटा क्षेत्रका बारेमा छलफल गरी विषय वस्तु सङ्कलन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरू छलफल गरिरहेका बेलामा हल्ला कम होस् भन्नका लागि बिच बिचमा पृष्ठपोषण दिइरहने । यसै क्रममा विद्यार्थीहरूले खोज्नु पर्ने विषय वस्तुहरू जस्तै विभिन्न क्षेत्रमा पर्ने देशहरूको सूची, मुख्य हावापानी र त्यसको जन जीवनमा परेको प्रभाव, आर्थिक क्रियाकलाप तथा अन्य कुराहरू उच्चारण गरिरहने र आफूले लिएर गएको शैक्षणिक सामग्रीको सहायताले विद्यार्थीहरूको जिज्ञासा सम्बोधन गर्नुहोस् ।

(घ) छलफलका क्रममा सम्बोधन गर्न नसकेका जिज्ञासाहरूको सूची तयार गरी अर्को दिन विभिन्न स्रोत सामग्रीहरूको अध्ययन गरी आवश्यक विषय वस्तु दिनुहोस् ।

(ङ) प्रत्येक समूहका समूह नेतालाई समूहमा छलफल गरी तयार गरेको विषय वस्तु प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

(च) क्रियाकलाप एकमा दिइएको तालिका विभिन्न स्रोत सामग्रीहरू अध्ययन गरी पुरा गर्ने र कक्षा कोठामा झुन्डाएर राख्नुहोस् ।

(छ) क्रियाकलाप २ भूपरिवेष्ठित देशहरूको सूची तालिका र एसियाको नक्सा प्रदर्शन गरी थप प्रस्ट पारिदिनुहोस् ।

(ज) क्रियाकलाप ३, ४ र ५ छलफल विधिको प्रयोग गरी प्रस्ट पार्दै प्रश्न नं. ६ का लागि विद्यार्थीहरूलाई २/२ जनाका बिचमा एउटा एटलस राख्न लगाई कसले पहिला ठाउँ पत्ता लगाउने प्रतिस्पर्धात्मक खेल खेलाउनुहोस् र सोही प्रश्न गृहकार्यका रूपमा दिनुहोस् ।

**७. प्रतिबिम्बन**

(क) विद्यार्थीहरूले समूहमा छलफल गर्दा सामूहिक भावनाको विकास, अरूको विचारको सम्मान, आफ्नो विचारको तर्कसहित प्रस्तुति, कुनै एकको विचारलाई सामूहिक विचारमा परिणत आदि गर्दछन् । यसका आधारमा सामाजिकीकरणको स्थितिको निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी प्रतिबिम्बन गर्नुहोस् ।

| **क्र.स.** | **विद्यार्थीको नाम** | **मूल्याङ्कनका क्षेत्र** | | | |
|---|---|---|---|---|---|
| | | **सामूहिक भावनाको विकास** | **अरूको विचारको सम्मान** | **आफ्नो विचारको तर्कसहित प्रस्तुति** | **जम्मा** |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

धेरै राम्रो ३, राम्रो २ , सुधार गर्नु पर्ने १

Draft

(ख) विद्यार्थीहरूले छलफल गरिसकेपछि समूह नेतालाई विषय वस्तु प्रस्तुत गर्न लगाउनुहोस् र निम्न श्रेणी मापन तालिकाको प्रयोग गरी विद्यार्थीको नेतृत्व विकासको स्थिति प्रतिविम्बन गर्नुहोस् ।

समूह नेताको नाम :___________________________समूह : ____________

| क्र.सं. | मुल्याङ्कनका क्षेत्र | धेरै राम्रो<br>४ | राम्रो<br>३ | सुधार गर्नुपर्ने<br>२ |
|---|---|---|---|---|
| २ | नेतृत्व शैली | | | |
| ३ | विषय वस्तुको प्रस्तुति | | | |
| ४ | सिलसिलेवार | | | |
| ५ | समापन | | | |
| जम्मा | | | | |

(ग) निम्न प्रश्नहरू गरी विषय वस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. दक्षिण पूर्वी एसियामा पर्ने देशहरूको नाम बताउनुहोस् ।

२. मध्य पश्चिम एसियामा कस्तो हावापानी पाइन्छ ?

३. उँटलाई मरूभूमिको जहाज किन भनिन्छ ?

३. दक्षिण एसियामा पौराणिक कालदेखि नै बाक्लो बस्ती रहनुको कारण के होला ?

४. पूर्वी एसिया किन बढी विकसित छ ?

## ८. थप अध्ययन सामग्री

(क) उत्तरी एसियामा मानिसहरू मुख्यत कृषि, उद्य्योग र व्यापारमा संलग्न छन् ।

(ख) यस क्षेत्रको समशीतोष्ण घाँसे भूमिलाई स्टेपी भनिन्छ । यो घाँसे भूमि पशु पालनका लागि उपर्युक्त हुने मानिन्छ ।

(ग) दक्षिण पश्चिम एसियामा मरूस्थलीय हावापानीका कारणले विकासमा पछि परे तापनि पेट्रोलियम पदार्थको उत्खनन भएपछि पेट्रोलियम पदार्थको निर्यात हुन थाल्यो । त्यसपछि यस क्षेत्रका देशहरू विकसित हुन थालेका छन् । साउदयी अरेबिया, त्यस क्षेत्रको सबैभन्दा बढी तेल निर्यात गर्ने देश हो । त्यसैले यहाँ धेरै घना आवादी छ ।

घ) एसियाको १/६ भूभाग कृषिमा उपयोग गरिएको छ ।

Draft

(ङ) नेपाल, लाओस, भुटान, अफगानिस्तान, मङ्गोलिया, काजकिस्तान, उज्जेकिस्तान, लाजकिस्तान, किर्गिस्थान, तुर्किमेनिस्तान एसियाका भूपरिवेष्ठित देशहरू हुन् ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** एसियाको राजनीतिक नक्सा, एसियाका भूपरिवेष्ठित राष्ट्रहरूको सूची, विभिन्न क्षेत्रहरूमा पर्ने देशहरूको सूची, एसिया महादेशमा बसोबास गर्ने मानिसहरूको जन जीवन देखाउने चल दृश्य सामग्री, एटलस व्यवस्थापन गर्ने ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट एसियाको सामाजिक जन जीवनबारेमा अध्ययन गर्ने, त्यसका बारेमा शिक्षकसँग अनुमति मागेर कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउने ।

## १०. सन्दर्भ सामग्रीहरू


- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर


Draft

## पाठ ११ युरोप : भौगोलिक तथा प्राकृतिक वातावरण

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

महाद्वीपहरूको भौगोलिक, सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय प्रस्तुति ।

२. **सिकाइ उपलब्धि :** युरोप महाद्वीपको प्राकृतिक अवस्थाको सङ्क्षिप्त परिचय दिन ।

३. **विशिष्ट उद्देश्यहरू :** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) भौगोलिक तथ्यका आधारमा युरोप महादेशको परिचय दिन

ख) युरोप महादेशका धरातलीय स्वरूपको बारेमा बताउन

(ग) युरोप महादेशमा पर्ने शृङ्खलाहरू, उच्च समस्थलीहरू, मुख्य नदीहरू, प्रायद्विपहरू आदिको सूची तयार पार्न

(घ) युरोप महादेशमा पाइने मुख्य हावापानीहरूको विशेषता, बताउन

(ङ) विभिन्न हावापानी क्षेत्रमा पाइने वनस्पतिको र तिनको विशेषताहरू बताउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) विभिन्न धरातलीय स्वरूपको अध्ययनको आधारमा प्राकृतिक सम्पदाहरू सम्मान र संरक्षण गर्ने

(ख) युरोप महादेशका विभिन्न ठाउँहरूको नाम सुन्ने बित्तिकै ती ठाउँहरूका बारेमा अरू थप कुरा जान्न उत्सुकता देखाउने ।

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू( सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि)

युरोप महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, युरोप महादेशका मुख्य मुख्य ठाउँहरूको सुची तालिका हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका आदि ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

युरोप महादेश एक विकसित महादेश हो । यहाँका मानिसहरू मेहेनेती, सिर्जनशील, बफदार, लगनशील भएकै कारण यो सम्भव भएको हो । युरोपियनहरूसँग हामीले धेरै कुरा सिक्न सक्दछौँ । युरोपेली राष्ट्रहरूले नेपाललाई विकासका धेरै क्षेत्रहरूमा सहयोग गर्दै आइरहेका छन् । त्यसैले युरोप महादेशका बारेमा सङ्क्षिप्त जानकारी यस पाठबाट हामीले प्राप्त गर्न सक्दछौँ भन्ने कुरा सङ्गठित सिंहावलोकेन (Structure Overview) विधिको प्रयोग गरी पाठप्रति उत्प्रेरणा जगाउनका लागि प्रेरणा प्रदान गर्न सकिन्छ । यसपछि निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

Draft

(क) भौगोलिक तथ्यहरू अवस्थिति (अक्षांश र देशान्तरको आधारमा), आकार (क्षेत्रफल, उत्तर दक्षिण र पूर्वपश्चिम फैलावटको आधारमा), सिमाना (पूर्व पश्चिम, उत्तर दक्षिण तथा सीमा क्षेत्र) र महादेशको अन्य आकर्षक तथ्यहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् । "युरोप प्रायद्वीपहरूको पनि प्रायद्वीप हो" भन्ने कुरालाई पनि व्याख्यान विधिको प्रयोग गरेर प्रस्ट पार्ने

(ख) युरोप महादेशको धरातलीय स्वरूपको बारेमा व्याख्यान विधिको प्रयोग गरी छोटकरीमा बताइदिनुहोस्

(ग) युरोप महादेशमा पर्ने पर्वत शृङ्खलाहरू, तालहरू, नदीहरू, प्रायद्वीपहरू, उच्च समस्थलीहरू आदिको विवरण सहितको तालिका प्रदर्शन गरी सोका बारेमा बताइदिनुहोस् ।

(घ) प्रतिस्पर्धा गराई यी ठाउँहरू जोडीमा एटलसबाट पत्ता लगाउन र नक्सामा ती ठाउँहरू देखाउन लगाउनुहोस् ।

(ङ) युरोप महादेशको हावापानी र वनस्पतिको विशेषतासहितको तालिका प्रस्तुत गर्दै व्याख्यान विधिको प्रयोग गरी विषय वस्तुलाई प्रस्ट पारिदिनुहोस् ।

(च) Google earth को प्रयोग गरी भएसम्मको ठाउँहरूको फोटो देखाइदिनुहोस् ।

(छ) क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको छलफल गराई सही उत्तरमा अभ्यस्त बनाउनुहोस् ।

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषय वस्तु, मूल्य मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) छैटौँ ठुलो महादेश कुन हो ? यसले विश्वको कति क्षेत्रफल ओगटेको छ ?

(ख) यस महादेशमा पर्ने मुख्य हिम शृङ्खलाहरू र शिखरहरूको विवरण दिनुहोस् ।

(ग) युरोप महादेशको कुन क्षेत्रमा मानिसहरूको बस्ती बाक्लो छ ?

(घ) भूमध्यसागरीय हावापानीका विशेषता के के हुन् ?

(ङ) यसमा कस्ता खालका वनस्पति पाइन्छन् ?

## ८. थप अध्ययन सामग्रीहरू

- अस्ट्रिया, हङ्गेरी, स्विटजरल्यान्ड, बेलारूस, लक्जम्बर्ग, अन्डोरा, लिएचस्टेन्टाइन, मोनाको, सानमारिनो, भ्यटिकन सिटी, स्लोभाकिया, बेल्जियम, आर्मेनिया, अजरबैजान, मेसोडोलिया र चेक गणतन्त्र युरोपका भूपरिवेष्ठित देशहरू हुन् ।

- आल्पस पर्वतमाला युरोपको मुख्य पर्वतमाला हो । यो पूर्वमा अष्ट्रिया, स्लोभोनियादेखि इटाली, स्विजरल्यान्ड, लिच्टेन्स्टिन,जर्मनी, फ्रान्स, मोनाको सम्म फैलिएको छ ।

Draft

- युरोप महादेश ३९° उत्तरी अक्षांशदेखि ७१° उत्तरी अक्षांशसम्म फैलिएकाले यहाँको धेरै भूभाग समशीतोष्ण क्षेत्रमा पर्दछ र केही भुभाग ध्रुवीय क्षेत्रमा पर्दछ । त्यसैले युरोपको अधिकांश क्षेत्रमा समशीतोष्ण हावापानी पाइन्छ ।

- युरोपको दक्षिणमा आल्पस पर्वतमाला पर्दछ र मध्य भागमा होचो समथर भूमि छ । आल्पस पर्वतमाला मध्य भागमा होचो समथर भूमिभन्दा भूमध्यरेखाको नजिक पर्ने भएतापनि उचाइको कारणले यहाँको हावापानी मध्य भाग भन्दा चिसो खालको छ ।

- युरोपको पश्चिमी तटीय क्षेत्रमा ठन्डा समशीतोष्ण सामुद्रिक हावापानी र पूर्वी क्षेत्रमा विषम हावापानी पाइन्छ । तसर्थ, अवस्थिति, धरातलीय स्वरूप, समुद्रदेखिको दुरी आदिले युरोपको हावापानीमा प्रभाव पार्दछ ।

- न्यानो उत्तर आन्ध्रमहासागरीय प्रवाह (North Atlantic Drift) का कारण पश्चिम युरोपमा न्यानो हावापानी छ किनकि न्यानो सामुद्रिक धारमाथि हावा न्यानो हुन्छ ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** युरोप महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, युरोप महादेशका मुख्य मुख्य ठाउँहरूको सूची तालिका, हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका प्रस्तुत गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट युरोपको प्राकृतिक वातावरणको बारेमा अध्ययन गरी शिक्षकसँग अनुमति मागेर त्यसको बारेमा कक्षामा साथीहरूलाई बताउने र अभ्यासमा दिइएका तथा शिक्षकले दिनुभएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू


- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर

- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

## पाठ १२ युरोप आर्थिक तथा सामाजिक जीवन

*अनुमानित घन्टी २*

**१. सक्षमता**

युरोप महादेशको सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय प्रस्तुति ।

२. **सिकाइ उपलब्धि** : युरोप महादेशको सामाजिक जन जीवन तथा आर्थिक क्रियाकलापको परिचय दिन ।

**३. विशिष्ट उद्देश्यहरू**

(क) युरोपियनहरूको सामाजिक जनजीवनका बारेमा बताउन

(ख) युरोपेली वैज्ञानिक, दार्शनिक, कलाकार, साहित्यकार आदिको नाम बताउन

(ग) युरोपेलीहरूको आर्थिक क्रियाकलापको बारेमा सामान्य जानकारी दिन

(घ) युरोपेलीहरू अरूभन्दा विकसित हुनुका कारण बताउन ।

**४. अपेषित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) मेहनती र सिर्जनशील हुने

(ख) विभिन्न नयाँ कुराहरू पत्ता लगाउन जिज्ञासु हुने

(ग) कुनै पनि कामलाई सम्मान गर्ने ।

**५. शैक्षणिक सामग्रीहरू**

एटलस, ग्लोब, युरोपको राजनीतिक नक्सा, विभिन्न आर्थिक क्रियाकलाप झल्कने चित्र, सामाजिक तथा आर्थिक क्रियाकलापसँग सम्बन्धित दृश्य सामग्रीहरू । युरोप महादेशका विभिन्न व्यक्तितत्वहरूको कार्यहरूको सूची ।

**६. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) मेहेनती तथा सिर्जनशील मानिसहरू देश विकासका लागि नभई नहुने मानिसहरू हुन् । यस्ता मनिसहरू इमानदार र स्वावलम्बी हुन्छन् । उनीहरूलाई सबैले प्रशंसा गर्दछन् । उनीहरू जहिले पनि अरूभन्दा अगाडि हुन्छन् । युरोपियनहरूसँग यी गुण भएका हुनाले युरोपियन राष्ट्रहरू विकसित छन् । यस्ता राष्ट्रहरूका मानिसहरूसँगबाट हामी नेपालीहरूले धेरै कुराहरू सिक्न सक्दछौं । त्यसैले यस पाठमा हामीहरू युरोपियनहरूको आर्थिक तथा सामाजिक जीवनका बारेमा सामान्य जानकारी लिन्छौं र आजदेखि नै युरोपियनहरूजस्तै मेहनती र सिर्जनशील हुने प्रयास गर्दछौं । यस्तै खालको अभिव्यक्तिहरू प्रस्तुत गर्दै विद्यार्थीहरूमा पाठ जान्नका लागि उत्प्रेरणा जगाउने प्रयास गर्नुहोस् ।

(ख) युरोपेली वैज्ञानिक, अन्वेषक, कलाकार, साहित्यकार आदिको कामको सूची प्रदर्शन गरी सोका बारेमा जानकारी गराउनुहोस् ।

Draft

(ग) युरोपमा हुने आधुनिक तथा व्यावसायिक खेतीपाती र पशु पालनका बारेमा जानकारी गराई खेतीपाती पशु पालनबाट पनि मानिसहरू धनी बन्न सक्दछन् भन्ने कुरा व्याख्यान विधिद्वारा प्रस्ट पार्नुहोस् ।

(घ) छलफल विधिको प्रयोग गरी युरोपियनहरूको आर्थिक क्रियाकलापहरू जस्तै व्यापार उद्य्योग, पर्यटन र माछापालनको बारेमा प्रस्ट पार्नुहोस् ।

(ङ) आर्थिक विकासका विभिन्न क्षेत्रहरू जस्तैः कृषि, उद्य्योग, व्यापार, सेवा, पर्यटन आदिसँग सम्बन्धित कामहरू प्रति सकारात्मक भई देश विकासमा जुट्न विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने खालका सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने । जस्तैः युरोपियनहरूले आधुनिक कृषि प्रणाली अवलम्बन गरी थोरै मानिसबाटै धेरै उत्पादन गर्न सफल भएको विषय वस्तुको रोचक प्रस्तुति गर्ने, कृषिको विकासबाटै पनि देशको विकास हुन्छ भन्ने कुरा प्रस्ट पार्ने । यसरी नै पुशपालन उद्य्योग, पर्यटन, माछापालन आदिको व्याख्या गर्नुहोस् ।

(च) क्रियाकलाप १, २, ३, ५ र ६ छलफल गरी उत्तर लेख्नुहोस् ।

(छ) क्रियाकलाप ४ र ५ गृहकार्य दिने र विभिन्न स्रोत अध्ययन सामग्रीहरू प्रयोग गरी देखाउन लगाउनुहोस् ।

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू गरी विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

- "आर्थिक प्रगति र आधुनिकताका दृष्टिले युरोप महादेश ज्यादै विकसित छ ।" यो भनाइलाई पुष्टि पार्नुहोस् ।
- हावापानीले मानिसलाई कसरी मिहिनेती र सिर्जनशील बनाउँछ ?
- समशीतोष्ण घाँसे मैदानलाई संसारकै अन्न भण्डार भनेर किन भनिन्छ ?
- युरोपियनहरूले कामलाई सम्मान गर्दछन् ? कसरी भन्न सकिन्छ ?
- युरोपियनहरूसँग सम्बन्ध विस्तार गर्न के गर्नु पर्ला ?

## ८. थप अध्ययन सामग्रीहरू

- ठन्डा समशीतोष्ण सामुदायिक हावापानी प्रायः स्वस्थकर हुने हुँदा युरोपमा यसको प्रभावका कारण मानिसहरू मेहनती र सिर्जनशील हुन्छन् । विशेष गरी यो हावापानी अन्य क्षेत्रमा जस्तो विषम खालको हुँदैन । यस क्षेत्रमा गर्मी र जाडो याममा मध्यम खालको हावापानी रहन्छ । अन्यत्र जस्तो गर्मीमा धेरै गर्मी र जाडोमा धेरै जाडो भएर काम गर्न नसकिने खालको हावापानी छैन ।
- युरोपियन वैज्ञानिक, कलाकार र साहित्यकारहरू मानवतावादी थिए किनकि उनीहरूले मानवतालाई बढी जोड दिएका थिए ।

Draft

- दाँत (Alighieri Dante) ले टुस्कान भाषामा डाइभिन कमेडी (Divine comedy) नामक कृति मार्फत त्यहाँका ठुलाबडा र तिनका जीवन शैलीप्रति व्यङ्ग्य गर्दै सर्वसाधारणलाई चेतना प्रदान गर्न सहयोग गरेका थिए ।




- भास्को दा गामा (Vasco Da Gama) ले भारत र मार्को पोलो (Marco Polo) ले चीन पत्ता लगाएका हुन् ।
- एलिगेँरी दाँते, पेट्रार्क निकोलो, जोफेरि चाउसर, थोमाश मोर फ्रेन्सिस बेकन, वीलियम सेक्सिपयर आदि युरोपका प्रसिद्ध साहित्यकारहरू हुन् ।
- लियोनार्दो दा भिन्ची, माइकल एन्जेलो राफियल आदिले कला क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** एटलस, ग्लोब, युरोपको राजनीतिक नक्सा, विभिन्न आर्थिक क्रियाकलाप झल्कने चित्र, सामाजिक तथा आर्थिक क्रियाकलापसँग सम्बन्धित दृश्य सामग्रीहरू, विभिन्न व्यक्तित्वहरूको कार्यहरूको सूची तयारी गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट युरोपको सामाजिक जन जीवनका बारेमा अध्ययन गर्ने, शिक्षकसँग अनुमति मागेर त्यसको बारेमा कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएका प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

Draft

## पाठ १३ अष्ट्रेलिया : भौगोलिक तथा प्राकृतिक वातावरण

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

महाद्वीपहरूको भौगोलिक, सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय प्रस्तुति

२. **सिकाइ उपलब्धि** : अष्ट्रेलिया महाद्वीपको प्राकृतिक अवस्थाको सङ्क्षिप्त परिचय दिन

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) भौगोलिक तथ्यका आधारमा अष्ट्रेलिया महादेशका परिचय दिन

(ख) अष्ट्रेलिया महादेशका धरातलीय स्वरूपको बारेमा बताउन

(ग) अष्ट्रेलिया महादेशमा पर्ने शृङ्खलाहरू, उच्च समस्थलीहरू, मुख्य नदीहरू, प्रायद्वीपहरू आदिको सूची तयार पार्न

(घ) अष्ट्रेलिया महादेशमा पाइने मुख्य हावापानीहरूका विशेषता बताउन

(ङ) विभिन्न हावापानी क्षेत्रमा पाइने वनस्पति र तिनको विशेषताहरू बताउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) विभिन्न धरातलीय स्वरूपको अध्ययनको आधारमा प्राकृतिक सम्पदाहरू सम्मान र संरक्षण गर्ने

(ख) अष्ट्रेलिया महादेशका विभिन्न ठाउँहरूको नाम सुन्ने बित्तिकै ती ठाउँहरूको बारेमा अरू थप कुरा जान्न उत्सुकता देखाउने

५. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग गरिने शैक्षणिक सामग्रीहरू(सेतो पाटी, मार्कर, पाठ्य पुस्तक, डस्टर आदि)।

अष्ट्रेलियामहादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, अष्ट्रेलियामहादेशका मुख्य मुख्य ठाउँहरूको सूची तालिका हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका आदि ।

६. **क्रियाकलाप**

अष्ट्रेलिया महादेश एक विकसित महादेश हो । यहाँका मानिसहरू मेहेनेती तथा लगनशील भएकै कारण यो सम्बभ भएको हो । अष्ट्रेलियनहरूसँग हामीले धरै कुरा सिक्न सक्दछौ । अष्ट्रेलियाले नेपाललाई विकासका धेरै क्षेत्रहरूमा सहयोग गर्दै आइरहेको छ । त्यसैले अष्ट्रेलिया महादेशका बारेमा सङ्क्षिप्त जानकारी लिनु आवश्यक छ । यस पाठबाट हामीले अष्ट्रेलियाको प्राकृतिक वातावरणका बारेमा सङ्क्षिप्त जानकारी प्राप्त गर्न सक्दछौ भन्ने कुरा सङ्गठित सिंहावलाकेन (Structure Overview) विधिको प्रयोग गरी पाठप्रति उत्प्रेरणा जगाउनका लागि प्रेरणा प्रदान गर्न सकिन्छ । यसपछि निम्न क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

Draft

(क) भौगोलिक तथ्यहरू अवस्थिति (अक्षांश र देशान्तरका आधारमा), आकार (क्षेत्रफल, उत्तर दक्षिण र पूर्वपश्चिम फैलावटको आधारमा), सिमाना (पूर्व पश्चिम, उत्तर दक्षिण तथा सीमा क्षेत्र) र महादेशको अन्य आकर्षक तथ्यहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पारिदिनुहोस् ।

(ख) अष्ट्रेलिया महादेशको धरातलीय स्वरूपका बारेमा व्याख्यान विधिको प्रयोग गरी छोटकरमि बताइदिनुहोस् ।

(ग) अष्ट्रेलिया महादेशमा पर्ने पर्वत शृङ्खलाहरू, तालहरू, नदीहरू, टापुहरू, उच्च समस्थलीहरू आदिको विवरणसहितको तालिका प्रदर्शन गरी सोका बारेमा बताइदिनुहोस् ।

(घ) प्रतिस्पर्धा गराई यी ठाउँहरू जोडीमा एटलसबाट पत्ता लगाउन र नक्सामा ती ठाउँहरू देखाउन लगाउनुहोस् ।

(ङ) अष्ट्रेलियामहादेशको हावापानी र वनस्पतिको विशेषतासहितको तालिका प्रस्तुत गर्दै व्याख्यान विधिको प्रयोग गरी विषय वस्तुलाई प्रस्ट पारिदिनुहोस् ।

(च) Google earth को प्रयोग गरी सम्भव भएसम्मको ठाउँहरूको फोटो देखाइदिनुहोस् ।

(छ) क्रियाकलाप र अभ्यासमा दिइएका प्रश्नहरूको छलफल गरी उत्तर भनिदिनुहोस् ।

## ७. प्रतिबिम्बन

(क) विश्वको सबभन्दा सानो महादेश कुन हो ? यसले विश्वको कति क्षेत्रफल ओगटेको छ ?

(ख) यस महादेशमा पर्ने मुख्य हिमशृङ् खलाहरू र शिखरहरूको विवरण दिनुहोस् ।

(ग) युरोप महादेशको कुन क्षेत्रमा मानिसहरूको बस्ती बाक्लो छ ?

(घ) उष्ण मौसमी हावापानीको विशेषता के के हुन् ?

(ङ) यहाँ कस्तो खालको वनस्पति पाइन्छ ?

## ८. थप अध्ययन सामग्रीहरू

- अष्ट्रेलिया महादेश १०° दक्षिणी अक्षांशदेखि ४०° दक्षिण अक्षांशसम्म फैलिएकाले यहाँको धेरैजसो भूभाग उष्ण क्षेत्रमा पर्दछ । केही भूभाग समशीतोष्ण क्षेत्रमा पर्दछ । त्यसैले अष्ट्रेलियाको अधिकांश क्षेत्रमा उष्ण हावापानी र केही क्षेत्रमा समशीतोष्ण हावापानी पाइन्छ ।


- नेपाल र अष्ट्रेलिया दुई भिन्न गोलार्धमा पर्ने हुनाले फरक समयमा फरक मौसमी अवस्था रहन्छ । जस्तै नेपालमा हिउँद हुँदा अष्ट्रेलियामा ग्रीष्म र नेपालमा ग्रीष्म हुँदा अष्ट्रेलियामा हिउँद हुन्छ ।

- अष्ट्रेलियाको मध्य भागको होचो मैदानी खण्डलाई निम्न तिन भागमा बाँडिएको छ :

  (क) उत्तरमा कार्पेन्टरियाको होचो भूभाग (यो कार्पेन्टरिया खाडीको )

Draft

(ख) बिचमा लेक आयर बेसिन (यो लेक आयर वरिपरिको होचो भूभाग) हो ।




(ग) दक्षिणमा मुरे डार्लिङ् बेसिन (यो मुरे डार्लिङ नदीको बेसिन) हो ।

- अष्ट्रेलियाको मध्य भागको मैदानी भूभाग बिचमा अग्लो र उत्तर दक्षिणतर्फ होचो छ त्यसैले यहाँका नदीहरू बिच भागबाट उत्तर दक्षिणतर्फ बगेको देखिन्छ ।

## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** अष्ट्रेलिया महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, अष्ट्रेलिया महादेशका मुख्य मुख्य ठाउँहरूको सूची तालिका हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका आदि तयारी गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट अष्ट्रेलियाको सामाजिक जन जीवनका बारेमा अध्ययन गर्ने, शिक्षकसँग अनुमति मागेर त्यसको बारेमा कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएको प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

Draft

## पाठ १४ अस्ट्रेलिया : आर्थिक क्रियाकलाप र सामाजिक जन जीवन

*अनुमानित घन्टी : २*

**१. सक्षमता**

अस्ट्रेलिया महादेशको सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय प्रस्तुति ।

**२. सिकाइ उपलब्धि** : अस्ट्रेलिया महादेशको सामाजिक जन जीवन तथा आर्थिक क्रियाकलापको परिचय दिन ।

**३. विशिष्ट उद्देश्यहरू**

(क) अष्ट्रेलियनहरूको बारेमा सामान्य जानकारी दिन

(ख) अष्ट्रेलियाको खेतीपाती र पशु पालनको बारेमा बताउन

(ग) अष्ट्रेलियाको उद्योग धन्दा र खानीका बारेमा बताउन

(घ) अष्ट्रेलियाको विद्युत र पर्यटनका बारेमा बताउन ।

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) अनुकूल वातावरण नहुँदा पनि आफ्नो प्रगतिमा अघि बढिरहने

(ख) कुनै पनि कामको सम्मान गर्ने

(ग) कुनै पनि ठाउँको बारेमा जान्न उत्सुक हुने ।

**५. शैक्षणिक सामग्री**

अष्ट्रेलियाको राजनीति नक्सा, एटलस, मेसिनद्वारा काम गरिरहेको चित्र, अष्ट्रेलियाको पशु पालनको चित्र, कुनै उद्योगको चित्र, अष्ट्रेलियाको सामाजिक जन जीवन र आर्थिक क्रियाकलाप सम्बन्धी कुनै दृश्य सामग्री आदि ।

**६. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) भौगोलिक वातावरण अनुकुल नभए पनि अष्ट्रेलिया आर्थिक उन्नतिमा अत्यन्तै राम्रो भएको प्रसङ्गलाई अष्ट्रेलियनहरूको लगनशीलतासँग जोड्दै कथाकथन विधिको प्रयोग गरी अष्ट्रेलियाको सामाजिक तथा आर्थिक जन जीवन अध्ययनका लागि विद्यार्थीहरूमा उत्सुकता जगाउनुहोस् ।

(ख) प्रस्तुत पाठमा दिइएको पहिलो अनुच्छेदको आधारमा व्याख्यान विधिको प्रयोग गरी अष्ट्रेलियनहरूको बारेमा सामान्य जानकारी दिनुहोस् ।

(ग) खेतीपाती तथा भेडा पालन अन्तर्गत दिइएको विषय वस्तुलाई व्याख्यान र प्रदर्शन विधिको प्रयोग गरी प्रस्ट पारिदिनुहोस् ।

(घ) विभिन्न खानीहरू देखाइएको अष्ट्रेलियाको नक्सा पाठमा दिइएका विषय वस्तुका बारेमा समूहमा छलफल गराउनुहोस् ।

Draft

(ङ) पाठमा प्रस्तुत स्नोइमुर विकास आयोजनाका बारेमा थप अध्ययन सामग्रीको खोजी व्यापक आधारमा जलविद्युतको बारेमा प्रस्ट पार्दै समूह छलफलमा जोड दिनुहोस् ।

(च) पाठको अन्तिम अनुच्छेदमा दिइएको विषय वस्तुको आधारमा अष्ट्रेलियाको पर्यटन र अष्ट्रेलियनहरूको जीवन शैलीबारे प्रस्ट पारिदिनुहोस् ।

(छ) अभ्यासमा दिइएको प्रश्नहरूलाई छलफल विधिको प्रयोग गरी Expore Austrlaia in 360° भन्ने site खोली अस्ट्रेलियाको पर्यटनको बारेमा समूहगत लछफल गराई प्राप्त भएका विषयलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ७. प्रतिबिम्बन

निम्न प्रश्नहरू सोधी विषय वस्तुको ज्ञान भए नभएको पत्ता लगाउन सकिन्छ ।

(क) हाम्रा जीवनमा दिनहरू सधैं हाम्रो अनुकूल हुँदैन । प्रतिकूल अवस्थामा पनि आफ्नो प्रगतिका लागि अघि बढ्न अष्ट्रेलियाको आर्थिक गतिविधि र सामाजिक जन जीवन पढेपछि कस्तो प्रेरणा प्राप्त भयो भन्नुहोस् ।

(ख) अष्ट्रेलियामा ठुलो मात्रामा गहुँ उत्पादन हुने क्षेत्र कुन हो ?

(ग) अर्धशुल्क घाँसे भूमि भेडा पालनका लागि किन उपयुक्त छ ?

(घ) स्नोई भुरै विकास आयोजनाका बारेमा छोटकरीमा भन्नुहोस् ।

(ङ) अष्ट्रेलियनहरूको जीवन शैली तपाईंलाई कस्तो लाग्यो आफ्नो विचार व्यक्त गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

(क) अष्ट्रेलियाका अधिकांश मानिसहरू सहरमा बस्दछन् र केही मानिसहरू गाउँमा बस्छन् । यहाँका मानिसहरू परिश्रमी र लगनशील हुन्छ । यिनीहरू अधिकांश समय काममै व्यस्त रहन्छन् तर विद्यामा विशेष गरी सप्ताहान्तमा आरम र घुमघाम गरेर बिदा मनाउँदछन् । काम गर्दा पुरै काममा लगनशील भएर काम गर्न र विद्याको समयमा आनन्दसँग बिदा मनाउने यहाँका मानिसहरूको विशेषता हो ।

(ख) अष्ट्रेलियाको कुल जनसङ्ख्यामध्ये अधिकांश मानिसहरू युरोपियन मूलका छन् भने केही त्यहाँका आदिवासीहरू छन् । अष्ट्रेलियाका आदिवासीहरू मध्ये केही अहिले पनि प्राचीन कालमा झैं जीवन यापन गर्दछन् । यिनीहरू फिरन्ते जीवन बिताउँछन् । कन्दमुल खाने, जङ्गली जनावरको सिकार गर्ने, सानो सानो छाप्रो बनाएर बसोबास गर्ने आदि यनीहरूको जीवन शैली हो । यिनीहरू स्पियर (Spear) बुमऱ्याङ (Boomerangs) र उचिर (Woomears) जस्ता हतियार चलाउँछन् ।

(ग) यहाँका आदिवासीहरू करिब ५० हजार वर्ष अघि दक्षिण पुर्वि एसियाबाट आएको विश्वास गरिन्छ । अठारौँ शताब्दीको अन्त्यतिर यिनीहरूको सङ्ख्या ३० हजार रहेको अनुमान गरिए तापनि त्यो सङ्ख्या हाल घटेर १० हजारभन्दा कम भएको पाइन्छ ।

(घ) यहाँका केही आदिवासीहरू पशु पालन गर्दछन् । भेडापालन अष्ट्रेलियाको लोकप्रिय व्यवसाय हो ।

Draft

(ङ) अष्ट्रेलियाको उत्तर पूर्वको घना जङ्गलमा पाइने उकोलप्टस (मसला जस्तै) को रुखबाट विभिन्न किसिमको तेल र औषधी बनाई ठुलो आर्थिक लाभ गरिन्छ ।

६. एसियामा उत्पादित धेरै सामानहरू अष्ट्रेलियामा निर्यात गरिन्छ । त्यसै अष्ट्रेलियालाई एसियाको विशाल बजार पनि मानिन्छ । उलुरू र काकाडु राष्ट्रिय पार्क अष्ट्रेलियाको प्रसिद्ध पर्यटक गन्तव्य हुन् ।

**पाठसँग सम्बन्धित चित्रहरू**








## ९. परियोजना कार्य

(क) **शिक्षकका लागि :** अष्ट्रेलिया महादेशको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, अष्ट्रेलिया महादेशका मुख्य मुख्य ठाउँहरूको सुची तालिका हावापानी र वनस्पति, तिनका विशेषताहरू र पाइने क्षेत्रहरू देखाउने तालिका आदि तयारी गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट अष्ट्रेलियाको सामाजिक जन जीवनका बारेमा अध्यायन गर्ने, शिक्षकसँग अनुमति मागेर त्यसको बारेमा कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएको प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।

## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

Draft

## पाठ १५ एसिया, युरोप अष्ट्रेलिया र नेपाल

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

एसिया, युरोप अष्ट्रेलिया र नेपालबिचको तुलनात्मक अध्ययन गरी सम्बन्ध बोध ।

२. **सिकाइ उपलब्धि** : एसिया, युरोप अष्ट्रेलिया र नेपालविचको तुलनात्मक अध्ययन ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन् :

(क) एसिया, युरोप र अष्ट्रेलिया महादेशको र नेपालको भौगोलिक तथा आर्थिक सामाजिक समानता र भिन्नताहरू थाहा पाउने

(ख) ती महादेशका राष्ट्रहरूसँगको नेपालको कुटनीतिक र व्यापारिक सम्बन्धका बारेमा बुझ्ने

(ग) नेपाल र एसिया, युरोप र अष्ट्रेलिया महादेशको जलवायु र वनस्पतिमा पाइने समानता र भिन्नता थाहा पाउने

(घ) ती महादेशका राष्ट्र र नेपाल बिचको द्विपक्षीय र बहुपक्षीय सम्बन्ध, सहयोग र सहयोगका क्षेत्रहरूमा ज्ञान हासिल गर्ने

(ङ) दिइएका महादेश र नेपालको अन्य शीर्षकमा पनि तुलनात्मक ज्ञान हासिल गर्ने (जस्तैः विज्ञान प्रविधि, जनसङ्ख्या, जन घनत्व, धर्म संस्कृति चाडपर्व आदि)

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

सामाजिक अध्ययन विषयको मुख्य उद्देश्य नै विद्यार्थीहरूमा सही ज्ञानको प्रवाह गराएर उनीहरूलाई समाजमा देखाउनुपर्ने व्यवहार सिकाएर उचित परिवर्तन गराउनु हो । युरोप, एसिया, अष्ट्रेलिया र नेपालको तुलनात्मक अध्ययनबाट विद्याथीहरूमा तल दिइएबमोजिम सामाजिक व्यवहारमा परिवर्तन आउनु पर्छ ।

(क) एसिया, युरोप र अष्ट्रेलियाका ठाउँहरू भ्रमण गर्न जानुभन्दा पहिले आफूले ती ठाउँका बारेमा हासिल गरेको ज्ञानबमोजिम आवश्यक तयारी गर्न सक्षम हुने

(ख) अत्याधिक चिसो मौसमका बाबजुद युरोप र एसियाका केही राष्ट्र र अत्याधिक गर्मी मौसमका बाबजुद मध्यपूर्वी राष्ट्र र अष्ट्रेलियाका मानिसहरू समायोजन भई बस्न सकेको कुराबाट आफूहरू अप्ठ्यारो परिस्थितिमा पनि बाँच्न सकिन्छ भन्ने प्रेरणा पाउने हुनाले त्यस्ता परिस्थितिमा आफुलाई समायोजित गर्ने

(ग) पहिला आर्थिक स्थिति कमजोर भएका साउद्यी अरेबिया, कतार जस्ता मध्य पूर्वका देशहरू तेल खानीबाट तेल उत्खनन गरेर विकास भएको प्रसङ्गबाट देशका प्राकृतिक स्रोतको सदुपयोग भए नेपाल पनि विकसित हुन सक्छ भन्ने भावना व्यक्त गर्न

(घ) विभिन्न ठाउँको भौगोलिक, सामाजिक र आर्थिक स्थितिको बारेमा उचित ज्ञान हासिल गरेकाले त्यो ठाउँमा जानु परेमा त्यहाँ सजिलैसँग समायोजन हुन सक्ने ।

Draft

## ५. शैक्षणिक सामग्रीहरू

विश्वको नक्सा, ग्लोब, एटलास, पत्र पत्रिका, Refrence book, इन्टरनेट, पाठमा दिइएको महादेश र नेपालका बिच पाइने समानता भिन्नता देखाउने तालिका, पाठ्य वस्तुसँग सम्बन्धित चलदृश्य, अडियो वा चाखलाग्दा तथ्यहरू आदि ।

## ६. सिकाइ सहजीकरा क्रियाकलाप

कुनै पनि पाठ पढाउनुभन्दा पहिले शिक्षकले त्यस पाठ र विषय वस्तुतर्फ विद्याार्थीको ध्यान आकर्षण गर्नुपर्छ । यस्तो हुँदा शिक्षकलाई पढाउन पनि सजिलो हुन्छ र विद्यार्थहरूले शिक्षकलाई ध्यान दिएर सुन्छन् र सजिलैसँग बुझ्छन् ।

(क) विषय वस्तुतिर प्रवेश गर्नुभन्दा पहिले पाठका रोचक तथ्यहरू प्रस्तुत गरी विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई परियोजना कार्य दिने र एसिया, अष्ट्रेलिया र युरोपसँग सम्बन्धित विषयमा अन्वेषण गरेर समूहगत प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

(ग) सबै जानकारी शिक्षकले दिनुभन्दा विद्यार्थीहरूलाई तथ्य सङ्कलन गरेर ल्याउन निर्देश गर्नुहोस् ।

(घ) माथिका क्रियाकलाप ख र ग मा दिइएका कुराहरू पाठ सुरुहुनुभन्दा एक दुई दिन पहिले नै दिँदा राम्रो हुन्छ ।

(ङ) कापीमा एउटा टेबुल बनाएर नेपाल र महादेशहरू एसिया, अष्ट्रेलिया र युरोप बिचको भिन्नता र समानतालाई भिन्ना भिन्नै कोष्टकमा प्राकृतिक वातावरण र आर्थिक तथा सामाजिक जीवन आदि जस्ता विषयमा सूची बनाउन लगाउनुहोस् ।

**विभिन्न महादेशको नेपालसँगको समानता र भिन्नता**

| महादेश | प्राकृतिक वातावरण | | आर्थिक तथा सामाजिक जन जीवन | |
|---|---|---|---|---|
| | समानता | भिन्नता | समानता | भिन्नता |
| एसिया | | | | |
| युरोप | | | | |
| अष्ट्रेलिया | | | | |

(च) पाठको अन्त्यमा विद्याथीहरूमध्ये एक जनालाई पढेर सुनाउन लगाउने, आवश्यक पृष्टपोषण दिने र अरूलाई छुटपुट भएमा सार्न लगाउने

७. **प्रतिविम्बन** : निम्न प्रश्नहरू सोधी विषय वस्तुको ज्ञान भए नभएको पत्ता लगाउन सकिन्छ :

(क) एसिया, युरोप र अष्ट्रेलिया महादेशको र नेपालको भौगोलिक तथा आर्थिक सामाजिक समानता र भिन्नताहरूबारे के थाहा छ भन्नुहोस् ।

Draft

(ख) यी महादेशका राष्ट्रहरूसँगको नेपालको कुटनीतिक र व्यापारिक सम्बन्धका बारेमा विभिन्न स्रोतहरूबाट खोजी त्यसको बारेमा कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।

(ग) नेपाल र एसिया, युरोप र अष्ट्रेलिया महादेशको जलवायु र वनस्पतिमा पाइने समानता र भिन्नता बताउनुहोस् ।

## ८. थप अध्ययन सामग्री

(क) नेपाल र एसियाको तुलनात्मक अध्ययन गर्दा निम्न समानता र भिन्नता पाइन्छ :

**प्राकृतिक वातावरण**

| समानता | भिन्नता |
|---|---|
| १. नेपाल र एसियामा मोडदार पाहाड पाइन्छ ।<br>२. एसियाका दक्षिणपूर्वी क्षेत्र र नेपालमा मौसमी हावापानी पाइन्छ । | १. नेपाललाई ३ ओटा भौगोलिक प्रदेशमा बाँडिएको छ भने एसियालाई ६ ओटा प्रदेशमा बाािडिएको छ ।<br>२. नेपालमा उष्ण मरुभूमि हावापानी पाँइदैन भने एसियाको दक्षिण पश्चिम क्षेत्रमा उष्ण मरुभूमि हावापानी पाइन्छ । |

**सामाजिक आर्थिक जन जीवन**

| समानता | भिन्नता |
|---|---|
| १. एसिया र नेपालमा कृषि महत्त्वपूर्ण पेसाको रूपमा स्थापित छ ।<br>२. यी दुवैमा विविध जनजाति, भाषा, धर्म, सांस्कृतिक, मान्ने मानिसहरू बसोबास गर्दछन् । | १. एसियाका केही मुलुकहरू नेपालभन्दा धनी छन् त्यसैले नेपालीहरू र यी मुलुकका नागरिकहरूको जीवन शैलीमा भिन्नता पाइन्छ । |

(ख) नेपाल र युरोपको तुलनात्मक अध्ययन गर्दा निम्न समानता र भिन्नता पाइन्छ :

**प्राकृतिक वातावरण**

| समानता | भिन्नता |
|---|---|
| १. युरोप र नेपाल उत्तरी गोलार्द्धमा पर्ने हुनाले हावापानीमा समानता देखिन्छ । जस्तैः ग्रीष्ममा धेरै पानी पर्ने र हिउँदमा कम पानी पर्ने ।<br>२. यी तिन ओटै भौगोलिक प्रदेशमा | १. युरोपको अधिकांश भूभागहरू समुन्द्रको नजिक पर्ने हुनाले यहाँ ठन्डा समशीतोष्ण हावापानी पाइन्छ भने नेपालमा यो हावापानी पाइँदैन ।<br>२. युरोपमा प्रायदीप तथा टापुहरू |

Draft

| | |
|---|---|
| विभाजन गरिएको छ । | पाइन्छन् भने नेपाल भूपरिवेष्ठित राष्ट्र हो । |

**सामाजिक तथा आर्थिक जन जीवन**

| समानता | भिन्नता |
|---|---|
| १. यी दुवैमा आर्यानहरू बस्दछन् ।<br>२. यी दुवैमा धेरै जातजाति, भाषा भाषी तथा धर्मावलम्बीहरू बसोबास गर्दछन् । | १. नेपालमा धेरैले हिन्दु धर्म मान्दछन् भने युरोपमा क्रिश्चियन धर्म मान्ने मानिसहरू छन् ।<br>२. युरोप विकसित भएकाले त्यहाँ कृषिमा थोरै जनसङ्ख्या संलग्न छन् तर नेपालमा |

(ग) नेपाल र अष्ट्रेलियाको तुलनात्मक अध्ययन गर्दा निम्न समानता र भिन्नता पाइन्छ :

**प्राकृतिक वातावरण**

| समानता | भिन्नता |
|---|---|
| १. अष्ट्रेलिया र नेपाल दुवै तिन ओटा भौगोलिक प्रदेशमा विभाजन गरिएको छ ।<br>२. दुवैमा अघोष्ण मौसमी हावापानी पाइन्छ । | १. अष्ट्रेलिया टापु हो भने नेपाल भूपरिवेष्ठित देश हो ।<br>२. नेपालमा हिउँद हुँदाको अवस्थामा अष्ट्रेलियामा ग्रीष्म र नेपालमा ग्रीष्म हुँदा अष्ट्रेलियामा हिउँद ऋतु हुन्छ । |

**सामाजिक तथा आर्थिक जन जीवन**

| समानता | भिन्नता |
|---|---|
| १. नेपाल र अष्ट्रेलिया दुवै धर्म निरपेक्ष देशहरू हुन् ।<br>२. यी दुवैमा विभिन्न जातजाति, भाषाभाषी, धर्म सांस्कृतिक मान्ने मानिसहरू बस्दछन् । | १. अष्ट्रेलियाका क्रिश्चियन धर्म मान्नेहरू धेरै छन् भने नेपालमा हिन्दु धर्म मान्नेहरू धेरै छन् ।<br>२. नेपालमा आदिवासीहरूको सङ्ख्या धेरै छन् भने अष्ट्रेलियामा आदिवासीहरूको सङ्ख्या थोरै छ । |

Draft

९. **परियोजना कार्य**

(क) **शिक्षकका लागि :** एसिया, युरोप र अष्ट्रेलिया महादेश र नेपालको प्राकृतिक तथा सांस्कृतिक नक्सा, एटलस, यी महादेशहरू र नेपालको समानता र भिन्नता देखाउने तालिका आदि तयारी गर्नुहोस् ।

(ख) **विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट एसिया, युरोप र अष्ट्रेलिया महादेश र नेपालको प्राकृतिक वातावरण र सामाजिक जन जीवनका बारेमा अध्यायन शिक्षकसँग अनुमति मागेर त्यसका बारेमा कक्षामा साथीहरूलाई बताउने, अभ्यासमा दिइएका र शिक्षकले दिनुभएको प्रश्नहरूको उत्तर लेखी शिक्षकलाई देखाउने ।

१०. **सन्दर्भ सामग्रीहरू**

- सामाजिक अध्ययन, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- भूगोल, कक्षा ९ को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

Draft

एकाइ : ७ हाम्रो विगत

## पाठ : १ ऐतिहासिक स्रोतहरूको खोजी, अध्ययन र तिनको संरक्षण

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

१५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्ना अग्रजहरूको योगदान सम्मान ।

२. **सिकाइ उपलब्धि :** २८. ऐतिहासिक स्रोतहरूको खोजी र अध्ययन गरी त्यसको संरक्षण गर्न

३. **विशिष्ट उद्देश्य**

(क) इतिहासका स्रोतहरूको पहिचान र खोजी गर्न

(ख) स्थानीय स्तरमा भएका शिलालेख, ताम्रपत्र, मूर्ति, घरायसी सामान, खरिद गरिएका बिल, कागज पत्र, कथा, आदिको खोजी गर्न

(ग) ऐतिहासिक स्रोतहरूको अध्ययन गरी प्रतिवेदन तयार पार्न

(घ) स्थानीय ऐतिहासिक पुरातात्विक वा सांस्कृतिक महत्त्वको प्रचार सामग्री तयार पार्न

(ङ) स्थानीय ऐतिहासिक स्रोत तथा सामग्रीको प्रदर्शनी आयोजना गर्न

(च) विद्यालयमा मिनी सङ्ग्रहालयको निर्माण गर्न

(छ) पत्रपत्रिकाहरूको ऐतिहासिक विशेषाङ्कहरूको खोजी, उपयोग, संरक्षण र प्रदर्शन गर्न ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा**

(क) कुनै ऐतिहासिक, पुरातात्विक वा धार्मिक स्थलमा पुग्दा त्यहाँ रहेका ऐतिहासिक स्रोतको अवलोकन र अध्ययन गर्नु ।

(ख) ऐतिहासिक वस्तुको हानी नोक्सानी नहोस् भन्ने कुरामा सचेत भई सोअनुरूपको व्यवहार प्रदर्शन गर्नु, जस्तै : मूर्तिहरूमा जथाभावी अविर, केसरी, लड्डु आदि नदल्नु, नरिवलको झोल नहाल्नु, शिलालेखहरूमा नछुनु वा नकोर्नु, भित्तामा नलेख्नु र पूजा गरेको हात भित्ताहरूमा नपुछ्नु, जथाभावी धुप वत्ती नबाल्नु, फोहर नगर्नु ।

(ग) कुनै नयाँ ठाउँमा पुग्दा उक्त ठाउँको बारेमा स्थानीय व्यक्तिहरूसँग कुराकानी गर्नु र त्यसको ऐतिहासिक पृष्ठभूमिको बारेमा जानकरी लिनु, टिपोट गर्नु, अरूलाई सुनाउनु, लेख्नु ।

(घ) आफ्नो घर वा कार्यालयमा भएका कागजपत्र र ऐतिहासिक वस्तुहरूको संरक्षण, भण्डारण (खोजेको बेला पाउने गरी) गर्नु ।

(ङ) समूहमा मिलेर कार्य गर्नु, सहकार्य गर्नु, जिज्ञासु हुनु ।

Draft

५. **शैक्षणिक सामग्रीहरू**

(क) पुरातात्विक वस्तुको नमुना, चित्र, तस्वीर र वास्तविक वस्तुहरू जस्तैः शिलालेख, ताम्रपत्र, अभिलेख, कागजपत्र, पुराना विल, सिक्का तथा नोट, लेख, पुस्तक, भाँडाकुँडा, मूर्ति आदि ।

(ख) पुराना पत्रपत्रिका र तिनका विशेषाङ्क ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई आआफ्ना घर, छिमेक तथा समुदायमा रहेका पुराना चिजहरूको सूची बनाउन लगाउने र निम्न प्रश्नहरू सोध्ने ।

- तिम्रो घरमा भएका सामग्रीमध्ये सबैभन्दा पुरानो सामग्री के हो ?
- यो सामान कसरी प्राप्त भएको थियो ?
- यसको के उपयोग छ ?
- यसलाई लामो समयसम्म टिकाइ राख्न के गर्नुपर्ला ?

(ख) विद्यार्थीहरूलाई बढीमा पाँच जना भएको समूहहरू बनाउनुहोस् । प्रत्येक समूहमा एक जना टोली नेता तोकीविद्यालय वरिपरि वा नजिक भएका कुनै धार्मिक, ऐतिहासिक स्थलको छनोट गर्न लगाई त्यस स्थलको भ्रमण गर्ने योजना बनाउनुहोस् ।

- प्रत्येक समूहलाई फरक फरक जिम्मेवारी तोक्ने

  समूह कः शिलालेखहरूको उतार गर्ने

  समूह खः स्थानीय व्यक्तिहरूसँग कुराकानी गर्ने

  समूह गः सुरक्षा र संरक्षण अवस्थाको अवलोकन गरी टिपोट गर्ने

  समूह घः स्थानीय सम्पदाको संरक्षणका उपायहरूको सम्बन्धमा खोजी गर्ने

  समूह ङः स्थानीय समस्या पहिचान गरी टिपोट गर्ने ।

- *भ्रमण स्थल सकेसम्म एक घन्टीमा पुगेर फर्कन भ्याउने हुनु राम्रो हुन्छ । टाढा भएमा बिदाको दिन वा शुक्रबारको दिनको उपयोग गर्न पनि सकिन्छ । सकेसम्म सबै विद्यार्थीलाई भ्रमण लगी तथ्य तथ्याङ्क सङ्कलन गर्न लगाउनुपर्छ । कक्षामा फर्केपछि आआफ्नो समूहमा बसेर सङ्कलन गरिएका तथ्याङ्कहरूको टिपोटबारे छलफल गर्ने । प्राप्त तथ्य र तथ्याङ्कका आधारमा पाठ्य पुस्तकमा दिइएको प्रतिवेदनको नमुना जस्तै प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।*

- तयार गरिएका प्रतिवेदन पालैपालो कक्षामा प्रस्तुत गर्दै छलफल गर्न लगाउनुहोस् ।

(ग) केही विद्यार्थीहरूलाई नेपालको इतिहासका स्रोतहरू झल्कने एक एकओटा फ्लास कार्डहरू वितरण गरी अध्ययन गर्न लगाई विद्यार्थीले उक्त कार्डका आधारमा

Draft

कक्षामा आफूलाई परिचय गराउन अथवा उक्त स्रोतहरू झल्कने चार्ट प्रदर्शन गर्दै छलफल गर्न लगाउनुहोस् ।

(घ) विद्यालयमा इन्टरनेट सुविधा छ भने त्यस्ता ऐतिहासिक वस्तुको चित्र र विवरणहरू खोजी गर्न लगाई बिगबुक (सङ्ग्रह) तयार गर्न लगाउनुहोस् ।

७. **प्रतिविम्बन**

(क) तलको श्रेणी मापन तालिका प्रयोग गरी विद्यार्थीले स्थानीय ऐतिहासिक स्थलको भ्रमण सम्बन्धी परियोजना कार्यको मूल्याङ्कन गर्ने गर्नुहोस् । क्रियाकलाप ३,४,५ मा पनि यही साधनको प्रयोग गरेर सामूहिक वा व्यक्तिगत रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

| क्र.स. | मूल्याङ्कनको क्षेत्र | धेरै राम्रो ३ | राम्रो २ | सुधार गर्नु पर्ने १ | जम्मा |
|---|---|---|---|---|---|
| १ | योजना निर्माण र कार्यान्वयन | | | | |
| २. | सक्रियता र सहभागिता | | | | |
| ३ | प्रतिवेदन | | | | |
| ४ | प्रस्तुतिकरण | | | | |

(ख) निम्न आधारमा परियोजना कार्यको प्रतिवेदनको मूल्याङ्कन गर्ने :

| **क्र.स.** | **विषय** | **धेरै राम्रो ३** | **राम्रो २** | **सुधार गर्नुपर्ने १** | **जम्मा** |
|---|---|---|---|---|---|
| १. | खाका अनुसार मिलेको | | | | |
| २. | पत्ता लगाएको नयाँ कुरा | | | | |
| ३. | विधि र प्रक्रिया | | | | |
| जम्मा | | | | | |

(ग) तल दिइएजस्तै प्रश्नहरू सोध्ने :

- नेपालको इतिहास पहिचान हुने स्रोतहरूको सूची बनाई कुनै दुईको परिचय दिनुहोस् ।
- हाम्रा पुर्खाले शिलालेख, ताम्रपत्र, ठ्यास्फु, आदि जोगाएर राखिदिएका हुनाले, तिनैको सहयोगबाट हामीले विगतमा के के भएको रहेछ भन्ने थाहा पाउन सक्यौँ । अब हामीले पनि त्यस्ता वस्तुहरू जोगाएर राखिदियौँ भने मात्र सयौँ वर्ष पछिका हाम्रा सन्ततिले हाम्रो बारेमा जान्न सक्नेछन् । के नेपालको इतिहास निर्माणमा हामीले पनि योगदान दिन सक्छौँ, कसरी ?

Draft

- कुनै व्यक्ति घर बनाउनको निम्ति जग खन्दै रहेछन् । त्यहाँ एउटा चारपाटे ढुङ्गा भेटियो जसमा एक दुई लाइन नबुझिने अक्षरहरू लेखिएको रहेछ । घर धनीले त्यो ढुङ्गा जगमा प्रयोग गर्न लागेको तपाईले देख्नुभयो भने त्यो अवस्थामा तपाईं उनीहरूलाई के सल्लाह दिनुहुन्छ ?

- हाम्रा वरपर भएका ऐतिहासिक, पुरातात्वीक महत्त्व र संरक्षणका उपाय झल्काउने एक गीत वा कविता वा नारा तयार पार्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

विगतको इतिहास जान्नको लागि विभिन्न प्रकारका सामग्रीहरूको अध्ययन गरिन्छ । ती मध्ये केही सामग्रीहरूको बारेमा थप जानकारी यस प्रकार रहेको छ ।










Draft

**शिलापत्र** : ढुङ्गामा लेखिएको अभिलेख

**ताम्रपत्र** : तामाको पातामा लेखिएको अभिलेख

**स्वर्णपत्र** : सुनको पातामा लेखिएको अभिलेख

**ठ्यास्फु** : मल्लकालीन समयका महत्वपूर्ण घटनाको सङ्कलन गरेको टिपोट वा अभिलेख

**सवाइ** : कुनै घटनाका बारेमा लयात्मक ढङ्गमा तयार पारेर गाइने घटना विवरण

**ताडपत्र** : ताड नामको वनस्पतिको सुकेको पातबाट तयार पारिएको लाम्चो पातामा लेखिएको अभिलेख

**भोजपत्र** : एक प्रकारको वनस्पतिको बोक्रा कागज तस्तै पातलो र नरम हुन्छ, त्यसमा लेखिएको अभिलेख ।

**खाँडो** : खासगरी क्षेत्रीहरूको विवाहमा जन्ती पक्षबाट दुलहीको घरमा विवाह सम्पन्न हुन लाग्दा जग्गेको सामुन्ने उभिएर एक व्यक्तिले खुँडाको पूजा गरी खुँडा हातमा लिएर नेपाल एकीकरण, त्यस पछिका घटना, तत्कालिन समयमा नेपालीहरूको अङ्ग्रेजसँगको सम्बन्ध, जङ्गबहादुरको कदम र उनको प्रशंसा गरिएको विवरणलाई श्लोकमा ढालेर लयात्मक

ढङ्गबाट गाउने कार्यलाई खाँडो जगाउने भनिन्छ । यसमा रामायण, महाभारतका कथाहरू पनि जोडेर भन्ने चलन छ । आजभोली खाँडो जगाउने चलन घट्दै गएको छ ।

## ९. परियोजना कार्य/गृहकार्य

(क) विद्यार्थीहरूलाई आफ्नो घरमा भएका पुराना वस्तुहरू जस्तैः हसिया, डोको, भाँडाकुँडा आदि अभिभावकसँग समन्वय गरी ल्याउन लगाई प्रदर्शनी आयोजना गर्नुहोस् । प्रदर्शन पश्चात् उक्त वस्तुहरू विद्यालयको एक कोठामा सजाएर सङ्ग्रहालय तयार पार्न लगाउनुहोस् । प्रत्येक वस्तुसँगै एक परिचयात्मक कार्ड पनि राख्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई आफूले भ्रमण गरेको स्थानको ऐतिहासिक महत्त्व झल्कने सामग्री तयार पार्न लगाउने र कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

## १०. पारिभाषिक शब्दहरू

पाण्डुलिपि : हातैले लेखिएका सक्कल लेख, रचना, कागज पत्र

किंवदन्ती : समाजमा पहिलेदेखि चल्दै आएका र एक पुस्ताले अर्को पुस्तालाई सुनाउँदै आएका कथा वा भनाइ

किल्ला : युद्धका क्रममा सैनिकहरूले बस्न र युद्ध तयारी गर्न बनाइएको स्थल

भग्नावशेष : टुटफुट भएर बाँकी रहेको अंश, भत्केर बिग्रेको ऐतिहासिक एवम् पुरातात्विक महत्त्वको स्थान

## ११. सन्दर्भ सामग्री

नेपालको आधुनिक इतिहास, पिताम्बरलाल यादव

www.historypin .org

Draft

## पाठ : २ बुद्ध जन्मभूमि कपिलवस्तुको शाक्यवंशीय इतिहास

*अनुमानित घन्टी : २*

१. **सक्षमता :** १५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्ना अग्रजहरूको योगदान सम्मान ।

२. **सिकाइ उपलब्धि :** ३० कपिलवस्तुको शाक्य वंशीय इतिहास बताउन

३. **विशिष्ट उद्देश्य**

(क) सिद्धार्थ गौतमको जन्मभूमि कपिलवस्तुको ऐतिहासिक पृष्ठमूमिका बारेमा बताउन

(ख) बौद्ध धर्म/दर्शनको सामान्य परिचय दिन

(ग) स्थानीय इतिहासको खोजी गर्न

(घ) ऐतिहासिक विषय वस्तुका वारेमा अन्तर्वार्ता लिन

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :**

(क) समाजका जेष्ठ नागरिक र पूर्वजहरूको सम्मान गर्न

(ख) समाजका जेष्ठ नागरिक र विगतका बारेमा तथ्यहरू प्राप्त गर्न

(ग) आफ्नो जन्म भूमिप्रति गर्व गर्न र त्यसका बारेमा खोजी गर्न

(घ) बुद्ध जन्मेको देश भनी नेपाल र नेपाली भएकोमा गर्व गर्न

५. **शैक्षणिक सामग्री**

नेपालको नक्सा, कपिलवस्तु र लुम्बिनी क्षेत्रको नक्सा, त्रिपिटक वा त्यसको अनुवादित पत्र, बुद्ध धर्म सम्बन्धी तथ्यहरू झल्कने तस्वीर, चित्र र सामग्रीहरू ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) एटलसमा नेपालको नक्सामा लुम्बिनी र कपिलवस्तु पहिचान गर्न लगाउनुहोस् । मायादेवी मन्दिरको नक्सा र बुद्धको तस्वीर देखाई भगवान बुद्ध हाम्रो देशका एक राष्ट्रिय विभूति हुन् । उनी जन्मेको स्थान कपिलवस्तु शान्तिको मुहान, विश्वकै तीर्थ स्थल हो र त्यहाँको इतिहासको बारेमा हामीले जानकारी लिईराख्नुपर्छ भन्ने सम्बन्धमा जानकारी गराउनुहोस् ।

(ख) कपिलवस्तुको इतिहासलाई कथाकथन विधिबाट सुनाई बिचबिचमा प्रश्न गर्दै शाक्य वंशीय इतिहासको बारेमा छलफल गराउनुहोस् ।

(ग) लुम्बिनीमा भेटिएका भग्नावशेषहरूको तस्वीर र चित्र देखाउँदै शाक्य वंशिय राज्य कस्तो थियो भन्ने बारेमा छलफल गराउनुहोस् ।

(घ) तस्वीरमा देखिएका भग्नावशेष र कथाका आधारमा काल्पनिक सहरको चित्र तयार पार्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

Draft





(ङ) http://lumbinidevtrust.gov.np मा गएर लुम्बिनी सम्बन्धमा थप जानकारी सङ्कलन गर्न लगाउने ।

## ७. प्रतिविम्बन

(क) तलका जस्तै प्रश्नहरू सोध्ने वा लेख्न लागाउने ।

- कपिलवस्तुको ऐतिहासीक पृष्ठभूमिको छोटो चिनारी दिनुहोस् ।
- सिद्धार्थ गौतमको पारिवारिक परिचय दिनुहोस् ।
- लुम्बिनीको ऐतिहासिक अवस्थाको जानकारी लिन के कस्तो स्रोतहरूको उपयोग गर्न सकिन्छ ?
- तपाइँको जन्म स्थान कहाँ हो ? उक्त ठाउँको ऐतिहासीक महत्त्व उल्लेख गर्नुहोस् ।
- लुम्बिनीको संरक्षण गर्ने उपाय सम्बन्धमा सुझाव दिँदै लुम्बिनी विकास कोषका नाममा एक पत्र लेख्नुहोस् ।

Draft

## ८. थप अध्ययन सामग्री

बुद्धका केही उपदेश र मार्गदर्शनहरूले आज पनि मानव समुदायलाई सही बाटोमा लाग्न प्रेरणा प्रदान गरिरहेको छ । उनका तीन शरणहरू प्रचलनमा छन् ।

जस्तैः बुद्धम शरणम् गच्छामी

धम्मम् शरणम् गच्छामी

सङ्घम् शरणम् गच्छामी

अर्थात, यदि हामीले जीवनमा दःखबाट पार पाउने हो भने बुद्धको शरणमा जानु पर्दछ । बुद्धले अपनाए जस्तै सादा र आदर्श जीवन अपनाउनु पर्छ । बुद्धका उपदेशहरूको पालना गर्नु पर्छ । धर्मको शरणमा जानु पर्छ । आफ्नो स्वधर्मको पालना गर्नु पर्छ । अनुशासनमा बस्नु पर्छ । हिंसा गर्नु हुँदैन । त्यसै गरी सङ्घको शरणमा जानु पर्छ अर्थात सतसङ्घ गर्नु पर्छ । भिच्छुहरू र असल चरित्रका मानिसहरूको सत सङ्घमा जानुपर्छ । धर्म र व्यवहारिक जीवनका बारेमा छलफल र विचार विमर्श गर्नु पर्छ । यसले मानवलाई सहज जीवन बाँच्न मदत गर्दछ ।

**पन्चशील :**

बुद्धका पाँच शीललाई पञ्चशील भनिन्छ । पञ्चशीलको पालना गरेमा दुःखबाट मुक्ति पाइन्छ ।

१. हिंसा नगर्नु (कसैको ज्यान लिने काम, चित्त दुखाऊने काम, गाली बेइज्जती )

२. चोरी नगर्नु, (अरूको सम्पतिम आँखा नगाड्नु, लोभ नगर्नु )


३. ब्रम्हचर्यको पालना गर्नु/बस्नु, (सकेसम्म विवाह नगर्नु, पर पुरुष वा पर स्त्रीसँग यौन सम्बन्ध नराख्नु, व्यभिचारी नहुनु )

४. झुटो नबोल्नु, ( सधैं सत्य बोल्नु, झुटको समर्थन नगर्नु )

५. कुलतमा नलाग्नु (धुम्रपान, मादक पदार्थ र लागु पदार्थको कुलतमा नफस्नु, त्यसबाट टाढै रहनु, दुर्व्यसनीको सङ्गत नगर्नु )



Draft


TIPIṬAKA
Vinaya-piṭaka
(5 books)
Sutta-piṭaka
(5 collections)
Abhidhamma-piṭaka
(7 books)
Sutta-vibhanga
Khandhaka
Parivāra
Mahāvagga
Cullavagga
Mahā-vibhaṅga
Bhikkhuni-vibhaṅga
Dhamma-saṅgaṇi
Vibhaṅga
Dhātu-kathā
Puggala-paññatti
Kathā-vatthu
Yamaka
Paṭṭhāna
Digha-nikāya
Majjhima-nikāya
Samyutta-nikāya
Anguttara-nikāya
Khuddaka-nikāya
(15 books)
Khuddaka-pāṭha (1)
Dhammapada (2)
Udāna (3)
Itivuttaka (4)
Suttanipāta (5)
Vimāna-vatthu (6)
Peta-vatthu (7)
Thera-gāthā (8)
Theri-gāthā (9)
Jātaka (10)
Niddesa (11)
Paṭisambhidā (12)
Apadāna (13)
Buddhavaṃsa (14)
Cariyā-piṭaka (15)


Anton Fuhrer
ashokan-inscription
Lumbini Piller

Draft



**बुद्धको जन्म स्थानमा माया देवी मन्दिरमा रहेको शिला जसमा बुद्धको पाइला देख्न सकिन्छ ।**



## ९. परियोजना कार्य/गृहकार्य

विदयार्थीहरूलाई आफ्ना अभिभावक वा छिमेकीसँग सोधेर आफ्नो जन्मस्थान, त्यसको नामकरणसँग सम्बन्धित ऐतिहासिक घटना वा किवदन्ति, आदिका बारेमा सोधेर "मेरो ठाउँको इतिहास" शीर्षकमा एक विवरण तयार पार्न लगाउनुहोस् ।

## ११. सन्दर्भ सामग्री :

http://lumbinidevtrust.gov.np

Draft

## पाठ : ३ पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान

*अनुमानित घन्टी : १*

### १. सक्षमता

१५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्ना अग्रजहरूको योगदान सम्मान ।

### २. **सिकाइ उपलब्धि** : ३१. वि.सं. १८०१ देखि भएको नेपालको एकीकरण अभियानको सङ्क्षिप्त रूपमा वर्णन गर्न र यसले पारेको प्रभाव बताउन ।

### ३. विशिष्ट उद्देश्य

(क) पृथ्वीनारायण शाहको जीवनीबाट लिनुपर्ने प्रेरणाको सूची तयार पार्न

(ख) ऐतिहासिक विषय वस्तुलाई नाटीक बनाइ प्रस्तुत गर्न

(ग) ऐतिहासिक घटनाहरूलाई समय रेखामा देखाउन ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति :

(क) पृथ्वीनारायण शाहको जीवनीबाट पेरित भई आफूलाई राष्ट्र निर्माणमा सक्रिय बनाउन

(ख) समस्या समाधानका जुक्तिहरू खोजी गर्नु

(ग) निरन्तर, बुद्धिमत्तापूर्ण एवम् योजनाबद्ध कार्य गरेमा सफलता हात लाग्छ भन्ने धारणाको विकास गरी जीवनमा उपयोग गर्नु

(घ) सहकार्य र सामूहिक कार्यको संस्कृतिको विकास गर्नु

(ङ) समाजमा एकीकरण कायम राख्न समावेशी र सहिष्णु व्यवहार प्रदर्शन गर्नु

### ५. शैक्षणिक सामग्री :

एकीकरण अभियान र पृथ्वीनारायण शाहसँग सम्बन्धित चित्र, भिडियो, इतिहासका पुस्तकहरू, विभिन्न वेवसाइटहरू, नमुना सामग्री, नेपालको राजनीतिक नक्सा, एटलसहरू, पृथ्वीनरायण शाहका जीवनका विभिन्न घटना लेखिएका मेटाकार्डहरू, एकिकारण अभियानको समयको कालपनिक नक्सा, पृथ्वीनारायण शाहको तस्वीर, फुल माला

### ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) तलको जस्तै खेल खेलाउनुहोस् :

- तलको जस्तै कार्डहरू पहिले नै तयार पारेर ल्याउनुहोस् ।
- ती कार्डहरूमध्ये एकएक ओटा कार्डहरू एक एक जानालाई वितरण गर्न लगाउनुहोस् ।
- नेपालको नक्सा भुण्ड्याई पृथ्वीनारायण शाहको तस्वीर पनि टाँस्न लगाउनुहोस् । सोहि तस्वीरमा फुलमाला लगाइदिएर सबैले हात जोडेर अभिवादन गर्न सिकाउनुहोस् ।

- पृथ्वीनारायण शाहका बारेमा शिक्षकले यी पृथ्वीनारायण शाह हुन् । यिनले विभिन्न टुक्रामा बिभक्त रहेको तत्कालिन नेपाललाई एकीकरण गरी अहिलेको नेपालको निर्माण अभियान शुरु गरेका हुन् । त्यसैले उनलाई हामी नेपाल एकीकरणका नायकका रूपमा चिन्दछौँ भनी परिचय सुरु गराउनुहोस् ।

- त्यसपछि पालै पालो तलका कार्ड लिएका विद्यार्थीले आफूसँग भएको कार्ड पढ्दै पृथ्वीनारायण शाहको परिचय गराउँदै जानुहोस् । सुन्दा एकै व्यक्तिले कथा भनिरहेको जस्तो सिलसिलाबद्ध सुनिनु पर्दछ ।

- पृथ्वीनाराण शाहको जीवनका महत्वपूर्ण घटनाहरू र दिव्य उपदेशमा समेटिएका महत्त्वपूर्ण पक्षहरूसहितको यस्ता कार्डहरू समावेश गर्न सकिन्छ ।

| |
|---|
| पृथ्वीनारायण शाहको शिक्षा दिक्षा उनकी जेठी आमा चन्द्रप्रभावतीबाट भएको थियो । |

| |
|---|
| पृथ्वी नारायण शाहको बुबाको नाम नरभूपाल शाह र आमाको नाम कौषल्यावती थियो । |

| |
|---|
| पृथ्वीनारायण शाहको विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएको थियो । मकवानपुरले तराइको चलनअनुसार दुलही र विवाहमा दाइजो स्वरूप दिएको एक दन्ता हात्ती र नौलखा हार पठाउन नमानेपछि पृथ्वी नारायण शाह रित्तै गोरखाफर्के । दोस्रो पटक दुलही लिन जाँदा मकवानपुरका सेनाले जुत्त नफुकाली सलाम ठोकेकामा आफ्नो अपमान भएको ठानी पृथ्वीनारायण शाहले उक्त शैनिकमाथि हतियार उठाएपछि मकवानपुरका युवराज दिग्वन्धन सेनसँग भनाभन भएको थियो । यसपटक पनि उनी दुलही नलिई फर्किए । यसरी उनको पहिलो विवाह असफल भएपछि उनले वि.सं. १७९७ मा वनारका अहिमानसिंहकी छोरी नरेन्द्र लक्ष्मीसँग दोस्रो विवाह गरेका थिए । |

| |
|---|
| भक्तपुरका राजा रणजीत मल्लका छोरा वीर नरसिंह मल्लसँग उनको मितेरी साइनो गाँसिएको थियो यही साइनोका कारणपछि उपत्यकाको आन्तरिकि अवस्था बुझ्न पृथ्वी नारायण शाहलाई सजिलो भयो |

| |
|---|
| वि.सं. १७९९ चैत्र २५ मा २० वर्षको कलिलो उमेरमा नै पृथ्वीनारायण शाह राजा भए । उनका बाबु नरभूपाल शाहले नुवाकोट आक्रमण गरेका थिए । तर गोरखाली सेनाको नराम्रोसँग हार भएपछि त्यही चिन्ताले नरभूपाल शाह बिरामी पर्दै गए र अन्त्यमा उनको मृत्यु भयो । त्यसपछि पृथ्वीनारायण शाहको गद्दी आरोहण भयो । उनले राजा हुने वित्तिकै बाबुको इच्छ पुरा गर्ने उद्देश्यले नुवाकोटमाथि आक्रमण गरे तर उनी असफल भए । |

| |
|---|
| पृथ्वीनारायण शाह बालक अवस्थामा नै हुँदा गोरख नाथले दर्शन दिई तिमीले टेके जति ठाउँ तिम्रो हुने छ भन्ने वरदान दिएको किंवदन्ती छ । |


| |
|---|
| पृथ्वीनारायण शाहको जन्म वि. सं. १७८९ पौष २७ मा गोरखा दरबारमा भएको थियो । उनी सात महिनामा जन्मेका थिए । उनकी कान्छी आमा पट्टिको भाई दलमर्दन शाह गर्भले जेठा थिए । उनी दश महिना लगाएर जन्मेका थिए । तर ढिलो गर्भ रहेर पनि पृथ्वीनारायण शाहको जन्म सात महिनामा नै भएको थियो । त्यसैले गर्भको जेठो युवराज हुने कि जन्मको जेठो युवराज हुने भन्ने विषयमा विवाद चलेको थियो । दलमर्दन शाहको अकालमै मृत्यु भएकाले पृथ्वीनारायण शाह गोरखाको युवराज बनेका थिए । |

Draft

(ख) नक्सा, तस्वीर, र विशेष घटना लेखिएका कार्ड वा चित्र पनि सँगसँगै प्रदर्शन गर्दै रोचक पाराले एकीकरण अभियानलाई कथाकथन विधिबाट प्रस्तुत गर्ने र बिचबिचमा प्रश्न पनि गर्दै जानुहोस् ।

(ग) एकीकरण अभियानको नक्सा निर्माण गर्न लगाउने :

- विद्यार्थीहरूलाई समूहमा बसेर आफ्नो कापी वा न्युजप्रिन्टको बिचमा गोरखा राज्य बनाउन लगाउने ।
- त्यसपछि सिसाकलमले एक एक गर्दै पृथ्वीनारायण शाहले विजय गर्दै गएका स्थानहरू अनुमान गर्दै र एटलस हेर्दै सिमाना कोर्दै जानुहोस् ।
- नेपालको टुक्रे राज्यको नक्सा तयार भएपछि क्रमशः गोरखातर्फको सिमाना मेट्दै गोरखा राज्यमा साना राज्यहरू मिलाउँदै जाने । सँगसँगै विजय मितिहरू समेत लेख्दै जानुहोस् । यो काल्पनिक नक्सा भएको हुनाले ठ्याक्कै मिल्नु पर्दैन अनुमान मात्र गरे पुग्छ ।
- अन्तमा नेपालको नक्सा कोर्न लगाउनुहोस् । जस्तै :






(घ) विद्यार्थीहरूलाई २ देखि ३ जनाको समूह बनाउने र तलका जस्तै प्रश्नहरू दिई छलफल गरेर तर्कपूर्ण जवाफ लेख्न लगाउनु :



- पृथ्वीनारायण शाहको नुवाकोट माथिको आक्रमण पहिले किन असफल भयो ? पछि कसरी सफल भयो ?
- पृथ्वीनारायण शाहले कान्तिपुरबाट गोर्खा फर्कने क्रममा एक वृद्ध महिलाबाट काठमाडौं उपत्यका विजय सम्बन्धमा पाएको शिक्षा के थियो र उनले त्यसलाई कसरी उपयोग गरे ?
- पृथ्वीनाराण शाहका दिव्य उपदेशहरूको अर्थ लेखी यसबाट हामीले सिक्नु पर्ने कुराहरू उल्लेख गर्दै साथीलाई पत्र लेख्नुहोस्, जस्तै :

Draft

*प्रजा मोटा भया देश बलियो हुन्छ । नेपाल सबै जातको साझा फूलबारी हो, सबैलाई चेतना भया । घुस लिन्य र दिन्या दुवै राज्यका सत्रु हुन् ।*

(ङ) नुवाकोटमा हार भएपछि पृथ्वीनारायण शाहले आफ्ना बाबुसरहका दर्जी बिसे नगर्चीसँग लडाइका लागि कसरी रकम जुटाउने होला भनी सल्लह मागे । बिसे नगर्चीले एक मोहर दिए । पृथ्वीनारायण शाह रिसाए । पछि बिसे नगर्चीलाई सम्मन व्यक्त गरे । पृथ्वीनरायण शाह किन रिसाए ? बिसे नगर्चीले के के सल्लाह दिन खोजेका थिए ? पछि पृथ्वीनारायण शाहले के कुरा बुझे ?

(च) लम्जुङ् भन्याको गरुड हो, नेपाल भन्याको (त्यसबेलाको काठमाडौँ उपत्यका) भ्यागुता हो । गोरखा भन्याको सरप हो । पहिले गरुडको आखा छल्नु तव भ्यागुता खान सकिन्छ । यो पृथ्वीनारायण शाहका मामा उद्योत सेनले पृथ्वीनारायण शाहलाई दिएको सल्लाह हो । यस भनाइको अर्थ लेखी यस अनुसार पृथ्वीनारायण शाहले चालेको कदमको चर्चा गर्नुहोस् । सबै समूहले लेखिसकेपछि पालैपालो प्रस्तुत गर्दै छलफल गर्न लगाउनुहोस् ।


(छ) पाँच छ जनाको समूह बनाई प्रत्येक समूहलाई नेपाल एकीकरणसँग सम्बन्धित कुनै घटना झल्काउने एक भूमिका अभिनय वा नाटिका तयार पार्न लगाउनुहोस् । प्रत्येक समूहलाई पात्रको भूमिका बाँडफाँड गर्ने, आवश्यक सामग्रीको तयारी गर्ने, कसले के के बोल्ने भनी संवादको तयारी गर्ने जस्ता कार्यको निर्देशन दिई केही समय तयारी गर्न लगाउनुहोस् । त्यस पछि पालैपालो सबै विद्यार्थीको नाटक प्रस्तुत गर्दै छलफल गराउनुहोस् । यस्तो कार्य एक घन्टीमा सक्ने गरी निम्नानुसार समय विभाजन गर्ने ।

१० मिनेट तयारी गर्ने, २० मिनेट प्रस्तुतीकरण गर्ने र १० मिनेट छलफल गर्ने र समय भएमा एक घन्टीमा तयारी र अर्को घन्टीमा प्रस्तुती गर्न पनि सकिन्छ ।

(ज) नेपाल एकीकरणका घटनालाई समय रेखामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ७. थप अध्ययन सामग्री


**समय रेखाको निर्माण विधि :**




विगतका घटनाहरूलाई चित्रात्मक रूपमा क्रमवद्ध ढङ्गले प्रस्तुत गरिएको विवरणलाई समय रेखा भनिन्छ । यसलाई क्रमवद्ध तालिका, सरल रेखा, नागवेली रेखा, घुमाउरो (spiral) रेखाको रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । समय रेखा धैरै प्रकारबाट तयार पार्न सकिन्छ, तर सामान्यतया यस्ता समय रेखामा एक निश्चित नापो (स्केलको) प्रयोग गरिन्छ । ठाडो समय रेखामा समय तलबाट माथितिर बढ्दै

Draft

जाने र माथिबाट तल बढ्दै जाने दुवै किसिमको हुन सक्छ । । रेखात्मक समय रेखाको एकातर्फ मिति र अर्कोतर्फ घटना लेखिन्छ ।










Draft

८. **परियोजना कार्य/गृहकार्य**

आफ्नो जीवनका महत्वपूर्ण घटनाहरू सम्झेर त्यसलाई समय रेखामा प्रस्तुत गर्न गृहकार्य दिनुहोस् । सबैले तयार पारेका समय रेखाहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

९. **प्रतिविम्बन**

- पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी तयार पार्नुहोस् ।
- पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा कसरी विजय हासिल गरे ?
- पृथ्वीनारायण शाहको जीवनीबाट तपाईले पाएको प्रेरणा वा शिक्षा के हो ?

- नेपाल एकीकरण अभियानका समयमा अघिल्लो दिनसम्म गोरखाको शत्रुका रूपमा लडिरहेका विरोधी राज्यका सेना र जनता लडाईं सकिएपछि गोरखा राज्यको तर्फबाट अरू राज्यमा आक्रमण गरी एकीकरण अभियानलाई सघाएका उदाहरणहरू प्रशस्तै भेटिन्छन् । यो कसरी सम्भव भएको होला ? आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।
- नेपाल एकीकरण नभएको भए के हुन्थ्यो होला ? आफ्नो धारणा दिनुहोस् ।

Draft

## पाठ : ४ नेपाल एकीकरणको प्रभाव

*अनुमानित घन्टी : २*

**१. सक्षमता**

१५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्ना अग्रजहरूको योगदान सम्मान ।

**२. सिकाइ उपलब्धि** : ३१. वि.सं. १८०१ देखि भएका नेपालको एकीकरण अभियानको सङ्क्षिप्त रूपमा वर्णन गर्न र यसले पारेको प्रभाव बताउन

**३. विशिष्ट उद्देश्य**

- नेपाल एकीकरण पश्चात आएको सामाजिक, अर्थिक र राजनीतिक प्रभावहरू उल्लेख गर्न
- नेपाल एकीकरणको परिणामबाट आजको आधुनिक जीवनमा परेको सकारात्मक प्रभावको उपयोग गर्न
- सम्पादकीय तयार पार्न ।

**४. अपेक्षित सामाजिक व्यवहार**

(क) दिव्य उपदेशमा उल्लेखित सन्देशहरूको आफ्नो जीवन व्यवहारमा अनुशरण गर्नु

(ख) समाजमा एकताको भावना अनुरूप सबैसँग समान व्यवहार गर्नु

**५. शिक्षण सामग्री**

नेपाल एकीकरणपछिको नेपालको नक्सा, एकिकारणका कारण भएका फाइदाहरू र प्रभावहरू लेखिएको चार्ट, नेपालको आधुनिक नक्सा

**६. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) नेपाल एकीकरणका कारण समाजमा वा दैनिक जीवनमा के कस्ता प्रभावहरू परेका होलान् भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने ? उनीहरूलाई केही समय सोचेर कम्तिमा एक बुँदा लेख्न लागाउने । पालैपालो जवाफ भन्न लगाउने र बोर्डमा सङ्क्षेपमा टिप्दै जाने । अन्तमा सन्दर्भ सामग्रीमा दिइएका बुँदाहरू लेखिएको चार्ट प्रदर्शन गर्दै छलफल गर्ने ।

(ख) नेपाल एकीकरणको सुरुवात पृथ्वीनारायण शाहको नेतृत्वमा भएको थियो । उनको जीवनकालमा नेपालको सिमाना पूर्वमा टिष्टा र पश्चिममा गण्डकी नदीसम्म मात्र विस्तार भएको थियो । एकीकरणको काम उनका जेठा छोरा प्रताप सिंह शाह,बुहारी राजेन्द्र लक्ष्मी,कान्छाछोरा्राबहादुर शाह, र नाति रणबहादुर शाहका पालमा भएको थियो । त्यस सम्बन्धी घटना र तथ्यहरूको तस्वीर र विवरण प्रस्तुत गर्दै कक्षामा छलफल गराउनुहोस् ।

(ग) नेपाल एकीकरणपश्चात् देखा परेका राम्रा प्रभावहरू समेटेर विशाल नेपाल हिजो, आज र भोलि शीर्षकमा प्रवचन कार्यक्रमको आयोजना गर्नुहोस् ।

Draft

## ७. प्रतिविम्बन

- नेपाल एकीकरणपश्चात् देखा परेका राम्रा प्रभावहरू समेटेर एक संवाद तयार पार्नुहोस् ।
- पृथ्वीनारायण शाहका दिव्य उपदेशहरू आज पनि उत्तिकै सान्दर्भिक छन् । यस भनाइलाई पुष्टि गर्ने उदाहरण प्रस्तुत गर्नुहोस् ।
- पृथ्वी नारयण शाहले आफ्नो अन्तिम अवस्थामा देशलाई सुव्यवस्थितरूपमा ञ्चालन गर्न आफ्ना भाइ भारदार र छोराहरूलाई दिएका अर्ती उपदेश र मार्गदर्शनहरूको सङ्गालोलाई पृथ्वीनारायणशाहको दिव्य उपदेश भनिन्छ । उक्त दिव्य उपदेश पढेर त्यसका मुख्य मुख्य कुनै चार उपदेश र त्यसको सान्दर्भिकता उल्लेख गर्नुहोस् ।
- नेपाल एकीकरण नगरिएको भए के हुन्थ्यो होला ? अनुमान गरी तपाँईको बिचार लेख्नुहोस् ।
- एकीकरणले तात्कालीन समाजमा पारेको प्रभावको बारेमा आफ्ना धारणा दिनुहोस् ।

## ८. थप अध्ययन सामग्री

**नेपाल एकीकरणका प्रभावहरू**

- विश्व मानचित्रमा स्वतन्त्र राष्ट्रको रूपमा नेपाललाई पाएका छौँ । यदि एकीकरण नभएको भए नेपालका साना राज्यहरू दुई ठुला राज्यहरू भारत वा चिनमा मिलीसकेका हुन्थे होलान् ।
- एकीकरणले नेपालको राजधानी काठमाडौँलाई बनाएको हुनाले नेपाल एकीकरण पश्चात एकताको भावना फैलाउन र राज्यको विकास गर्न मदत पुगेको छ ।
- एकीकरणका बेला पृथ्वीनाराणले अपनाएको परराष्ट्र नीति अहिले पनि सान्दर्भिक छ । जस्तै, नेपाल दुई ढङ्गाबिचको तरुल हो । यस भनाइले नेपालले भारत र चीन दुवै देशसँग समान र सन्तुलित सम्बन्ध स्थापना गर्नु पर्दछ भन्ने सिकाएको छ ।
- नेपाल सबै जातको साझा फुलबारी हो भन्ने मान्यता एकीकरण पश्चात स्थापित भएको देखिन्छ । त्यसैले नेपालमा हाल सम्म जातीय तथा धार्मिक एकता कायम राख्न सफलता मिलेको छ ।
- नेपाल बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो । त्यसैले हामीले यहाँ धार्मिक, सांस्कृतिक र भाषिक सहिष्णुता कायम गर्दै आफ्नो अधिकारको उपयोग गर्न पाएका छौँ ।

## ९. परियोजना कार्य/गृहकार्य

(क) आफ्ना छिमेक वा परिवारका अग्रजसँग पृथ्वीनारायण शाह र एकीकरण अभियान सम्बन्धमा उनहरूले सुनेका, जानेका वा पढेका कुराहरूका बारेमा सोधेर मौखिक इतिहासको खोजी गर्न लगाउने । त्यसका आधारमा तयार पारिएको ऐतिहासिक विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

Draft

(ख) तपाईँको स्थानीय समाजमा विगतमा समाजका भलाइका लागि योगदान दिने वा बहादुरी देखाउने वा राष्ट्रको निम्ति उल्लेखनीय कार्य गर्ने व्यक्ति हुन सक्छन् तिनका बारेमा खोजी गरी एक विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**१०. सन्दर्भ सामग्री**

नेपालको राजनीतिक इतिहास, यादव पितामम्बरलाल, वि.सं., २०४०

Draft

**पाठ : ५ नेपाल अङ्ग्रेज युद्धमा वीर विराङ्गनाहरूको योगदान**

**पाठ : ६ नेपाल अङ्ग्रेज युद्ध र नेपाली वीरताको गाथा**

*अनुमानित घन्टी: ४*

१. **सक्षमता**

१५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्ना अग्रजहरूको योगदान सम्मान

२. **सिकाइ उपलब्धि :** ३२. नेपाल–अङ्ग्रेज युद्धका प्रमुख नेपाली वीरवीरङ्गनाहरूका योगदान बताउन

३. **विशिष्ट उद्देश्य**

(क) नेपाल अङ्ग्रेज युद्धका मुख्य मुख्य घटनाहरू बताउन

(ख) नेपाल अङ्ग्रेज बिचको युद्धको कारण र परिणाम बताउन

(ग) नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीर वीराङ्नाले खेलेको भूमिका बताउन

(घ) नेपाली वीर विराङ्गनाबाट प्रेरणा प्राप्त गर्न

४. **अपेक्षित सामाजिक व्यवहार**

(क) राष्ट्र र राष्ट्रियताको रक्षाका लागि योगदान

(ख) स्वाभिमान र त्यसको सम्मान

(ग) नेपाल राष्ट्रप्रति गर्व गर्नु र आफ्नो भूमिको रक्षाका लागि समर्पित हुनु

(घ) सहकार्यका माध्यमबाट मेलमिलाप कायम राखी सभ्य समाजको निर्माण गर्ने कार्यमा सहभागी हुनु ।

५. **शैक्षणिक सामग्री**

सुगौली सन्धि अघिको नेपालको नक्सा, सुगौली सन्धिका बुँदा लेखिएको चार्ट, नेपाली बीर वीराङ्गनाका चित्रहरू, नेपाल अङ्ग्रेज युद्ध हुनुका कारण र परिणाम झल्कने चार्ट, भूमिका अभिनयको निम्ति सामग्रीहरू

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई तलको जस्तै कुनै एक वीर रसको गीत सामूहिक रूपमा गाउन लगाउनुहोस्, जसले हाम्रा पुर्खाको वीरताको समेत सम्झना गराओस् ।

हे वीर हिँड अघि सरी नहटाई पाइला रति भरी .......

*(कक्षा ९ को पाठ्य पुस्तकको पछाडि कभर पेजमा भएको गीत )*

*नालापानी कविता*

Draft

(ख) तलका प्रश्नहरूमा छलफल गराउनुहोस्

- नेपाल अङ्ग्रेज युद्ध भनेको के हो र यो कहाँ भएको थियो ?
- अङ्ग्रेजले नेपालमाथि आँखा गाड्नुको कारणहरू के के थिए?
- अङ्ग्रेजसँग लडाइँ गर्नुपर्नाको कारण के होला ?
- नेपाल अङ्ग्रेज बिचमा कहाँ कहाँ लडाइँ भएको थियो ?
- नेपाल अङ्ग्रेज लडाईमा नेतृत्व गर्ने वीरहरू को को थिए ?
- सुगौली सन्धि किन भएको थियो होला ?

जवाफहरू प्राप्त भएपछि त्यसमा छलफल गर्दै प्रष्ट पारिदिनुहोस् ।

(ग) नेपाल अङ्ग्रेज युद्धको कारण बारेमा बुँदाहरू भएको चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई एक बेन्चको एक समूह हुने गरी समूह विभाजन गर्नुहोस् र एक एक ओटा वीर विराङ्गनाका बारेमा पाठ्य पुस्तक र सन्दर्भ सामग्री अध्ययन गरेर बुँदा टिप्न लागउनुहोस् । दृष्टिविहिन विद्यार्थीले साथीले पढेको सुनेर सम्झने प्रयास गर्न लगाई प्रत्येक समूहलाई पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ङ) नेपाली वीर-वीराङ्गनाले खेलेको सकारात्मक भूमिकालाई भूमिका अभिनयद्वारा प्रस्तुत गर्न निर्देशन दिनुहोस् । केही बेर छलफलको तयारी गरेर पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**(च) खेल खेलाउनुहोस् :**

- विद्यार्थीहरूलाई नेपाल अङ्ग्रेज युद्धका परिणाम बारेमा अध्ययन गर्न लगाउनुहोस् ।
- उनीहरूलाई गोलो घेरामा राख्ने एउटा भकुण्डो लिएर आफ्नो अगाडिको साथीतर्फ फ्याक्ने जसले भकुण्डो पाउँछ उसले एउटा परिणामका बारेमा आफूले अध्येयन गरेको एक बुँदा आफ्नो विचारसहित भन्नु पर्ने छ ।
- फेरी उसले अर्को साथीलाई उक्त भकुण्डो पास गर्नु पर्नेछ र अर्को साथीले पहिलेको साथीले भनेको बुँदा नदोहोरिने गरी अर्को बुँदा भन्नु पर्नेछ ।
- गलत भएमा सच्याइदिने र सही भएमा अर्को बुँदा भन्ने । यही क्रमले सबैले भन्दै जाने र एक चरण सकिएपछि फेरी बुँदा होऱ्याउँदै सबैको पालो पुऱ्याउने ।

## ७. प्रतिविम्बन

(क) नेपाल अङ्ग्रेज युद्धका मुख्य मुख्य घटनाहरू उल्लेख गर्नुहोस् ।

(ख) अमरसिंह थापा र बलभद्र कुँवरलाई इष्ट इन्डिया कम्पनी सरकारले ठुलो पदको जागिर दिने र धेरै नगद तथा जिन्सी दिने लोभ देखाएर आफ्नो पक्षमा लाग्न आग्रह गरेको थियो । तर उनीहरू नेपाललाई ज्यान दिन तयार भए तर विदेशीको लोभ लालचमा फसेनन् । आफ्नो राष्ट्रको रक्षाको लागि लडिरहे । यसै सन्दर्भलाई उल्लेख गर्दै हिजो आज आफ्नो देशलाई धिकार्दै विदेशीको दास हुन लालायित युवा जमातलाई सन्देश दिन एक पत्र, वा सन्देश मुलक पर्चा वा पोस्टर तयार पार्नुहोस् ।

(ग) नेपाल अङ्ग्रेजबिचमा युद्ध हुनाका प्रत्यक्ष र अप्रत्यक्ष कारणहरूको सूची तयार पार्नुहोस् ।

(घ) नेपाल अङ्ग्रेज युद्धका परिणामहरू उल्लेख गर्नुहोस् ।

(ङ) नेपाल अङ्ग्रेज युदध नभएको भए नेपाल कस्तो हुन्थ्यो होला ? तर्क प्रस्तुत गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

पश्चिमका धेरैजसो स्थानहरूमा नेपाली सेनाले हार खान थले । पश्चिम तर्फको भूभाग विजय गरेको भएता पनि त्यहाका जनताले नेपाल सरकारलाई सहयोग गर्नुको साटो कम्पनी सरकालाई सघाउन थाले । नेपाली किल्लाहरूमा केन्द्रबाट समयमा नै खाना, हात हतियार र थप फौजको सहायता पुग्न सकिरहेको थिएन । त्यसैले गोरखाली फौजको सामू पराजय भोग्नु वा पछि हट्नु सिवाय विकल्प बचेको थिएन । त्यसैले नेपालका तर्फबाट अङ्ग्रेजसँग वार्ता गर्न गुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्यायलाई प्रतिनिधि बनाएर कम्पनी सरकारको प्रतिनिधि ब्राडशासँग सन्धिवार्ता गर्न सुगौली पठाइयो । पहिलो वार्तामा कुरा नमिले पछि दोस्रो वार्ता भयो । दुई दिसम्बरमा बर्तमान भारतको बिहार राज्य अर्न्तगतको सुगौली भन्ने स्थानमा नेपाल र कम्पनी सरकारबिचमा सन्धि भयो । त्यसैले यस सन्धिलाई सुगौली सन्धि भनिएको हो ।







Draft

**सुगौली सन्धिका धाराहरू :**

अनरेबुल इष्ट इन्डिया कम्पनी र महाराज गीर्वाणयुद्ध विक्रम शाहबिच २ दिसम्बर १८१५ को शान्ति सन्धि

१. अनरेबुल इसट इन्डिया कम्पनी र नेपालका राजाबिच सदाकाल शान्ति एवम् मैत्री सम्बन्ध कायम रहनेछ ।

२. युद्धपूर्व दुई राज्यबिचको विवादग्रस्त भूभागमाथि नेपालका राजाले दावी त्याग्नु पर्ने छ र ती भूभागमाथि कम्पनी सरकारको अधिकारलाई स्वीकार गर्नेछ ।

३. नेपालका राजाले तल उल्लेखित नेपालको भूभाग सदाकालका लागि कम्पनी सरकारलाई सुम्पनेछ ।

(क) काली र राप्ती माथिको सम्पूर्ण तराइ क्षेत्र

(ख) राप्ति र गण्डकीबिचको (बुटवल खास बाहेक) सम्पूर्ण तराई क्षेत्र ।

(ग) गण्डक र कुसाबीचको सम्पूर्ण तराई क्षेत्र, जहाँ बृटिस शासनको अधिकार प्रारभ भइसकेको छ वा हुने स्थितिमा छ ।

(घ) मेची र टिष्टाबिचको सम्पूर्ण तराइ क्षेत्र ।

(ङ) मेची नदी पूर्वको सम्पूर्ण पहाडी भागको साथै नागरीको किल्ला र जग्गा समेत गरी मोरङ्देखि पहाडतिर जाने नगरकोट मार्ग र त्यस नजिकको समस्त भूभाग यो मितिदेखि चालिस दिन भित्र गोर्खाली सेनाले खाली गर्ने छ ।

४. माथिका भूभागद्वारा हानीमा परेका नेपाल राज्यका सरदार एवम् भारदारहरूको क्षतीपूर्ति गर्न नेपाल सरकारले सालाखाला रु. दुईलाख प्रतिवर्ष दिने र यो रकम आफ्नो तजवीज अनुसार नेपालका राजा बाँड्न स्वतन्त्र हुने छन् । पेनसनका लागि गभर्ननर जनरलको मुद्रा र हस्ताक्षरसहितको सनद प्रदान गरिनेछ ।

५. नेपालका राजा र उनका उत्तराधिकारीहरूले पनि कालीदेखि पश्चिमका प्रदेश र त्यहाँका निवासीहरूसँग कुनै सम्बन्ध राख्न पाउने छैनन् ।

६. नेपालका राजाले सिक्किमका राजाकृ अधिनमा रहेको कुनै भाग उपर कुनै किसमिको दावा गर्न पाउने छनैनन् र नेपालका राजा एवम् सिक्किमका राजाबीच वा दुवैका प्रजीबिच कुनै विवाद उठेमा विवदास्पद विषय ब्रिटिस सरकारको मध्यस्थताको लागि प्रेसित गरिनेछ र उसको निर्णय नेपाल सरकारले मान्नु पर्नेछ ।

७. ब्रिटिस सरकारको अनुमति बिना नेपालका राजाले कुनै ब्रिटिस, युरोपेली, वा अमेरिकालीलाई आफ्नो नोकरीमा राख्न पाउने छैनन् ।

८. दुवै राष्ट्रबिच कायम भएको मित्रता एवम् शान्तिको सम्बन्धलाई सुदृढ पार्न एवम् उन्नति गर्न एक अर्काको राज्यमा " एक्रेडिटेड मिनिस्टर" रहनेछन् ।

Draft

९. नौ ओटा धारा भएको यो सन्धिमा नेपालका राजाले १५ दिन भित्र स्वीकृति प्रदन गरी लेफ्टिनेन्ट कर्नेल ब्राडशालाई बुझाउनेछन्  र उनेले बीस दिन भित्र वा सम्भव भए यसभन्दा पनि शीघ्र नै गवर्नर जनरलको स्वीकृति दिलाउने छन् ।

## ८. परियोजना कार्य/गृहकार्य

नेपाल अङ्ग्रेज युद्धमा नेपाली बिर वीराङ्गनाहरूले देखाएको वीरता, स्वाभिमान, र राष्ट्रियताको प्रशंसा गर्दै पोस्टर वा गीत वा कविता तयार पर्न लगाउने । उक्त रचना भित्ते पत्रिकामा प्रदर्शन गर्नुहोस् ।




## १०. पारिभाषिक शब्दावली

धावा : युद्धको घोषणा

दुर्ग : युद्धको लागि तयार पारिएको किल्ला

सम्मानोपाहार : सम्मानस्वरूप दिइने उपाहार

समशीतोष्ण जलवायु : जाडो गर्मी धेरै नहुने ठिक्कको हावापानी

## ११. सन्दर्भ सामग्री

https://youtu.be/I5MtJU2_uZs

Draft

**पाठ : ७ राणा शासनको उद्‌यय र पतनका कारणहरू**

*अनुमाति घन्टी : २*

**१. सक्षमता**

१५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्‌ना अग्रजहरूको योगदान सम्मान ।

**२. सिकाइ उपलब्धि :** ३३. नेपालमा राणाशासनको उद्‌यय, अन्त्यका कारण र यसले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव उल्लेख गर्न ।

**३. विशिष्ट उद्देश्य**

(क) नेपालमा राणा शासनको स्थापनाका घटनाहरूको जानकारी प्राप्त गर्न

(ख) कोत पर्व, भण्डारखाल पर्व, अलौपर्व र त्यस पछिका घटनाहरूका बताउन

(ग) राणा शासनको कारण र परिणाम बताउन

(घ) समय रेखा बनाउन

**४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र धारणा**

(क) ऐतिहासिक घटनालाई रोचक ढङ्गबाट प्रस्तुत गर्नु

(ख) व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर राष्ट्रको लागि काम गर्नु

(ग) सामान्य र आदर्श जीवन यापन गर्नतर्फ अग्रसार हुनु

(घ) आफ्नो जीवनलाई लोकतान्त्रिक धारणाअनुसार चलाउनु ।

**५. शैक्षणिक सामग्री**

सुगौली सन्धि पछिका घटना देखाउने तालिका र समय रेखा, कोतपर्व, भण्डारखाल पर्व र अलौ पर्वले सम्बन्धी घटना विवरण लेखिएका पानाहरू, भूमिका अभिनयका निम्ति नमुना सामग्री, मेटाकार्ड, सान्दर्भिका चित्र र भिडियोहरू

**६. क्रियाकलाप**

(क) सुगौली सन्धि पछिका घटना झल्काउने समय रेखा प्रदर्शन गर्दै नेपालको राज दरवारमा हुन थालेका षडयन्त्र र बेलायती रेजिमेण्टको प्रवेशले नेपालको राजनीति अस्तव्यस्त हुँदै गएको अवस्था बारेमा छलफल गराउनुहोस् ।

(ख) कोतपर्व, भण्डारखाल पर्व र अलौ पर्वले जङ्ग बहादुरलाई कसरी शक्तिशाली बनाउँदै लगेर राणा शासन लागु भयो भन्ने सम्बन्धमा दुई दुई जनाको समूहमा पुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी विवरण तयार पार्न लगाउने र इच्छुक विद्यार्थीलाई पालै पालो प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् ।

Draft

(ग) नेपालमा राणा शासन स्थापना हुँदाको अवस्था झल्कने विभिन्न घटनाको अध्ययन गरी तिनीहरूका बारेमा छोटा संवादहरू तयार पारी साना समूहमा बसेर भूमिका अभिनय गर्न लगाउनुहोस् ।

(घ) राणा शासन सुरु हुनका कारणहरूको सुची प्रदर्शन गर्दै छलफल गर्ने ।

(ङ) राणा शासन अन्त्यका कारणहरू बारेमा एक एक ओटा बुँदा लेखिएका कागतका टुक्राहरू विद्यार्थीलाई वितरण गर्ने र प्रत्येक बुँदाका बारेमा पालै पालो गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

(च) राणा शासन उद्यय र अन्त्य सम्बन्धका विभिन्न घटना सम्बन्धमा विद्यार्थीहरूलाई कथा वा कविता वा गीत तयार पार्न लगाउई पालै पालो प्रस्तुत गर्न लगाउनुहोस् ।

(छ) प्रत्येक एक बेञ्चलाई एक समूह मानी प्रत्येक समूहले तलका मध्ये एक एक ओटा विषयमा छलफल गरी आफ्नो विचार र धारणा दिन लगाउनुहोस् ।

रानी राज्यलक्ष्मीको महत्त्वाकांक्षा

जङ्गबहादुरको चातुर्यता र शक्ति वृद्धि

जहानीया राणा शासन स्थापना

निरङ्कुश तन्त्र

राणाहरूको वर्गीकरण

प्रजा परिषद्को स्थापना र राणा सरकारको दमन

नेपाली काङ्ग्रेसको स्थापना र राणा विरुद्धमा ससस्त्र सङ्घर्ष

राजा त्रिभूवनको भारत प्रस्थान

दिल्ली सम्झौता

भारतीय स्वतन्त्रतता सङ्ग्राम

(ज) तलका अवस्थाहरूमा के हुन्थ्यो होला भनी दुई दुई जनाको समूहमा बसेर छलफल गर्न लगाई पछि पालै पालो प्रस्तुत गर्न लागाउनुहोस् ।

- सुगौली सन्धि पछि नेपालको दरवारमा षडयन्त्र सुरु नभएको भए
- जङ्गबहदुरले कोतपर्व, भण्डारखाल पर्व र अलौ पर्वका घटना नघटाएका भए
- जहाजीया राणा शासन नभएको भए
- प्रजा परिषदले आन्दोलन सुरु नगरेको भए
- राजा त्रिभुवन देशमै बसेर राणाको विरोध गरेको भए
- २००७ सालमा प्रजातन्त्र नल्याएको भए

Draft

- राजा र काङ्ग्रेस नमिलेको भए

**७. प्रतिविम्बन**

(क) नेपालमा राणा शासनको स्थापनाका मुख्य घटनाहरूलाई उल्लेख गर्दै एक संवाद तयार पार्नुहोस् ।

(ख) कोत पर्व, भण्डारखाल पर्व, अलौपर्व र त्यस पछिका घटनाहरूका बारेमा संक्षिप्तमा लेख्नुहोस् ।

(ग) राणा शासनको स्थापना हुनुका मुख्य कारणहरू लेख्नुहोस् ।

(घ) राणा शासनका विभिन्न तथ्यहरूलाई समय रेखामा देखाउनुहोस् ।

(ङ) राणा शासन पतन हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

(च) राणा शासन नआएको भए नेपाल कस्तो हुन्थ्यो होला ? कारणसहित तर्क प्रस्तुत गर्नुहोस् ।

**८. थप अध्ययन सामग्री**





Draft

**९. सामुदायिक कार्य⁄ परियोजना कार्य**

१. राणा शाससन खराब हुँदा हुँदै पनि केही सकारात्मक कार्यहरू भएको पाइन्छ । तिम्रो समुदायमा पनि केही राम्रा कार्यहरू भएको हुन सक्छन् । उक्त कार्यहरूको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**१०. पारिभाषिक शब्द**

पर्व : इतिहासको भाषामा पर्व भनेको ऐतिहासिक घटना ।

## पाठ : ८ राणा शासनका प्रभावहरू

*अनुमानित घन्टी: २*

### १. सक्षमता

१५. नेपालको ऐतिहासिक स्रोतहरूको खोजी, उपयोग एवम् संरक्षणमा सहभागिता तथा आफ्ना अग्रजहरूको योगदान सम्मान

### २. सिकाइ उपलब्धि : ३३. नेपालमा राणा शासनले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव उल्लेख गर्न

### ३. विशिष्ट उद्देश्य

(क) राणा शासनका मुख्य मुख्य आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक उपलब्धिहरू पहिचान गर्न

(ख) ती उपलब्धिहरूले पारेको तात्कालीन र दीर्घकालीन प्रभावहरू बारेमा बताउन

(ग) राणा शासनका कारण देश र नागरिकमा परेको नकारात्मक प्रभावहरू उल्लेख गर्न

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य तथा अभिवृत्ति

(क) सकारात्मक उपलब्धिहरूलाई स्विकार्नु र उपयोग गर्नु

(ख) निजी स्वार्थका कारण देश र जनताले दुख पाउन सक्ने कुरामा सचेतीकरण हुनु

### ५. शैक्षणिक सामग्री

राणा शासनका विभिन्न आर्थिक, सामाजिक, राजनीतिक, भौतिक उपवब्धिहरू र नमारात्मक प्रभावहरू लेखिएको फ्लास कार्डहरू, विषय वस्तुसँग सम्बन्धित चित्र, फोटो, भिडियो, विभिन्न नमुना सामग्रीहरू, पुराना पत्रपत्रिका, कैँची, गम

### ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) राणा शासनका समयमा भएका आर्थिक, सामाजिक र राजनीतिक उपलब्धिहरू झल्कने फ्लास कार्डहरू तयार पारी विद्यार्थीहरूको समूहमा अध्ययन गर्न दिनुहोस् । त्यस्ता फ्लास कार्डको अगाडि पट्टि उपलब्धिको बुँदा लेख्ने र पछाडि पट्टि व्याख्या लेख्नुहोस् । प्रत्येक कार्ड सामुहिक रूपमा अध्ययन गर्न लगाई पछलफल गर्ने, जस्तै :

| कार्डको अगाडीको भागमा उल्लेख हुने कुरा | कार्डको पछाडिको भागमा उल्लेख हुने कुरा |
|---|---|
| दास प्रथा उत्मुलन | नेपालमा गरिबीको कारण धनी र सामन्तहरूले गरीब जनता वा तिनका छोरा छोरीहरूलाई किनेर दास दासीका रूपमा राख्ने चलन थियो । त्यसै गरी गरीबहरूले आफ्नो गर्जो टार्न साहुहरूसँग ऋण लिने गर्दथे । त्यस्तो ऋणको व्याज अत्यन्त बढी हुने हुन्थ्यो । त्यसैले ऋणीले उक्त ऋण तिर्न नसकेपछि |



Draft

| | |
|---|---|
| | उक्त ऋण चुक्ता नभएसम्म स्वयं ऋणी वा उसका सन्तानले साहुको घरमा काम गरेर बस्नु पर्दथ्यो । आफूलाई कामदार आवश्यक नभए साहुले उक्त दास वा दासीलाई बेचिदिन्थे । दास दासीले उक्त घरमा आइ पर्ने सबै प्रकारका तल्लो स्तरका र कठिन काम गर्नु पर्दथ्यो । उनीहरूलाई धेरै भन्दा धेरै काम लगाउने, जोखिमपूर्ण काम लगाउने, तल्लो स्तरको खाना दिने, पर्याप्त खान लाउन नदिने, काम गरे वापतको ज्याला नदिने, गोठमा बस्नु पर्ने जस्ता अमानवीय व्यवहार गरिन्थ्यो । बाहिर काम गर्न नपाउने र काम गरेको ठाउँमा साहुले ज्याला नदिए पछि उनीहरू कहिले पनि आफ्नो मूल्य वा ऋण तिर्न सक्दैनथे । परिणाम स्वरूप उनीहरू जीवन भर दासका रूपमा रहन्थे र सन्तान दरसन्तान सम्म दास नै हुन्थे । उनीहरूका सन्तानमा साहुको हक हुन्थ्यो र साहुले बेचविखन गर्न पाउँथे । दास दासीहरूलाई कमारा कमारी पनि भनिन्थ्यो । दास दासीहरूको आफ्नो व्यक्तिगत जीवन हुँदैनथ्यो ।<br><br>प्रथम विश्व युद्धका समयमा बेलायत सरकारले नेपाल सरकारसँग सैनिक सहयोग माग्यो । नेपाली वीरहरूको साहस र बहादुरीबाट प्रभावित भएका अङ्ग्रेजहरूले जर्मन सेनालाई पराजित गर्न गोरखाली सेनाले मात्र सक्ने निष्कर्षमा पुगी राणा प्रधान मन्त्री चन्द्र समशेरसँग सैन्य सहायता मागेका थिए । चन्द्र समशेरले चलाखीका साथ पशुपतिनाथको ढुकुटीबाट रकम झिकी मालिकहरूलाई तिरीदिए र दास प्रथाको अन्त्य भएको घोषण गरी दास दासीहरूलाई मुक्त गरिदिए । कतिपय मालिकहरूले शिवको सम्पत्ति लिनु हुँदैन भनेर त्यतिकै दास दासीहरूलाई मुक्त गरिदिएका थिए । तिनै दास दासीहरूलाई अमलेखगञ्जमा बसोबास गराईयो । युवा र सक्षम पुरुषहरूलाई गोर्खा सेनामा भर्ना गरी प्रथम विश्व युद्धमा पठाइएको थियो । जे होस त्यस बेलाको समयमा दास दासी राख्न नपाइने व्यवस्था गर्नु सकारात्मक कदम थियो । |
| सती प्रथा उन्मुलन | त्यस बेलाको नेपाली समाजमा महिलालाई पतिको मृत्यु भए पछि पतिसँगै चितामा राखी जिउँदै जलाउने चलन थियो । यो अत्यन्त क्रुर र अमानवीय चलन नै सती प्रथा हो । चन्द्र समशेरले यस प्रथालाई पूर्ण रूपमा प्रतिवन्ध लगाए । यो उनको राम्रो कदम थियो । |
| शिक्षाको विकास | |

| | |
|---|---|
| औद्योगिकीकरण | |
| प्रसासनिक सुधार | |
| दरवारहरूको निर्माण | |
| विकास निर्माणका कार्यहरू | |

(ख) राणा कालका नकारात्मक प्रभावहरू सम्बन्धमा तलका जस्तै कार्डहरू तयार पारी प्रत्येक विषयमा आफ्नो विचार लेख्न लगाउने र प्रस्तुत गर्दै सही धारणा प्रदान गर्ने ।

- निरङ्कुश शासन गरेको
- जहानीया शासन गरेको
- जनताको अधिकार खोसिएको
- जनतालाइ अत्यधिक शोषण गरेको
- राज्यको सम्पत्तिलाई व्यक्तिगत रूपमा प्रयोग गरी विलासी जीवन विताएको
- विकासको काम ठप्प पारी देशलाई अन्धकारको युगमा सिमित राखेको
- हकुमी सासन चलाएको
- अन्ध विश्वास र धर्मको आड लिई जनतालाई दुख दिएको
- आफ्नो सत्ता जोगाउन अङ्ग्रेजहरूको साथ लिई उनीहरूलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गने अवसर दिएको
- बहुविवाह, बालविवाह, अनमेल बिवाहलाई प्रत्साहन गरेको
- राजालाई दरबार भित्रै बन्दी बनाई सम्पूर्ण अधिकार अफैंले प्रयोग गरेको

Draft

(ग) आफ्नो समुदायमा राणा शासन कालका के के कुराहरू हालसम्म प्रचलनमा छन् भन्ने बारेमा आफ्ना अभिभावक वा अग्रजसँग सोधी जानकारी सङ्कलन गर्ने र कक्षामा सुनाउने ।

(घ) माघ १६ र फागुन ७ का पत्रपत्रिकाका विशेशाङ्कहरू सङ्कलन गरी कक्षामा राणाकालका राम्रा र नराम्रा पक्षहरूका बारेमा जानकारीहरू सङ्कलन गरी र कक्षामा प्रस्तुत गर्न लगाउने ।

(ङ) विद्यार्थीहरूलाई आफूले विगतमा गरेका राम्रा र नराम्रा कार्यहरू संझेर तालिकामा भर्न लगाई भविश्यमा आफ्नो देश र समाजलाई राम्रो बनाउनको निम्ति गर्न सक्ने राम्रा कार्यहरू बारेमा प्रस्तुत गर्न लगाउने ।

७. **प्रतिविम्बन**

**तलका जस्तै छोटा प्रश्नहरू सोध्ने :**

- राणा शासनका मुख्य मुख्य आर्थिक उपलब्धिहरू के के थिए ?
- राणा शासनमा के कस्ता सामाजिक तथा साँस्कृतिक उपलब्धिहरू भएका थिए ?
- राणा शासनकालमा के राजनीतिक उपलब्धि पनि भएको थियो ?
- राणा शासनकालमा भएका उपलब्धिहरूले तात्कालीन र दीर्घकालीनरूपमा के कस्ता प्रभावहरू परेका छन् ?
- राणा शासनका कारण देश र जनतामा के कस्तो नकारात्मक प्रभाव परेको थियो ।

८. **थप अध्ययन सामग्री :**



Photo: Dirgha Man Chitrakar  Singha Durbar - 1915 A.D.  © The Ganesh Photo Lab

Draft

## पाठ : ९ औद्योगिक क्रान्ति र प्रभाव

*अनुमानित घन्टी : २*

### १. सक्षमता

१६.नेपाल र विश्वका प्रमुख राजनीतिक र आर्थिक घटनाक्रमहरूको सङ्क्षिप्त वर्णन प्रस्तुति ।

### २. सिकाइ उपलब्धि

१६. बेलायतको औद्योगिक क्रान्ति घटनाक्रमहरूको सङ्क्षिप्त वर्णन प्रस्तुति ।

३४. औद्योगिक क्रान्ति र यसले मानव समाजमा पारेको प्रभाव उल्लेख गर्न ।

### ३. विशिष्ट उद्देश्य :

(क) औद्योगिक क्रान्तिको परिचय दिन ।

(ख) औद्योगिक क्रान्तिले मानव जीवनमा पारेको प्रभाव वताउन ।

(ग) औद्योगिक क्रान्तिका घटनाहरूलाई क्रमवद्धरूपमा समय रेखामा प्रस्तुत गर्न ।

(घ) सम्पादकीय तयार पार्न

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य, धारणा

(क) औद्योगिक क्रान्तिको अध्ययनबाट प्रेरणा प्राप्त गरी आफ्नो देशलाई पनि औद्योगिकीकरण तर्फ लैजाने धारणाको निर्माण गर्न ।

(ख) आफूमा भएको वैज्ञानिक सोच र क्षमतालाई विभिन्न आविस्कार गर्ने तर्फ अग्रसर गराउन ।

(ग) कृषिमा आधारित अर्थतन्त्रलाई औद्योगिकीकरण गरेर आर्थिक उन्नति गर्न सकिने धारणा निर्माण गर्न ।

### ५. शैक्षणिक सामग्रीहरू

युरोपको नक्सा, औद्योगिक क्रान्तिसँग सम्बन्धित चित्र र तस्वीरहरू, क्रियाकलापमा उल्लेख गरिए अनुसारका तालिका, फ्लास कार्ड र चित्रहरू, समय रेखाको नमुना

### ६. क्रियाकलाप

(क) विद्यार्थीहरूलाई आफूले प्रयोग गर्ने वस्तुहरूको तलको जस्तै तालिकामा सूची बनाउन लगाउने । उक्त वस्तु कहाँबाट प्राप्त भएको हो टिक लगाउन लगाउने । अन्तमा हामीले प्रयोग गर्ने वस्तुहरूमध्ये सबै भन्दा धेरै कहाँबाट प्राप्त हुने रहेछ छलफल गर्ने । उद्य्योगबाट उत्पादित वस्तुको धेरै प्रयोग हुनु भनेको आर्थिक विकास राम्रो हुनु हो भन्ने धारणा दिने । आज हामीले उद्य्योगबाट उत्पादिन वस्तुको प्रयोग गर्न पाउनुको मुख्य कारण विगतमा भएको औद्योगिक क्रातिको उपलब्धि हो भन्दै विषय प्रवेश गर्ने ।

Draft

| क्षेत्र | वस्तु | उद्‌य्योगबाट | कृषिबाट | अन्यत्रबाट |
| --- | --- | --- | --- | --- |
| खाना | १.गहुँ<br>२.विस्कुट<br>... | <br>√ | √ | |
| लुगा | | | | |
| शैक्षक सामग्री | | | | |
| घरायसी सामान | | | | |
| अन्य | | | | |

(ख) पाठ्य पुस्तकमा उल्लेखित विवरण र अन्य सन्दर्भ सामग्रीको प्रयोग गरी औद्योगिक क्रान्तिका घटनाहरू समेटेर समय रेखा तयार पार्न लगाउने । सबैको समय रेखा प्रदर्शन गर्ने ।

(ग) विभिन्न प्रकारका आविस्कारहरूले औद्योगिक क्रान्तिलाई तिब्रता दिएको थियो । कुन आविस्कारले कस्तो उद्‌य्योगको विकासलाई सहयोग पुऱ्याएको थियो? भन्ने विषयमा छलफल गराउन आविस्कारकको नाम, यन्त्रको नाम वा चित्र भएको, उद्‌य्योगको नाम वा चित्र भएको कार्डहरू तयार पर्ने । ती कार्डहरूलाई छ्यासमिस पारेर एउटा भाँडोमा राख्ने । प्रत्येक विद्‌यार्थीलाई एक एकवटा कार्ड भिक्न लगाउने । विद्‌यार्थी सङ्ख्या धेरै भएमा एउटै कार्ड धेरै सङ्ख्यामा बनाउन सकिन्छ । अब सबै विद्‌यार्थीले आफ्नो जोडी खोजीसँगै बस्न लगाउने । प्रत्येक जोडीले आफूसँग भएको कार्डबाट आविस्कार, आविस्कारक, यन्त्र, उद्‌य्योगको नाम भन्दै जाने । यो खेलबाट औद्योगिक क्रान्तिमा के कस्ता यान्त्रिक उपलब्धि भएछन् भन्ने विषयमा जानकारी हुन जान्छ ।

(घ) औद्‌योगिक क्रान्तिले आर्थिक विकास, जीवन शैली, सञ्चार तथा यातायात, प्रविधिको विकास, रोजगारी र पेसा व्यवसायमा पारेको प्रभावका बारेमा छलफल गराउने ।

## ७. प्रतिविम्बन

तलका जस्तै प्रश्नहरू सोधी मौखिक वा लिखित जवाफ प्राप्त गर्ने ।

- औद्‌योगिक क्रान्तिको परिचय देऊ ।
- औद्‌योगिक क्रान्ति कसरी सुरु भएको थियो ?
- औद्‌योगिक क्रान्तिका मुख्य उपलब्धिहरू के के हुन् ?

Draft

- औद्योगिक क्रान्ति नभएको भए अहिलेको विश्व कस्तो हुन्थ्यो होला ?
- औद्योगिक क्रान्तिले गर्दा कृषिमा आधारित अर्थतन्त्रलाई उद्य्योग, व्यापारमा आधारित बनायो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

सम्पादकीयको नमुना :

### औद्योगिक क्रान्ति आर्थिक विकास को आधार

राष्ट्रविकासको मुख्य आधार उद्य्योग हो । उद्य्योगले थोरै उत्पादनबाट पनि धेरै आम्दानी दिन सक्छ । विश्वमा जव मेसिनको आविश्कार भयो त्यस पछि उद्य्योगहरूको विकास भएको पाइन्छ । सन् १७६० देखि १८४० सम्मको अवधिलाई बेलायतमा औद्योगिक क्रान्ति भनेर चिनिन्छ । यस अवधिमा युरोपमा आश्चर्यजनक रूपमा स्वचालित मेसिनहरूको आविश्कार भयो । परिणाम स्वरूप थोरै समयमा धेरै उत्पादन हुन थाल्यो । यसले विश्वमा बजारको पनि विस्तार गर्‍यो । युरोपेली देशहरू आर्थिक रूपले सम्पन्न हुँदै गए र शक्ति राष्ट्रका रूपमा देखा परे । उनीहरूको जीवन स्तर पनि निकै उच्च हुँदै गयो र आज सम्म विश्वमा उनीहरूकै वर्चस्व कायम छ ।

दोस्रो विश्व युद्ध पछि पूवी युरोपको जापान कोरिया र चीनले पनि औद्योगिकीकरणलाई प्रथाभिकता दिए । परिणाम स्वरूप ती देशहरू पनि विकसित हुँदै गए ।

हाम्रो जस्ता विकासोन्मुख देशले पनि कृषिका साथसाथै उद्य्योगको विकास गरेर देशलाई गरीबीबाट मूक्ति पाउन सकिन्छ । हमीले आफूसँग भएको सिपलाई आधुनिकीकरण गर्ने र नजानेकोसिप विदेशबाट सिकेर देशमा औद्योगिक विकास गर्न सकिन्छ । यसका लागि सरकारले उद्य्योग खोल्न चाहनेलाई पूजी, छिटोछरितो ढङ्गबाट स्वीकृति दिने जस्ता कार्यहरू गरेर उद्य्योग खोल्न तर्फ जागरण पैदा गर्नु पर्दछ । जनताले पनि थोरै उत्पादन हुने कृषिलाई छाडेर उद्य्योग व्यवसाय गर्नतर्फ लाग्नु पर्दछ । देशमा औद्योगिक क्रान्ति ल्याउनुपर्दछ ।

## ९. परियोजना कार्य

हाम्रो देशलाई कृषि प्रधान मुलुकबाट औद्योगिक राष्ट्र बनाउन के के गर्नु पर्ला ? यस विषयमा आफ्ना अग्रजसँग सोध । आफ्नो विचार पनि समेटेर केही बुँदाहरू तयार पार र कक्षामा प्रस्तुत गर ।

Draft

**पाठ : १० लक्की नानीको वंशावली**

**पाठ : ११ हाम्रा पूर्वज वर्तमानका मार्गदर्शक**

*अनुमानित घन्टी : ४*

१. **सक्षमता**

**१६.नेपाल र विश्वका प्रमुख राजनीतिक र आर्थिक घटनाक्रमहरूको सङ्क्षिप्त वर्णन प्रस्तुति**

२. **सिकाइ उपलब्धि** : ३५. आफ्नो वंशको महत्त्वपूर्ण पक्षको खोजी र वंश वृक्ष तयारी गर्न ।

३. **विशिष्ट उद्देश्य** :

(क) वंश वृक्षको परिचय दिन

(ख) वंशावलीका आधारभूत कुराहरू प्रयोग गर्न

(ग) आफ्नो वंशको वंशावली खोजी अध्ययन गर्न

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) आफ्ना पुर्खाहरूको खोजी र उनीहरूप्रति सम्मान

(ख) आफ्ना अग्रजहरूको पहिचान गरी उनीहरूबाट मार्गदर्शन प्राप्त गरी आफ्नो व्यवहारमा उतार्नु

(ग) ऐतिहासिक घटनाबाट पाठ सिकेर आफ्नो जीवनलाई सार्थक र सफल बनाउनु

५. **शैक्षणिक सामग्री**

वंशावलीको नमुना, नेपालको इतिहासमा हाम्रा पूर्वजहरूका राम्रा विचार, व्यवहार, योगदान र कार्यहरूको सूची

६. **क्रियाकलाप**

(क) वंशावलीको परिचय दिँदै एउटा वंशावलीको नमुना प्रदर्शन गर्ने, विद्यार्थीहरूलाई आफ्नो परिवारमा थाहा भएसम्मको नाम र नाता अनुसार वंशावली तयार पार्न लगाउने र सबैको वंशावली कक्षामा प्रदर्शन गर्ने ।

(ख) वंशावलीको महत्त्व झल्कने तालिका प्रर्दशन गर्दै कक्षामा छलफल गर्ने ।

(ग) विद्यार्थीहरूलाई एक बेन्चको एक समूह मानेर प्रत्येक समूहलाई विगतका घटना र हाम्रा अग्रजहरूबाट प्राप्त मार्गदर्शन, प्रेरणा वा उनीहरूबाट सिक्न सकिने पाठहरूको सूची बनाउन लगाउने । त्यसरी सुची बनाउँदा सम्बन्धित ऐतिहासिक घटना वा व्यक्ति र सन्दर्भ पनि उल्लेख गर्नु पर्ने कुरा भनिदिने । प्रत्येक समूहले तयार पारेका बुँदाहरू पालै पालो कक्षामा प्रदर्शन गर्दै कक्षाको सामाजिक अध्ययन विषयको कुनामा सजाउन लगाउने । विगतका घटना र व्यक्तिबाट पाठ सिकेर आफ्नो जीवन र राष्ट्रलाई सफल र राम्रो बनाउन सकिने कुरामा छलफल गर्ने ।

Draft

## ७. प्रतिविम्बन

तलका जस्तै प्रश्न सोध्ने वा लेख्न लगाउने :

(क) वंशावली भनेको के हो ?

(ख) वंशावलीको महत्त्व दर्शाउनुहोस् ।

(ग) पहिले वंशावलीमा पुरुषको नाम मात्र लेख्ने कारण के थियो होला ?

(घ) हिजो आज वंशावलीमा श्रीमती र छोरीहरूलाई पनि समावेश गर्न थालिएको छ । यसको के महत्त्व छ ?

(ङ) हाम्रा पुर्खा र अग्रजबाट के कस्ता मार्गदर्शन प्राप्त भएको छ ?

(च) आफ्ना अभिभावकसँग सोधी आफ्ना पुर्खाको वंशतालिका तयार पार ।

## ८. थप अध्ययन सामग्री

हाम्रा पूर्वज र ऐतिहासिक घटनाबाट प्राप्त मार्गदर्शन

- राम शाहको पालामा चलेको न्याय नपाए गोरखा जानु भन्ने भनाइबाट कानुनी शासन भएको राज्य राम्रो राज्य हो, त्यसैले कानुनी शासनका पक्षमा लाग्न यसले प्रेरणा प्रदान गर्दछ ।

- पृथ्वीनाराण शाहको दिव्य उपदेश र उनले अपनाएको नीतिले राज्यमा सुसान कायम गर्न मार्गदर्शन प्राप्त भएको छ । घुस लिन्या र दिन्या दुवै राज्यका सत्रु हुन् , प्रजा मोटा भया देश बलियो हुन्छ , जस्ता नीतिले अहिले पनि सुसान कायम गर्न र लोकतन्त्र सुदृढ गर्न मार्ग दर्शन गरेको छ । त्यसै गरी योजना बनाएर अघि बढेमा सफलता हासिल गर्न सकिन्छ भन्ने कुरा पनि पृथ्वीनारायण शाहबाट सिक्न सकिन्छ ।

- अमरसिंह थापा, बलभद्र कुँवर, भक्ति थापा, भिमसेन थापा, बहादुर शाह, राजेन्द्र लक्ष्मी, आदि अग्रजबाट रष्ट्रिय स्वाभिमान बचाउन सधैँ क्रियाशिल हुनुपर्ने प्रेरणा प्राप्त भएको छ ।

- विदेशीलाई आन्तरिक राजनीतिमा प्रवेश गराएमा, सत्तामा बस्नेले निजी स्वार्थ पुरा गर्नतर्फ लागेमा, आन्तरिक कलह र षडयन्त्रमा लागेमा, असक्षम व्यक्तिको हातमा अधिकार परेमा र स्वार्थी एवम् धुर्त व्यक्तिको हातमा सत्ता परेमा राज्य भडखालोमा पर्ने रहेछ र जनताले दुख पाउने रहेछन् भन्ने पाठ सिकिएको छ ।

- अरूलाइ विनास गरेर षडयन्त्रबाट प्राप्त शक्ति र सत्ताले अन्तमा आफू र आफ्ना सन्ततिको विनास गर्दछ भन्ने पाठ जङ्गबहादुर, राज्यलक्ष्मी, रणजङ्ग पाण्डे, रणेद्वीप सिंह,बाट सिक्न सकिन्छ ।

- गुट उपगुटको राजनीतिले बिक्रीति विसङ्गतिको विकास हुने हुँदा सहमती र मिलीजुली देश बनाउनु पर्छ ।


Draft

- राजेन्द्र लक्ष्मी, राजराजेश्वरी, ललित त्रिपुरा सुन्दरीबाट नेपाली महिलाहरूले पनि अवसर पाए शासन सञ्चालन गर्न सक्दछन् भन्ने प्रमाणित गरेका छन् । त्यसैले महिलाहरूलाई अवसर दिएर क्षमता विकास गर्नु पर्दछ भन्ने पाठ सिकाएको छ ।

- राणा शासनका विरुद्ध लडेका प्रजा परिषदका सदश्यहरू शहिदहरू र योद्धाहरूबाट देश र जनताका लागि आवश्यक परेमा जस्तो सुकै वलिदान दिनु परेपनि पछि पर्नु हुन्न भन्ने पाठ सिकाएका छन् । राष्ट्र र राष्ट्रियता हाम्रो पहिचान हो र त्यो व्यक्ति, दल र गुट भन्दा धेरै माथि हुन्छ भन्ने कुरा हाम्रा अग्रजहरूले सिकाएका छन् ।

Draft

१. **वंशावलीको नमुना**





पृथ्वीनाराण शाह र उनका सन्ततिहरू देखाउने वंशावली

Draft

| | | | | | |
|---|---|---|---|---|---|
| | नरभूपाल शाह | | | | |
| चन्द्रप्रभावती | कौसल्यावती | बुद्धिमती | शुभद्रावती | | |
| | ⇩ | | | | |
| | पृथ्वीनारायण शाह | महोद्दम कीर्ति शाह | दल मर्दन शाह | सुरप्रताप शाह | दलजीत शाह |
| | नरेन्द्र लक्ष्मी | | | | |
| | ⇩ | | | | |
| | प्रताप सिंह शाह | बहादुर शाह | | | |
| | राजेन्द्र लक्ष्मी | | | | |
| | ⇩ | | | | |
| | रणबहादुर शाह | | | शेरबहादुर शाही | विदुर शाही |
| राज राजेश्वरी | कान्तिवती | शुवर्ण प्रभा | ललित त्रिपुरा सुन्दरी | | |
| | ⇩ | | | | |
| | गिर्वाणयुद्ध विक्रम शाह | | रणोद्योत शाह | | |
| | शिद्ध राज्य लक्ष्मी देवी | राज्य लक्ष्मी देवी | | | |
| | ⇩ | | | | |
| | राजेन्द्र विक्रम शाह | | | | |
| | साम्रज्य लक्ष्मी देवी | राज्य लक्ष्मी देवी | | | |
| | ⇩ | | | | |
| | सुरेन्द्र विक्रम शाह | उपेन्द्र विक्रम शाह | रणेन्द्र विक्रम शाह | वीरेन्द्र विक्रम शाह | देवेन्द्र विक्रम शाह |
| | ⇩ | | | | |
| | त्रैलोक्य विक्रम | नरेन्द्र विक्रम | | | |

Draft




*स्रोत : नेपालको राजनीतिक इतिहास, पिताम्बरलाल यादव*

Draft

**एकाइ - ८ आर्थिक क्रियाकलाप**

**पाठ : १ कृषि**

*अनुमानित घन्टी : १*

१. **सक्षमता**

१७. नेपालको आर्थिक विकासमा कृषि प्रणालीको परिचय र योगदानको बोध

२. **सिकाइ उपलब्धि :** ३५ आर्थिक कृषि प्रणाली र कृषिको व्यवसायीकरणको अवधारणा र महत्त्व बताउन ।

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छन् :

(क) कृषि व्यवसायलाई नेपालको प्रमुख आर्थिक व्यवसायको रूपमा व्याख्या गर्न,

(ख) कृषिको महत्त्व बताउन,

(ग) परम्परागत कृषि प्रणालीको परिचय दिन

(घ) नेपालको कृषि व्यवसायका समस्याहरू उल्लेख गर्न,

(ङ) कृषि व्यवसायका समस्या निराकरण गर्ने उपायहरू बताउन ।

(च) स्थानीय कृषि पद्धतिको खोजी गर्ने

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता :**

(क) कृषि व्यवसायलाई सम्मानित पेशाको रूपमा ग्रहण गर्ने ;

(ख) खेतबारीमा काम गर्नु, घरपरिवारका सदस्यलाई त्यस्ता कार्यमा सघाउने

(ग) कृषि उत्पादनको संरक्षण गर्नु,

(घ) आफ्नो समुदायमा उत्पादित वस्तुहरूको आवश्यकता अनुसार प्रचार प्रसारमा सहयोग गर्ने

(ङ) समय समयमा आफ्नो समुदायमा हुने कृषि मेला, प्रदर्शनी, महोत्सवमा सहभागी भई जानकारी लिने

(च) कृषि व्यवसायलाई आधुनिकीकरण र निर्यातमुखी बनाएर देशको आर्थिक विकास गर्न सकिन्छ भन्ने सकारात्मक अभिवृत्तिको विकास गर्ने

५. **शैक्षणिक सामग्री**

- कृषि उत्पादनहरू जस्तै : धान, मकै, गहुँ, विविध फलफूलको उत्पादन, पशु पालन, कुखुरापालन लगायत क्रियाकलापको, चित्र, पोटो, भिडियो वा नमूना ।
- कृषि उत्पादन वा कार्यहरू सम्बन्धमा सरोकारवाला निकायले प्रकाशन गर्ने बुलेटिन, पर्चा, पम्पलेट, पोस्टर, डकुमेण्ट्रि, भिडियो क्लिपस्, तथ्याङ्क तथा स्रोत व्याक्ति ।

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क कृषि व्यवसाय वा कार्यको अवधारणा बताउन खाद्यान्नबाली, नगदेबाली, फलफूल उत्पादन, पशु व्यवसाय आदिको उत्पादन वा सो कार्यसँग सम्बन्धित नमूना चित्र तथा चार्ट पेपरमा प्रदर्शन गर्ने वा सम्भव भएमा कृषि क्रियाकलापका Video Clip हरू समेत देखाई छलफल गर्ने

(ख) कृषि व्यवसायले हाम्रो दैनिक जीवनस्तरमा पार्ने प्रभाव, महत्त्वको सम्बन्धमा मस्तिष्क मन्थन विधिको प्रयोग गरी छलफल गर्ने,

(ग) परम्परागत कृषि प्रणलीको परिचय दिई यसलाई कसरी आधुनिकीकरण गर्न सकिएला भनेर छलफल विधिको प्रयोग गरी प्रस्ट पार्ने,

(घ) नेपालमा कृषिको महत्त्व, समस्या र समाधानका उपाय सम्बन्धमा चित्र, चार्ट, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने ।

(ङ) स्थानीय कृषि व्यवसायको जानकार व्यक्ति वा, सफल कृषक वा कृषि प्राविधिकलाई विद्यालयमा स्रोत व्यक्तिको रूपमा आमन्त्रण गरी कृषिका विविध पक्षका बारेमा अन्तरक्रिया गरी जानकारी लिने

(च) विद्यार्थीलाई कृषि व्यवसायको अवधारणा, दैनिक जीवनस्तर तथा राष्ट्रिय अर्थतन्त्रमा कृषिको योगदान सम्बन्धमा गीत, कविता, संवाद, चिठी, पोस्टर तयार पार्न लगाउने र कक्षामा प्रस्तुत गर्दै मुल्याङ्कन गर्ने ।

## ७. प्रतिबिम्बन

(क) तलको क्षेणीमापन तालिका प्रयोगगरी विद्यार्थीले स्थानीय स्तरमा भएका विकास गतिविधि सम्बन्धी परियोजना कार्यको मूल्याङ्कन गर्ने ।

| क्र.सं. | विद्यार्थीको नाम वा समूह | योजना निर्माण र कार्यान्वयन | सक्रियता र सहभागिता | प्रतिवेदन | प्रस्तुतीकरण |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| .. | | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नु पर्ने १

**(ख) तलका प्रश्नहरू सोध्ने :**


- नेपालको कृषि प्रणालीको महत्त्व उल्लेख गर्नुहोस् ।

Draft

- तपाईंको समुदायमा कृषि व्यवसायमा संलग्न मानिसहरूको जीवनस्तर न्यून वा उच्च के छ ? खोजीनीति गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- नेपाली कृषकहरूले आफ्नो व्यवसायमा भोग्नु परेका समस्याहरूको सूची तयार गर्नुहोस् ।
- नेपालको आर्थिक विकासको मुख्य आधार कृषि हो, यस भनाइलाई पुष्टि गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्री

नेपालमा आर्थिक आयको मुख्य स्रोत कृषि नै हो । यहाँ हिमाल देखि तराइसम्म कृषि पेसालाई नै मुख्य पेसाको रूपमा लिइएको । नेपालको भौगोलिक धरातल, हावापानी र माटोको अवस्था हेर्दा यो सानो देश भए पनि यहाँ विश्वका अधिकांश बालीनालीहरू उव्जाउन सकिने अवस्था छ तर नेपालको कृषि प्रणाली निर्वाहमुखी र परम्परागत शैलीको छ । यसले गर्दा उत्पादकत्व कम छ । आवश्यकता पुरा गर्न कठिन छ । धेरै मिहिनेत गरेर पनि थोरै उत्पादन हुने अवस्था छ । नेपालका कृषकहरूले बजारमा अपेक्षाकृत मूल्य पाउन सके को अवस्था छैन । उता उपभोक्ताले भने विदेशबाट आयात गरेका खाद्यान्न, फाफुल र तरकारी खानु पर्ने अवस्था छ । हाम्रो देशमा नै भएको कृषिलाई समयानुकुल सुधार गर्न सके हामी आयात होइन निर्यात गर्ने अवस्थामा पुग्ने थियौँ । यसका लागि नेपाली युवाहरूमा कृषिप्रति सकारात्मक धारणाको विकास गर्नु जरुरी छ । अध्ययन अनुसन्धान गरेर नयाँ नयाँ विउ र प्रविधिको उपयोग गरी कृषिबाट नै धेरै आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेर देखाउनु परेहो छ । अहिले नेपालबाटल बैदेशिक रोजगारमा गएका धेरैजसो मानिसहरू विदेशमा कृषि कामखदार कै रूपमा संलग्न भएर आएका हुनाले उनीहरूलाई यत्तिको खेतीपाती त हाम्रै देशमा पनि गर्न सकिन्छ भन्ने धारणाको विकास भई नेपाल फर्के पछि व्यावसायिक खेतीको सुरुवात भएको देखिन्छ ।




Draft

## ९. सामुदायिक कार्य/परियोजना कार्य

चार पाँच जनाको एक समूह हुने गरी विद्यार्थीहरूको समूह निर्माण गर्ने । प्रत्येक समूहलाई तलका मध्ये एक एक ओटा कार्यको जिम्मेवारी दिई सामुदायिक कार्य गर्न लगाउने ।

ग्रामिण क्षेत्रमा भए,

- आ-आफ्नो घरपरिवारमा उत्पादन गरिने कृषि उत्पादन वा कार्यहरूको विषयमा कक्षामा प्रस्तुत गर्न लगाउने,
- स्थानीय स्तरमा आधुनिक वा व्यवासायिक वा ठुलो क्षेत्रमा खेती गरेका वा सामान्य कृषकलाई भेटी उनले अपनाएका विधि प्रविधिका बारेमा अवलोकन र छलफल गर्ने
- स्थानीय कृषकले सामना गरेका समस्या र समाधानका उपाय सम्बन्धमा छलफल गर्ने
- नेपाल को कृषिलाई आधुनिकीकरण वा व्यावसायिकरण गर्ने उपायका सम्बन्धमा विभिन्न स्रोतबाट खोजी गर्ने

शहरी क्षेत्रमा भए,

- स्थानीय तरकारी बजारमा गई त्यहाँ उपलव्ध वस्तुको उत्पादन कहाँ र कसरी हुन्छ ? कसरी त्यहाँ आइपुग्छ
- स्थानीय कृषि व्यापारीले भोग्नु परेका समस्या र समाधानका उपाय
- यी कृषि उत्पादनमा कृषकले प्रति एकाइ कति पाउँछन् र उपभोक्ताले कति तिर्दछन् ? कृषकलाई बढी र याथोचित मूल्य पाउने अवस्था सिर्जना गर्न के के गर्न सकिन्छ ?
- बजारमा कुन कुन कृषि वस्तुको बढी माग हुन्छ र ती वस्तु उत्पादन गर्नमा कृषि व्यापारीले कृषकसँग कसरी सहकार्य गर्न सक्दछन् ?
- कृषि वस्तुलाई बढी मूल्य आउने, टिकाउ, भण्डारण, र गुणस्तरीय बनाउने वा विदेश निर्यात गर्न सकिने बनाउने उपायहरूका सम्बन्धमा स्थानीय व्यापारी, उपभोक्ता र सामान बिक्री गर्न आउने कृषकसँग छलफल गर्ने

  सबै समूहलाई प्राप्त तथ्य तथ्याङ्कका आधारमा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने र छलफल गर्ने ।

Draft

**पाठ : २ आधुनिक कृषि प्रणाली**

**पाठ : ३ कृषि व्यावसायिकरण**

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

१७ आधुनिक कृषि प्रणाली तथा कृषि व्यावसायिकरणको परिचय र योगदानको बोध ।

२. **सिकाइ उपलब्धि** : आधुनिक कृषि प्रणाली र कृषि व्यावसायिकरणको अवधारणा र महत्त्व बुझ्न ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

(क) कृषि व्यवसायमा आधुनिकीकरण तथा व्यवसायीकरणको अवधारणा बताउन,

(ख) नेपालको प्रमुख व्यवसाय कृषि प्रणालीको आधुनिकीकरण र व्यवसायीकरणको औचित्य र महत्त्व बताउन,

(ग) आफ्नो समुदायमा कृषि आधुनिकीकरण तथा व्यावसायिकरणको अवस्था र सम्भावनाको खोजी गर्न

(घ) कृषिको व्यावसायिकरण तथा आधुनिकीकरण गर्न सरकारले सञ्चालन गरेका गतिविधि सम्बन्धमा जानकारी लिन ;

(ङ) कृषिको आधुनिकीकरण तथा व्यावसायिकरण गर्ने उपायहरू बताउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) कृषिको आधुनिकीकरण एवम् व्यावसायिकरणका क्षेत्रमा संलग्न व्यक्तित्वको उदाहरण, उहाँहरूबाट भएका क्रियाकलापबाट शिक्षा प्राप्त गरी अरूलाई जानकारी गराउनु र आफूले अवलम्बन गर्नु

(ख) सरोकारवाला निकायहरूले समय समयमा आयोजना गर्ने कृषि मेला वा महोत्सवमा आना उत्पादन सहित सहभागी हुन अभिप्रेरित गर्नु

(ग) सरकारले कृषिको व्यावसायिकरण तथा आधुनिक कृषि प्रणाली प्रवर्द्धन गर्न गरेका प्रयासहरू सम्बन्धमा घरपरिवार वा समुदायलाई जानकारी गराउनु ।

५. **शैक्षणिक सामग्री**

- आधुनिक कृषि व्यवसाय वा कार्यसँग सम्बन्धित विभिन्न चित्र, प्रकाशन, प्रसारण भएका समाचार, स्थानीय क्षेत्रको अवलोकन
- सरकार वा सरोकारवाला निकायले तयार पारेका कार्ययोजना, रणनीति, नीतिहरू ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

Draft

(क) कृषिको आधुनिकीकरण र व्यावसायिकराणको अवधारणा प्रष्ट पार्ने । जस्तै : खेतीपातीमा आधुनिक कृषि औजार, उन्नत बिउबिजनको प्रयोग, कृषि पूर्वाधारको विकास वा कृषिमा आधुनिकीकरण गर्न सकिने भनि छलफल गर्ने ;

(ख) नाफामुखी, तुलनात्मक लाभको आधारमा वा वस्तुको उत्पादन, मागबमोजिम बजारमा वस्तुको उपलब्ध हुने अवस्था कृषिको व्यावसायिकरण हो भनि छलफल गर्ने ,

(ग) कृषि आधुनिकीकरण र व्यावसायिकरणका सम्बन्धमा प्रकाशन भएका समाचार, जानकारीमूलक सन्देश, लेखहरू सङ्कलन गरी प्रदर्शन गर्ने, छलफल गर्ने, विद्यार्थीका विचारहरू बुझ्ने ;

(घ) विद्यार्थीलाई आफ्नो समुदायमा कृषिको आधुनिकीकरण तथा व्यावसायिकरण सम्बन्धमा भएका गतिविधिहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने, व्यावसायिक कृषकको सफल जीवन सम्बन्धमा समाचार सङ्कलन गर्न लगाउने ।

(ङ) आजकाल तरकारी खेती, फलफूल खेती, विभिन्न जडीबुटी खेती, मौरीपालन, कुखुरापालन, पशु पालन लगायतका कृषि कार्यको आधुनिकीरकण, व्यावसायिकरण कार्य सुरु भएको छ । यसले सर्वसाधारणको जीवनस्तरमा ल्याएको परिवर्तन, राष्ट्रिय आयमा यिनको योगदान, तथा यी क्षेत्रको व्यावसायिकरणबाट अन्य आर्थिक क्षेत्रमा पारेको सकारात्मक प्रभाव सम्बन्धमा चित्र, फोटो, भिडियो र सन्दर्भ सामग्री प्रस्तुत गर्दै छलफल गर्ने । यी क्षेत्रमा संलग्न भई सफल भएका कृषकको योगदान कक्षामा समाचार, कथाको माध्यमबाट प्रस्तुत गर्ने ।

(च) विद्यालय नजिक कृषि आधुनिक कृषि व्यवसाय भएमा विद्यार्थीलाई सो ठाउँको अवलोकन भ्रमण गराउने ।

(छ) कृषिको आधुनिकीकरण गर्न सरकारले जारी गरेका नीतिहरू जस्तै : बीस वर्षीय दीर्घकालीन कृषि रणनीति, कृषि यान्त्रीकरण नीति - २०७१, दुग्ध विकास नीति - २०६४, पक्षीपालन नीति - २०६८, कृषि व्यवसाय प्रवर्द्धन नीति - २०६९ लगायत नीति विषय सम्बन्धमा अध्ययन गरी विद्यार्थीलाई जानकारी गराउने र छलफल गर्ने ;

(ज) विद्यार्थीलाई आफ्नो समुदायमा कृषि आधुनिकीकरण तथा व्यावसायिकरणको सम्भावना सम्बन्धमा खोजीनीति गर्न लगाउने ;

## ७. प्रतिबिम्बन

(क) तलको क्षेणीमापन तालिका गरी विद्यार्थीले स्थानीय स्तरमा भएका कृषि विकासका गतिविधि सम्बन्धी परियोजना कार्यको मूल्याङ्कन गर्ने ।

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र/ विद्यार्थीको नाम | योजना निर्माण र कार्यान्वयन | | | | सक्रियता र सहभागिता | | | | प्रतिवेदन | | | | प्रस्तुतीकरण | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | ३ | २ | १ | ज. | ३ | २ | १ | ज. | ३ | २ | १ | ज. | ३ | २ | १ | ज. | |

Draft

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | |

१= सुधार गर्नुपर्ने, २= राम्रो, ३= धेरै राम्रो, ज. = जम्मा

(ख) तलका प्रश्नहरू सोधेर विद्यार्थीले बुझे नबुझेको मुल्याङ्कन गर्न सकिन्छ :

१. कृषि आधुनिकीकरण तथा व्यावसायिकरणको अवधारणा प्रष्ट पार्नुहोस् ।

२. नेपालको अर्थतन्त्रमा कृषि व्यावसायिकरणको महत्त्व उल्लेख गर्नुहोस् ।

३. नेपालमा कृषि व्यावसायिकरणको सम्भावना बुँदागत रूपमा लेख्नुहोस् ।

४. तपाईंको समुदायमा कृषिको आधुनिकीकरणको अवस्था के कस्तो छ ? खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## ९. थप अध्ययन सामग्री

नेपालमा सबै भन्दा धेरै मानिस कृषि पेसमा संलग्न छन् । तर नेपालको कृषि प्रणाली निवाहमुखी र परम्परागत शैलीको छ । यसले गर्दा उत्पादकत्व कम छ । आवश्यकता पुरा गर्न कठिन छ । धेरै मिहिनेत गरेर पनि थोरै उत्पादन हुने अवस्था छ ।जसले गर्दा अर्ध बेरोजगारी र बेरोजगारीको अवस्था सिर्जना भएको छ । कृषि पेसा अवलम्बन गरिरहेका मानिसहरू त्यसलाई छाडेर अन्यत्र जानस किरहेका छैनन् भने पढेलेखेका मानिसहरू कृषिबाट अलग भइदिँदा जनशक्तिको अभाव हुन थालेको छ । त्यसैले नेपालका युवाहरूलाई आधुनिक खेतीतर्फ आकर्षित गर्नु र कृषिप्रति सकारात्मक धारणाको विकास गरी अध्ययन र अनुसन्धानमा आधारित व्यावसायिक खेती तर्फ लाग्न प्रेरित गर्नु आवश्यक छ । यस पाठले विद्यार्थीहरूलाई आधुनिक खेतीतर्फ आकर्षण पैदा गरी व्यावसायिक खेती र कृषिको आधुनिकीहरणतर्फ प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

Draft



## ९. सन्दर्भ सामग्री

https://www.youtube.com/watch?v=B_6_VRzCoIU

पाठ : ४ उद्योग

*अनुमानित घन्टी : २*

१. **सक्षमता**

नेपालको आर्थिक विकासमा कृषि, उद्योग, व्यापार, जलविद्युत, पर्यटन र वैदेशिक रोजगार र सहकारिताको योगदानको बोध ।

२. **सिकाइ उपलब्धि**

उद्योगको प्रकार र नेपालको अर्थतन्त्रमा यसको महत्त्व तथा विकासका सम्भावनाहरू र प्रवर्द्धनका उपायहरू उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छ :

(क) उद्योगको अवधारणा बताउन ।

(ख) उद्योगको प्रकार/किसिमको जानकारी लिन ।

(ग) उद्योगको कृषि, व्यापार तथा अन्य आर्थिक क्षेत्रसँग अन्तरसम्बन्ध बताउन ।

(घ) उद्योगको महत्त्व बताउन ।

(ङ) नेपालमा औद्योगिक विकासको ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्थाको जानकारी लिन

(च) नेपालमा विभिन्न किसिमका उद्योगको विकासको सम्भावनाको खोजी गर्न ।

(छ) नेपालमा उद्योगले भोग्नु परेका समस्या र समाधानका उपायहरू बताउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) नेपालमा उद्योगको महत्त्व बुझी औद्योगिकीकरणका उपाय खोजी गर्नु ।

(ख) स्वदेशी औद्योगिक उत्पादनको उपयोगमा गर्नु ।

(ग) सम्भव भएसम्म बेला-बेलामा स्थानीय तहमा आयोजना गरिने घरेलु तथा औद्योगिक मेला/महोत्सवमा सहभागी भई नेपालमा उत्पादन हुने वस्तुहरूको जानकारी लिनु ।

(घ) आफ्नो समुदायका उद्यमी उद्दमी व्यवसायीबाट प्रेरणा प्राप्त गर्नु ।

५. **शैक्षणिक सामग्री**

- उद्योगका प्रकार/किसिम बनाउने तस्विर, औद्योगिक उत्पादनहरूका नमूना तस्विरहरू, उद्योगको अवधारणा, महत्त्व झल्काउने विभिन्न लेख, विशेषाङ्क, समाचारहरू
- नेपाल सरकार, उद्य्योग मन्त्रालय वा विभागले प्रकाशन गर्ने बुलेटिन, सर्वेक्षण, आर्थिक सर्वेक्षण, पर्चा पम्प्लेट, पोस्टर, भिडियो

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) औद्योगिक क्षेत्र वा उद्योगको तस्विर प्रदर्शन गर्दै तिनका उद्योगको परिचय गराउने

Draft

(ख) विद्यालयमा ICT उपलब्ध छ भने वा विद्युतीय सामग्रीको उपलब्धता छ भने उद्योग, तिनको उत्पादन, उत्पादन प्रक्रिया, कार्यरत मजदुर सम्बन्धमा तयार पारिएका 'VIDEO CLIP' वा वृत्तचित्र प्रस्तुत गर्न सकिने जसले गर्दा आर्थिक विकासमा उद्योगको महत्त्व बुझ्न बुझाउन सहज हुने छ ।

(ग) स्थानीय स्तरमा सञ्चालन भएका घरेलु तथा साना उद्योगको उदाहरण दिई तिनको उत्पादन, रोजगारका अवसर, पूँजी परिचालन, स्रोत साधनको परिचालन आदिमा पुऱ्याएको योगदान छलफल गर्न सकिने । स्थानीय इलाकामा कुटानी/पिसानी, सिलाई/बुनाइ, दुग्धजन्य वस्तु उत्पादन, घरेलु जडीबुटी, साबुन उद्योग, बेकरीका Item उत्पादन गर्ने उद्योगहरू खुलेको पाइन्छ । त्यस्ता उद्योगबाट आर्थिक विकासमा पुग्ने योगदानको बारेमा छलफल गर्ने ।

(घ) स्थानीय तहमा घरेलु उद्यमी भएमा स्रोत व्यक्तिको रूपमा कक्षामा आमन्त्रण गरी छलफल गर्ने ।

(ङ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई निम्न विषयमा पाठ्य पुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी बुँदाहरू तयार पार्न लगाउने र पालै पालो प्रस्तुति गर्दै छलफल गर्ने ।

## ७. प्रतिबिम्बन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) उद्योगको परिचय दिनुहोस र यसका प्रकार उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा उद्योग र कृषि क्षेत्रको अन्तरसम्बन्ध प्रष्ट पार्नुहोस् ।

(ग) तपाईको समुदायमा कुनै घरेलु तथा साना उद्योग उञ्चालित भएको हुनुपर्छ । त्यस्ता उद्योगले समुदायको परिवर्तनमा कस्तो सकारात्मक प्रभाव पारेको छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## ८. थप अध्यायन सामाग्री




औद्योगिक व्यवसाय ऐन २०५४ संसोधित २०६७ अनुसार उद्योगका प्रकारहरू

- ५ करोड भन्दा कम स्थीर जेथा भएको उद्य्योग साना उद्य्योग
- ५–१५ करोड सम्म स्थीर जेथा भएको उद्य्योग मझौला उद्य्योग
- १५ करोड भन्दा माथि स्थीर जेथा भएको उद्य्योग ठुला उद्य्योग

## ९. परियोजना कार्य सामुदायिक कार्य

विद्यार्थीलाई स्थानीय तहमा सञ्चालित घरेलु तथा साना उद्योग अवलोकन भ्रमण गराई त्यस्ता उद्योगको अवस्था, योगदान, समस्या सम्बन्धमा प्रतिवेदन तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

Draft

## पाठ : ५ मझौला तथा ठुला उद्योग

*अनुमानित घन्टी : २*

### १. सक्षमता

नेपालको आर्थिक विकासमा कृषि, उद्योग, व्यापार, जलविद्युत, पर्यटन र वैदेशिक रोजगार र सहकारिताको योगदानको बोध ।

### २. सिकाइ उपलब्धि

उद्योगको प्रकार र नेपालको अर्थतन्त्रमा यसको महत्त्व तथा विकासका सम्भावनाहरू र प्रवर्द्धनका उपायहरू उल्लेख गर्न ।

### ३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छ :

(क) मझौला तथा ठुला उद्योगको परिचय दिन र यसको अवधारणा प्रस्ट पार्न ।

(ख) मझौला तथा ठुला उद्योगको स्रोत, साधन, पूँजी परिचालन गर्न पुऱ्याउने योगदानको सम्बन्धमा बताउन,

(ग) मझौला तथा ठुला उद्योगले आर्थिक वृद्धि तथा आर्थिक विकासमा पुऱ्याउने योगदान बारे जानकारी सङ्कलन गर्न ।

(घ) नेपालका मझौला तथा ठुला उद्योगहरूले भोग्नु परेको समस्या र समाधानका उपायहरू खोजी गर्न ।

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता

(क) मझौला तथा ठुला उद्योगको महत्त्व बोध हुने ।

(ख) मझौला तथा ठुला उद्योगले समग्र आर्थिक वृद्धि तथा विकासमा पुऱ्याउन सक्ने योगदान सम्बन्धमा जिज्ञासु हुनु ।

(ग) नेपालमा मझौला तथा ठुला उद्योग जस्तै : CG ग्रुप, खेतान, गोल्छा, गोयन्का, मुडभरी हाउस जस्ता उदयमीले पुऱ्याएको योगदानको विषयमा खोजीनीति गर्नु ।

### ५. शैक्षणिक सामग्री

- मझौला तथा ठुला उद्योगलाई परिचित गराउने चित्र/तस्विर, तिनका उत्पादनका नमूना तस्विर,
- मझौला तथा ठुला उद्योगको परिचय, अवस्था, नाम, महत्त्व झल्काउने दैनिक पत्रपत्रिका प्रकाशित लेख, त्यस्ता उद्योगहरूले प्रकाशन गर्ने विशेषाङ्क ।
- सम्बन्धित मन्त्रालय वा विभागले प्रकाशन गर्ने बुलेटिन, विशेषाङ्क, आर्थिक सर्वेक्षण वा तथ्याङ्क विभागले प्रकाशन गर्ने तथ्याङ्क र औद्योगिक नीति आदि ।
- नेपालको नक्सा र एटलसहरू

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) मझौला तथा ठुला उद्योगका नाम र अन्य जानकारी उल्लेख भएको चार्ट, फोटो वा भिडियो कक्षामा प्रदर्शन गर्दै छलफल गर्ने ।

(ख) नेपालमा चाउचाउ उद्योग, सिमेन्ट, फलामे छड, औषधी उत्पादन कम्पनी आदि ठुला र मझौला उद्य्योगले पुऱ्याएको योगदान सम्बन्धमा चार्ट र तालिका प्रस्तुत गर्दै छलफल गर्ने ।

(ग) विद्यालयको अनुकूलता, भौगोलिक अवस्था र उद्योगको अवस्थाको आधारमा कुनै औद्योगिक क्षेत्र वा उद्योगको भ्रमण गराई मझौला वा ठुला उद्योगको विविध आयाम विषयमा जानकारी लिन  लगाउने,

(ङ) देशमा औद्योगिकरणले देशको आर्थिक वृद्धि, उच्च जीवनस्तर, आर्थिक निर्भरता सम्बन्धमा अन्य छिमेकी राष्ट्रहरूका उदाहरण दिन सकिन्छ । जस्तै : चीन, जापान तथा भारतीय व्यापारी घराना, मित्तल, टाटा, बिरला, अम्बानीका उदाहरण दिने,

(च) नेपालमा कृषि, वन, खनिजमा आधारित मझौला तथा ठुला उद्योग सञ्चालन सम्भावना सम्बन्धमा छलफल गर्ने । जस्तै : नेपालमा विविध भौगोलिक अवस्थाका कारण विविध नगदेबाली, चिया, कफी, कपास, अलैंची आदिमा आधारित मझौला उद्योग, त्यस्तै स्लेट, चुनढुङ्गा, म्याग्नेसाइट, मार्वल आदि ठुला उद्योग सञ्चालन गर्न सकिने विद्यार्थीलाई जानकारी दिने,

## ७. प्रतिबिम्बन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) साना तथा घरेलु उद्योग र मझौला तथा ठुला उद्योगबिचको समानता र भिन्नता तालिकामा देखाउनुहोस् ।

(ख) मझौला तथा ठुला उद्योगले नेपालको अर्थतन्त्रमा पुऱ्याएको योगदनको सूची तयार पार्नुहोस् ।

(ग) नेपालका मझौला तथा ठुला उद्योगले भोग्नु परेको समस्याहरू उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा कुन कुन क्षेत्रमा मझौला तथा ठुला उद्योग सञ्चालन गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् ।

(ङ) नेपालमा उद्योग र कृषि क्षेत्रको अन्तरसम्बन्ध प्रष्ट पार्नुहोस् ।

## ८. सामुदायिक कार्य/परियोजना कार्य

परिचय : (अध्ययनको बारेमा छोटो परिचय दिने)

उद्देश्य : (यस अध्ययन कार्यको उद्देश्य)

सामग्री : (के के सामग्रीहरूको प्रयोग गरियो जस्तो, प्रश्नावली ग्राफ पेपर स्केल पेन्सिल)

प्रक्रिया : (कुन कुन कार्य कसरी गरियो, विधिहरू उल्लेख गर्ने)

Draft

पत्ता लागेका कुराहरू (findings): (के के कुराहरू पत्ता लागे)

निष्कर्ष (conclusion)

*नोटः आवरण पृष्ठ, लेखकको भनाई, विषयसूची तथा अनुसूची पनि प्रतिवेदनमा समावेश गर्नुपर्दछ*

विद्यार्थीहरूले प्रतिवेदन लेखिसकेपछि निम्न आधारमा परियोजना कार्यको प्रतिवेदन मूल्याङ्कन गर्न सकिन्छ । :

| **क्र.सं.** | **विद्यार्थीको नामा वा समूह** | **खका अनुसार मिलेको** | **पत्ता लगाएको नयाँ कुरा** | **जम्मा** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

Draft

## पाठ : ६ व्यापार

*अनुमानित घन्टी : १*

१. **सक्षमता**

**१७** नेपालको आर्थिक विकासमा व्यापारको योगदानको बोध ।

२. **सिकाइ उपलब्धि**

३७ व्यापार विविधिकरण, प्रवर्द्धन र बजारीकरणको अवधारणासँग परिचित हुन ।

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छ :

(क) व्यापारलाई अर्थतन्त्रको आधारभूत पक्षको उल्लेख गर्न

(ख) स्थानीय स्तरमा उत्पादन गर्ने उपभोग्य वस्तुहरू वा अन्य आवश्यकीय वस्तुको व्यापारिक अवस्था बारेमा जानकारी लिन

(ग) नेपाल र अन्य मुलुकहरूबिचको व्यापारिक सम्बन्ध, वस्तुको आयात र निर्यात बारे बताउन ;

(घ) नेपालको वैदेशिक व्यापारको प्रवृत्ति (Trend) बताउन

(ङ) नेपालको अर्थतन्त्रमा वैदेशिक व्यापारको योगदान बताउन

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) स्थानीय तथा आन्तरिक रूपमा उत्पादन हुने वस्तुको उपभोग गर्न जागरुक हुनु ;

(ख) आन्तरिक उत्पादनको व्यापारिकरण विषयमा बुझ्न नजिकको बजार, हाटमा अवलोकन गर्न, स्थानीय व्यापारीसित आन्तरिक व्यापार सम्बन्धमा जानकारी लिनु ;

(ग) नेपालमा निर्यातमूखी वैदेशिक व्यापार गर्न उपायहरू सम्बन्धमा चिन्तन गर्नु ।

५. **शैक्षणिक सामग्री**

नेपाल राष्ट्र बैंक तथा सरोकारवाला वित्तीय निकायले समय समयमा प्रकाशन गर्ने चौमासिक बुलेटिन, आर्थिक तथ्याङ्क, आर्थिक सर्वेक्षण, अन्य आर्थिक, व्यापारिक, वित्तीय सूचकाङ्क, नेपालको व्यापारसँग सम्बन्धित चित्र, फोटो भिडियो, नेपालको नक्सा र एटलसहरू

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) स्वदेशमा उत्पादित विभिन्न वस्तुको नमूना चित्र वा तस्विर कक्षाकोठामा प्रदर्शन गर्ने । जस्तै : कुनै एक जिल्लामा उत्पादित वस्तु अर्को स्थान वा जिल्लामा भएको ओसार प्रसार सम्बन्धमा छलफल गर्ने

(ख) नेपालमा उत्पादन हुने वस्तुहरूको सूची, चित्र वास्तविक वस्तु, नमुना आदि प्रस्तुत गर्दै छलफल गर्ने

(ग) वैदेशिक व्यापारले नेपालको अर्थतन्त्रमा पारेको सकारात्मक प्रभाव सम्बन्धमा छलफल गर्ने ।

Draft

(घ) नेपालको आन्तरिक व्यापार र वैदेशिक व्यापारको अवस्था, समस्या र समाधानका उपमाय सम्बन्धमा समूहगत छलफल गराउने र कक्षामा प्रस्तुत गर्दै छलफल गर्ने ।

(ङ) हामीले प्राय कच्चा पदार्थ निर्यात गर्ने र तयारी वस्तु आयात गर्ने गरेका छौं । यसबाट हाम्रो व्यापार घाटा बढीरहेको छ । यस समस्यालाई घटाउन के के उपाय अपनाउनु पर्ला भनी कक्षामा छलफल गराउने ।

## ७. प्रतिबिम्बन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) आन्तरिक व्यापारको महत्त्व प्रष्ट पार्नुहोस् ।

(ख) नेपालमा वैदेशिक व्यापारको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा वैदेशिक व्यापारको सम्भावना प्रष्ट पार्नुहोस् ।

(घ) स्थानीय हाट बजार वा व्यापारिक व्यक्तिसित सोधखोज गरी नेपालको आन्तरिक व्यापार र बाह्य व्यापार सम्बन्धमा खोजी गरी प्रतिवेदन तयार पार्नुहोस ।

## ८. थप अध्ययन सामग्री

एक स्थानबाट अर्को स्थानमा सामान ओसार पसार गरेर बिक्री वितरण गर्नु व्यापार हो । यसले एकठाउँमा उत्पादन भएको वस्तु अर्को स्थानमा लगेर आवश्यकता पुरा गर्न सहयोग गर्दछ । एकै देशमा एक स्थानको सामान अर्को स्थानमा लगेर बिक्री गर्नु आन्तरिक व्यापार हो भने विदेशबाट सामाज झिकाउनु वा निर्यात गर्नु बाह्य व्यापार हो । आन्तरिक व्यापारले देशको आर्थि बृद्धिमा खासै असर गर्दैन तर बैदेशिक व्यापारले देशको आर्थिक विकासमा प्रत्यक्ष असर गर्दछ । विदेशबाट कम मूल्यको वस्तु आयात गरेर बढी मूल्यको वस्तु निर्यात गर्न सकेमा देश आर्थिक रूपले सम्पन्न हुँदै जान्छ । तर यसको विपरित बढी मूल्यको वस्तु आयात र कम मूल्यको वस्तु निर्यात गर्ने अवस्था रहेको खण्डमा देश गरिब बन्दै जान्छ । नेपालको अवस्था उकासिन नसक्नुको पछाडि यस्तै व्यापारले गर्दा हो । आजको विश्वमा कुनै पनि राष्ट्र सबै वस्तुका निम्ति आत्म निर्भर हुन सक्दैन । आफ्नो देशमा उत्पादन लागत बढी पर्ने वस्तु विदेशबाट आयात गर्ने प्रचलन बढिरहेको छ । मानवको जीवनस्तर उच्च हुँदै जाँदा उपभोग र छनौटमा पनि वृद्धि हुँदै गइरहेको हुनाले व्यापारले अझ फष्टाउने मौका पाएको छ ।

Draft







## ९. परियोजना कार्य /गृहकार्य

विद्यार्थीलाई स्थानीय समुदायमा वा बजारमा व्यापार हुने वस्तुमध्ये के कस्ता आन्तरिक उत्पादन हुन् र के कस्ता वस्तुहरू आयातित हुन् भनी खोजी गर्न लगाई कक्षामा छलफल गर्न लगाउने ।

**पाठ : ८ नेपालमा व्यापार विविधिकरण**

**पाठ : ९ बजारीकरण**

*अनुमानित घन्टी :३*

१. **सक्षमता**

नेपालको आर्थिक विकासमा व्यापारको योगदानको बोध ।

२. **सिकाइ उपलब्धि**

व्यापार विविधिकरण, प्रवर्द्धन र बजारीकरणको अवधारणासँग परिचित हुन ।

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छ :

(क) व्यापार विविधिकरणको अवधारणासित परिचित हुन

(ख) स्थानीय स्तरमा उत्पादन गर्ने उपभोग्य वस्तुहरू वा अन्य आवश्यकीय वस्तुको व्यापारिक अवस्थाको जानकारी लिन

(ग) व्यापार विविधिकरण तथा बजारीकरणको वर्तमान अवस्थाको जानकारी लिन,

(घ) व्यापार विविधिकरण र बजारीकरणका समस्याको खोजी गरी समाधानका उपायहरू सुझाउन ।

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) आर्थिक गतिविधिहरू मध्ये व्यापार तर्फ आर्षित हुनु

(ख) घर परिवारको व्यापारिक गतिविधिलाई नियाल्नु र सहयोग गर्नु

(ग) वस्तुलई बजार नलगे सम्म आर्थिक लाभ नहुने प्रति सचेत रहनु ।

५. **शैक्षणिक सामग्री**

नेपाल सरकारका विभिन्न मन्त्रालय, विभागका प्रकाशित सामग्री, पत्रपत्रिका, बजेट वक्तव्य, आर्थिक सर्वेक्षण, विषय वस्तुसँग सम्बन्धित चार्ट चित्र र भिडियोहरू ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) नेपालमा लिच्छवीकाल, मल्लकाल, राणा शासनमा आयात निर्यात हुने वस्तुहरूको सूची प्रस्तुत गरी कक्षामा छलफल गर्ने,

(ख) नेपाल सरकार वा सम्बन्धित निकायबाट नेपालको वस्तुको बजार प्रवर्द्धिकरण भएका गतिविधि कक्षामा बुँदागत रूपमा चार्ट पेपर वा उपयुक्त शिक्षण विधि अपनाउने । जस्तैः विभिन्न राष्ट्रहरूमा भएका व्यापारिक सन्धि सम्झौता, विभिन्न राष्ट्रमा नेपाली वस्तुको Expo सम्बन्धमा जानकारी गराउने ।

(ग) स्थानीय चेम्बर/व्यापार संगठनहरूबाट प्रकाशित हुने बुलेटिन कक्षामा प्रदर्शन गर्दै छलफल गर्ने ।

Draft

(घ) नेपालमा भएका व्यापारिक उत्पादनुको विविधिकरण तिनको स्थानीय तथा अन्तर्राष्ट्रिय बजारीकरणका गतिविधिका सम्बन्धमा छलफल गर्ने ।

(ङ) नेपालमा स्थानीय वा क्षेत्रीय उतपादनको बजार प्रवर्द्धिकरणका लागि हुने मेला, महोत्सवसँग सम्बन्धित समाचार सङ्कलन गरी कक्षामा छलफल गर्ने,

(च) स्थानीय तहमा उत्पादन हुने विभिन्न वस्तुको सूची बनाई त्यसको बजारको सम्भावना सम्बन्धमा कक्षामा छलफल गर्ने ।

**७. प्रतिबिम्बन**

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) व्यापार विविधिकरण तथा बजारीकरणको परिचय दिनुहोस् ।

(ख) नेपालमा व्यापार विविधिकरण तथा बजारीकरणका लागि भएका प्रयासहरू तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

(ग) नेपाली उत्पादनको विविधिकरण तथा बजारीकरणमा के कस्ता प्रयासहरू गर्नुपर्ला ? बुँदागत रूपमा लेख्नुहोस् ।

**८. परियोजना कार्य /गृहकार्य**

विद्यार्थीको विभिन्न समूह बनाई स्थानीय उद्योग वा व्यापारिक मेलाको अवलोकन भ्रमण गरी  वस्तु उत्पादनको विविधिकरण तथा बजारीकरण सम्बन्धमा प्रतिवेदन तयार पार्नुहोस् ।

Draft

## पाठ : १० कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध

*अनुमानित घन्टी : १*

### १. सक्षमता

नेपालको आर्थिक विकासमा कृषि, उद्योग र व्यापारको योगदानको बोध ।

### २. सिकाइ उपलब्धि

३८ नेपालको आर्थिक विकासमा कृषि, उद्योग र व्यापारबिचको आपसी सम्बन्ध र महत्त्व वर्णन गर्न एवम् तिनको सुधारमा योगदान दिन ।

### ३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छ :

(क) नेपालमा उत्पादन गरिने नगदेबाली, फलफूल वा कृषि उत्पादन सम्बन्धमा जानकारी लिन

(ख) कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगको बारेमा बताउन

(ग) कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध बारेमा स्पष्ट धारणा राख्न

### ४. अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता

(क) कृषिजन्य उद्य्योगप्रति सकारात्मक हुने

(ख) नेपाली उत्पादनका वस्तुहरूको व्यापार प्रवर्द्धनका लागि आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने

### ५. शैक्षणिक सामग्री

- कृषि, उद्योग र व्यापारको अन्तर सम्बन्ध देखिने चित्र, चार्ट, पत्रपत्रिका, भिडियो
- नेपाल सरकार वा सम्बन्धित निकायबाट कृषि तथा उद्योगसँग सम्बन्धित प्रकाशनहरू, तथ्याङ्क ।

### ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) नेपालको विभिन्न भौगोलिक क्षेत्रमा उत्पादन हुने नगदेबाली, फलफूल तथा मसलाजन्य कृषि उत्पादनको सूची चार्ट पेपरमा बनाई कक्षामा छलफल गने । उदाहरणका लागि पूर्वी पहाडमा चिया, अलैंचीको उत्पादन, पूर्वी तराईमा उखु, सनपाट तथा पश्चिम तराईमा कपासको उत्पादनका सम्बन्धमा छलफल गर्ने,

(ख) उल्लेखित कृषि उत्पादनको व्यावसायीकरण र तिनमा आधारित उद्योगको परिचय, उद्योगबाट उत्पादन हुने वस्तुहरू, त्यस्ता सामग्रीको व्यापारिक अवस्थाका सम्बन्धमा छलफल गर्ने । चिया उद्योग, जुट उद्योग, चिनी उद्योग, चुरोट याक्ट्री आदिको उदाहरणबाट प्रष्ट पार्ने,

Draft

(ग) स्थानीय तह वा समुदायमा विविध कृषि उत्पादन, कृषिजन्य उद्योगको अवस्था , तिनले भोग्नु परेको समस्या र समाधानका उपाय सम्बन्धमा छलफल गरी चार्ट पेपरमा प्रस्तुत गर्ने ।

(घ) विद्यालयमा विद्युत र विद्युतीय सामग्रीको उपलब्धताका आधारमा कृषिजन्य उद्योगको वृत्तचित्र प्रस्तुत गर्ने ।

## ७. प्रतिबिम्बन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध देखाउने तालिका तयार पार्नुहोस् ।

(ख) तपाईंको समुदायमा उत्पादन हुने कृषि वस्तुहरू र कृषिजन्य उद्योगहरूको छुट्टाछुट्टै तालिका बनाउनुहोस् ।

(ग) कृषिजन्य उद्योगहरूले भोग्नु परेका चुनौतीहरूको सूची बनाउनुहोस् ।





## ८. सामुदायिक कार्य/परियोजना कार्य

आफ्नो समुदायमा उत्पादन हुने कृषिजन्य वस्तुहरू, तिनको उपयोग, व्यापारीकरण आदिको विषयमा खोजीनीति गरी प्रतिवेदन तयार पार्नुहोस् ।

Draft

## पाठ : १२ आर्थिक योजना,

## पाठ : १३ गरिबी निवारण र रोजगार प्रवर्धनमा योजनाको योगदान

*अनुमानित घन्टी : २*

१. **सक्षमता :**

१८ आर्थिक योजनाका परिचय, महत्त्व र चालु योजनाका विवरण प्रस्तुती ।

२. **सिकाइ उपलब्धि :**

३९ आथिक योजनाको परिचय दिई गरिबी निवारण र रोजगार प्रवर्धनमा आर्थिक योजनाले पुऱ्याउने योगदान उल्लेख गर्न ।

३. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छ :

(क) आर्थिक योजनाको परिचय दिन,

(ख) नेपालमा आर्थिक योजनाको शुरूवातको ऐतिहासिक पुष्ठभूमि बताउन,

(ग) आर्थिक योजनाका आधारभूत पक्षहरूको जानकारी प्राप्त गर्न ,

(घ) आवधिक योजनाको महत्त्व, आवश्यकता सम्बन्धमा बताउन,

(ङ) आर्थिक योजनाले सामाजिक, आर्थिक उपलब्धि हासिल गर्न पुऱ्याउने योगदानको विषयमा जानकारी लिइ सोको बारेमा बताउन,

४. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता**

(क) समुदायमा विकास कार्यका योजना सम्बन्धी भेला/छलफलमा चासो राख्नु र सहभागी हुनु ।

(ख) योजनबद्ध कार्यक्रम हुँदा विकास कार्यले गति लिन्छ भन्ने धारणाको विकास ।

(ग) आफ्नो व्यक्तिगत, पारिवारिक र विद्यालयका कार्यक्रमहरू योजनाबद्ध ढङ्गबाट सञ्चालन गर्नु ।

५. **शैक्षणिक सामग्री**

आवधिक आर्थिक योजनाका पुस्तकहरू, चालु आर्थिक योजना र चौधौं आर्थिक योजनाको पुस्तक, राष्ट्रिय योजना आयोग तथा सरोकारवाला निकायले समय-समयमा प्रकाशन गर्ने योजनाका उपलब्धिको मूल्यांकन/समीक्षा सम्बन्धी तथ्याङ्क । योजना सम्बन्धी चित्र, फोटोहरू

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विद्यार्थीले आफ्नो दैनिक क्रियाकलाप विद्यायलको गतिविधिमा बनाउने । बनाएका योजनाबद्ध कार्यक्रमबाट छलफल आरम्भ गर्ने, उनीहरूको विचार बुझ्न सकिने ।

(ख) योजनाबद्ध विकास को अवधारणा बुझाउन नेपाल सरकारले प्रकाशन गर्ने पुस्तकमा उल्लेख भएका विषय वस्तुका केही अंश चार्ट पेपरमा उल्लेख गरी छलफल गर्ने ।

Draft

उदाहरणको लागि चालु आर्थिक योजनामा सरकारले गरिबी निवारणका लागि लिएको लक्ष, प्राथमिकता, रणनीतिका विषय वस्तु समेटी छलफल गर्ने,

(ग) आर्थिक योजना हुँदा र नहुँदा उपलब्ध स्रोत साधनको उपयोग कसरी हुन्छ भनी चार्ट पेपरमा उल्लेख गरी छलफल गर्ने, स्थानीय समुदायमा भएका स्रोत साधनको उपयोगिताका उदाहरण दिन । विभिन्न विकसित राष्ट्रहरूले गरेको उपलब्धिका उदाहरण दिने जसले गर्दा आर्थिक योजनाको महत्त्व र आवश्यकता बुझ्न सहज हुने छ ।

(घ) नेपालको चालु आवधिक आर्थिक योजनाको उद्देश्य, लक्ष्य, रणनीति, उपलब्धि आदिका विषयमा चार्ट पेपर बनाई छलफल गर्ने ।

(ङ) नेपालका आर्थिक योजनाका चुनौतीहरूको विषयमा चार्ट पेपर बनाई छलफल गर्ने ।

(च) वार्षिक बजेटको उदाहरण दिई आर्थिक योजनाका विषयमा छलफल गर्ने ।

## ७. प्रतिबिम्बन

विद्यार्थीहरूलाई निम्न प्रश्नहरू गरी पाठको विषय वस्तुको प्रतिबिम्बन गर्न सकिन्छ :

(क) आर्थिक योजनाको परिचय दिनुहोस् ।

(ख) आर्थिक योजनाको महत्त्व बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

(ग) आर्थिक योजनाले स्रोत र साधन परिचालनमा कसरी सहयोग पुऱ्याउँछ ? उल्लेख गर्नुहोस् ।


(घ) चालु आर्थिक योजनालाई मुख्य मुख्य पक्षहरूको सूची तयार पार्नुहोस् ।

Draft

## ८. थप अध्ययन सामग्री

कुनै काम गर्दा के गर्ने, कसरी गर्ने, किना गर्ने, कहिले गर्ने, के के गर्ने, कसले गर्ने आदि कुराको क्रमवद्घ तालिका नै योजना हो । देशको विकास गर्ने कार्य निकै जटिल कार्य हो । देशमा सरकारले सिमित स्रोत र साधनले जनताका असिमित आकांक्षा पुरा गर्ने दायित्व बोकेको हुन्छ । यसका लागि उसले विवेकपूर्ण ढङ्गले योजना बनाएर कार्य गर्नु पर्ने हुन्छ । देशको समानुपातिक विकास गर्न र जनतालाई विकासका कार्य हुँदैछ भन्ने विश्वास दिलाउन पनि आर्थिक योजनाले महत्त्वपूर्ण भूमिका खेल्दछ । नेपालमा वि.सं. २०१३ सालबाट आवधिका योजनाको सुरुवात भएको थियो । कहिले पञ्च वर्षे कहिले तीन वर्षे योजनाहरू नियमितरूपमा सञ्चालन हुँदै आइरहेको छ । कुनै खास विषयका लागि दश वर्षे, पन्द्र वर्षे र बीस वर्षे योजनाहरू पनि बनाएर कार्यान्वयन गरिँदै आएको छ । आर्थिक योजनाले देशमा उपलब्ध स्रोत र साधनको अधिकातम उपयोग गरी विकासका कार्यलाई अघि बढाउन मद्दत गर्दछ । यसले रोजगारीको सिर्जना गरी आथिएक बृद्धिदर हासिल गर्न सहयोग गर्दछ ।



**पाठ : १३ उद्यमशीलता**

**पाठ : १४ कामको श्रृजना र व्यवस्थापन**

**पाठ : १५ श्रम** अनुमानित घन्टी : ३

## १. सिकाइ उपलब्धि :

४१. उद्य्यमशीलता, कामको सृजना, बजार प्रवर्द्धन र व्यवस्थापनको अवधारणा उल्लेख गर्न र श्रमको सम्मान गरी स्वाबलम्बी बन्न ।

## २. विशिष्ट उद्देश्य

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छ :

(क) उद्यमशीलताको र श्रमको अवधारणा बुझ्न ।

(ख) उद्यमशील व्यक्तिका गुण वा विशेषताको विषयमा जानकार हुन ।

(ग) श्रृजनशील व्यविबाट भएका केही उदाहरणीय कार्यहरूको जानकारी लिन ।

(घ) आफ्नो समुदायमा भएका उद्यमी व्यक्तिहरूको जानकारी लिन, खोजीनीति गर्न ।

(ङ) श्रमको महत्त्व बुझी सबै प्रकारका कामको सम्मान गर्न ।

(च) स्थानीय क्षेत्रमा सम्भावित उद्य्यमको पहिचान गर्न ।

(छ) श्रम र उद्यमशीलताले मानवीय जीवनस्तर उकास्न पुऱ्याएको योगदानको बोध हुन ।

(ज) स्वरोजगार स्वावलम्मी हुनु पर्छ भन्ने धारणाको विकास गर्न ।

## ३. अपेक्षित सामाजिक व्यवहार, मूल्य र मान्यता

(क) उद्यमशील व्यक्तिको खोजी गरी उनीबाट प्रेरणा प्राप्त गर्ने

(ख उद्य्यमशील बन्ने ।

(ग) श्रृजनशील वा उद्यमशील कार्यमा संलग्न हुने ।

(घ) सबै प्रकारको श्रमको सम्मान गर्ने ।

(ङ) आत्मनिर्भर र स्वावलम्बी बन्ने ।

(च) उद्य्म र उद्य्यमीको सम्मान गर्ने ।

## ४. शैक्षणिक सामग्री

विभिन्न प्रकारका उद्यमसँग सम्बन्धित चित्र, फोटो, भिडियो क्लिप, विज्ञापन, पोस्टर, पत्र पत्रिका, घटना अध्ययन, सफलताको कथा, प्रेरणादायी पुस्तक, चार्ट, तलिकाहरू

Draft

## ५. सिकाइ सहजीकरण क्रियाकलाप

(क) विद्यार्थीहरूलाई चार समूहमा बाँड्ने । प्रत्येक समूहलाई स्थानीय परिवेशमा सञ्चालन गर्न सकिने एक एकवटा समूह अन्तर्गतका उद्य्यमहरूको सूची तयार पार्न लगाउने कृषि व्यवासाय, उद्योग व्यवासाय, व्यापार व्यवसाय, विविध व्यवसाय कृषि उद्योग र व्यापार व्यवसाय अन्तर्गत नपार्ने र छुट्याउन नसकिने जति व्यवसायलाई विविध व्यवसाय अन्तर्गत पर्दछ भनी समूकलाई संझाउने । सबै समूहाले तयार पारेको सूची कक्षाको अगाडी झुण्डाई छलफल गर्ने ।

(ख) उद्यमशील व्यक्तिले आफ्नो उद्यमबाट सफलता प्राप्त गरेको घटना अध्ययन वा सफलताको कथा सुनाई  छलफल गर्ने ।

(ग) विभिन्न प्रकारका उद्य्यमसँग सम्बन्धित चित्र, फोटो, भिडियो क्लिप, विज्ञापन, पोस्टर, पत्रपत्रिकाको कटिङ वा समाचार प्रस्तुत गर्दै हामीले अपनाउन सक्ने विभिन्न प्रकारका उद्य्यमका बारेमा छलफल गर्ने ।

(घ) समुदायमा प्रचलित विभिन्न प्रकारका काम, श्रम वा पेसा सम्बन्धी चित्र, फोटो भिडियो आदि प्रदर्शन गर्दै छलफल गर्ने ।

(ङ) स्वावलम्बी बनौँ आत्मनिर्भर बनौँ भन्ने विषयमा वक्तिृत्वकला प्रतियोगिता आयोजना गर्ने ।

(च) उद्यमशील व्यक्तिका विशेषता वा गुणको चार्ट प्रस्तुत गर्दै उपयुक्त उदाहरण दिँदै छलफल गर्ने ।

(छ) कुनै सफल उद्य्यमीको सफलताको कथा सुनाई कक्षामा छलफल गर्ने । त्यस्ता व्यक्ति समुदायमा भएमा उनलाई कक्षामा आमन्त्रण गरी अन्तरक्रिया गर्ने वा उनीसँग समय लिएर विद्यार्थीलाई लिएर गई अन्तरक्रिया गर्ने ।

(ज) नेपालका विभिन्न उद्य्यमीहरूको उदाहरण दिई विद्यार्थीलाई पनि त्यस्तै हुन प्रेरित गर्ने ।

(झ) विद्यार्थीहरूलाई पुराना पत्र पत्रिकाबाट व्यवसाय प्रवर्धन, तालिम र उद्य्यम व्यवसाय सम्बन्धी समाचार, विज्ञापन, फोटो, आदि सङ्कलन गरी एक आकर्षक पोस्टर तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

## ६. प्रतिबिम्वन

तलका जस्तै प्रश्नहरू सोध्ने :

(क) उद्यमशीलताको परिचय दिनुहोस् ।

(ख) तपाइँ भविश्यमा कुन पेसा अपनाउनु हुन्छ र किन ?

(ग) स्वावलम्बीम व्यक्ति कस्तो हुन्छ ?

(घ) हामीले कस्तो प्रकारको श्रम गर्नु पर्छ ?

(ङ) के श्रम ठुलो र सानो हुन्छ ?

Draft

(च) उद्यमीका गुणहरू उल्लेख गर्नुहोस् ।

(छ) उद्यमशीलताले कामको श्रृजनामा कसरी सहयोग पुऱ्याउँछ, उदाहरणसहित लेख्नुहोस् ।

(ज) तपाईंको समुदायमा केही उद्यमशील व्यक्ति हुनुपर्छ । उहाँको व्यावसायिक सफलता सम्बन्धी सममाचारको नमूना तयार पार्नुहोस् ।

(झ) तपाइँको समुदायमा सञ्चालन गर्न सकिने उद्य्यम व्यवसायहरूको परिचय दिनुहोस् ।

**थप अध्ययन सामग्री**

यो पाठ शिक्षण गर्नुको उद्देश्य उद्य्यमशीलता, श्रमको र स्वावलम्बनको परिभाषा दिनु र महत्त्व बताउनु होइन । यसको मुख्य उद्देश्य विद्यार्थीमा उद्य्मशीलताको भावना जगाउनु, उद्य्मशील बँन्न प्रेरित गर्नु र सबै प्रकारका श्रमको सम्मान गर्दै भविश्यमा एक सक्षम, स्वरोजगार, स्वाभिमानी र उद्य्यमशील नागरिकको रूपमा विकास गर्नु हो । त्यसैले शिक्षकलै के कस्ता कृयाकलाप गराउँदा त्यस्ता गुण र व्यवहारहरूको विकास गर्न सकिन्छ त्यस्ता क्रियाकलाप गराउनु पर्दछ । पाठ घोकाएर परीक्षा पास गर्ने कार्य मात्र गरायौं भने हामीले स्यावासी त पाउँला तर सामाजिक अध्ययन विषयको असल शिक्षक बन्नबाट हामी चुक्नेछौं । राष्ट्रप्रति धोखा हुने छ ।

उद्य्यमशीलता एक असल नागरिक र सफल व्यक्तिको अनिवार्य गुण हो । उद्य्यमशील व्यक्ति कहिलो पनि गरिब हुँदैन । जहिले र जहाँ गए पनि उसलाई भोकै मर्नु पर्दैन । उद्य्यमशील व्यक्ति सिर्जनशील र परिश्रमी पनि हुन्छन् । उनीहरूले समस्यालाई सजिलै समाधान गर्ने उपायको खोजी गर्न सक्दछन् । उनीहरूलाई कहिले पनि आर्थिक अभाव हुँदैन । समाजमा उनीहरूको इज्जत र प्रतिष्ठा पनि हुन्छ ।

हाम्रा घर वरपर र समुदायमा सञ्चालन गर्न सकिने उद्य्यमहरू अनगिन्ति छन् । हामीले अफूसँग भएको सिप, कामको रुचीको क्षेत्र, क्षमता र बजारको अध्ययनका आधारमा आफूले कुन व्यवसाय छनौट गर्ने भनी निर्णय लिनु पर्दछ । राम्रोसँग बुझेर सहि तरिकाले सञ्चालन गर्ने हो भने कुनै पनि व्यवसा खराब हुँदैन । जुनसुकै व्यवसाय गरेर पनि आय आर्जन गर्न सकिन्छ । उद्य्यमी बन्नको लागि सधैं सकारात्मक सोच राखेर परिश्रम गर्नु पर्दछ । नकारात्मक सोचा राखेमा, यो म गर्न सक्दिन, मजस्तो मान्छेले पनि यस्तो काम पनि गर्न सक्छु र , यो काम गारो छ, यस्तो सानो काम पनि गर्ने हो र, मेरो त इज्जत जान्छ भन्ने जस्ता सोच राखेमा कहिले पनि उद्य्यमी व्यवसायी बन्न सकिँदैन बरु दरिद्र बन्न पुगिन्छ । हामीले विद्यालय देखि नै उद्य्यमी बन्न सिक्नु पर्छ । व्यावसायिक सिप र धारणाको विकास गर्नु पर्दछ ।

सफल र असल उद्य्यमी व्यवसायी बन्न निम्न लिखित आवश्यक गुणहरू :

Draft

| | |
|---|---|
| • योजना तर्जुमा गर्ने क्षमता<br>• लागत आँकलन गर्ने ढङ्ग<br>• विकल्प छनौट गर्ने क्षमता<br>• सही निर्णय गर्ने खुवी<br>• प्रतिस्पर्धा गर्न सक्ने क्षमता<br>• बजारको माग पहिचान गर्न सक्ने सिप<br>• जोखिममा पनि काम गर्न सक्ने क्षमता<br>• परिर्सिथिति अनसिकार समायोजन हुने आदत | • दूरदृष्टि भएको<br>• वस्तु अनुसारको मूल्य निर्धारण गर्ने क्षमता भएको<br>• अवसरको लेखोजनेखा गर्न सक्ने<br>• प्रचार प्रसारको सिह तरिका अपनाउन सक्ने ।<br>• उत्पादनको पूर्वानुमान गर्न सक्ने<br>• रणनीतिक योजना बनाउन सक्ने<br>• पेसाप्रति समर्पित हुने र सम्मान गर्न सक्ने गुण<br>• सकारात्मक सोच |

**लक्ष्मी दिदीको कथा**

लक्ष्मी शर्मा निकै नै मिहिनेती महिला हुनुहुन्छ । उहाँले आफ्नो खुट्टामा उभिन र परिवार पाल्नका लागि विभिन्न कार्यहरू गर्नुभयो । उहाँले ट्याम्पु पनि चलाउनु भयो । उहाँ पहिलो नेपाली ट्याम्पु चालक हुनुहुन्छ । उहाँका जीवनमा धेरै उतार चढावहरू आए । एक दिन उहाँ यस्तो आर्थिक सङ्कटमा पर्नु भयो कि उहाँले धेरै कठिन कामहरू समेत गर्नु पर्‍यो । त्यसलाई पनि उहाँले आफ्नो नियति संझेर स्वीकार गर्नुभयो । उहाँले कहिले पनि हार खानुभएन । कस्तो उद्यम गर्दा मेरो जीवनस्तर माथि उठ्ला भनेर उहाँ जहिले पनि सोचिरहनुहुन्थ्यो । यत्तिकैमा उहाँको हातमा भैंसीको एउटा करङ्को हड्डी पर्न गयो । उहाँले त्यसलाई उठाउनु भयो । मेरो हात यसमा किन पर्‍यो होला ? पक्कै पनि मलाइ भगवानले यो नयाँ बाटो देखाइदिएको हुनु पर्छ भन्ने सोचेर त्यसलाई घरमा लैजानु भयो । यसलाई के गर्न सकिएला भनेर सोच्दै जाँदा उहाँलाई एउटा जुक्ति आयो । उहाँले त्यस हाडबाट टाँक बनाएर बेच्ने व्यवसाय सुरु गर्नु भयो । उहाँले त्यसका लागि घरेलु उद्य्योग कार्यालयबाट प्राविधिक सहयोग पनि लिनुभयो । उहाँले हड्डीबाट बनाएको टाँकको माग बजारमा बढ्न थाल्यो । विदेशमा निर्यात हुन थाल्यो । उहाँको जीवनमा परिर्तन आयो । आज उहाँ नेपाली हस्तकलाको अन्तर्राष्ट्रिय व्यापार गर्ने ठुलो उद्य्यमीको रूपमा परिचित हुनुहुन्छ ।

स्रोत : https://www.youtube.com/watch?v=7diiYhSVC-A

https://www.youtube.com/watch?v=mp1NWbc_IE4

## ८. परियोजना कार्य/सामुदायिक कार्य

Draft

(क) विद्यार्थीको विभिन्न समूह बनाई स्थानीयस्तरमा भएका उद्यमशीलता, रोजगार व्यवस्थापनको अध्ययन अवलोकन गरी प्रतिवेदन तयार पार्न लगाउने ।

(ख) कक्षाका विद्यार्थीहरूलाई कम्तिमा चार समूह बनाउने । उनीहरूलाई विद्यालयमा तुरुन्त उत्पादन गर्न सकिने वस्तुहरू जस्तै, कागजको ठुङ्गा, सादा खाम, कागजको सामान राख्ने थैला, रेकर्ड फाइल, कलमदानी, सजावटका सामान आदि । प्रत्येक समूहले एक एक प्रकारका वस्तु तयार पारी विद्यालय भित्र, वा बाहिर वा समुदायमा वा आफ्नै घरमा बिक्री गरी रकम जम्मा पार्नु पर्ने जिम्मेवारी तोक्नुहोस् । एक हप्ता भित्र जुन समूहले धेरै पैसा जम्मा पार्न सक्छ उसलाई सफल उद्य्यमीको सम्मान दिनुहोस् । उनीहरूबाट सङ्कलन भएको रकम उनीहरूकै सुझावबमोजिम खर्च गर्ने व्यवस्था मिलाउनुहोस् । अथवा कक्षाको बाल कोष बनाई नजिकको सहकारी वा बैङ्कमा राख्न सहयोग गर्नुहोस् । जसलाई आवश्यक पर्छ उसलाई सापटी दिने नियम बनाउनुहोस् । कोषमा यसै गरी विभिन्न उद्य्यम गरेर रकम जम्मा गर्दै जान सकिन्छ ।

उद्य्यम सुरु गर्नु भन्दा पहिले निम्नानुसारका विषयमा छलफल गरेर तयारी गर्न लगाउनु पर्छ ।

- उद्य्यमबाट उत्पादन हुने वस्तुको सुनिश्चितता
- व्यवसायको ठाउँको सुनिश्चितता
- वस्तु खरिद गर्ने मानिसको सुनिश्चितता
- मूल्य निर्धारण गर्दा विचार पुऱ्याउने कुराहरू
- प्रचार प्रसारको लेखाजोखा
- लक्ष निर्धारण
- पूर्व अनुमान
- कार्यक्रम निर्माण सही विकल्प चयान
- बजेट व्यवस्था

## ९. सन्दर्भ सामग्री

https://www.youtube.com/watch?v=mp1NWbc_IE4

बाल सामाजिक तथा वित्तीय शिक्षा - समुन्नत नेपाल

## एकाइ नौ : हाम्रो अन्तराष्ट्रिय सम्बन्ध र सहयोग

Draft

## पाठ १ नेपालका दातृ राष्ट्र तथा संस्थाहरू

*अनुमानित घन्टी : २*

१. **सक्षमता** : दातृराष्ट्रहरू एवम् अन्तराष्ट्रिय संगठनहरूसँगको नेपालको सम्बन्ध तथा आपसी सहयोगको महत्त्व बोध ।

२. **सिकाइ उपलब्धि** : नेपालका दातृ राष्ट्र तथा संस्थाहरूसँगको सम्बन्ध र सहयोगको विश्लेषण गर्न ।

३. **विशिष्ट उद्देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्ने छन्:

(क) नेपालको अन्तराष्ट्रिय सम्बन्धको पृष्ठभूमी बताउन

(ख) नेपालको परराष्ट्र नीतिका आधारहरू बताउन

(ग) नेपालको छिमेकी राष्ट्र लगायत अन्य राष्ट्रहरूसँगको सम्बन्ध र सहयोग बारे बताउन

(घ) विभिन्न सङ्घ संस्था तथा नियोगको सहयोगका बारेमा बताउन

(ङ) विभिन्न खालको प्रदर्शनीहरूको अवलोकन गरी त्यसबाट आवश्यक विषय वस्तुको बारेमा जानकारी प्राप्त गर्न ।

४. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग हुने सिकाइ सामगीहरूका साथै नेपालसँग कुटनीतिक सम्बन्ध राख्ने राष्ट्रहरूको सुची नेपाल लगायत संयुक्त अधिराज्य, भारत र चीनको नक्सा र यी देशहरूको झन्डा, विश्वबैङ्क, एसियाली विकास बैङ्क, अन्तराष्ट्रिय मुद्राकोष, ओपेक, आदि सङ्गठनहरूको लोगो, प्रोजेक्टर, कम्प्युटर, नेपालको परराष्ट्र नीतिका आधार लेखिएको तालिका, आदि ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्ति**

(क) नेपालको दातृ राष्ट्रहरूको पहिचानमा रूची

(ख) विभिन्न खालका पदर्शनीहरूबाट आवश्यक सुचना सङ्कलन गर्ने बानी

(ग) विभिन्न क्षेत्रका मानिसहरूसँग सम्बन्ध विस्तार र सहयोगको आदन प्रदान गर्ने बानी ।

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) विश्वको नक्सा प्दर्शन गर्दै नेपालको विभिन्न राष्ट्रसँगको सम्बन्धका बारेमा निम्न विषय वस्तु समेटेर छलफल गर्ने

*नेपाल विकासोन्मूख गरिब राष्ट्र भएको हुनाले दातृराष्ट्र तथा संस्थाहरूको सहयोग अत्यन्तै महत्त्वपूर्ण हुन्छ । विगत २०० वर्ष पहिले देखि नै नेपालले विभिन्न दातृ राष्ट्रहरूसँग औपचारिक रूपमानै कुटनीतिक सम्बन्ध स्थापना गर्दै आएको छ र त्यसबाट नेपालको चौतर्फी विकासमा सहयोग पुगेको छ । हालसम्म नेपालले १४१ राष्ट्रहरूसँग कुटनीतिक सम्बन्ध स्थापना गरिसकेको छ । २०१५, अक्टोबर १ तारिकका*

Draft

*दिन जमैकासँग कुटनीतिक सम्बन्ध स्थापना गरेपछि यो संस्था १४१ पुगेको हो र यो सङ्ख्या निरन्तर रूपमा थपिदै गएको छ ।*

(ख) नेपालको इतिहासको अध्ययनको आधारमा अनौपचारिक रूपमा नेपालको अन्य राष्ट्रसँगको स्थापना र सुगौली सन्धिको आधारमा नेपालको वैदेशीक सम्बन्धको ऐतिहासिक पृष्ठभूमिलाई व्याख्यान विधिको प्रयोग गरी प्रस्ट पार्ने ।

(ग) स्थानीय स्तरमा आयोजना गरिने विभन्नि खालको प्रदर्शनीहरूको अवलोकन गर्न लगाई विषय वस्तुका आधारमा आवश्यक जानकारी लिन लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।

(घ) नेपालको वर्तमान संविधानको धारा ५१ 'ङ' को अध्ययन गराई अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिका बारेमा संवैधानिक व्यवस्था कस्तो छ जानकारी गराउने ।

(ङ) कक्षामा उपस्थित विद्यार्थीहरू मध्ये घरमा इन्टरनेटको सुविधा भएको या इन्टरनेटमा विषय वस्तुहरूको खोजी गर्न सक्ने विद्यार्थीहरूलाई तल दिइएका राष्ट्र र बिचको सम्बन्ध र सहयोग विषय वस्तुहरू मध्ये एक विषयका बारेमा खोजी गरी विवरण तयार पार्न गृहकार्य दिने । अर्को दिन सबैको विवरण पालै पालो प्रस्तुत गर्दै छलफल गर्ने ।

- नेपालको परराष्ट् नीतिका आधारहरू
- नेपाल र संयुक्त अधिराज्य
- नेपाल र भारत
- नेपाल र चीन
- नेपाल र विश्व बैङ्क
- नेपाल र एसियाली बैङ्क

(च) क्रियाकलाप तथा अभ्यासमा दिइएका प्रश्नहरूको उत्तर छलफल विधिको प्रयोग गरी विद्यार्थीहरू कै सहभागितामा खोज्ने ।

(छ) राष्ट्रहरूको बिचको सम्बन्धको उल्लेख गर्दै व्यक्तिव्यक्ति बिचको सम्बन्ध कसरी स्थापना र सुधार गर्न सकिन्छ प्रष्ट पार्ने ।

**७. प्रतिविम्बन**

(क) निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका विषय वस्तु, मूल्य, मान्यता तथा व्यवहारको प्रतिबिम्बन गर्न सकिन्छ ।

- नेपालको वैदेशिक सम्बन्धको ऐतिहासिक पृष्ठभूमि बारे उल्लेख गर्नुहोस् ।
- एसिया महादेशका कति ओटा राष्ट्रहरूसँग हालसम्म नेपालले कुटनीतिक सम्बन्ध स्थापना गरिसकेको छ ?



Draft

- संयुक्त अधिराज्यले नेपाललाई गरेको सहयोग उल्लेख गर्नुहोस् ।
- हाल सालै आफ्नो क्षेत्रमा आयोजित, कृषि प्रदर्शनी, औद्योगिक मेला, पुस्तक प्रदर्शनी आदि जस्ता मेला र प्रदर्शनीहरूबाट सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित, कुराहरू के के सिक्नु भयो उल्लेख गर्नुहोस् ।
- मानिसहरूका बिचको सम्बन्धलाई सुधार गर्न हरेक व्यक्तिले खेल्नु पर्ने भूमिका उल्लेख गर्नुहोस् ।
- विभिन्न राष्ट्रहरू जस्तै मानिसहरू समाजमा सहयोगको आदन प्रदान कसरी गर्दछन् उल्लेख गर्नुहोस् ।

## ८. थप अध्ययन सामग्रीहरू

अन्तर्राष्ट्रिय सम्बन्धको मुख्य आधार भनेको आर्थिक सहकार्य नै हो । विश्वमा विकसित, विकासोन्मुख र अल्पविकसित राष्ट्रहरू रहेका छन् । ती राष्ट्रहरूबिचमा शान्ति र मेलमिलापका आधारमा आपसी सम्बन्ध कायम भएको हुन्छ । प्राय विकसित देशले अल्प विकसित देशलाई आर्थिक र प्राविधिक सहायता दिने गर्दछन् । उनीहरूले त्यस्तो सहयाता मायाले दिएका हुँदैनन् । अल्प विकसित देशले आफ्नो उत्पादन गर्न सकेका हुँदैनन् त्यसैले विकसित देशका सामान र सेवहरू उपभोग गरेर उनीहरूलाई समृद्ध बनाइरहेका हुन्छन् । त्यसैले ती देशले आफ्ना ग्राहक देशलाई सहयोग गर्नु उनीहरूको दायित्व हुन जान्छ । यसकारण विकसित देशले अल्प विकसित र विकासोन्मुख राष्ट्लाई आर्थिक अनुदान सहायता दिने गर्दछन् । यस्तो सहायताले गरिव राष्ट्रका जनताको क्रय शक्ति बढ्दछ र उपभोग क्षमता पनि बढ्न जान्छ । परिणाम स्वरूप फेरी विकसित देशको व्यपार बढ्न जान्छ । हामी पनि यस्तै अल्प विकसित देशमा पर्दछौँ । दाता राष्ट्रले माग्ने राष्ट्रलाई हेप्ने, आफ्नो विचारअनुसार चल्न बाध्य पार्ने जस्ता दवावमुलक कार्य पनि गर्न सक्छ । यदि हामीले आर्थिक उन्नति गरेर सम्पन्न भयौँ भने कसैको पनि आस गरेर बस्नु पर्दैन । स्वतन्त्र रूपमा बाँच्न सक्दछौँ । अत्यधिक परनिर्भरता बढ्दै गएमा हामीले विदेशी ऋणको भार बोक्न सक्दैनौँ । त्यसका लागि हामीले आफ्नो प्राकृतिक स्रोत र साधन माथिको अधिकार गुमाउँदै जानु पर्नेहुन्छ । त्यसैले विदेशी सहायता तीब्र आर्थिक विकासको लागि र आत्म निर्भर हुनको लागि लगानीको रूपमा मात्र हुनु पर्दछ । अरूको दयामा बाँच्न नेपालीको स्वाभिमानले पनि दिँदैन ।

जे जस्तो भएपनि हाम्रो देशको आर्थिक अवस्था विश्वका अन्य देशको तुलनामा ज्यादै कमजोर छ । त्यसैले हामी आत्म निर्भर नबने सम्म विदेशी सहायताको खाँचो परिरहन्छ । हामीलाई सहयोग गर्ने राष्ट्रलाई दातृ राष्ट्र र संस्थालाई दातृसंस्था भनिन्छ । नेपालले कुनै देशसँग दुई पक्षीय सम्बन्धका आधारमा मित्र देशहरू भारत, चीन, जापान, अमेरिका, कोरिया, बेलायत, जर्मनी, डेनमार्क आदि सँग दुई पक्षीय सहयोग लिने गर्दछ । त्यसैगरी ठुला योजना र आयोजना कार्यान्वयन गर्नका लागी बहुपक्षीय र संस्थागत सहयोग पनि लिने गर्दछ । विश्व बैङ्क, एशियाली विकास बैङ्क, ओपेक, युरोपेली युनियन, संयुक्त राष्ट्रसङ्घ लगायतका संस्थासँग पनि सहयोग लिने गरेको छ ।

नेपालको परराष्ट्र सम्बन्ध पञ्च शीलको शिद्धान्तमा आधारित छ । असंलग्न राष्ट्रहरूको सन् १९५५ मा बाङ्डुङ मा भएको सम्मेलन द्वारा अनुमोदित ५ वटा बुँदामा भएको सिद्धान्तलाई

Draft

पञ्चशील भनेर भनिन्छ । यो सिद्धान्तलाई नेपालले आफ्नो परराष्ट्र नीतिको आधार मानेको छ । निम्न ५ बुँदाहरू पञ्चशीलमा समावेश भएका छन् :

(क) एकले आर्को मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने,

(ख) अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने,

(ग) समानता र पारस्परिक हित कायम गर्ने,

(घ) अनाक्रमण (एकले अर्कालाई आक्रमण नगर्ने) ,

(ङ) शान्तिपूर्ण सहअस्तित्वको भावनालाई स्वीकार गर्ने ।

देस्रो विश्व युद्धको समाप्ति सँगै विश्व दुई महा शक्ति राष्ट्र अमेरिका र सोभियत रुसको नतृत्वमा भएका दुइ गुटमा विभाजित हुन पुग्यो । ती दुई गुटबिचमा सन् १९४५ देखि सन् १९९० सम्म हतियारको होडबाजी चलिरह्यो । यसलाई सीत युद्ध भनिन्छ । विश्वका विकासोन्मुख र अल्प विकसित देशहरूलाई दुवै गुटको सहयोग पनि आवश्यक थियो र कुनै एक पक्षमा लागेर अर्को पक्षको विरोध गर्न सक्ने क्षमता पनि थिएन । त्यसैले नेपाल लगायत करिब सत्तरी देशले असंलग्न आन्दोलन भन्ने संस्थामा आवदध भएर शान्ति र सहअस्तित्वका लागि आवाज उठाइरहे । सीत युद्धको अन्त्य पछि यो संस्थाको सुस्त भएको छ । ती राष्ट्रहरू क्षेत्रीय समूह बनाई आर्थिक विकासमा अघि बढीरहेका छन् । त्यस मध्येको नयाँ समूह विमस्टेक पनि एक हो ।

नेपालको परराष्ट्र नीतिका अन्य आधारहरू यसप्रकार रहेका छन् :

क) क्षेत्रीय सहयोग अभिवृद्धि गर्न जोड,

ख) साना तथा अविकसित मुलुकहरूको हकहितको सुरक्षा,

ग) समस्याको शान्तिपूर्ण समाधान,

घ) असल छिमेकीपनको भावना,

ङ) दवाव र भेद्भावको विरोध,

छ) स्वतन्त्र परराष्ट्र नीति ।

BIMSTEC को पुरारूप Bay of Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation हो । (BIMSTEC) is an international organisation involving a group of countries in South Asia and South East Asia. These are: Bangladesh, India, Myanmar, Sri Lanka, Thailand, Bhutan and Nepal.




Draft

Member countries of BIMSTEC




**Persona Non-grata** (अस्वीकार्य व्यक्ति)

कुटनीतिक नियोगमा कार्यरत अधिकारी वा कर्मचारीलाई शिष्टाचार अन्तर्गत विशेष सुधिवा दिइएको हुन्छ । त्यस्तो सुविधाको दुरूपयोग गर्ने तथा कुटनीतिक मर्यादाको उल्लङ्घन गर्ने व्यक्तिलाई होष्ट राष्ट्रले अस्वीकार्य व्यक्ति घोषणा गर्न सक्दछ । नेपालले वि.सं. २०५४ मा उत्तर कोरियाली राजदुतावासका कन्सुलर युसाङलाई उनकी श्रीमती यु.सङ ह्वाले १०० केजी भन्दा बढी सुन तस्कर गरेकाले र वि.सं. २०५६ मा पाकिस्तानी राजदुतवासका कर्मचारी असीम सबुरले नक्कली भारतीय मुद्राको अवैध कारोबारमा संलग्न भएकोले Persona - Non-grata (अस्विकार्य व्यक्ति) घोषणा गरी देशबाहिर जाने आदेश दिएको थियो ।

९. **सन्दर्भ सामग्रीहरू**

- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- वृहत् ज्ञानकोश- ज्ञानेश्वर भट्टराई
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन समाग्रीहरू,

Draft

**पाठ - २ संयुक्त राष्ट्रसङ्घमा नेपाल**

**पाठ - ३ अन्तराष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान**

*अनुमानित घन्टी - ४*

१. **सक्षमता**

२०. संयुक्त राष्ट्र सङ्घ र नेपालको सम्बन्ध तथा आपसी सहयोगको महत्त्व बोध ।

२. **सिकाइ उपलब्धि**

४३. नेपाललाई संयुक्त राष्ट् सङ्घको सदस्यको रूपमा चिन्न र अन्तराष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले संयुक्त राष्ट्र सङ्घमा खेलेको भूमिका वर्णन गर्न ।

३. **विशिष्ट उद्देश्यहरू:** यस पाठको अन्त्यमा विद्यार्थीहरूले निम्न कुराहरू गर्न सक्नेछन् :

(क) संयुक्त राष्ट्र सङ्घको स्थापनाको बारेमा बताउन,

(ख) नेपालले सुरक्षा परिषद्को अस्थाई सदस्य रहँदाको बखत गरेको योगदानको बारेमा बताउन,

(ग) संयुक्त राष्ट्र सङ्घमा नेपालको आफ्नो पहिचानका बारेमा बताउन,

(घ) नेपालमा संयुक्त राष्ट्र सङ्घको भूमिकाबारे बताउन,

(ङ) नेपालको संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा संलग्नताको बारेमा बताउन,

(च) संयुक्त राष्ट्र सङ्घको शान्ति सेनाका कार्यहरू उल्लेख गर्न,

(छ) अन्तराष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान उल्लेख गर्न ।

४. **सिकाइ सामाग्रीहरू:**

दैनिक रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरू लगायत शान्ति सेनाले विभिन्न क्षेत्रमा काम गरी रहेको चित्र तथा दृश्य सामग्रीहरू, संयुक्त राष्ट्र सङ्घको झन्डा, संयुक्त राष्ट्र सङ्घले नेपाललाई पुऱ्याएको सहयोगको बारेमा प्रकाशीत समचारको टुक्रा, नेपाललाई संयुक्त राष्ट्रसङ्घले पुऱ्याएको योगदान सँग सम्बन्धीत तस्वीर तथा video clips हरू, multimedia projector,

५. **अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्ति:**

(क) नेपालले संयुक्त राष्ट्र सङ्घमा गरेको योगदानप्रति सकरात्मक धारणाको बोध,

(ख) संयुक्त राष्ट्रसङ्घले नेपालमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी सो कार्यको प्रशंसा गर्ने र व्यक्तिगत तवरले अरूले गरेको राम्रो कामको प्रशंसा गर्ने बानी,

(ग) समूहमा सहकार्य गर्दै आपसी समझदारी कायम गर्ने बानी,

Draft

## ६. सिकाइ सहजीकरण क्रियाकलाप

(क) संयुक्त राष्ट्र सङ्घको गतिविधि सम्बन्धी चित्र, फोटो, लोगो, समाचारका कटिङ, video clip आदि मध्ये जे जे उपलब्ध छ त्यसलाई प्रदर्शन गर्दै संयुक्त राष्ट्रसङ्को स्थापना र यसले गर्दै आएका कार्यहरूका बारेमा कथा कथन विधिको प्रयोग गरी बताउने ।

(ख) नेपालले संयुक्त राष्ट्रसङ्घको सक्रिय सदश्यका रूपमा विश्वमा रङ्गभेद विरुद्धको विशेष प्रतिवेदन, निशस्त्रीकरण तथा आणविक हतियार प्रतिबन्ध सम्बन्धी प्रतिवेदन पारित गर्न खेलेको भूमिका व्याख्यान विधिको प्रयोग गरी छलफल गर्ने ।

(ग) संयुक्त राष्ट्र सङ्घले नेपालमा गरेको गतिविधिहरू झल्काउने तस्वीर वा video clip हरूको प्रदर्शन गरी संयुक्त राष्ट्र सङ्घको भूमिका बारेमा प्रस्ट पार्ने ।

(घ) संयुक्त राष्ट्र सङ्घको सदस्यको हैसियतले नेपालले गरेका विभिन्न कामहरूको सूची प्रदर्शन गर्दै नेपालको योगदानका बारेमा प्रस्ट पार्नु ।

(ङ) विद्यालय वरिपरी शान्ति सेनामा जानु भएका भूतपूर्व आर्मी वा कुनै वाहलवाला आर्मी वा पुलिस भएमा उहाँलाई कक्षाकोठामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी शान्ति सेनामा जाँदा उहाँहरूले प्राप्त गरेको अनुभवका आधारमा शान्ति सेनाले गर्ने कार्यहरूको बारेमा अन्तरक्रिया गर्न लगाउने ।

(च) अन्तराष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदानको सूचीसहितको तालिका प्रदर्शन गरी पाठमा दिइएको विषय वस्तु प्रस्ट पार्ने ।

(छ) कक्षालाई विभिन्न समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई पुराना पत्रपत्रिकाबाट संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका वा नेपालमा संयुक्त राष्ट्रसङ्घको भूमिका सम्बन्धी समाचार, चित्र, फोटो आदिको सङ्कलन गरी आकर्षक पोस्टर तयार पार्न लगाउने र कक्षामा प्रदर्शन गर्ने ।

## ७. प्रतिविम्बन

निम्न प्रश्नहरू सोधी यस पाठमा विद्यार्थीहरूले सिकेका कुराहरूको प्रतिविम्बन गर्न सकिन्छ ।

(क) संयुक्त राष्ट्र सङ्घ र नेपालको सम्बन्धबारे प्रस्ट पार्नुहोस् ।

(ख) नेपालले संयुक्त राष्ट्र सङ्घमा कुन-कुन प्रतिवेदन पारित गर्न मूख्य भूमिका निर्वाह गरेको थियो ?

(ग) कुन कुन देशहरूमा संयुक्तराष्ट्र सङ्घको शान्ति मिसन कार्यरत छन् ?

(घ) नेपाली सेना र प्रहरीले कुन कुन देशमा शान्ति स्थापना गर्न सहयोग पुऱ्याएको छ भन्नुहोस् ।

(ङ) आफ्नो समुदायमा शान्ति स्थापना गर्नका लागि हरेक व्यक्तिले खेल्नु पर्ने भूमिका प्रस्ट पार्नुहोस् ।

(च) द्वन्द ग्रस्त क्षेत्रमा गएर शान्ति सेनाले के के काम गर्दछन् भन्नुहोस् ।

Draft

छ) के नेपाली सेनाले विदेशमा गएर युद्धग्रस्त ठाउँमा शान्ति सेनाको रूपमा जानु उपयुक्त हो ? आफ्नो तर्क दिनुहोस् ।

## ८. थप अध्ययन सामग्री

(क) दोस्रो विश्वयुद्ध चलिरहेको बेलामा विश्वमा धेरै राष्ट्रहरूले स्थाइ शान्तिको कामना गरिरहेको थिए । त्यसै बेलामा ग्रीस, चेकोस्लोभाकिया, लक्सम्वर्ग, नर्वे, बेलायत, क्यानाडा, अष्ट्रेलिया आदि देशका प्रतिनिधिहरूले १२ जुन सन् १९४१ मा लन्डनको सेन्ट जेम्स दरवारमा भेला भई शान्ति स्थापना गर्ने कार्यमा एकताबद्ध भई काम गर्न जोड दिंदै अन्तरसम्बन्ध घोषणामा (Inter-allied Declaration) मा हस्ताक्षर गरेका थिए । त्यसपछि विभिन्न समयमा भएका घोषणा र सम्मेलनहरूले संयुक्त राष्ट्र सङ्घको स्थापना सहयोग गरेका थिए ।

- वेलायतका प्रधानमन्त्री विन्सटन चर्चिल र अमेरिकाका राष्ट्र पति फ्रेन्कलिन रूजवेल्टले १४ अगस्त १९४१ मा हस्ताक्षर गरेको Atlantic charter,
- फाँसीवाद र नाजीवादका विरुद्ध अमेरिका, बेलायत, चीन लगायत २६ राष्ट्रद्वारा १ जनवारी १९४२ मा हस्तारित वाङ्गिटन घोषणा ।
- अमेरिका, बेलायत, सोभियत सङ्घ र चीनद्वारा ३० अक्टोबर १९४३ मा हस्ताक्षर गरी शत्रुराष्ट्र विरुद्धको मस्को घोषणा,
- अन्तराष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न अमेरिका, बेलायत, सोभियत सङ्घका प्रतिनिधिहरूद्वारा १ जनवरी १९४३ मा हस्तारित तेहरान घोषणा ।
- सन १९४४ को २१ अगस्ट देखि २८ सेप्टेम्बरसम्म संयुक्त राज्य अमेरिकाको डम्बटन ओक्समा सञ्चालन भएको डम्बर्टन ओक्स सम्मेलन ।
- सोभियत सङ्घको याल्टामा ११ फेब्रअरी १९४५ मा सम्पन्न याल्टा सम्मेलन आदि ।
- यी घोषणाहरू र सम्मेलनहरूपश्चात् सन् १९४५ को अप्रिल २५ देखि २५ जुनसम्ममा संयुक्त राज्य अमेरिकाको सान फ्रान्सिस्कोमा एक वृहत सम्मेलनको आयोजना भएको थियो । यस सम्मेलनले प्रस्तावित
- विश्व संस्थाको नाम संयुक्त राष्ट्रसङ्घ (United Nation Organization, UNO) राख्यो र २६ जुन १९४५ मा ५१ राष्ट्रका प्रतिनिधिहरूद्वारा वडापत्रमा हस्ताक्षर गरी वडापत्रको धारा ११० अनुसार २४ अक्टोबर १९४५ मा वडापत्र लागु भई संयुक्त राष्ट्रसङ्घको विधिवत् स्थापना भयो ।

(ख) संयुक्त राष्ट्रसङ्घलाई सैन्य सहयोग गर्ने राष्ट्रहरूमध्ये वंगलादेश, ईथियोपिया, भारत, पाकिस्तान र रूआण्डापछि छैंटो स्थानमा नेपाल पर्दछ ।

Draft

(ग) संयुक्त राष्ट्रसङ्घको सन् २०१५ को तथ्याङ्कअनुसार राष्ट्रसङ्घको मिसनमा काम गरिरहेका ५३३२ शान्ति सेनामध्ये ४३७७ जना नेपाल आर्मीबाट मात्रै छन् भने अन्य नेपाल प्रहरी, ससस्त्र प्रहरी तथा विभिन्न क्षेत्रका विज्ञहरू हुन् ।



## ९. परियोजना कार्य:

**शिक्षकका लागि** : प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने शैक्षणिक सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ सहजीकरण क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केहि समयमा विद्यार्थीहरूले व्यवहार, मुल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने ।

**विद्यार्थीका लागि** : विभिन्न स्रोतबाट पाठमा दिइएका विषय वस्तुका बारेमा थप विषय वस्तुको अध्ययन गर्ने र कक्षामा अन्तरक्रिया गर्ने ।






## १०. सन्दर्भ सामग्रीहरू

- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- वृहत् ज्ञानकोश- ज्ञानेश्वर भट्टराई
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन समाग्रीहरू

Draft

## पाठ ४ कुटनीतिक नियोग

*अनुमानित घन्टी : २*

### १. सक्षमता

नेपाली तथा विदेशी कुटनैतिक नियोगबाट प्राप्त हुने सेवाहरूका बारे बोध ।

### २. सिकाइ उपलब्धि

नेपाली तथा विदेशी कुटनैतिक नियोगबाट प्राप्त हुने सेवाहरूका बारेमा बताउन ।

### ३. विशिष्ट उद्देश्यहरू

(क) कुटनीतिक नियोगको परिभाषा भन्न,

(ख) राजदुतावसको व्यवस्था बारे बताउन,

(ग) विदेशस्थित नेपाली राजदुतावस तथा महावाणिज्य दुतावासहरूले दिने सेवा बारे जानकारी प्राप्त गर्न

(घ) नेपालमा रहेका आवसीय राजदुतावसाहरूको सूची बताउन ।

### ४. शैक्षणिक सामग्रीहरू

दैनिक रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरू लगायत राजदुताबासको कार्यहरूको सूची तालिका, विदेशस्थित नेपाली राजदुतावास र महावाणिज्य दुतावासहरूको सूची तालिका, नेपालस्थित विदेशी आवसीय राजदुतावासहरूको सूची तालिका, यिनै सूचीहरूको Power point slide, राजदुतावासहरूको तस्विरहरू आदि ।

### ५. अपेक्षित सामाजिक व्यवहार मूल्य र अभिवृत्ति

(क) कुटनीतिक नियोगको बारेमा जान्नका लागि जिज्ञासु हुने,

(ख) विभिन्न स्रोतहरूबाट कुटनीतिक नियोगहरूको बारेमा जानकारी सङ्कलन गर्ने र साथीहरूलाई बताइ दिने

(ग) कुटनीतिक नियोगबाट प्रदान गरिने सेवाहरूका बारेमा जानकारी प्राप्त गरी भविश्यमा आवश्यक परेका बेला उपयोग गर्न सक्ने र हाल अरूलाई सहायोग गर्ने ।

(घ) प्रतिनिधको रूपमा बोल्दा प्रतिनिधित्व गर्ने संस्था, समूह कक्षा आदिको मर्मलाई ध्यानमा राखि बोल्ने बानी ।

### ६. क्रियाकलाप

(क) विदेशस्थित नेपाली राजदुतावासहरू र नेपालस्थित मित्र राष्ट्रहरूको राजदुतावासहरूको कार्यहरू उल्लेख गर्दै कुटनीतिक नियोगको अवधारणा प्रति विद्यार्थीहरूको रूची जगाउने,

Draft

(ख) सोच - जोडीमा छलफल - आदनप्रदान (Think – pair- share) विधिको प्रयोग गरी विद्यार्थीहरूबाटै कुटनीतिक नियोगको परिभाषा लेख्न र भन्न लगाइ उतकृष्ट परिभाषा कालो/सेतो पाटीमा लेख्ने र व्याख्या गर्ने,

(ग) प्रस्तुत पाठको दोस्रो अनुच्छेदको आधारमा राजदुतावासको व्यवस्था सम्बन्धी अवधारणालाई प्रस्नोत्तर विधिद्वारा प्रस्ट पार्ने । राजदुतावास सम्बन्धी अवधारणा प्रस्ट पार्ने क्रममा सबै कुटनीतिक सम्बन्ध स्थापना भएका राष्ट्रहरूमा किन राजदुतावास खोलिएका छैनन् ? महावाणिज्य दुतावास र काउन्सिलको स्थापना किन गरिन्छ ? राजदुतावास महावाणिज्य दुतावास र काउन्सिल स्थापना नभएको देशहरूमा राजदुतावासको कामहरू कसरी सञ्चालन गरिन्छ ? आदि जस्ता विषयमा छलफल गर्ने

(घ) राजदुतावासको कार्यहरू उल्लेख गरिएको तालिका वा Powerpoint slides को प्रदर्शन गरी सो सम्बन्धी विषय वस्तु प्रस्ट पार्ने,

(ङ) कक्षाको प्रतिनिधि भएर अरू ठाउँमा बोल्दा के भन्छौ भन्ने जस्ता प्रश्नहरूको निर्माण गरी विद्यार्थीहरूलाई सोध्ने र उनिहरूको उत्तरमा आवश्यक सुधार गरी कक्षाको प्रतिनिधिको हैसियतले अन्य ठाउँमा बोल्दा व्यक्तिगत कुरा बोल्न नहुने, कक्षाको हितको लागि मात्र बोल्नु पर्ने, आदि प्रतिनिधिको कुटनीतिक मर्यादाका बारेमा उल्लेख गर्दै राजदुतहरूले पनि राष्ट्रकै हितमा काम गर्दछन् भन्ने कुरा प्रस्ट पार्ने ।

(च) नेपाल स्थित मित्र राष्ट्रहरूको राजदुतावास, विदेशस्थित नेपाली राजदुतावासहरूको सूची तालिका र फोटोहरू प्रदर्शन गर्दै सो सम्बन्धी जानकारी गराउने ।

७. **प्रतिविम्बन :** निम्न प्रश्नहरू सोधी विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

(क) कुटनीतिक नियोग भनेको के हो ?

(ख) हाल नेपालको कतिवटा राष्ट्रहरूसँग कुटनीतिक सम्बन्ध स्थापना भइसकेको छ ?

(ग) विभिन्न देशका राजदुतावासहरूले के कस्ता कामहरू गर्दछन् ?

(घ) विदेश स्थित नेपाली राजदुतावासहरूले के कस्ता कामहरू गर्दछन् ?

(ङ) नेपालले कति ओटा देशहरूमा राजदुतावास स्थापना गरेको छ ? कुनै १० ओटा देशको नाम भन्नुहोस् ।

(च) नेपालमा कतिवटा मित्रराष्ट्रहरूको राजदुतावास छन् ? कुनै १० ओटा देशहरूको नाम भन्नुहोस् ।

(छ) कुनै समूहको प्रतिनिधि भएर अन्य ठाउँमा बोल्दा किन व्यक्तिगत कुरा गर्नु हुँदैन ?

(ज) यदि तपाई राजदुत भएर कुनै मित्रराष्ट्रमा जानु भयो भने नेपालको पर्यटन विकासका लागि कस्तो भूमिका निर्वाह गर्नु हुन्थ्यो होला ?

८. **थप अध्ययन सामग्रीहरू**

- निम्न विदेशी राष्ट्रहरूले नेपालमा राजदुतावास खोलेको छ ।

१.अष्ट्रेलिया, २. बङ्गलादेश ३. बेल्जियम ४. चीन ५. डेनमार्क ६. इजिप्ट ७. फ्रान्स ८.जर्मनी ९. भारत १०. इजरायल ११. जापान १२. दक्षिण कोरिया १३. म्यानमार १४. मलेसिया १५. पाकिस्तान १६. कतार १७. रुस १८.साउदयी अरब १९. श्रीलंका २०. थाइल्याण्ड २१. संयुक्त असब इमिरेट २२. संयुक्त राज्य अमेरिका २३.क्यानाडा २४. कुवेत २५. बहराइन २६. ब्राजिल २७. ओमन २८. दक्षिण अफ्रिका २९. संयुक्त अधिराज्य

- नेपालले निम्न राष्ट्रहरूमा राजदुतावास खोलेको छ ।

१. अष्ट्रेलिया, २.बङ्गलादेश ३. चीन ४. फिन्ल्याण्ड ५. डेनमार्क ६.इजिप्ट ७.फ्रान्स ८.जर्मनी ९.भारत १०.इजरायल ११.जापान १२. दक्षिण कोरिया १३. म्यानमार १४. मलेसिया १५. पाकिस्तान १६. उत्तर कोरिया १७. रुस १८.साउदयी अरब १९. श्रीलंका २०. थाइल्याण्ड २१. नर्वे २२. संयुक्त राज्य अमेरिका २३.स्विजरल्याण्ड २४. २५. ब्राजिल २६. संयुक्त अधिराज्य

**पाठसँग सम्बन्धीत चित्रहरू**


दिल्ली स्थित नेपाली राजदुतावास


नेपाल स्थित स्विजरल्यण्डको राजदुतावास

U.S. Embassy
Kathmandu, Nepal

Embassy of Nepal
Washington DC, USA

Draft

## ९. परियोजना कार्य

**शिक्षकका लागि :** प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने शैक्षणिक सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ सहजीकरण क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्ने । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केहि समयमा विद्यार्थीहरूले व्यवहार, मुल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने ।

**विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट पाठमा दिइएका विषय वस्तुका बारेमा थप विषय वस्तुको अध्ययन गर्ने र कक्षामा अन्तरक्रिया गर्ने ।

## १०. सन्दर्भ सामग्रीहरू


- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर
- वृहत् ज्ञानकोश- ज्ञानेश्वर भट्टराई
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन समाग्रीहरू


Draft

पाठ ५ **समसामयिक घटना**

*अनुमानित घन्टीः ३*

१. **सक्षमता**

समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभावको बोध ।

२. **सिकाइ उपलब्धि**

विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा परेको प्रभाव उल्लेख गर्न, सोही अनुसार समायोजित हुन् ।

३. **विशिष्ट उद्देश्यहरू** : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्नेछन् :

(क) समसामयिक गतिविधिको परिचय दिन

(ख) विश्वमा घटेका विभिन्न समसामयिक घटनाले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्न

(ग) सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित समसामयिक घटनाको अभिलेख राख्न

(घ) विभिन्न स्रोतहरूबाट प्राप्त समाचार वाचन गर्न

(ङ) विश्वमा घटेका विभिन्न समसामयिक घटनाहरूको विश्लेषण गर्न

(च) कक्षामा भित्ते पत्रिका सञ्चालन गर्न ।

४. **शैक्षणिक सामग्रीहरू**

दैनिक रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरू लगायत सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित समाचारहरूको टुक्रा, देश भित्र वा बाहिर घटेका समसामयिक घटनाहरूको सूची तालिका, सम्भव भए सम्म इन्टरनेट सुविधासहितको स्मार्टवोर्ड आदि ।

५. **अपेक्षित सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिः**

(क) दैनिक रूपमा समाचार सुन्ने र विश्लेषण गर्ने,

(ख) समसामयिक घटनाको प्रभाव बुझ्ने र सोही अनुसार समायोजित हुने,

(ग) दैनिक रूपमा पुस्ताकालय गई पत्रपत्रिका पढ्ने,

६. **सिकाइ सहजीकरण क्रियाकलाप**

दैनिक रूपमा देशभित्र वा बाहिर विभिन्न खालका घटनाहरू घटिरहने, त्यसको प्रभत्व हाम्रो दैनिक जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिरहने, एउटा असल नागरिककोलागि समसामयिक अध्ययनका यस्ता विषय वस्तुको महत्त्व बढी भएको आदि कुराहरूको अवगत् गराउँदै समसामयिक घटनाको अध्ययन र विश्लेषण प्रति विद्यार्थीहरूको रूची बढाइ निम्न सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ :

(क) पाठमा दिइएका समाचारहरू केही विद्यार्थीहरूलाई पालै पालो वाचन गर्न लगाउने र तिनीहरूको समाचार वाचन कलाको मूल्याङ्कन गर्ने र आवश्यक पृष्ठपोषण दिने,

Draft

(ख) यिनै समाचारको समूहमा विश्लेषण गर्न लगाई भन्न लगाउने र आवश्यक पृष्ठपोषण दिने यसैको आधारमा समसामयिक घटनाको परिचय, प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पार्ने,

(ग) शिक्षकले सङ्कलन गरी लगेको समाचारहरू वाचन गरी त्यसको मानव जीवनमा परेका प्रभाव बारे छलफल गरी विश्लेषण गर्ने,

(घ) कक्षा कोठाको सूचना पाटीको एउटा छेउमा समसामयिक गतिविधि शिर्षक अन्तर्गत भित्ते पत्रिका निर्माण गरी समसामयिक घटना सम्बन्धी समाचारहरू पत्रपत्रिकाबाट सङ्कलन गरी टाँस्ने र पढ्ने व्यवस्था मिलाउने,

(ङ) सामाजिक अध्ययन विषयको विषय वस्तुसँग सम्बन्धित समसामयिक घटनाहरूको अभिलेख राख्नकालागि विद्यार्थीहरूलाई एउटा छुट्टै कापीको व्यवस्था गर्न लगाउने र पत्रपत्रिकाका टुक्रा काटेर टाँस्न लगाउने र बेला बेलामा निरिक्षण गर्ने,

(च) प्रत्येक दिन विद्यार्थीहरूलाई पालैपालो विषय वस्तुसँग सम्बन्धित समसामयिक घटना सम्बन्धी समाचारहरू सङ्कलन गरी कक्षामा वाचन गर्न लगाउने र विषय सुहाउँदो समाचार भित्ते पत्रिकामा टाँस्न लगाउने ।

(छ) स्मार्ट बोर्डको व्यवस्था भएको कक्षामा दैनिक रूपमा केही मुख्य मुख्य समाचारहरू प्रदर्शन गर्ने ।

(ज) विद्यार्थीलाइ हालसालै आफ्नो टोल, जिल्ला, देश र विदेशमा घटेका समसामयिक राजनीतिक, आर्थिक, सामाजिक इत्यादि घटनाहरूबारेमा कक्षामा सोध्नुहोस् र ती घटनाहरूले समग्र मानव जीवनमा कसरी प्रभाव पारेको छ छलफल चलाउनुहोस् ।

७. **प्रतिविम्बन** : निम्न प्रश्नहरू गरी विद्यार्थीहरूका विषय वस्तुको प्रतिविम्बन गर्न सकिन्छ :

(क) तलका जस्तै प्रश्न सोध्ने

- समसामयिक गतिविधि भनेको के हो ?
- सामाजिक अध्ययनमा समसामयिक गतिविधि किन पढ्नु पर्दछ ?
- सामजिक अध्ययनमा भित्ते पत्रिकाको महत्त्वका बारेमा प्रकाश पार्नुहोस् ।
- भित्ते पत्रिकामा राखिएको समचारहरूमध्ये कुनै एक समाचारको पुरा पाठ गर्नुहोस् ।
- समसामयिक गतिविधिको कापीमा सङ्कलन गरिएका केही समाचारहरू सामाजिक अध्ययनको कुन पाठसँग सम्बन्धित छन् उल्लेख गर्नुहोस् ।
- स्थानिय स्तरमा घटेका घटनाहरू रोचकरूपमा प्रस्तुत गर्नुहोस् र साथीहरूलाई त्यसैको आधारमा समाचार तयार पार्न लगाउनुहोस् ।

(ख) साप्ताहिक रूपमा विद्यार्थीहरूबीचमा अन्तर्राष्ट्रिय समसामयिक घटना सम्बन्धमा हाजिरीजवाफ कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

Draft

## ८. थप अध्ययन सामग्रीहरू

विश्व हाम्रो साझा घर हो । हामी सबै यस घरका सदस्यहरू हौं जसरी एउटा घरभित्र कुनै कोठामा भएको उतार चढावले अर्को कोठामा बस्नेलाई असर पार्दछ त्यसरी नै विश्वको कुनै एक ठाउँमा भएको घटनाले अर्का ठाउँमा बस्नेलाई प्रभाव पार्दछ । सञ्चार र यातयातको विकासले गर्दा विश्व साघुरिदै गएकाले यस्तो घटनाको प्रभाव छिटो पर्न गएको हो । स्वदेश तथा विदेशमा हुने आर्थिक, सामाजिक, राजनीतिक, खेलकुद, विज्ञान प्रविधि र यस्तै विविध क्षेत्रमा भएका परिवर्तनहरूका बारेमा जानकारी राख्ने काम समसामयिक सामान्य ज्ञान हो । हामीले आफ्नो वौदिक विकास गर्न, विभिन्न प्रतियोगितामा आफ्नो क्षमता प्रदर्शन गर्न, देशभरका निम्ति लिइने विभिन्न परीक्षाहरूमा सफलता हासिल गर्न आदिका लागि हामीलाई समसामयिक सामान्य ज्ञानको अध्ययनको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले विभिन्न स्रोतहरूजस्तै रेडियो, टेलिभिजन, इन्टरनेट, पत्रपत्रिका, फोन आदिबाट विश्वका हरेक कुनामा घटेका महत्त्वपूर्ण घटनाहरूको जानकारी राख्नु पर्दछ । समसामयिक घटनाहरूको अध्ययनले हामीले निम्न फाईदाहरू प्राप्त गर्न सक्दछौँ ।

(क) विश्वमा विभिन्न क्षेत्रमा गरिएका खोज, अन्वेषण तथा अनुसन्धानहरूको जानकारी प्राप्त गर्ने र त्यसको जन जीवनमा पर्ने प्रभाव प्रति सजक रहने,

(ख) राष्ट्रहरूका बिच द्विपक्षीय र बहुपक्षीय सम्बन्धको स्थापना गरी विश्व पर्यटन विश्वभातृत्व, अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग विकास गर्ने,

(ग) समसामयिक घटनाको जानकारीले व्यक्तिमा ज्ञान, सिप र अभिवृत्तिको विकास गराई परिवर्तित समाजमा सजिलै समायोजन हुन सहयोग गर्ने,

(घ) जलवायु परिवर्तन, आर्थिकमन्दी, विभिन्न रोगका महामारी, युद्ध आदि जस्ता विषय वस्तुको जानकारी गराई त्यसबाट बच्च सचेत गराउने ।

**विश्वका समसामयिक गतिविधिहरू:**

● नेपाल सरकारले २०७२ साल असोज १, गते साविकको नगरपालिकाको सङ्ख्यामा २६ वटा नगरपालिका थप गरी नगरपालिकाको सङ्ख्या २१७ पुऱ्याएको छ । जसमध्ये एउटा महानगरपालिका र १२ वटा उपमहानगरपालिका छन् । तर गाउँपालिकाको सङख्या भने घटेर ३१५७ पुगेको छ ।

● २०१५ को नेवल पुरस्कार विजेताहरू :

१. फिजिक्स : ताकाकी कजिता र अर्थर वि. मेक्डोनाल्ड ।

२. केमेस्ट्री : थोमस लिन्दाहल, पावल मोड्रिच र अजिज सन्कार ।

३. मनोविज्ञान र औषधी : विलियम सी. कम्पबेल , सन्तोशी ओमुरा र युयु तु ।

४. साहित्य : स्भेटलाना अलेकसीभिच ।

५. शान्ति : नेस्नल डाईलग गौरटेट ।


Draft


| | |
|---|---|
| ६. | आर्थिक विज्ञान : अङ्गुस डेटन । |

९. **परियोजना कार्य:**

**शिक्षकका लागि :** प्रस्तुत पाठको सहजिकरणका लागि चाहिने शैक्षणिक सामग्रीहरूको व्यवस्थापन गरी सिकाइ सहजीकरण क्रियाकलाप र प्रतिविम्बनका लागि आवश्यक तयारी गर्न लगाउनुहोस् । प्रस्तुत पाठको अध्यापनको समाप्ति पछि केहि समयमा विद्यार्थीहरूले व्यवहार, मुल्य मान्यता र अभिवृत्तिमा परिवर्तन आए नआएको मूल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने, समसामायिक घटनाहरूको अभिलेख राख्न सुचनापटीका लागि विद्यालय प्रशासनलाइ सुझव दिनुहोस् ।

**विद्यार्थीका लागि :** विभिन्न स्रोतबाट पाठमा दिइएका विषय वस्तुका बारेमा थप विषय वस्तुको अध्ययन गर्ने र कक्षामा अन्तरक्रिया गराउनुहोस् ।






विलियम सी. कम्पबेल ,    सन्तोशी ओमुरा र    युयु तु

१०. **सन्दर्भ सामग्रीहरू**

- सामाजिक अध्ययन, कक्षा ९को पाठ्य पुस्तक, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर,
- वृहत् ज्ञानकोश- ज्ञानेश्वर भट्टराई
- विभिन्न प्राइभेट प्रकाशन गृहहरूले प्रकाशनमा ल्याएका अध्यायन समाग्रीहरू,
- विकीपीडिया
- www.google.com
- www.youtube.com


Draft